# धम्मपद–अट्ठकथा

## (भाग - ६)

# DHAMMAPADA – ATTHAKATHA

## (Part - 6)



भगवान बुद्ध देवलोकबाट मनुष्यलोकमा अवतरण गर्नु हुँदै

"ये झानपसुता धीरा, नेक्खम्मूपसमे रता ।
देवापि तेसं पिहयन्ति, सम्बुद्धानं सतीमत" न्ति ।।

अर्थ- जो धीर भई ध्यान गर्नमा लागिरहने हुन्छन्, निष्काम कर्मद्वारा शान्ति प्राप्त गर्नमा लागिरहन्छन् । यस्तो स्मृति युक्त बुद्धहरुलाई देवताहरुले पनि प्रशंसा एवं प्रार्थना गर्दछन् ।

लेखिका: सुश्री नानीमैयाँ मानन्धर
Written By: Miss Nani Maiya Manandhar

Downloaded from http://www.dhamma.digital

# धम्मपद-अट्ठकथा

## [भाग-६]

# DHAMMAPADA -ATTHAKATHA

## [PART -6]

WRITTEN

BY

MISS NANI MAIYA MANANDHAR

Downloaded from http://www.dhamma.digital

**प्रकाशिका :**

**सुश्री कमला शाक्य,**
सानेपा, ललितपुर ।

**Published by :**
**Miss Kamala Shakya, Sanepa, Lalitpur**

(सर्वाधिकार लेखिकामा सुरक्षित)
(All right reserved)
(First Edition: 1000 copies)

| | | | |
|---|---|---|---|
| बुद्ध सम्वत | - २५६२ | Buddha Era | - 2562 |
| विक्रम सम्वत | - २०७५ | Bikram Era | - 2075 |
| नेपाल सम्वत | - ११३८/३९ | Nepal Sambat | - 1138/ 39 |
| ईश्वी सम्वत | - २०१८ | Christian Era | - 2018 |

भावि पुस्तक प्रकाशनको लागि सहयोगार्थ

मूल्य : रू. २००।-

Price : Rs. 200

मुद्रण : मोडर्न प्रिन्टिङ्ग प्रेस, जमल, काठमाडौं

पुस्तक प्राप्ति स्थान :

**विश्वशान्ति विहार,** नयाँबानेश्वर, काठमाडौं
**ज्ञानकीर्ति विहार**, नयाँवजार, वडा - १६, काठमाडौं
९४५/३२, लेखनाथ सडक, कुमारी गल्ली, नयाँवजार
काठमाडौं नेपाल ।
फोन नं. ४३६००३०, ४३५८९९३

Downloaded from http://www.dhamma.digital

# समर्पण !

हामी सबै सानो हुँदा-सबै भाइ-बहिनीहरुलाई

माया ममता दिने, हामीलाई ख्वाउनमा,

सरसफाइ गरी राख्नमा विशेष ध्यान दिने,

घरको काममा सघाई दिने

हाम्रा अत्यन्त उपकारक जेष्ठ दाजु

दिवंगत

**पद्म नारायण मानन्धरज्यूको**

पुण्य स्मृतिमा

**सादर समर्पित !**

Downloaded from http://www.dhamma.digital

# विषय-सूची


**धम्मपदबाट धर्मप्रीतिका शब्दहरू ............................ (१-१०).**

**दुइ शब्द.................................................... (क-.च)**

**TWO WORDS ........................................ (1– 4)**

**१३. लोकवग्गो........................................ (१-७८)**

**१३.१ कुनै एक युवक भिक्षुको कथा ......................... १-४**

१३.१ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष............. ५

**१३.२ सुद्धोदन महाराजाको कथा ..............................७-१०**

१३.२ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष............. ११

**१३.३ पाँच सय विपश्यी भिक्षुहरूको कथा ................ १३-१४**

१३.३ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष............. १५

**१३.४ अभय राजकुमारको कथा .............................१६-१७**

१३.४ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष............ १८

**१३.५ कुचो लगाउने स्थविरको कथा ....................... २०-२२**

१३.५ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ........... २३

**१३.६ अंगुलिमाल स्थविरको कथा ........................... २५-२७**

१३.६ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ........... २८

**१३.७ पेसकार-कन्याको कथा ................................. ३०-३८**

१३.७ (क) कुमारी केटी प्रति तथागतको करुणा ........ ३२

१३.७ (ख) तथागतद्वारा कुमारी केटीलाई चार प्रश्न ... ३४

१३.७ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ........... ३९

**१३.८ तीस जना भिक्षुहरूको कथा ........................ ४१-४३**

१३.८ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष .......... ४४


Downloaded from http://www.dhamma.digital

**१३.९ चिञ्चमाणविकाको कथा .............................. ४५-५३**
१३.९ (क) तीर्थंकरहरूको षडयन्त्र ........................ ४६
१३.९ (ख) चिञ्चमाणविकाको षडयन्त्रको भण्डाफोर ... ४९
१३.९ (ग) धर्म सभामा यस घटनाको चर्चा ............. ५०
१३.९ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ........... ५४

**१३.१० असदिस दानको कथा .............................. ५८-६७**
१३.१० (क) कोशल राजाको उत्कृष्ट दान ............ ५९
१३.१० (ख) अनुपम दानको उपाय ...................... ६०
१३.१० (ग) राजाको दुइ मन्त्रीको बिचार ............... ६२
१३.१० (घ) अंगुलिमाल स्थविरको निर्भिकता ........... ६३
१३.१० (ङ) राजाको चिन्ता .................................. ६४
१३.१० (च) दुइ मन्त्रीलाई दण्ड र पुरस्कार ............ ६५
१३.१० यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ......... ६८

**१३.११ अनाथपिण्डकको पुत्र (काल) को कथा............ ७२-७६**
१३.११ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष .......... ७७

**१४. बुद्धवग्गो.......................................... (७९-२०२)**
**१४.१ मार कन्याहरूको कथा................................७९-८७**
१४.१ (क) संक्षिप्त अतीतका कुरा ........................ ८२
१४.१ (ख) मूल कथाको बाँकी भाग ...................... ८७
१४.१ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ........... ८८

**१४.२ देवोरोहण कथा ..................................... ९१-१३६**
१४.२ (क) महाजनद्वारा पात्र आकाशमा झुण्ड्याउने निश्चय ....................................... ९२
१४.२ (ख) शास्ताहरूको प्रयास .......................... ९३
१४.२ (ग) आयुष्मान पिण्डोल भारद्वाजको चमत्कार ... ९४
१४.२ (घ) तथागतद्वारा प्रातिहार्यको सूचना ............ ९६

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

१४.२ (ङ) तिर्थङ्करहरूले ऋद्धि प्रातिहार्य देखाउने
संकल्प............................................ ९७
१४.२ (च) राजा बिम्बिसारको तथागतसँग सम्वाद..... ९८
१४.२ (छ) ऋद्धि प्रातिहार्य प्रदर्शनको समय निर्धारण.. १००
१४.२ (ज) तीर्थङ्करहरूको निर्णय ......................... १०१
१४.२ (झ) भगवान बुद्ध श्रावस्तीमा आगमन.......... १०१
१४.२ (ञ) तथागतको श्रावस्ती नगर भित्र प्रवेश.......१०२
१४.२ (ट) देवराज इन्द्रद्वारा तीर्थङ्करहरूको
मण्डप ध्वस्त.................................... १०४
१४.२ (ठ) पूर्ण काश्यप पानीमा डुबेर मृत्यु .......... १०५
१४.२ (ड) देवराज इन्द्रद्वारा आकाशमा रत्नको
चक्रमण गर्ने मण्डप निर्माण ................ १०६
१४.२ (ढ) यमक प्रातिहार्यको ज्ञान....................... ११३
१४.२ (ण) यस्तो विलक्षण प्रातिहार्यको हेतु...............११५
१४.२ (त) तथागतले देवलोकमा वर्षावास गर्नु
हुने निर्णय....................................... ११७
१४.२ (थ) मातालाई अभिधर्म देशना..................... १२६
१४.२ (द) पूर्व जन्मको कथा ..............................१२७
१४.२ (ध) तथागत मनुष्य लोकमा जानको लागि
देवराज इन्द्र शक्रलाई सूचना................१२९
१४.२ (न) अर्को एक यमक प्रातिहार्यको प्रदर्शन.........१३०
१४.२ (प) कथाको बाँकी अंश.............................. १३२
१४.२ (फ) धर्म सभामा सारिपुत्र स्थविरको
विषयमा चर्चा ................................ १३५
१४.२ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ......... १३७

**१४.३ एरकपत्त नागराजाको कथा ..................... १४७-१५४**

१४.३ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ..........१५५

Downloaded from http://www.dhamma.digital

**१४.४ आनन्द स्थविरको उपोसथ प्रश्न-कथा...........१५९-१६२**
१४.४ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ...........१६३

**१४.५ उदासिन भिक्षुको कथा..............................१६५-१६९**
१४.५ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष १७०

**१४.६ अग्गिदत्त ब्राह्मणको कथा........................ १७३-१८३**
१४.६ (क) तथागतको लोकको अवलोकन .............. १७५
१४.६ (ख) अग्गिदत्त ब्राह्मण कहाँ स्थविरको गमन.... १७६
१४.६ (ग) नागराजालाई दमन.............................१७८
१४.६ (घ) परिव्राजकहरूद्वारा स्थविरको प्रशंसा ........ १७९
१४.६ (ङ) तथागतको आगमन ........................... १७९
१४.६ (च) तथागतद्वारा अग्गिदत्त ब्राह्मणलाई उपदेश१८०
१४.६ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष ......... १८४

**१४.७ आनन्द स्थविरले प्रश्न गर्नु भएको कथा........१८९-१९०**
१४.७ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष .......... १९१

**१४.८ धेरै भिक्षुहरूको कथा...............................१९२-१९४**
१४.८ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष .......... १९५

**१४.९ काश्यप बुद्धको सुवर्ण-चैत्यको कथा ........... १९६-२००**
१४.९ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष २०१

**सहायक ग्रन्थहरू ........................................................ २०३**

Downloaded from http://www.dhamma.digital

# धम्मपदबाट धर्मप्रीतिका शब्दहरू

**अर्थ न बर्थका हजारौं कुरा सुन्नु भन्दा धर्मपदले युक्त एउटै कुरा सुन्नु बेश छ। अर्थ न बर्थका हजारौं कुरा पढ्नु भन्दा धर्मपदले युक्त एउटै कुरा पढ्नु बेश छ, जुन कुरा सुन्नाले र पढ्नाले मनमा शान्ति मिल्दछ।**

(धम्मपद १०१, १०२)

"अप्पमादो अमतपदं पमादो मच्चुनो पदं" भन्ने धम्मपदको "अप्पमाद वग्ग"मा भएको गाथा एउटा ७ वर्षे श्रामणेर निग्रोधबाट सुनेर सम्राट अशोकले कलिंगको युद्धमा भएको जनधनको क्षतिलाई देख्दा भएको ठूलो व्याकुल अवस्थाबाट पार भई सुख शान्तिको अनुभूति गरेका थिए र पछि गएर सम्राट अशोकले बुद्धशासन तथा मानव कल्याणको लागि ठूलो देन दिए।

अकुशल कर्मले नराम्रो प्रतिफल र कुशल कर्मले राम्रो प्रतिफल नै दिन्छ भन्ने विभिन्न उपमाहरू दिनु भई सुकर्म र दुष्कर्म बारे धम्मपदमा शिक्षा दिइएको छ। आफूलाई आफैले मात्र ठूलो उपकार गर्न सक्छ, त्यस्तो उपकार बुवा-आमा तथा नाता कुटुम्ब, साथी भाइबन्धुहरूले पनि गर्न सक्दैनन्। 'आफूलाई उपकार गर्नका लागि आफू नै सतर्क र जागृत हुनु पर्छ' भन्ने शिक्षा प्राप्त हुने धम्मपदका गाथाहरू अध्ययन, मनन् गर्दा मनमा अपार प्रीतिको अनुभव हुन्छ।

धम्मपद बुद्धधर्मको सार संक्षेप उपदेश संग्रहित ग्रन्थ हो। भगवान बुद्धको महापरिनिर्वाण (ई.पूर्व ५४३) भएको केही समय पछि मगधको राजधानी राजगृहको सप्तपर्णी नामको गुफामा बसेको बौद्ध संगीति (भेला) मा ५०० भिक्षुहरूले बुद्धले दिनुभएको उपदेश संकलन गरिएको थियो। यो संकलनलाई नै त्रिपिटक नाम दिइयो। पिटक भन्नाले

Downloaded from http://www.dhamma.digital

टोकरी भन्ने बुझिन्छ । त्रिपिटक भनेको १. सुत्त पिटक, २. विनय पिटक र ३. अभिधम्म पिटक हो ।

धम्मपद सुत्तपिटक अन्तर्गतको १५ ग्रन्थ मध्येको दोस्रो भाग हो । धम्मपद २६ वटा वर्ग र ४२३ वटा गाथाहरूमा वर्गीकरण गरिएको छ । यस महान् ग्रन्थमा भगवान बुद्धले बुद्धत्व प्राप्तिको दिनदेखि परिनिर्वाण प्राप्त नगरूञ्जेल विभिन्न समयमा विभिन्न ठाउँमा र विभिन्न व्यक्तिसँग वार्तालापको बेला दिइएका उपदेश संकलित छ । यी गाथाहरूमा मानव जीवनका लागि अत्यावश्यक ज्ञान जस्तै दुःख कसरी हटाउने, सुख कसरी पाउने, शील, समाधि र प्रज्ञा, निर्वाण आदि बारे सरल, सुन्दर र मार्मिक ढंगले प्रस्तुत गरिएको छ । त्यही कारणले धम्मपद ग्रन्थले बौद्ध साहित्यमा धेरै महत्वपूर्ण स्थान ओगटेको छ र यो ग्रन्थ सबभन्दा लोकप्रिय छ । धम्मपदमा दिइएका शिक्षाहरू बौद्धहरूको लागि मात्र होइन, सम्पूर्ण मानव जातिको लागि पनि त्यत्तिकै लाभदायक छ । मूल धम्मपद पालि भाषामा छ । धम्मपद ग्रन्थ धेरै लोकप्रिय भएको कारणले संसारका विभिन्न भाषामा अनुवाद भइसकेको छ । संस्कृत, प्राकृत, चिनीयाँ, अंग्रेजी, फ्रेञ्च,डच, रूसी, हिन्दी, तिब्बती, मंगोलियन आदि विभिन्न देशमा विभिन्न भाषाहरूमा विद्वानहरूले अनुवाद गरे । नेपालमा पनि सर्वप्रथम नेपाल भाषामा डाक्टर इन्द्रमान बैद्यबाट अनुदित धम्मपद सन् १९३१ मा प्रकाशित भएको थियो । त्यसपछि सन् १९५२ मा भिक्षु अमृतानन्दले गर्नु भएको नेपाली अनुवाद नै उल्लेखनीय भएको छ । नेपाल भाषामा भिक्षु अमृतानन्दद्वारा अनुवादको अतिरिक्त तामाङ्ग, गुरूङ्ग र थारू भाषामा पनि धम्मपदको अनुवाद भइसकेको छ । हाल-सालै मात्र केही महिना अघि श्रद्धेय भिक्षु धर्मगुप्त महास्थविरले धम्मपद-अट्ठकथालाई नेपाल भाषामा अनुवाद गरी सम्पूर्ण कथावस्तुलाई एउटै पुस्तकमा प्रकाशन गर्नुभएको छ ।

Downloaded from http://www.dhamma.digital

नयाँ-नयाँ प्रविधिको विकास भइरहेको अहिलेको समयमा वेभसाइट, यूट्यूबमा धम्मपदको पालि भाषाको अर्थ सहित पुस्तक हेर्न सकिने अवसर प्राप्त भइरहेको छ। साथै धम्मपद–अट्ठकथा पनि र मोबाइलमा पढन, सुन्न र हेर्न सकिने मोबाइल एप मार्फत विकास गरी धम्मपदको प्रचार-प्रसार गरिरहेको देखिन्छ। संचारको नयाँ प्रविधि विकास भइरहेको अवस्थामा हामीले पनि धम्मपदका पालि र अर्थ पाठ गर्दै तथा धम्मपद-अट्ठकथाका कथाहरू वाचन गर्दै फेसबुक तथा यूट्युबमा पोष्ट गर्न सकेमा आफूलाई पनि लाभ भइरहेको हुन्छ भने अरू धेरैलाई पनि उपकार गर्न सकिराखेको हुन्छ। थेरवाद नेपाल समूहले मोबाइल एप्समा पालि र नेपाली भाषामा धम्मपद राखेर नेपाली पाठकहरूलाई सजिलो तुल्याई दिएको छ। जुन एप्समा पालि गाथालाई प्रशिद्ध बौद्ध गायिका रमना श्रेष्ठको स्वरमा सुन्न सकिने गरी बनाइराखेको छ । सिंगापुरका Waragoda Sarada Nayaka Mahathero ले तयार पारी छाप्नु भएको Treasury of Truth पुस्तक पूरा रूपमा र वर्ग-वर्ग अनुसार एप्समा पढन सकिने गरी राखि राखेकोले धम्मपद बुद्धवचनमा श्रद्धा राख्ने श्रद्धालुहरूले लाभ लिन सकिराखेको छ । Canada का Bhikkhu Ajahn Yuttadhammo ले धम्मपद-अट्ठकथाहरू अध्ययन गरी यूट्युबमा राखि राखेको सुन्न र हेर्न सकिन्छ ।

यसले धम्मपदको विश्वभरमै लोकप्रियता जनाउँछ । वास्तवमा आजको दुःख, त्रास, लडाईं, झगडा, तनावले ग्रसित संसारमा धम्मपदको उपदेशको आवश्यकता छ । यसको अध्ययन र उपदेश अनुसार जीवनमा लागू गर्न सके सुख, शान्ति र मानव कल्याणको लागि टेवा दिन्छ र फलस्वरूप यसले सम्पूर्ण मानव जातिको कल्याण हुन्छ । धम्मपदको मेरो अध्ययन र मननले उपरोक्त विचार व्यक्त गर्न मलाई सहयोग गरेको छ ।

Downloaded from http://www.dhamma.digital

बौद्ध साहित्य र दर्शनमा तिपिटक अर्थात् त्रिपिटकको महत्व छ। किनभने यसलाई नै सम्पूर्ण पालि साहित्यको आधार मानिन्छ। बौद्धहरूको प्रमुख र आधार ग्रन्थ मानिएकोले पनि यसलाई प्रामाणिक ग्रन्थावलीको रूपमा लिइन्छ। मुसलमानहरूको आधिकारिक धार्मिक ग्रन्थ कुरान, ईशाइहरूको बाइबल र हिन्दूहरूको वेद, उपनिषद र गीतालाई जस्तै बौद्धहरूको सर्वाधिक प्रामाणिक ग्रन्थ धम्मपद हो।

यसै सन्दर्भमा विगत ५ दशकदेखि बौद्ध लेखन क्षेत्रमा लागि पर्नु भएकी विदूषी नानीमैयाँ मानन्धरले धम्मपद-अट्ठकथालाई १,२ वर्गहरू समावेश गरी भाग-भागमा प्रकाशन गरिरहनु भएको बुद्ध शासनिक रूपले धेरै महत्वपूर्ण योगदान हो। धम्मपदका १२ वटा वर्गका कथावस्तुलाई संग्रहित गरी ५ भाग सम्म प्रकाशन गरी पाठक वर्गलाई भगवान् बुद्धको उपदेशलाई बाड्नु भएको छ। धम्मपद-अट्ठकथालाई पूरा नेपाली भाषामा अनुवाद तथा प्रकाशन गर्ने लक्ष्यका साथ अगाडी बढने क्रममा अहिले ६ भाग प्रकाशन हुने कुरा सुन्न पाउँदा खुशि लागेको छ। धर्मप्रीतिका केही कुरा कोर्न १३ वर्ग लोक-वर्ग र १४ वर्ग बुद्ध-वर्गका धम्मपद-अट्ठकथा संग्रहित यस पुस्तकको पाण्डुलिपि अध्ययन गर्न पाउँदा पहिला पढिराखेको धम्मपदका कथाहरू फेरी दोऱ्याएर पढन पाउँदा धेरै धर्मप्रीतिको अनुभव गरेको छु।

## लोक वर्गका कथावस्तुका सम्बन्धमा–

लोक वर्गमा १२ वटा गाथाहरू छन्।

लोक वर्गको पहिलो गाथाको कथामा कुनै कुनै अवस्थामा सानो सानो कुरामा पनि विवाद हुन सक्छ र त्यो विवाद पछि ठूलो हुँदै आउँछ। यदि त्यसवेला राम्ररी कुरा बुझ्ने व्यक्ति भएमा विवादलाई शान्त गरी बस्न सकिन्छ भन्ने बारेमा भगवान् बुद्धले भोजन जाने ठाउँमा परेको सानो विवादमा भिक्षुको मार्गफलको उपनिश्रय देख्नुभई

Downloaded from http://www.dhamma.digital

उपदेश दिनु भएको चर्चा छ भने दोश्रो र तेश्रो गाथा भगवान् बुद्ध आफनो पिता सुद्धोधन महाराजाको निमन्त्रणा अनुसार कपिलवस्तुमा आउनुभएको, जन्मदाता र लालन पालन गरी हुर्काउनु भएका आमा-बुबाको साथै ज्ञातिवर्गलाई मार्गफलमा प्रतिष्ठित गर्नु भई आमा-बुबालाई सेवा गर्नु पर्छ भन्ने उदाहरण दिनु भएको छ। थाहा नपाएर कुनै बेला गल्ती, अपराध गरेको भए पनि यदि कल्याणमित्रको संगत गर्न पाएर कुशल कर्म गर्छ भने बादलबाट मुक्त भएको चन्द्रमा झैं त्यो व्यक्ति हुन्छ भन्ने सन्दर्भमा अंगुलिमालको घटनाले देखाउँछ। यो जीवन कहिले अन्त हुन्छ भन्न सकिदैन, जुनसुकै बेला पनि मरण हुन सक्छ त्यसैले मरण हुनु अघि नै धेरै कुशल कर्म गर्न सक्नु पर्छ भन्ने पेशकार धीताको कथावस्तुले संवेजपूर्ण सन्देश दिइरहेको छ। मानिसहरू झूटो कुरा बोलेर कति सम्मको नीच काम गर्न सक्छ र उसले नगर्ने पाप केही छैन भन्ने कुरा चिंचामाणविकाको प्रसंगले देखाइरहेको छ। नराम्रा चित्त भएका ठूला तथा गुरुहरूको संगतमा पर्दा उसका अनुयायी चेलाहरूले आफूहरूलाई दुःख हुने कतिसम्मको नराम्रो काम गर्न तम्सिन्छ भन्ने कुरा पनि यसबाट थाहा पाउन सकिन्छ। त्यसैले गुरूहरूको संगत गर्दा पनि 'म कस्तो चरित्र भएका गुरुको छत्रछायामा रहेको छु' भन्ने कुरा बुझी राम्रा व्यक्तिहरूको संगतमा पर्न पनि चिंचामाणविकाको कथावस्तुले होश दिइराखेको छ।

'दान शील भावनादि कुशल कर्म भनेको सबैले गर्न सक्दैन, पाउँदैन। यदि कसैले खुशिसाथ त्यस्ता कुशल कर्म गर्छ भने त्यस्तो महान कार्यलाई खुशिसाथ अनुमोदन गर्नु पर्दछ र त्यसरी अनुमोदन गर्नु मात्रले पनि आफूलाई ठूलो पुण्य मिल्छ र त्यस्तै कुशल कर्म गर्ने सौभाग्य पाइन्छ' भन्ने कुरा जुण्ह मन्त्रीको असदृश दानमा प्रसन्नता सम्बन्धमा बुझ्न सकिने कुरा हो। 'नराम्रो चित्त भएकाहरूले दान आदि पुण्य कार्यमा रमाएर बस्न सकिंदैन र त्यसैको कारणले गर्दा

Downloaded from http://www.dhamma.digital

ठूला पदमा बसेको भएता पनि खराब चित्तको कारणले मन्त्री भइरहेको भाग्यबाट समेत वञ्चित भएर बस्नु पऱ्यो' भन्ने काल मन्त्रीको खराब मनसाय चित्रण भएको पाउँछौं। एक बुद्धको पालामा एकपटक मात्र हुने, दान सामग्रीको सम्बन्धमा अरूसित तुलना गर्न नसकिने र उक्त दान मल्लिका महारानीको योजना मुताविक व्यवस्था भएको र त्यस्तो दान जहिले पनि महिलाहरूले नै व्यवस्था गरिने भएकोले दान पुण्य कार्यमा उपासिकाहरू अघि भएको देखाउँछ।

परिवारमा आमाबुबा श्रद्धावान् पुण्यवान हुँदैमा छोराछोरी सबै त्यस्तै राम्रै बानी भएका हुन्छन् नै भन्न सकिंदैन। ५४ करोड सम्पत्ति खर्च गरेर जेतवन विहार दान गरेका अनाथपिण्डिक महाजनको पुत्र कालकुमार विहारमा जान नरूचाउने, बुद्ध, धर्म र संघलाई गौरव गर्न नचाहने बालकलाई बुबाले पैसाको लोभमा उपोसथ शील लिन विहारमा पठाएको पछि उपदेश सुनेर उपदेशका सानो कुरा भन्न आयो भने फेरी पैसा पाउने लोभ देखाएर उपदेश सुन्न गइरहेका काल कुमार पछिल्लो अवस्थामा मन एकाग्र गरी उपदेश सुनेको अवस्थामा श्रोतापत्ति फलमा पुगेको कुराले आमा बुबाको कर्तव्य के हो भन्ने कुरा बुझिन्छ।

## बुद्धवर्गका कथावस्तुका सम्बन्धमा–

बुद्धवर्गमा १८ वटा गाथाहरू छन्।

यो वर्गको पहिलो २ गाथा मारका सुपुत्रीहरूको कारणले आज्ञा गर्नु भएको गाथा हो। बुद्धको रूपलावण्य देखेर आफनी छोरी मागन्दीय भगवान् बुद्धसँग विवाह गरिदिनको लागि आएका उनका आमा-बुबालाई घृणित शरीरमा आशक्ति नभएको कुरा बताउन बोधिपल्लंकमा बसिरहेको अवस्थामा मारका तीन छोरीहरू आएर फकाउन आउँदा

Downloaded from http://www.dhamma.digital

त त्यसमा आशक्ति भएन भने मलमूत्रले भरिएको 'तिम्रो छोरीको शरीरलाई औंलाको टुप्पाले समेत छुन चाहदैन' भन्ने भगवान् बुद्धको कुरा सुनेर आमा-बुबा दुबैजना अनागामी मार्गफलमा पुगेको कुरा र छोरी मागन्दीयले त्यस कुरामा भगवान् बुद्ध प्रति र संघ प्रति रीस देखाएको कुरा उल्लेख भएको छ। बुद्ध जस्ता सम्पूर्ण क्लेश निर्मूल भएका पुरूषलाई कुनै पनि प्रकारले प्रभाव पार्न सक्दैन।

तेश्रो गाथा भगवान् बुद्ध तावतिंस भुवनमा आमालाई तीन महिना अभिधर्मको उपदेश दिनु भएर संकस्स नगरमा ओर्लनु भएको अवस्थामा बुद्धको बत्तीस लक्षण देखेर भगवान् बुद्धको प्रभाव तथा व्यक्तित्व देखेर त्यसबेला त्यहाँ भेला भइरहेका जनसमूह सबैले बुद्धको प्रार्थना गरेका थिए। तिर्थंकर दमन, बुद्धको यमक प्रातिहार्य, आमा महामायादेवीलाई देवलोकमा अभिधर्मको देशना, सारिपुत्रलाई मनुष्यलोकमा संक्षिप्तमा अभिधर्मको देशना, सारिपुत्रका ५०० जना शिष्यहरूलाई अभिधर्म देशना र पवारणा पछि बुद्ध देवलोकबाट मनुष्यलोकमा पदार्पण गर्नु भएको कुरा पढ्दा बुद्धको आनुभाव देखेर मानिसहरूमा बुद्धप्रति श्रद्धा रहेको थियो भन्ने कुरा स्पष्ट देखाउँछ।

एरकपत्त नागराजको घटना अध्ययन गर्दा तिरश्चीन आदि अपाय भूमिमा जन्म लिनुपर्दाका दुःख यसमा देख्न सकिन्छ। भिक्षु भए पनि विनय नियममा शंका लागेर मृत्यु हुन पुग्दा एक बुद्धान्तरसम्म नागराजा भएर दुःखपूर्वक पश्चाताप लिएर बस्नु परेको कारूणिक वर्णन पाइन्छ। बुद्ध उत्पन्न हुने अवस्थामा धेरै सत्वप्राणीहरू दुःखबाट मुक्त हुन सकिने सौभाग्य प्राप्त भइरहेको हुन्छ।

कुनै पाप नगर्नु, पुण्य संचय गर्नु, आफनो चित्तलाई शुद्ध गर्नु, कसैलाई निन्दा वा हिंसा पीडा नगुर्न, प्रातिमोक्ष शीलहरू पालन गर्नु,

Downloaded from http://www.dhamma.digital

आहारमा मात्रा ज्ञान राख्नु, एकान्त वास गर्नु र चित्त शुद्धिको निम्ति योग गर्नु बुद्धहरूको शिक्षा हो भन्ने बुझेर बुद्ध-शिक्षा पालन गर्नमा जोड दिनु आवश्यक छ। १०० काषार्पण पाउने कुरामा भिक्षु जीवन त्यागेर गृहस्थी जीवनमा रहेर जीवन यापन गर्न खोजेका एक उदासीन भिक्षुलाई 'पैसा, कामभोग भनेको जति भए पनि पुग्दैन। सम्यकसम्बुद्धका शिष्यहरू तृष्णाक्षयमा लाग्नु पर्छ' भनी दिनु भएको उपदेश 'सबैले मनन् गरी दुःख क्षय गर्नको लागि कोशिसमा लाग्नु पर्छ' भन्ने सन्देश रहेको छ।

'गुरूहरू ठीक ठाउँमा नभए पछि शिष्य तथा हितैषीहरूलाई पनि गलत बाटोमा लैजान्छ' भन्ने कुरा अग्गिदत्त ब्राह्मणले आफना शिष्य तथा दाताहरूलाई दिएको उपदेशबाट थाहा पाउन सकिन्छ। गलत बाटोमा लागिरहेका त्यस्ता व्यक्तिहरूलाई बुद्ध र उहाँका शिष्यहरूले राम्रो सही बाटोमा लाग्न प्रेरणा दिंदा हुँदो रहेछ भन्ने शिक्षाको साथै 'दुःख मुक्तिको लागि चतुआर्यसत्य र आर्य अष्टांगिक मार्गमा लाग्नु पर्छ' भन्ने शिक्षा अग्गिदत्त ब्राह्मणले बुद्ध शिक्षा ग्रहण गरेपछि आफनो जीवन धन्य पारेको घटनाबाट प्रेरणा लिन सकिन्छ।

सांसारिक प्रपञ्चबाट मुक्त भइसकेका बुद्ध र उहाँका शिष्यहरूलाई पूजा सत्कार गरेको पुण्य यति-उति भनी गिन्ति गर्न नसकिने भएकोले त्रिरत्नप्रति श्रद्धाभाव राखी चैत्य आदि बुद्ध स्मारकमा श्रद्धा राख्ने, आदर-गौरव व्यवहार गर्नमा मन लगाउनु पर्छ भन्ने सन्देश बुद्ध वर्गका अन्तिम गाथाको कथावस्तुले प्रेरणा दिइराखेको छ।

धम्मपद-अट्ठकथामा आइराखेका कथावस्तु र त्यस सम्बन्धी आएका गाथाहरू सम्झने अवस्थामा मनमा खुशिका भावहरू प्रफुल्लित भएका हुन्छन् र बुद्ध, धर्म र संघप्रति श्रद्धा प्रबल गर्न सहयोग भइरहेको हुन्छ।

Downloaded from http://www.dhamma.digital

श्रद्धेय भिक्षु अमृतानन्द महास्थविरले अनुवाद गर्नु भएको धम्मपद-अट्ठकथा भाग १ तथा श्रद्धेय भिक्षु अनिरूद्ध महास्थविरले नेपाल भाषामा अनुवाद गर्नुभएको धम्मपद-अट्ठकथाको भाग २ देखि ८ भाग सम्म अध्ययन गर्ने मौका पहिला पाइसकेको हुनाले पनि धम्मपदको गाथा र अर्थ तथा अट्ठकथाहरूमा पहिले देखि अभिरूचि थियो। गुँला धर्मदेशना वा अरू समयमा पनि देशनाको लागि धम्मपद-अट्ठकथालाई एउटा वलियो श्रोत तथा आधारको रूपमा लिने गरेका हुन्छौं धर्मदेशना गर्ने भिक्षु सामणेर अनागारिकाहरूले। अहिलेको अवस्थामा त्रिभुवन विश्वविद्यालय तथा लुम्बिनी विश्वविद्यालयमा बी.ए तथा एम.ए. मा बुद्ध शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूको लागि धम्मपद र धम्मपद-अट्ठकथा ग्रन्थ सहयोगी भइरहेको छ। साथै नेपाली भाषामा भएकोले म्यानमार, थाइलैण्ड, अमेरिका आदि देशहरूमा पनि यसको माग भइरहेको छ।

विपस्सना ध्यान अभ्यास गरी ध्यान भावना क्षेत्रमा लागिरहनु भएकी विपस्सी साधिका नानीमैयाँ मानन्धर उपासिकाले विपस्सना ध्यान भावनाबाट प्राप्त श्रद्धालाई अगाडी राखी ७२ वर्षको उमेरमा पनि बुद्धशासन **चिरस्थायी** हुने शासनिक कार्यमा दत्तचित्त भई लागिराखेको शासनिक काम धेरैको लागि प्रेरणात्मक तथा उदाहरणीय कार्य हो। बुद्धशासनमा विहार दानको महत्व बुझी आफ्नो परिवारका सदस्यहरू मिली २०६५ सालमा नयाँवजारमा जग्गा किनी ज्ञानकीर्ति विहार स्थापना गरी परियत्ति संचालनमा जोड दिइरहेकी छिन् भने विहारमा भिक्षुहरूलाई वर्षावास वस्ने व्यवस्था गरी भिक्षुसंघ सेवाको साथै उपासक उपासिकाहरूलाई दान, शील, भावना आदि दश पुण्यकिया वृद्धि गर्न अवसर दिइराखेकी छिन्। परियत्ति शिक्षामा कोविद अन्तिम वर्षसम्म अध्ययन गरी प्राप्त अनुभववाट प्राप्त गरेको

Downloaded from http://www.dhamma.digital

ज्ञानलाई आधार गरी परियत्ति शिक्षाको महत्व बुझी परियत्ति शिक्षाको विकास गर्नु पर्छ भनी अहिले पनि लागिरहेकी छिन्। बौद्ध परियत्ति शिक्षाको शिक्षिकाको रूपमा २०२७ सालदेखि सेवा गर्दे अहिलेको समयमा पनि ज्ञानकीर्ति विहार परियत्ति केन्द्रमा आउने साना विद्यार्थी तथा प्रौढ विद्यार्थीहरूलाई पनि परियत्ति तथा ध्यान भावना सिकाउँदै धर्म सेवा गर्दै आइराख्नुभएको देख्दा निकै खुशी लाग्छ।

धम्मपद अट्ठकथाका विभिन्न लेखकहरूका पुस्तकहरू अध्ययन गरी लेख्नु भएकी सुश्री नानीमैयाँ मानन्धर र पुस्तक प्रकाशनमा सहयोग गर्ने दाता महानुभाव तथा सहयोगी सबैलाई मंगलमैत्री कामना छ र बाँकी वर्गका अट्ठकथाहरूको भागहरू पनि चाडै प्रकाशन गर्न सकोस् भन्ने धर्मप्रीतिपूर्ण शुभकामना व्यक्त गर्न चाहन्छु र पाठकहरूले पनि यो पुस्तक पढी लाभ लिन सकून्।

**– भिक्षु बोधिज्ञान**

महासतिपट्ठान विपस्सना भावना धम्माराम
बडिखेल, गोदावरी।
०७५ असोज १३ शनिबार।

Downloaded from http://www.dhamma.digital

# दुइ शब्द

**'धम्मपद'** पालि साहित्यको एउटा अमूल्य ग्रन्थ-रत्न हो। यो **सुत्त पिटक**को अन्तर्गत पर्ने **खुद्दकनिकाय**को दोस्रो ग्रन्थ हो। भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु भए देखि महापरिनिर्वाण नहुन्जेल ४५ वर्ष सम्म तथागतले समय-समयमा दिनु भएको धर्म-उपदेशको सार संक्षेप यसमा संग्रहित भएको छ। यसमा २६ वर्ग र ४२३ गाथाहरू छन्।

**धम्मपद** यस्तो एक ग्रन्थ हो, जसको प्रत्येक गाथामा धर्मको सारतत्वले भरिएको छ। ती गाथाहरूमा **शील, समाधि, प्रज्ञा** र **निर्वाण**लाई बडो रसयुक्त ढंगले उपमा, उपमेय सहित वर्णन गरिएको छ। यी गाथाहरू पढ्दा अद्भूत किसिमको **धर्म-संवेग** उत्पन्न भई शान्ति र शीतलताको अनुभूति हुन्छ। **विशेष गरी** मानव जीवनमा अनायास घट्ने **हानी-नोक्सानी, वियोग-व्यथा, सोक-परिदेव** आदिबाट संतापित घडीमा यी गाथाहरूले औषधि उपचारको कार्य गर्दछन्।

**त्रिपिटक ग्रन्थ**लाई अत्यन्त विस्तारपूर्वक लेखिने **भाष्य** अर्थात् **व्याख्या**लाई **'अट्ठकथा'** भनिन्छ। **अट्ठकथा**मा सम्वन्धित घटना- 'कहाँ, कहिले, को सँग, के विषयमा घटेको थियो; तथागतले कसलाई सम्बोधन गर्नु भई के उद्देश्यले गाथा प्रकाशमा ल्याउनु भयो; वर्तमानको घटनासँग पूर्व-जन्मको घटना कसरी सम्वन्धित हुन गयो; यसबाट श्रोतावर्गलाई के कति मार्ग-फल एवम् लाभ प्राप्त भयो'—यी सबै कुरा **भाष्यकारले** स्पष्ट वर्णन गरी दिएको हुन्छ।

प्रारम्भमा **अट्ठकथा** श्रीलंकामा **सिंहल भाषामा** लिपिबद्ध भएको थियो। ५०० शताब्दीमा भारतमा जन्मनु भएका **आचार्य बुद्धघोष**ले सम्पूर्ण त्रिपिटक अध्ययन गरिसक्नु भए पछि उहाँ श्रीलंकामा जानु भयो। उहाँले त्यहाँ भएका सबै **अट्ठकथा** पालि भाषामा अनुवाद गर्नु

Downloaded from http://www.dhamma.digital

भयो । यो काम पूरा गर्न उहाँलाई ३० वर्ष लागेको थियो । अनुवाद कार्य पूर्ण भइसकेपछि **पालि अट्ठकथा** सहित आफ्नो **गुरु संघ महानायक रेवत महास्थविरज्यू**लाई भेट्न भारत फर्कनु भयो । त्यसबेला देखि उहाँले अनुदित गर्नु भएको **पालि-अट्ठकथा**को महत्व बढ्दै गई आज बौद्ध जगतमा यसले ठूलो स्थान पाएको छ ।

एकातिर यस **"धम्मपद-अट्ठकथा"** मा पुण्य पारमी संग्रहित भएका मानिसहरू तथागतको दया र छत्रछाँया पाएर अथवा कुनै न कुनै कारणबाट भगवान बुद्धको सम्पर्कमा आउने गर्दछन् । अनि तथागतको उपदेश अनुरूप **चार आर्य-सत्य** र **अष्ठाङ्ग-मार्ग** आ-आफ्नो अनुभूतिद्वारा जीवनमा उतारी **आर्य-मार्ग फल** र **निर्वाण**लाई साक्षात्कार गरी मानव जीवन सफल पारेका कतिपय सत्य घटनाहरू यसमा दर्शाइएका छन् । अर्कोतिर पुण्य पारिमिता संग्रहित भएका तर तथागत समक्ष आउने संयोग नपरेका अथवा अशक्त भएका कतिपय नर-नारीहरू कहाँ स्वयम तथागत उपस्थित हुनु भई अथवा **छवण्ण रश्मि**को आभाष फैलाउनु भई धर्म उपदेश दिनुभएको कारणबाट तिनीहरूले **मार्ग-फल** र **निर्वाण** प्राप्त गर्न सकेको थुप्रै तथ्यहरू हाम्रो सामु छन् ।

भगवान बुद्धको समयमा तथागतको नजिक अथवा टाढा रहेका भिक्षु-भिक्षुणी, श्रामणेर, परिव्राजक, देवता, मार, राजपरिवार, गृहस्थहरूलाई यक्ष-यक्षिणी आदि अमनुष्यहरूबाट विषम परिस्थिति र समस्याहरू सिर्जना भए । त्यसलाई तथागतले **मैत्री, करुणा र उपेक्षाभाव** बाट मनोवैज्ञानिक तवरले समाधान गर्नु भएको घटना प्रसंशनीय र अनुकरणीय छन् ।

भगवान बुद्धलाई जतिसुकै प्रशंसा गर्ने भक्तहरू देखी प्रभावित भई तथागतले कहिल्यै कसैलाई **वरदान** दिनु भएन । त्यस्तै भए-

Downloaded from http://www.dhamma.digital

नभएका कुराको लाञ्छना लगाई निन्दा गर्ने असभ्य, बेइमानी, पापीहरूलाई कहिल्यै **श्राप** दिनु भएन । बरु तथागतले बडो करुणायुक्त चित्तले तिनीहरूको जीवनसँग सम्वन्धित पूर्व-जन्मका घटनाहरूको माध्यमबाट धर्म-उपदेश गर्नु भई तिनीहरूलाई सही मार्ग दर्शाउनु हुन्थ्यो ।

प्राणीहरूको सानो भन्दा सानो कर्मदेखि लिएर ठूल-ठूला कर्म-विपाक भोग गर्नै पर्ने, अझ **आर्य पुद्गल**को स्थितिमा पुगी सकेर पनि भोग गर्नु पर्ने विपाकबाट मुक्त नहुने कुरा **"धम्मपद-अट्ठकथा"** ले हामीलाई सतर्क गराई जुनसुकै कर्म गर्दा समयमा नै बडो होश पुऱ्याउनु पर्ने सन्देश दिएको छ ।

धम्मपद पुस्तक मैले सानै उमेरदेखि पढेको थिएँ। तर त्यसबेला मेरो ज्ञान गाथा र अर्थमा मात्र सीमित रह्यो। हुन त यसले पनि मेरो जीवनमा कहिले माता-पिताको वियोग-व्यथालाई मलम-पट्टिको कार्य गरी दिन्थ्यो भने कहिले कल्याण मित्रको निर्देशन दिइरहन्थ्यो । अझ गम्भीर साधनाको अवधिमा त तथागतले साधना सम्वन्धी सारयुक्त वाणी उच्चारण गरिरहनु भएको जस्तै अनुभव हुन्थ्यो ।

प्रस्तुत पुस्तक **"धम्मपद-अट्ठकथा"** मा भगवान् बुद्धको अमृत बचन पालि गाथाबाट शुरू गरी तथागतले यस गाथा कहाँ, कहिले, कसको सन्दर्भमा प्रकाश पार्नु भएको हो; त्यो कुरो स्पष्ट उल्लेख गरी दिएकी छु ।

यस पुस्तकमा घटनाक्रम अनुसारको **शिर्षक** र **उप-शिर्षक** राखी दिएकी छु। कथाको अन्तमा गाथालाई फेरि एकचोटी दोहऱ्याई त्यसको अर्थ स्पष्ट पारी दिएकी छु । साथै त्यस धर्म-उपदेशबाट 'श्रोतावर्गले के, कति **मार्ग-फल** एवम् लाभ प्राप्त गरेका छन्' भन्ने कुराको परिणाम पनि दर्शाइ दिएकी छु ।

Downloaded from http://www.dhamma.digital

## दुइ शब्द

'पाठकहरूलाई कथाको सार बुझ्न सजिलो होस्' भन्ने मनसायले धम्मपद-अट्ठकथा भाग-६ मा कथाको संक्षेपीकरण तथा निष्कर्ष पनि लेखी दिएकी छु।

**"धम्मपद-अट्ठकथा"** (भाग १) मा **'यमकवग्गो'** को २० वटा र **'अप्पमादवग्गो'** को १२ वटा गाथा समेत ३२ वटा गाथा तथा **धम्मपद-अट्ठकथा** (भाग-२) मा **'चित्तवग्गो'** को ११ वटा र **'पुप्फवग्गो'** को १६ वटा गाथा समेत २७ वटा गाथाहरू, **"धम्मपद-अट्ठकथा"** (भाग ३) मा **'बालवग्गो'** को १६ वटा र **'पण्डितवग्गो'** को १४ वटा गाथा समेत ३० वटा गाथाहरू, **धम्मपद-अट्ठकथा** (भाग ४) मा **'अरहन्तवग्गो'** को १० वटा र **'सहस्सवग्गो'** को १६ वटा गाथा तथा **'पापवग्गो'** को १३ वटा गाथा समेत जम्मा ३९ वटा गाथाहरू **धम्मपद-अट्ठकथा** (भाग ५) मा **'दण्डवग्गो'** को १७ वटा गाथा र **'जरावग्गो'** को ११ वटा गाथा र **'अत्तवंग्गो'** को १० वटा गाथा गरी जम्मा ३८ वटा गाथाहरूको सन्दर्भमा आएका बुद्धकालीन घटनाहरू र ती घटनाहरूसँग सम्वन्धित अतीतका कथाहरू समावेश भएका छन्।

प्रस्तुत पुस्तक **धम्मपद-अट्ठकथा** (भाग ६) मा **'लोकवग्गो'** को ११ वटा गाथा र **'बुद्धवग्गो'** को ९ वटा गाथा गरी जम्मा २० वटा गाथाहरूको सन्दर्भमा आएका बुद्धकालीन घटनाहरू र ती घटनाहरूसँग सम्वन्धित अतीतका कथाहरूको साथै यस पुस्तकमा रहेका पालि गाथाका शब्दका अर्थहरू बुझ्न सजिलो होस् भन्ने मनसायले **'भावार्थ'** पनि समावेश गरी दिएकी छु।

श्रद्धेय भिक्षु अनिरुद्ध महास्थविरज्यूले नेपाल भाषामा अनुवाद गर्नु भएको **'धम्मपदट्ठकथा'** र विपश्यना विशोधन विन्यास, इगतपुरीबाट प्रकाशित **'धम्मपद अट्ठकथा पालि'** र स्वामी द्वारिकादास शास्त्रीजीले अनुवाद गर्नु भएको **'धम्मपदट्ठकथा हिन्दी'** को आधार लिई प्रस्तुत पुस्तक **'धम्मपद-अट्ठकथा'** लेखेकी छु।

Downloaded from http://www.dhamma.digital

केही समय अघि श्रद्धेय बोधिज्ञान भन्तेलाई यस पुस्तकको विषयमा केही शब्द लेखी दिनु हुन अनुरोध गरेको थिएँ । उहाँले आफ्नो अति व्यस्त समय दिनु भई **"धम्मपदबाट धर्मप्रीतिका शब्दहरू"** शिर्षक दिनु भई **'धम्मपद'**का कतिपय महत्वपूर्ण गाथाहरूका अर्थहरू प्रष्ट्याउनु भयो । यो ग्रन्थ धेरै लोकप्रिय भएको कारणले विश्वको धेरै भाषामा अनुवाद भइसकेको कुरा उल्लेख गर्नु भयो । साथै **लोकवर्ग** र **बुद्धवर्ग**का कथावस्तुमा निहित महत्वपूर्ण कुराहरू प्रकाशमा ल्याउनु भई प्रस्तुत पुस्तक **धम्मपद-अट्ठकथा भाग-६** को महत्ता दर्शाई दिनु भएकोमा म श्रद्धेय बोधिज्ञान भन्तेलाई आभार व्यक्त गर्दछु ।

श्रद्धेय भिक्षु प्रज्ञाश्री स्थविरबाट देशना गर्नु भएको "पट्ठान पालि देशना" को अडियो सी.डी टेप प्रवचनलाई पुस्तककारमा विकसित गर्नु भएको पुस्तकबाट "तथागत देवलोकबाट मनुष्य लोकमा अवतरण गर्नु भएको" फोटो एउटा "धम्मपद-अट्ठकथा भाग-६" को कभर पेजमा राख्न उपयुक्त देखिएकोले दिवंगत श्री दोलेन्द्र शाक्य ज्यूको परिवारलाई सूचित गर्दा उहाँहरूले 'हुन्छ' भनी अनुमति दिनु भएकोमा उहाँहरूलाई धेरै 'साधुवाद' दिन चाहन्छु ।

श्रीमती रीना तुलाधरज्यूले दुइ शब्दको अंग्रेजी अनुवाद तथा लेखिकाको परिचय अंग्रेजी र नेपालीमा लेखिदिनु भई सहयोग गरी दिनु भएकोमा उहाँलाई धन्यवाद दिन चाहन्छु । त्यस्तै सुश्री रुबी प्रधानज्यूले साह्रै मेहनत गर्नु भई कम्प्यूटरको सम्पूर्ण कार्य स्वयं सेविकाको रूपमा गर्नु भएकोमा म उहाँलाई धेरै-धेरै धन्यवाद दिन चाहन्छु । साथै श्री महेन्द्रमुनि बज्राचार्यज्यूले छपाइको कार्य सम्वन्धी सबै काम समयमा सम्पन्न गरी दिनु भएकोमा उहाँ धन्यवादका पात्र हुनुहुन्छ ।

धम्मपद-अट्ठकथा भाग-६ को प्रकाशिका सुश्री कमला शाक्य हुनुहुन्छ । हाल उहाँ सानेपामा बस्नु हुन्छ । तीन, चार वर्ष पहिले देखि

Downloaded from http://www.dhamma.digital

उहाँले मलाई एउटा पुस्तक प्रकाशन गर्ने इच्छा व्यक्त गर्नु भएको थियो । मैले हवस, हुन्छ, भन्दा–भन्दै यत्तिका वर्ष बिताउनु पऱ्यो । यस पालि बल्ल किताब लेख्न सिद्धिएला जस्तो लागेर फोन गरें । उहाँको श्रद्धामा कत्ति पनि कमि आएन । तुरुन्तै 'हुन्छ' भन्नु भयो ।

सुश्री कमला शाक्य मेरो पुरानो साथी, "बौद्ध महिला संघ नेपाल" को कोषाध्यक्ष र विपश्यना ध्यान गर्ने एक साधिका पनि हुनु हुन्छ । उहाँले २०५६ सालमा "विपश्यना: एक जीवनोपयोगी साधना" नामक पुस्तक पनि प्रकाशित गर्नु भएको थियो । यसरी उहाँले अहिलेको पुस्तक प्रकाशन गर्ने अभिभारा लिनु भएकोमा उहाँलाई म हृदयदेखि धन्यवाद दिन चाहन्छु । यस्तै आउँदा वर्षहरूमा पनि पुस्तक प्रकाशन गरी पुण्य आर्जन गर्ने कार्यमा अघि बढ्न सकुन्' भन्ने शुभ-कामना व्यक्त गर्दछु ।

"चिरं तिट्ठतु सद्धमो !"

(सद्धर्म चीरस्थायी रहुन् !)

९४५/३२ लेखनाथ सडक,
(कुमारी गल्ली, नयाँ बजार)
काठमाण्डौं, नेपाल ।

– नानीमैयाँ

२०७५ कार्तिक ७ गते, बुधवार
फोन : ०१ ४३५८९९३

Downloaded from http://www.dhamma.digital

# TWO WORDS

The **Dhammapada** occupies a distinct place in the religious pali literature. The three **Pitakas** are **Vinaya, Abhidhamma** and **Sutta**. The **Dhammapada** is the second book of the minor collection, **Khuddakanikaya** of the **Sutta Pitaka** (The Basket of Discourses). Lord Buddha preached the **Dhamma** for forty-five years since his Enlightenment and until his **Mahaparinibbana** (expiry). The **Dhammapada** contains the quintessence of the very whole Dhamma (which the Buddha preached within this period). It consists of **423 Verses** arranged in **26 Vaggas** or **chapter.**

The gems of truth embodied in each **Verse** of the **Dhammapada** aptly illustrate the moral and philosophical Teachings of the Buddha. The fundamentals of **Sila** (purification of bodily activities), **Samadhi** (Concentration of mind on the right path) and **Panna** (Knowledge of four noble truths) and **Nibbana** (Enlightenment) are presented in **Dhammapada** in a systematic (rhythmic) manner with clear (interesting) examples. Reading the **Verses** of **Dhammapada**, one can feel peace and harmony. The eternal wisdom embodied in the **Verses** of **Dhammapada** holds within it the potential to bring tranquility to men and women troubled by the stress and conflict in life, disharmony and distress.

The **Atthakatha** is a detailed and deep interpretation of the **Tipitaka.** The interpreters and the writer of **Atthakatha** have given detailed explanation of the related stories of the present and past existence of each of the **Verses** (Buddha's teaching) and the fruit gained by the listeners.

Initially, the **Atthakatha** was transcribed in scripts in **Sri Lanka.** The credit of propagating **Pali Atthakatha** to the Buddhist world goes to **Acharya Buddhaghosha**, born in India, around the 5th century. After completing a thorough study of the **Tipitaka** in India, the Scholar visited Sri Lanka. There he translated the whole **Atthakatha** into pali language. It took him 30 years to complete this task. After completing this huge project, he returned to his home country to visit his venerable teacher **Sangha**

Downloaded from http://www.dhamma.digital

**Mahanayaka Rewat Mahasthavir**, bringing along with him the translated **Pali Atthakatha.**

In the **Dhammapada Atthakatha**, the original stories out of which the Verses stem are interpreted in two ways. In some stories, the fortunate ones who are blessed with good deeds during their past existence have the opportunity to listen to the sermon of the **Enlightened One** and get to purify mind with the knowledge of the **Four Noble Truths** and the **Eight Noble Paths of purification**. In other stories for those who have the potential but not having an opportunity to meet the Buddha, the Buddha himself finds a way extending six-coloured rays to bless them. The Lord's instruction enabled them to purify themselves and attain **Arhatship** (the highest level of purification) and **Nibbana.**

The contemporary **Bhikkhus, Bhikkhunis** (Monks and Nuns), **Samaneras** (Young monks who are not yet ordinated as Bhikkhu), **Paribrajakas** (Non-Buddhist preachers) gods, laymen, royal families and non-human beings (creatures) of Buddha's life time used to create difficult circumstances and problems. The Buddha's way of tackling them is significant and appreciable **Metta** (Loving kindness), **Karuna** (Compassion), **Mudita** (delights) and **Upekkha** (Equanimity) were his tools.

Blessing with a boon to a devotee or torturing with a curse to the opposite ones - these two self-oriented deeds is not the tradition of the Buddha. Instead, the Buddha always blessed them with **love** and **kindness** and guided mankind to the **right path**. He would give example of events of their present life and their past existence as well.

People who commit evil deeds are unaware of the consequences at the moment. Even the **Ariyas** (those who have attained the levels of enlightenment) must suffer the consequences of their past evil deeds. The **Dhammapada-Atthakatha** raises awareness about what Buddha said about **'Kamma and Kammaphala'** (The law of moral causation).

The present work of **Dhammapada-Atthakatha** is an attempt to present noble utterances of the Buddha. I have

Downloaded from http://www.dhamma.digital

expounded the stories related to each verse to whom, when and where the Buddha stated these sacred Verses.

I have also given some appropriate titles and sub-titles to those stories. A translation of each Verse is repeated at the end of the story. Additionally, I have also quoted how many persons attained **Magga-phala** (path and fruit of purification) from these edification.

I have been reading **Dhammapada** since my childhood. But then, the knowledge was limited to **Pali Verses** and its **meanings.** Even then sometimes it used to be a healing medicine for my suffering due to the expiry of my parents. Sometimes it used to be like a well-wishing friend **(Kalyan Mitta)** for me. During deep meditation, I feel as if the **Buddha** was uttering the **Noble Verses** in front of me.

**Dhammapada-Atthakatha (Part 1)** consists of **32 Verses** in total, of this total, **20 Verses** are from **'Yamak Vaggo'** (Twin verses) and **12 Verses** are from **'Appamada Vaggo'** (Mindfulness). **Dhammapada-Atthakatha (Part 2)** consists of **27 Verses** in total, of which **11 Verses** are from **'Citta Vaggo'** (Mind) and **16 Verses** are from **'Puppha Vaggo'** (Flowers), **Dhammapada- Atthakatha (Part 3)** consists of **30 Verses** in total, **16 Verses** are from **'Bal Vaggo'** (Fools) and **14 Verses** are from **'Pandit Vaggo'** (The Wise)

**Dhammapada-Atthakatha (Part 4)** consists of **39 Verses** in total; **10 Verses** are from **'Arahatt Vaggo' (Arahat), 16 Verses** are from **'Sahassa Vaggo' (The thousand)** and **13 Verses** are from **'Papa Vaggo'** (Evil).

**Dhammapada-Atthakatha (Part 5)** consists of **38 Verses** in total; **17 Verses** are from **'Danda Vaggo'** (Punishment), **11 Verses** are from **'Jara Vaggo'** (Ageing) and **10 Verses** are from **'Atta-Vaggo'** (self).

The present book on **Dhammapada-Atthakatha (Part-6)** consists of **20 verses** in total; **11 Verses** are from **Loka Vaggo** (People), and **9 Verses** are from **Buddha Vaggo** (Buddha). The contemporary events of the Buddha's life time and the stories of past existence related to these events are also included.

Downloaded from http://www.dhamma.digital

My reference for this book are mainly **'Dhammapada Atthakatha'** translated in **Nepal Bhasha** by **Venerable Aniruddha Mahasthavira** and **'Dhammapada- Atthakatha'** Dutiyo Bhago in Pali published by **Vipassana Research Institute, Igatpuri** and **'Dhammapada Atthakatha'** translated into Hindi by **Swami Dwarika Das Sastri.**

I must regard my heartfelt thanks to Venerable Bodhijnana Bhante who, upon my request, wrote a few words to the contents of the book in a scholarstice language.

The Buddha dedicated forty-five years of his life visiting village, towns, nations to disseminate his sermons for the welfare of this mankind. The Dhammapada-Atthakatha explains the sacred message of the whole Dhamma profounded by the Buddha during these forty-five years.

May the people travel the path of the righteousness and virtue towards the ultimate goal of Nibbana.

Dhamma.Digital

"Chiran Titthatu Saddhammo"

(May long last the Dhamma !)

-Miss Nani Maiya Manandhar

945/32 Lekhnath Sadak

(Kumari Galli, Naya Bazar)

Kathmandu, Nepal

24th October, 2018

Tel. 977(01) 4358993

Downloaded from http://www.dhamma.digital

"नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स"

धम्मपदं

# १३. लोकवग्गो

## १३.१ कुनै एक युवक भिक्षुको कथा

**१३.१** (नीच धर्मको सेवन नगर्नु)

**१३. (१६७) "हीनं धम्मं न सेवेय्य, पमादेन न संवसे।**
**मिच्छादिट्ठिं न सेवेय्य, न सिया लोकवड्ढनो" ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा एक युवक भिक्षुको कारणमा आज्ञा गर्नु भएको हो।

कुनै एक स्थविर भिक्षु एक जना युवक भिक्षुलाई साथमा लिई बिहान सबेरै विशाखा महाउपासिकाको घरमा गए।

विशाखा महाउपासिकाको घरमा जहिले पनि पाँच सय भिक्षुहरूको लागि आसन विछ्याएर राखिएको हुन्थ्यो र त्यहाँ यागु (जलपान) ख्वाउने व्यवस्था थियो।

स्थविर भिक्षु युवक भिक्षुलाई त्यहीं छोडेर एउटा काम विशेषले बाहिर निस्क्यो। त्यस बेला विशाखाको नातिनी आफ्नो हजुरआमाको आसनमा बसी त्यहाँ यागु खान आउने भिक्षुहरूको सेवा-सत्कारमा लागिरहेकी थिइन्। त्यस केटी युवक भिक्षुलाई मुख चुठ्न पानी हाली रहँदा पानीको भाडामा आफ्नो मुखको छाँया देखेर हाँसिन्। तिनी हाँसेकीले युवक भिक्षु पनि हाँस्यो। युवक भिक्षु हाँसिरहेको देखेर त्यस केटीले रिसले गिज्याएर यसो भनिन्– "कपाल मुण्डन गरेको मुर्कुट्टा हाँसिरहेको ?"

Downloaded from http://www.dhamma.digital

युवक भिक्षुले पनि रिसाएर जवाफ दियो– "तिमी पनि मुर्कुट्टा, तिम्रो आमा बाबु पनि मुर्कुट्टा ।"

युवक भिक्षुले त्यसरी गालि गरेकोले ती केटी रुँदै गई आफ्नो हजुरआमालाई सबै कुरा भनिन् । विशाखा महाउपासिका हतर-पतर युवक भिक्षु कहाँ गई माफि माग्दै भनिन्– "भन्ते, तपाई नरिसाउनु होला । मेरी नातिनीले नङ काटी, कपाल खौरेर, झुत्रो चीवर धारण गरी पात्र लिई भिक्षाको लागि चारिका गर्ने आर्यहरूलाई अगौरव हुने कुरा भनेकी होइन ।"

युवक भिक्षुले भन्यो– "महाउपासिका, तपाईको नातिनीले मैले कपाल खौरिराखेको थाहा पाउँदा पाउँदै मलाई हेपेर यसरी गालि गर्न हुन्छ त ?"

विशाखा महाउपासिकाले युवक भिक्षुलाई कुरा सम्झाउन सकिनन् न आफ्नी नातिनीलाई शान्त पार्न सकिन् । त्यही बेला त्यहाँ त्यस स्थविर भिक्षु पनि आइपुग्यो । उनले त्यहाँ भएका कुरा सबै सुनिसके पछि त्यस भिक्षुलाई सम्झाउँदै भन्यो– "विशाखाको नातिनीले हामी जस्तो भिक्षुहरूलाई व्यङ्ग हानी गालि गरेको होइन । तिमी चुप लागेर जाऊ ।"

युवक भिक्षुले भन्यो– "भन्ते, तपाईले महाउपासिकालाई केही नभनी मलाई मात्रै किन गालि गर्नु भएको ? त्यस केटीले मलाई हेपेर मुर्कुट्टा भनी गालि गर्न मिल्छ ?"

यसरी सवाल-जवाफ भइरहेकै समयमा भगवान बुद्ध त्यहाँ आइ पुग्नु भयो र विवाद भएको कारण सोध्नु भयो । विशाखा महाउपासिकाले तथागतलाई शुरुदेखि अन्तसम्मको कुरा बिन्ति गरिन् ।

भगवान बुद्धले युवक भिक्षुमा **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सक्ने **उपनिस्सय** देख्नु भयो । युवक भिक्षुको पक्ष लिएको खण्डमा

Downloaded from http://www.dhamma.digital

उसले मार्ग-फल प्राप्त गर्नमा सफल हुने कुरा विचार गर्नु भई विशाखा महाउपासिकालाई सम्बोधन गर्नु भई भन्नु भयो– "के हो त विशाखा, तिम्रो नातिनीले कपाल खौरेको मेरो श्रावकलाई टाउको नभएको मुर्कुट्टा भन्न मिल्छ त ?"

तथागतको यस्तो कुरा सुन्ने वित्तिकै युवक भिक्षु जुरुक्क उठेर दुइ हात जोडेर भन्यो– "भगवन्, तथागतले मेरो कुरा राम्रोसँग बुझ्नु भएको रहेछ। मेरो उपाध्याय र महाउपासिकाले मेरो कुरा राम्रो बुझ्न सकेनन् ।"

भगवान बुद्धले युवक भिक्षुको मनस्थिति अनुकूल भएको थाहा पाउनु भई भन्नु भयो–"काम-गुणको कारणले हास्नु हीन-नीच धर्म हो । हीन धर्म सेवन गर्नेहरूसँग प्रमादि भई बस्नु ठीक छैन ।

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"हीनं धम्मं न सेवेय्य, पमादेन न संवसे ।**
**मिच्छादिट्ठिं न सेवेय्य, न सिया लोकवड्ढनो" ति ॥**

**अर्थ**– हीन धर्म सेवन नगर्नु, प्रमादि भई नबस्नु, मिथ्या दृष्टिमा नफस्नु, लोकवृद्धि हुने अर्थात् फेरि-फेरि जन्म लिनु पर्ने काम नगर्नु ।

**भावार्थ**– यस गाथामा '**हीनं धम्म**' भन्नुको अर्थ हो -पञ्च काम गुण धर्म, त्यस्तो हीन धर्म भनेको उँट, साँढे आदिले मात्र सेवन गर्न योग्य हुन्छ। हीन धर्म अपाय-नरक आदि दुर्गतिमा जन्म लिनु पर्ने भएकोले **'हीन'** = नीच भनिएको हो । '**न सेवेय्य** ' त्यस्तो धर्मको सेवन नगर्नु । '**पमादेन**' स्मृति एकातिर पर्ने लक्षण भएकोले अर्थात् स्मृति-हीन हुने कारणले सेवन नगर्नु भनिएको हो । '**न सेवेय्य**' '**मिच्छादिट्ठिं**' मिथ्यादृष्टिं अथवा गलत धारणा ग्रहण

Downloaded from http://www.dhamma.digital

नगर्नु । '**लोकवड्ढनो**' यसो गरेमा लोक-चक्र बढनेछ । 'यस्तो काम नगर्नेलाई लोक-चक्र बढाउने काम नगर्ने' भनी भनिन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा युवक भिक्षु **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भयो ।

त्यहाँ उपस्थित भएका धेरै मानिसहरूलाई तथागतको यो धर्म-देशना सार्थक सिद्ध भयो ।

'कुनै एक युवक भिक्षुको कथा'

Dhamma.Digital

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.१ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

धम्मपद अट्ठकथाको **'लोकवर्ग'** मा **"हीनं धम्मं"** भनी गाथाद्वारा तथागतले कुनै एक युवक भिक्षुको कारणमा आज्ञा गर्नु भएको हो।

विशाखा महाउपासिकाको घरमा दिनहूँ पाँच सय भिक्षुहरूको लागि जलपान-भोजनको प्रवन्ध गरिएको हुन्थ्यो।

एक दिन एकजना स्थविर भिक्षु एक युवक भिक्षुलाई साथमा लिएर जलपानको लागि विशाखाको घरमा पुगे। स्थविर भिक्षु केही कामले बाहिर गएको थियो। युवक भिक्षु जलपान पश्चात् हात धुन जाँदा विशाखाकी नातिनीले हात धुन पानी दिई रहँदा आफ्नो अनुहार पानीमा छाँया देखिन् र हाँसिन्। भिक्षु पनि हास्यो। भिक्षु हाँसेकोले नातिनीलाई रीस उठ्यो। 'किन हाँसेको मुण्डक' भन्न थालिन्। जवाफमा भिक्षुले त्यस्तै भन्यो। दुइ जनाको भनाभन चल्यो। नातिनी रोएर विशाखा कहाँ गएर घटेको घटना सुनाइन्।

विशाखा तुरुन्तै युवक भिक्षु कहाँ आई माफी मागिन्। तर युवक भिक्षु माफी दिन तयार भएन। यत्तिकैमा स्थविर भिक्षु त्यहाँ आइपुग्यो र उसलाई केटीको पक्ष लिई सम्झाउन थाल्यो।

त्यसै बेला भगवान बुद्ध पनि त्यस घटनास्थलमा आइपुग्नु भयो। विशाखा महाउपासिकाले तथागतलाई सबै विवरण बिन्ति गरिन्।

तथागतले युवक भिक्षु स्रोतापन्न मार्ग-फल प्राप्त गर्न सक्ने क्षमता भएको कारण थाहा पाउनु भई ऊ प्रति मैत्री भाव राख्नु भई विशाखालाई भन्नु भयो– "के हो त विशाखा, तिम्रो नातिनीले मेरो श्रावकलाई खौरेको कपाल देख्दा-देख्दै 'मुण्डक' भन्न मिल्छ त ?"

तथागतको यस प्रश्नले युवक भिक्षु साह्रै खुशी भयो।

Downloaded from http://www.dhamma.digital

तथागतले त्यस भिक्षुको मनोभाव अनुकूल भएको चाल पाउनु भई भन्नु भयो– "काम-गुणको कारणबाट हास्ने बानी 'हीन र नीच धर्म हो' यस्तो हीन धर्मको सेवन नगर्नु, प्रमादी भएर नबस्नु, मिथ्या दृष्टिहरूको संगत नगर्नु, लोकवृद्धि हुने काममा नलाग्नु ।"

पशु-पंक्षी जस्तै पञ्चकाम रूपी तृष्णामा भुलेर बस्नु हीन काम हो, नीच काम हो । यसले अपाय दुर्गति तिर धकेलिदैं लैजान्छ । वेहोशी बनेर गलत धारणामा लाग्नु लोकचक, संसारचकलाई बढाउने काम गर्दछ । त्यसकारण हीन धर्मलाई त्यागेर अप्रमादी बनी गलत-धारणाबाट टाढा रहन सके बार-बार जन्मने-मृत्यु हुने चकलाई छोट्याउन सक्ने यस कथाको सन्देश हो ।

तथागतको यस्तो सान्दर्भिक धर्म-देशना सुनेर युवक भिक्षु स्रोतापत्ति फलमा प्रतिष्ठित भयो । अरू श्रोतागणलाई पनि यो देशना सार्थक सिद्ध भयो ।

Downloaded from http://www.dhamma.digital

# १३.२ सुद्धोदन महाराजको कथा

## १३.२ (धर्मचारी सुखपूर्वक रहन्छ)

**१३. (१६८) "उत्तिट्ठे नप्पमज्जेय्य, धम्मं सुचरितं चरे।**
**धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च॥**

**१३. (१६९) "धम्मं चरे सुचरितं, न नं दुच्चरितं चरे।**
**धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि चा ति॥**

एक समय भगवान बुद्ध कपिलवस्तुको निग्रोधाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा सुद्धोदन महाराजको कारणमा आज्ञा गर्नु भएको हो ।

बुद्धत्व प्राप्त गरि सक्नु भएपछि भगवान बुद्ध पहिलो पल्ट कपिलवस्तु नगरमा आउनु भयो । त्यस बेला तथागतलाई आफन्तहरूले स्वागत-सत्कार गरे । त्यो दिनमा तथागत निग्रोधाराममा विहार गर्नु भयो । त्यहाँ तथागतले आफन्तहरूको अभिमान तोड्नको लागि ऋद्धिबलद्वारा आकाशमा रत्नमय चंक्रमण स्थल निर्माण गर्नु भई त्यसमा चंक्रमण गर्नु हुँदै धर्म-देशना गर्नु भयो । यस्तो दृश्य देखी प्रसन्न भई राजा सुद्धोदनले **तृतीय-वार पुत्र-वन्दना** गर्नु भयो । अनि सबै आफन्तहरूले पनि श्रद्धापूर्वक तथागतलाई सादर वन्दना गरे ।

त्यहाँ आफन्तहरू जम्मा भइरहेकै बेलामा यस्तो पानी पऱ्यो कि त्यहाँ भएका साना-ठूला पोखरीहरूमा पानी भर्न लागे तर त्यहाँ एकत्रित भएका मानिसहरूको लुगा सम्म पनि भिजेन । यस्तो आश्चर्यजनक जल-वृष्टि भएकोले मानिसहरूको वीचमा चर्चा-परिचर्चा हुन थाल्यो ।

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू, 'यस्तो अभूतपूर्व जलवृष्टि अहिले मात्रै भएको होइन, पहिले-पहिलेको जन्ममा मेरो आफन्तहरू एकै ठाउँमा जम्मा हुँदा यस्तो वृष्टि भएको थियो' भन्नु हुँदै तथागतले **वेस्सन्तर जातक** (जा. २.२२. १६५५ आदियो) कथा सुनाउनु भयो।

कथा सुनिसके पछि उठेर गएका आफन्तहरू मध्ये कसैले पनि तथागतलाई भोलिको भोजनको निमित्त निमन्त्रणा दिएर गएनन्। सुद्धोदन महाराजले पनि 'मेरो छोरो राजदरवारमा नआई अन्त कहाँ जानु हुन्छ र' भनी विचार गरी त्यत्तिकै दरवारमा फर्कनु भयो। राजाले भोलिको लागि बीस हजार भिक्षुहरूलाई भोजन तयार गर्न लगाई आसन बिछ्याउन लगाउनु भयो।

भोलिपल्ट भिक्षा जाने समय भएपछि भगवान बुद्धले आफ्नो ध्यानदृष्टिद्वारा 'पहिलेका बुद्धहरू आफ्ना पिताको गृह-नगरमा आउँदा आफन्तहरू कहाँ गई भोजन गर्नु हुन्छ कि घरै पिछे भिक्षा चरण गर्नु हुन्छ' भनी हेर्नु भयो। तथागतलाई यो कुरो थाहा भयो कि पूर्व बुद्धहरू पितृ-गृहमा आउँदा भिक्षाचरण गर्नु हुन्थ्यो।

त्यसैले भगवान बुद्ध पनि घर-घरमा भिक्षाटन गर्नु हुँदै आउनु भयो। राहुल-माताले यो दृश्य देखी राजालाई बिन्ति गर्न गईन्। शुद्धोदन महाराज हतर-पतर निस्केर तथागतलाई बिन्ति गर्दै भन्नु भयो– "पुत्र, किन मेरो इज्जत जाने काम गर्नु भएको ? तपाई यसै नगरमा सुवर्ण पालकी आदिमा बसेर विचरण गर्ने आज यसरी घर-घरमा भिक्षा मागेर किन हामीलाई लाजमर्दो पार्नु भएको ?"

भगवान बुद्धले भन्नु भयो– "महाराज, मैले तपाईलाई लाज मान्नु पर्ने काम गरेको छैन। यो हाम्रो कुलवंश परम्परा अनुसार काम गरेको छु।"

शुद्धोदन महाराजले बिन्ति गर्नु भयो– "पुत्र, के हाम्रो कुलवंश भिक्षा मागेर खानु पर्ने वंश हो र ?"

Downloaded from http://www.dhamma.digital

भगवान बुद्धले भन्नु भयो– "महाराज, तपाईको कुलवंश परम्परामा यसरी भिक्षा मागेर खानु पर्ने परम्परा होइन तर हाम्रो बुद्धहरूको कुलवंशमा यसरी नै भिक्षाटन गरी जीविका गर्नु पर्ने परम्परा छ। पहिले-पहिलेका हजारौं बुद्धहरूले यसरी नै भिक्षाटन गर्नु भई जीविका गर्नु भएको थियो।

यसै सन्दर्भमा तथागतले यी दुइ गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"उत्तिट्ठे नप्पमज्जेय्य, धम्मं सुचरितं चरे।**
**धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि च॥**

**अर्थ–** उठ, प्रमादी नहोऊ। सद्धर्मको आचरण गर। धर्मको आचरणमा लाग्ने व्यक्ति यस लोक र परलोक दुवै लोकमा सुखपूर्वक बस्दछ।

**"धम्मं चरे सुचरितं, न नं दुच्चरितं चरे।**
**धम्मचारी सुखं सेति, अस्मिं लोके परम्हि चा" ति॥**

**अर्थ**– सुचरित्र धर्मको आचरण गर। दुराचरण नगर। धर्मको आचरणमा लाग्ने व्यक्ति यस लोक र परलोक दुवै लोकमा सुखपूर्वक बस्दछ।

**भावार्थ– 'उत्तिट्ठे'**– 'अरूको घरको दैलो अगाडि उभिएर ग्रहण गर्न योग्य भिक्षा-पिण्ड ग्रहण गर्नु' भनिएको हो। **नप्पमज्जेय्य** –भन्नुको अर्थ हो, भिक्षा चरण गरी जीविका गर्नुको बदलामा मिठो-मिठो भोजन प्राप्त हुने ठाँउ खोजेर हिडेमा, त्यस भिक्षुलाई प्रमादी भिक्षु भनिन्छ। एक घर पनि नछोडिकन लहरै भिक्षा चरण गर्ने भिक्षुलाई प्रमादी नभएको भिक्षु भनिन्छ। **धम्मं** – यहाँ धर्मको अर्थ राम्रो,मिठो खान पाउने आशा छोडेर एक घर पनि नछोडिकन लहरै घरै पिछे भिक्षा चरण गरी जीविका गर्ने भिक्षुलाई **सुचरितं चरे** सुचरित्र रूपले आचरण धर्म पूर्ण गर्ने भिक्षु भनिन्छ। **सुखं सेति** यस प्रकारले भिक्षा-

Downloaded from http://www.dhamma.digital

चरण धर्मलाई पालन गरी बस्ने भिक्षु यस लोकमा चार **इरियापथ** मा सुखपूर्वक बास गर्दछ । '**न नं दुच्चरितं-** वेश्यावृति आदि गर्नेहरू कहाँ गई भिक्षा चरण गर्नुलाई दुश्चरित्र भनिन्छ। यसरी नगरीकन **'धम्मं चरे सुचरितं, न नं दुच्चरितं चरे**' 'सुचरित्र धर्मलाई पालन गर्नु, दुश्चरित्र धर्मलाई छोड्नु' भनिएको हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा सुद्धोदन महाराज **स्रोतापत्ति मार्ग-फलमा** प्रतिष्ठित हुनु भयो । त्यहाँ जम्मा भएका जन-समूहलाई यो धर्म-उपदेश सार्थक भयो ।

'सुद्धोदन महाराजको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.२ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

राजकुमार सिद्धार्थले उनन्तिस वर्षको उमेरमा महाभिनिष्क्रमण गर्नु भयो। छ वर्ष सम्म उरुवेल वनमा दुष्कर तपस्चर्या पूर्ण गर्नु भयो। तत् पश्चात् बोधिसत्वले बुद्धगयामा बोधित्व प्राप्त गर्नु भई स्वयं बुद्ध अर्थात सम्यकसम्बुद्ध हुनु भयो।

**सातौं वर्षमा** उहाँ तथागत शुद्धोदन महाराजाको निमन्त्रणामा बीस हजार भिक्षु संघ सहित राजगृहवाट कपिलवस्तु नगरमा आई पुग्नु भयो।

तथागतका आफन्तहरूको जातीय अभिमान तोड्नको लागि उहाँले आकाशमा चंक्रमण गर्नु हुँदै धर्मदेशना गर्नु भयो। राजपरिवार तथा आफन्तहरू सबै यो दृश्य देखि अत्यन्त प्रसन्न भए। सुद्धोदन महाराजले तृतीय बार **'पुत्र-वन्दना'** गर्नु भयो। साथै अरू आफन्तहरूले तथागतलाई वन्दन-पूजन गरे। ठीक त्यसै बेला त्यस समूहमा जल-वृष्टि भयो। जल-वृष्टिको कारणले त्यहाँ जम्मा भएका जनताहरू आश्चर्य चकित भए।

तथागतले 'आफन्तहरूको समूहमा यस्तो जल-वृष्टि अहिले मात्र भएको होइन, पहिले पनि भएको थियो' भन्नु हुँदै **"वेस्सन्तर जातक"** को घटना उल्लेख गर्नु भयो।

धर्मदेशना सुन्ने आफन्तहरूले भगवान बुद्ध तथा भिक्षुमहासंघलाई भोलिको लागि भोजन-निमन्त्रणा गर्न भुलेछन्। सुद्धोदन महाराजले पनि 'मेरो पुत्र राजदरबार नआई कहाँ जान्छ र ?' भन्ने विचारले चुप लागेर राजदरवारमा फर्कनु भयो। भोलिपल्टको भोजनको लागि तथागत सहित बीस हजार भिक्षुसंघलाई राजदरवारमा खान-पान र आसनको व्यवस्था गराउनु भयो।

Downloaded from http://www.dhamma.digital

भोलिपल्ट भोजन भिक्षाको लागि तथागतले विचार गर्नु हुँदा पहिलेका तथागतहरूले घरै-पिच्छे भिक्षाटन गर्नु भएको थाहा पाउनु भई त्यसै परम्परालाई अनुकरण गर्नु भई घर-घरमा भिक्षा-चरण गर्दै जानुभयो। राहुल-माताले यो दृश्य देखिन् र सुद्धोदन महाराजलाई विन्ति गरिन् ।

राजा हतर-पतर तथागत समक्ष आइपुग्नु भई 'शाक्य वंशको कुल-परम्परा भिक्षा मागेर खाने होइन' भनी बिन्ति गर्नु भयो ।

तथागतले बुद्धहरूको वंश-परम्परा भिक्षाटन गरेर जीविका गर्नु पर्ने कुरा सम्झाउनु हुँदै भन्नु भयो– "स्मृतिपूर्वक अप्रमादी बनी राम्रो धर्मको आचरण गर्ने व्यक्ति यस लोक र परलोक दुबै लोकमा सुखपूर्वक बास गर्दछ ।

त्यस्तै मिठो-मसिनो खानामा आसक्त नभई अप्रमादी बनी घर-घर पिछे भिक्षा चरण गरी जीविका गर्ने भिक्षु सुचरित्र रूपले आरचण गर्ने हुन्छ । यस्तो धर्मचारी भिक्षु यस लोक र परलोकमा सुखपूर्वक बास गर्दछ ।

तथागतको यस धर्मदेशना सुनेर सुद्धोदन महाराज स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित भए । अरू श्रोतावर्गलाई यो देशना सार्थक सिद्ध भयो ।

यसरी यस कथामा 'एकातिर तथागतका आफन्तहरूको जातीय अभिमान तोड्नको लागि आकाशमा चंकमण गर्नु हुदै धर्म-देशना गर्नु हुँदा राजपरिवार तथा आफन्तहरू प्रभावित भई तथागतप्रति नतमस्तक भएका कुरा उल्लेख भएका छन् भने अर्कोतिर भगवान बुद्धहरूका वंश-परम्परामा भिक्षाटन गरी जीविका गर्नु पर्ने कुराले मिठो-मसिनो खानामा आसक्त नभई स्मृति पूर्वक अप्रमादी बनी धर्माचरण गर्ने व्यक्ति यस लोक र परलोकमा सुखपूर्वक बास गर्दछ' भन्ने सन्देश पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

# १३.३ पाँच सय विपश्यी भिक्षुहरूको कथा

## **१३.३** (यमराजले देख्दैन)

**१३. (१७०) "यथा पुब्बुलकं पस्से, यथा पस्से मरीचिकं।**
**एवं लोकं अवेक्खन्तं, मच्चुराजा न पस्सती " ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा पाँच सय विपश्यी भिक्षुहरूको कारणमा आज्ञा गर्नु भएको हो ।

श्रावस्तीका पाँच सय विपश्यी भिक्षुहरू भगवान बुद्धसँग कर्मस्थान भावना सिकेर जङ्गलमा गई ध्यान गर्न गए । त्यहाँ तिनीहरूले निकै कोशिश गरी ध्यान गरे । तैपनि तिनीहरूले जुन अवस्था प्राप्त गर्नु पर्ने हो, ती अवस्था प्राप्त गर्न सकेनन् । त्यसैले तिनीहरू 'फेरि एक पल्ट भगवान कहाँ गई राम्रोसँग ध्यान विधि सिकेर आउनु पऱ्यो' भनी विचार गरी जङ्गलबाट जेतवनाराममा फर्किरहेका थिए । बाटोमा तिनीहरूले **मरीचि कर्मस्थान**, अर्थात् बालुवामा सूर्यको किरण पर्दा पानी देखे जस्तै भ्रम हुने आलम्वनको ध्यान गर्दै आइरहेका थिए ।

तिनीहरू जेतवनारामको प्रवेशद्वारमा पुग्न लाग्दा ठूलो पानी पऱ्यो । तिनीहरू त्यहीं छेउछाऊमा उभिएर वेगले बगेर आएको पानीमा पानीका फोकाहरू उठ्दै नष्ट भइरहेको दृश्य देखे ।

ती भिक्षुहरूले ती पानीका फोकाहरूमा ध्यान दिई हेर्दै आफ्ना शरीरमा यसरी तुलना गरे– 'हाम्रा यी शरीरका कणहरू पनि यी पानीका फोकाहरू झैं क्षण-क्षणमा उत्पन्न हुन्छन्, नष्ट हुन्छन्' भन्दै त्यसैलाई ध्यानको आलम्वन बनाए ।

ठीक त्यसै बेला भगवान बुद्धले आफ्नो गन्धकुटी (निवास) बाट ती भिक्षुहरू विपश्यना ध्यानमा लागेका कुरा थाहा पाउनु भयो ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

तथागतले ती भिक्षुहरू समक्ष गन्धकुटीबाट नै आफ्ना दिव्य प्रकाश फैलाउनु हुँदै यो गाथा प्रकाशमा ल्याउनु भई धर्म देशना गर्नु भयो –

**"यथा पुब्बुलकं पस्से, यथा पस्से मरीचिकं।**
**एवं लोकं अवेक्खन्तं, मच्चुराजा न पस्सती " ति ॥**

**अर्थ–** पानीको बुल्बुल्लाई देखे झैं मृगजललाई देखे झैं यस लोक (शरीर)लाई हेर्ने व्यक्तिलाई मृत्युराजले देख्दैन ।

**भावार्थ–** यहाँ **मरीचिकं** को अर्थ हो, एक विशेष प्रकारको भ्रम अथवा **मृगतृष्णा** । जस्तो कि प्रकाशको किरण परेको ठाउँमा टाढाबाट हेर्दा घरको आकार जस्तो देखिन्छ तर नजिक गएर हेर्दा केही पनि देखिंदैन । टाढाबाट हेर्दा टलल्क टल्किने जस्तो देखिने, त्यहाँ पानी होला भनी नजीक जाँदा केही पनि नहुनेलाई **मरीचिकं** अर्थात् **मृगतृष्णा** भन्ने गर्दछ ।

त्यस्तै **पुब्बुलकं** जसरी पानी पर्दा पानीको फोका उत्पन्न हुन्छ र एक क्षणमा फुटेर नाश हुन्छ ; त्यसलाई रिक्त, तुच्छ भावले हेरिन्छ। यसरी नै **स्कन्ध**, **आयतन** आदि यस लोक-संसारलाई '**अवेक्खन्तं मच्चुराजा न पस्सती**' हेर्न सक्ने व्यक्तिलाई मृत्युराजले देख्न सक्तैन ।

तथागतको यस धर्म देशनाको अन्तमा ती सबै पाँच सय भिक्षुहरू आ-आफू बसेको ठाउँमा नै अरहन्त अवस्था प्राप्त गर्नमा सफल भए ।

'पाँच सय विपस्सी भिक्षुहरूको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.३ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु भएको समयमा पाँच सय भिक्षुहरूले **विपस्सना** ध्यान विधि सिकेर जङ्गलमा गएर ध्यान गर्न गए । तिनीहरूले धेरै मेहनत गरी ध्यान गरे । तर जुन अवस्था प्राप्त गर्नु पर्ने हो, त्यो अवस्थामा पुग्न सकेन ।

तिनीहरू सबै भगवान बुद्ध कहाँ गएर फेरि एक चोटी राम्रोसँग कर्मस्थान सिक्न भनी जेतवनतिर आउँदै थिए । बाटोमा आउँदा तिनीहरू **"मरीची"** (मृगतृष्णा) नामक कर्मस्थान भावना पनि गर्दै आइरहेका थिए ।

तिनीहरू जेतवनाराममा पुग्नै लाग्दा ठूलो पानी पऱ्यो । पानीको (ढल) धार बग्न थाल्यो । तिनीहरू जहाँ-जहाँ थिएँ त्यही बसेर जोडले बगेको पानीमा पानीका फोकाहरू उठ्दै-फुट्दै गरेको दृश्य देखेर आफ्नो शरीरमा दाँजेर हेरे । यसै पानीका फोकाहरूलाई आलम्बन गरी आफ्नो शरीरमा **'उत्पाद-व्यय; उत्पाद-व्यय'** भईरहेको वेदना हेर्न थाले ।

Dhamma.Digital

ठीक त्यसै बेला तथागतले तिनीहरूको मनस्थिति थाहा पाउनु भई आफ्नो रश्मि पठाउनु भई धर्म-देशना गर्नु भयो । "जसरी पानीको फोका उत्पन्न भई विनाश हुन्छ; त्यस्तै यो संसारको अनित्य स्वभावलाई देख्न सक्ने व्यक्ति यस सांसारिक दुःखबाट मुक्त हुन्छ" ।

जसरी पानी पर्दा पानीको फोका उत्पन्न हुन्छ; एक क्षणमा फुटेर नाश हुन्छ ; त्यसरी नै **स्कन्ध, आयतन** आदि यस लोक (शरीर) मा तुलना गरी हेर्न सक्ने व्यक्तिलाई मृत्युराजले देख्न सक्तैन ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती भिक्षुहरू सबै आ-आफू बसिरहेको ठाउँमा नै अरहन्तको स्थिति प्राप्त गर्नमा सफल भए ।

Downloaded from http://www.dhamma.digital

# १३.४ अभय राजकुमारको कथा

## १३.४ (ज्ञानीजन आसक्त हुँदैन)

**१३. (१७१) "एथ पस्सथिमं लोकं, चित्तं राजरथूपमं ।**
**यत्थ बाला विसीदन्ति, नत्थि सङ्गो विजानत" न्ति ॥**

एक समय भगवान बुद्ध राजगृहको वेलुवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा अभय राजकुमारको कारणमा आज्ञा गर्नु भएको हो ।

अभय राजकुमार बिम्बिसार राजाको छोरो हो । एक दिन अभय राजकुमारले राजगृहको सीमान्त प्रदेशमा गई त्यहाँ भइरहेको झैं-झगडा शान्त गरेर आएको थियो । त्यसैले राजा खुशी भई उनलाई सात दिनसम्म राज्य चलाउन दियो । साथै एउटी राम्रोसँग गाउन र नाच्न जान्ने नर्तकी पनि दिईयो ।

अभय राजकुमारले सात दिनसम्म राजदरवार भित्रै रही राज्य-सुख अनुभव गऱ्यो । आठौं दिनमा उनी नदीमा स्नान गर्न गयो । त्यस पछि उद्यानमा गई सन्तती महामन्त्रीले जस्तै त्यस नर्तकीको नाच हेर्दै गीत सुनिरह्यो। त्यस बेला त्यस नर्तकीलाई वायु वेग कोप भई पेट दुख्न थाल्यो। पेट दुखाईको तीव्र वेदनाले तिनी त्यहीं ढलिन् र तिनको मृत्यु भयो ।

अचानक ती नर्तकीको मृत्युको कारणले अभय राजकुमारलाई ठूलो शोक भयो । उनको शोक झन-झन बढ्दै गयो । अन्तमा उनले बिचार गऱ्यो– "भगवान बुद्ध बाहेक अरूले मेरो शोक शान्त गरी दिन सक्तैन ।"

त्यसपछि अभय राजकुमार भगवान बुद्ध कहाँ गई तथागतलाई सादर वन्दना गरी यसरी बिन्ति गऱ्यो– "भन्ते भगवान; मेरो शोक शान्त हुने उपाय बताई दिनु होस् । "

भगवान बुद्धले राजकुमारलाई आश्वासन दिनु हुँदै भन्नु भयो– "राजकुमार, तिम्रो अनेक जन्ममा यस्ती स्त्री मरण हुँदा यस अनन्त संसारमा तिमीले रोएर बगाएको आँसुको प्रमाण गनेर साध्य छैन ।"

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म उपदेशले अभय राजकुमारको शोक केही मात्रामा शान्त भयो ।

भगवान बुद्धले अभय राजकुमारलाई फेरि सम्बोधन गर्नु भई भन्नु भयो– "राजकुमार, शोक नगर, मूर्खहरूले मात्र शोक गर्दछन् ; विलाप गर्दछन् जसबाट तिनीहरूलाई दुःख मात्र वढ्ने हुन्छन् । "

यसरी तथागतले धर्म-उपदेश गर्नु भई यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"एथ पस्सथिमं लोकं, चित्तं राजरथूपमं ।**
**यत्थ बाला विसीदन्ति, नत्थि सङ्गो विजानत " न्ति ॥**

**अर्थ–** विचित्र राजाको रथ समान यस लोक अर्थात् यस शरीरलाई हेर, यसमा मूर्खहरू मात्र फस्दछन् अथवा शोकमा डूबी रहन्छन् तर ज्ञानी जनहरू यसमा आसक्त हुँदैनन् ।

**भावार्थ–** यहाँ '**ते पस्सथा**' भनी राजकुमारलाई सम्वोधन गर्नु भई भन्नु भएको हो । **इमं लोकं** यस स्कन्ध आदि लोक (शरीर) रूपी आत्मभावलाई भनिएको हो । **चित्तं** सप्तरत्न आदिले जडेर अलंकृत पारिएको राजाहरूको रथ जस्तै वस्त्र,आभूषण आदिले सजाइएको **यत्थ बाला** यस नश्वर शरीरलाई मूर्ख मानिसहरूले **'यो स्थिर छ** ' भनी यसमा आसक्त भई रहन्छन् । **विजानत** तर ज्ञानी, पण्डितहरूको लागि यस शरीरमा रागयुक्त चित्तले संग्रह गर्ने केही पनि छैन' भन्ने अर्थ हो ।

भगवान बुद्धको यस धर्म-देशनाको अन्तमा अभय राजकुमार **श्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भयो । त्यहाँ उपस्थित भइरहेका अरू श्रोतावर्गहरूलाई तथागतको यो धर्म देशना सार्थक भयो ।

'अभय राजकुमारको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.४ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध राजगृहको वेलुवनाराममा विहार गरिरहनु हुँदा अभय राजकुमारलाई यो धर्म-देशना गर्नु भएको हो ।

एक पटक अभय राजकुमारले राजगृह नगरको सीमान्तमा गई त्यहाँ भइरहेको झै-झगडा शान्त गरेर आउनमा सफल भएको कारणले राजा बिम्बिसार प्रसन्न भई उनलाई एक सप्ताहसम्म राज्य सुख भोग गर्न दिए । साथै सात दिनको लागि गाउन र नाच्नमा दक्ष भएकी एक नर्तकी पनि राजकुमारको आमोद-प्रमोदको लागि पठाई दिए ।

अभय राजकुमारले एक सप्ताहसम्म दरवारबाट वाहिर ननिस्किकन राज्य-सुख अनुभव गऱ्यो । आठौं दिनमा राजकुमार नदीमा गई नुहाई-धुवाई गरी फर्केर आई उद्यानमा पस्यो । त्यहाँ ती नर्तकीकी नाच-गान सुनेर आनन्दित भइरहेको थियो । त्यही बेला नर्तकीलाई वायु-कोप बढेर तीब्र वेदना भई त्यही लडिन् अनि मृत्यु पनि भइन् ।

नर्तकी तत्क्षणमा मृत्यु भएको कारणले अभय राजकुमारलाई ठूलो शोक भयो । उसले आफ्नो तीब्र शोकलाई थाम्न नसकी भगवान बुद्ध कहाँ गयो र आफ्नो शोक शान्त पारी दिन तथागतलाई विन्ति गऱ्यो ।

तथागतले उनलाई सान्त्वना दिनु हुँदै भन्नु भयो– "राजकुमार, तिमीले यस्ती स्त्रीको मृत्यु हुँदा बगाएको आँसु 'सागरको पानी समान नाप्न नसकिने भइसकेको छ' । विचित्र रूपले सजाइएको राजाको रथ सारहीन भए जस्तै आसक्त भई शोकमा डुबी रहनु बाल मूर्खहरूको काम हो । पण्डित-विद्वानहरू आसक्त भई राग संग्रह गर्नमा लाग्दैनन् ।"

Downloaded from http://www.dhamma.digital

## १३.४ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष



तथागतको यस धर्म-देशनाको अन्तमा अभय राजकुमारको शोक शान्त भई स्रोतापति मार्ग-फल प्राप्त गर्नमा सफल भयो । त्यहाँ उपस्थित जनताहरूलाई पनि यो धर्म-देशना सार्थक भयो ।

प्राणी जन्म भए पछि अवश्य मृत्यु हुन्छ । मृत्यु अवश्यंभावि छ । यसलाई कसैले रोक्न सक्तैन । स्वस्थ जस्तो देखिने मानिसको पनि एकै क्षणमा मृत्यु हुन सक्छ । मृत्यु कसैको बशमा छैन । यस्तै घटना अभय राजकुमारको कथामा घटेको देखिन्छ ।

अभय राजकुमार एक नर्तकीको नाचगान सुनेर आनन्दित भइरहेकै बेला अचानक ती नर्तकीलाई वायु-कोप बढेर तीब्र वेदना भई त्यहीं लडिन् र मृत्यु पनि भईन् ।

यसरी यस कथामा मानिसको जीवन 'कहाँ, कहिले, कसरी अन्त हुन्छ' भन्न नसकिने कुरा दर्शाइएको छ ।

Downloaded from http://www.dhamma.digital

# १३.५ कुचो लगाउने स्थविरको कथा

## **१३.५** (जो पछि प्रमादी बन्दैन)

**१३. (१७२) "यो च पुब्बे पमज्जित्वा, पच्छा सो नप्पमज्जति।
सोमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा" ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा कुचो लगाउने स्थविरको कारणमा आज्ञा गर्नु भएको हो।

श्रावस्ती जेतवनाराममा एक जना भिक्षु वस्दथ्यो। त्यस भिक्षुले साँझ-विहानको समयको ख्याल नगरीकन जहिले पनि कुचो लगाउने काममा लागी रहेको हुन्थ्यो।

एक दिन दिउँसो त्यो भिक्षु कुचो लिएर **रेवत स्थविर** ध्यान गरिरहेको ठाउँ नजिक गई सानो स्वरले एक्लै यसरी बरबराउन थाल्यो– "यो स्थविर अल्छी रहेछ। श्रद्धापूर्वक दाताहरूले दान दिएको भोजन गरी आएर खालि एकै ठाउँमा बसिरहन्छ। कुनै एक ठाउँमा कुचो लगाई सफा गर्ने गरे कति हुन्थ्यो।"

रेवत स्थविरले 'यस भिक्षुलाई **अववाद** उपदेश दिनु पऱ्यो' भनी विचार गरी उसलाई बोलायो र भन्यो– "आयुष्मान, तिमी नुहाएर यहाँ आऊ।"

त्यस भिक्षु नुहाएर आइसकेपछि उसलाई एक छेउमा बस्न लगाई यसरी उपदेश दिंदै भन्यो– "आयुष्मान, भिक्षुले जहिले पनि कुचो मात्र लगाइरहने काम गर्नु हुँदैन। विहान उठी कुचो लगाउने, त्यस पछि भिक्षा चरणमा जाने, भोजन गर्न सकिए पछि दिउँसो अथवा राती बस्ने ठाउँमा शान्तपूर्वक ध्यान गरी आफ्नो शरीरको **बत्तीस प्रकारको अङ्ग (बत्तीसकोट्ठास)** मा भावना गर्नु पर्दछ। ती

Downloaded from http://www.dhamma.digital

अङ्गहरूमा उत्पन्न-विनाश भइरहने स्वभाव-धर्मलाई आफ्नो अनुभूतिमा उतार्नु पर्दछ । अनि साँझपख ध्यानबाट उठेर थकाई मेट्नको लागि एक छिन कुचो लगाई सफा गर्नु वेश हुन्छ ।"

त्यस भिक्षु रेवत स्थविरको उपदेश अनुसार ध्यान-भावनामा लागी थोरै समयमा नै **अरहत्व**को अवस्था प्राप्त गर्नमा सफल भयो ।

त्यस भिक्षुले पहिले जहाँ-जहाँ कुचो लगाई सफा गर्ने ठाउँ हो, त्यहाँ धूलो र फोहर थुप्रिन थाल्यो । त्यस बेला त्यहाँ आउने भिक्षुहरूले त्यस भिक्षुलाई सम्बोधन गरी यसो भने– "आयुष्मान, ठाउँ-ठाउँमा धुलो, फोहर थुप्रिएका छन्, किन तिमीले कुचो लगाई सफा नगरेको ?"

उसले भन्यो– "भन्ते, पहिले म प्रमादी अर्थात् बेहोसी बनी श्रमण-धर्ममा नलागिकन कुचो लगाई सफा गर्ने काममा लागि रहें । अब म अप्रमादी बनी श्रमण-धर्म पालन गर्दैछु ।"

ती भिक्षुहरूले 'यस भिक्षुले झूठ बोल्दैछ' भनी बिचार गरी भगवान बुद्ध कहाँ गई यो कुरा बिन्ति गर्न गए ।

तथागतले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू, हो, पहिले मेरो पुत्र प्रमादी बनी कुचो लगाएर सफा गर्ने काम गर्थ्यो । अहिले **मार्ग-फल** प्राप्त गरी **निर्वाणिक सुख** अनुभव गरेकोले कुचो लगाई सफा गर्ने काम छोड्यो ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो ।

**"यो च पुब्बे पमज्जित्वा, पच्छा सो नप्पमज्जति ।**
**सोमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा" ति ॥**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** जो व्यक्ति पहिले प्रमादी भई पछि प्रमादी हुँदैन; त्यस्तो व्यक्ति बादलबाट निस्केको चन्द्रमा झैं यस लोकमा तेज फैलाउँछ ।

**भावार्थ– यो पुग्गलो पुब्बे**- जो व्यक्ति पहिले कुचो लाउने आदि नियम,व्रत पालन गर्दछ; अथवा पाठ घोक्ने आदिमा **पमज्जित्वा** प्रमादी भई **पच्छा** पछि मार्ग-फल सुख अनुभव गरी समय बिताउँछ, **नप्पमज्जति** प्रमादी भएर बस्दैन; **सो** त्यस्तो व्यक्ति बादलबाट मुक्त भएको चन्द्रमा झैं **ओकास लोक**मा मार्ग ज्ञानबाट यस **स्कन्ध** आदि लोकलाई पूर्ण रूपले प्रकाशमय पार्दछ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गर्नमा सफल भए ।

Dhamma.Digital

'कुचो लगाउने स्थविरको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.५ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा बेला न कुबेला कुचो लगाई सफा गरिरहने एकजना स्थविरको कारणमा यो घटना घटेको हो ।

जेतवनाराममा एक जना भिक्षु जहिले पनि कुचो लगाउने काम गरिरहन्थ्यो । एक दिन त्यस भिक्षु कुचो लिएर भोजन पछि ध्यान गरिरहनु भएको **रेवत** भिक्षु कहाँ गई यसो भन्यो– "यो भिक्षु अल्सी रहेछ । जनताहरूले श्रद्धापूर्वक दिएको भोजन गऱ्यो, अनि खालि ध्यानमा मात्रै बसी रह्यो । कुचोले साफ-सुग्घर गर्ने काम पनि त गर्नु पर्छ नि"

रेवत भिक्षुले उसलाई बोलाएर सम्झाउन थाल्नु भयो– "भिक्षुले केवल कुचो मात्र लगाएर समय बिताउनु हुँदैन । बिहान सफा-सुग्घर गर्ने, नुहाई -धुवाई गरी भिक्षाटनमा जाने । अनि भोजन गरी सकेपछि एकान्त ठाउँमा बसेर **बत्तिस कोट्ठास्स** ध्यान गरी आफ्नो शरीरमा भइरहेको उत्पाद-व्ययलाई चाल पाई रहनु पर्दछ । साँझतिर थकाई लाग्दा मात्र कुचो लगाउने काम गर्नु ।"

रेवत स्थविरको ओवाद-उपदेश अनुसार त्यस भिक्षुले ध्यान गर्न थाल्यो र छिट्टै नै उसले अर्हत्वको स्थिति प्राप्त गर्नमा सफल भयो ।

कुचो नलगाउँदा ठाँउ-ठाउँमा फोहर थुप्रिन थाल्यो । कुचो लगाउने भिक्षुलाई प्रश्न गर्दा 'आफू अप्रमादी भई जीवन सार्थक बनाई सकेको' कुरा अवगत गराउँदा प्रश्नकर्ता भिक्षुहरूलाई विश्वास नलागी यो कुरा भगवान बुद्ध कहाँ पुऱ्याए ।

यस कथा अनुसार कुचो लाउनु पर्छ । बस्ने ठाउँ सफा-सुग्घर गर्नु पर्छ । तर त्यसो भन्दैमा कुचो मात्रै लगाई रहनु पनि हुँदैन । बेला-वखतमा समयको महत्ता बुझी ध्यान-भावना पनि गर्नु पर्छ ।

Downloaded from http://www.dhamma.digital

एक दिन रेवत स्थविरले कुचो मात्रै लगाई रहने भिक्षुलाई बेला-बेलामा **बत्तिस कोट्ठास्स**को ध्यान गरी आफ्नो शरीरमा **उत्पाद-व्यय** भएको अनुभव गरिरहनु पर्ने उपदेश दिनु भयो। उहाँको उपदेश अनुसार ध्यान गर्दै जाँदा कुचो लाउने स्थविरले अर्हत्वको स्थिति प्राप्त गर्नमा सफल भयो।

त्यसकारण जो व्यक्ति पहिले प्रमादी भए पनि पछि अप्रमादी बनी सुध्रिन्छ; त्यस्तो व्यक्तिले बादलबाट निस्केको चन्द्रमाले झैं लोकमा जाज्वल्यमान भई प्रकाश दिन्छ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १३.६ अंगुलिमाल स्थविरको कथा

**१३.६** (लोकमा प्रकाश फैलाउँछ)

**१३. (१७३) "यस्स पापं कतं कम्मं, कुसलेन पिधीयति।**
**सोमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा" ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा अंगुलिमाल स्थविरको कारणमा आज्ञा गर्नु भएको हो ।

**'मज्झिम निकाय'** मा उल्लेखित अंगुलिमाल सूत्र अनुसार एक समय अंगुलिमाल नामक डाँका भगवान बुद्धको सम्पर्कमा आइसके पछि तथागत समक्ष प्रव्रजित भयो । उनी निरन्तर **विपश्यना** ध्यानमा लागी अरहन्त अवस्था प्राप्त गर्नमा सफल भयो ।

एक दिन आयुष्मान अंगुलिमाल एकान्त स्थानमा बसी **विपश्यना** ध्यानमा लीन भई विमुक्ति सुख अनुभव गर्दै उनको मुखबाट उद्गार स्वरूप यो गाथा प्रस्फुरित भयो –

**"यो च पुब्बे पमज्जित्वा, पच्छा सो नप्पमज्जति ।**
**सोमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा" ति ॥**

**अर्थ–** जो व्यक्ति पहिले प्रमादी भई पछि प्रमादी हुँदैन, त्यस्तो व्यक्तिले बादलबाट निस्केको चन्द्रमाले झैं यस लोकमा तेज फैलाउँछ ।

एवं प्रकारले **उदान** (प्रीति वाक्य) अर्थात् उद्गार व्यक्त गर्दै अंगुलिमाल स्थविर **अनुपादिसेस निब्बान धातु** अर्थात् परिनिर्वाण हुनु भयो ।

Downloaded from http://www.dhamma.digital

त्यस पछि भिक्षुहरूको बीचमा यसरी कुराकानी चल्न थाल्यो– “आयुष्मानहरू, अंगुलीमाल स्थविरको जन्म कहाँ भयो होला ?”

त्यस बेला भगवान बुद्ध ती भिक्षुहरूको धर्म-सभामा जानु भई तिनीहरूको बीचमा ‘के कुरा चलिरहेको छ ’ भनी प्रश्न गर्नु भयो ।

ती भिक्षुहरूले बिन्ति गरे– “भन्ते भगवान, ‘हाम्रो बीचमा अंगुलिमाल स्थविरको जन्म कहाँ भयो होला’ भन्ने कुरामा छलफल भइरहेको थियो ।”

उनीहरूको कुरा सुन्नु भई तथागतले ती भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो–“ भिक्षुहरू, मेरो पुत्र अंगुलिमाल परिनिर्वाण भइसक्यो ।”

भिक्षुहरूले बिन्ति गरे– “भगवन् शास्ता, अंगुलिमालले त्यत्तिका मनुष्यको हत्या गरेर पनि कसरी परिनिर्वाण प्राप्त गऱ्यो ?”

भगवान बुद्धले आज्ञा गर्नु भयो– “भिक्षुहरू, हो, अंगुलिमालले पहिले कल्याणमित्रको संगत पाउन सकेन । त्यसैले उनले त्यत्तिको पाप-कर्म गर्न पुग्यो । पछि उसलाई कल्याणमित्रको आश्रय प्राप्त भयो । ऊ अप्रमादी भई ध्यान-भावनामा लाग्यो । अहिलेको कुशल कर्मले पहिलेको पाप-कर्मलाई उच्छिन्नमा ऊ सफल भयो ।

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**“यस्स पापं कतं कम्मं, कुसलेन पिधीयति ।**
**सोमं लोकं पभासेति, अब्भा मुत्तोव चन्दिमा” ति ॥**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** जो व्यक्तिले आफूले गरेको पाप कर्मलाई कुशल कर्मले ढाक्दछ ; त्यस्तो व्यक्तिले बादलबाट निस्केको चन्द्रमाले झैं यस लोकमा प्रकाश फैलाउँछ ।

**भावार्थ**–यहाँ **कुसलेन** भनी अरहन्त मार्गलाई भनिएको हो । बाँकी अर्थ गाथा नं १७२ को जस्तै हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'अंगुलिमाल स्थविरको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.६ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

अहिंसक नामका व्यक्ति पछि गुरु दक्षिणा दिनको लागि एक हजार चोर औंला जम्मा गर्न उसलाई थुप्रै मानिसहरूको हत्या गर्नु पऱ्यो। जम्मा पारेका औंलाहरू रुखमा झुण्ड्याई राख्दा काग, मुसा, पशु-पंछिहरूले खाई दिने भएकोले छिटो एक हजार औंला जम्मा पारी गुरु दक्षिणा दिई घर फर्कने मनसायले उसले औंलाहरूको माला गाँसी लगाएर हिडेकोले उसको नाम अंगुलिमाल रहन गयो।

एक दिन तथागतले अंगुलिमाल प्रति मैत्री भाव राख्नु भई धर्म-उपदेश गर्नु हुँदा उसले हत्या गर्ने कार्य छोडेर कुशल कर्म गर्न थाल्यो। भिक्षु भई एकान्तमा बसी विपश्यना ध्यान गर्न थाल्यो। उसको सम्पूर्ण कुकर्मलाई ध्यान-भावना रूपी कुशल कर्मले जितेर अन्तमा अरहन्त अवस्थामा पुग्न सफल भयो।

केही समय पछि भिक्षु अंगुलिमाल आफूले गरेको कर्मको विपाक भोग गरी सकेपछि अन्तमा अनेक **उदान वाक्य** प्रस्तुत गर्दै परिनिर्वाण हुनु भयो।

भिक्षुहरूको बीचमा 'अंगुलिमान भिक्षु मृत्यु पश्चात् कहाँ जन्म भयो होला' भन्ने जिज्ञासा चलिरहेको बेला तथागत त्यहाँ आई पुग्नु भई अंगुलिमाल भिक्षु अरहन्त भए पछि परिनिर्वाण भएको जानकारी दिनु भयो। त्यत्तिको मनुष्यको हत्या गर्ने व्यक्ति जीवनमुक्त हुन सकेकोमा भिक्षुहरूले आश्चर्य प्रकट गर्दा तथागतले भन्नु भयो– "जो व्यक्ति पहिले प्रमादी भई पछि प्रमादी हुँदैन, जो व्यक्तिले आफूले गरेको पाप कर्मलाई कुशल कर्मले पेल्दै र छोप्दै लैजान्छ; त्यस्तो व्यक्ति यो संसारमा बादलबाट मुक्त भएको चन्द्रमा झैं प्रकाशित हुन्छ।

Downloaded from http://www.dhamma.digital

## १३.६ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष (२९)

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू स्रोतापत्ति मार्ग-फल प्राप्त गर्नमा सफल भए ।

अंगुलिमाल व्यक्तिमा यसै जन्ममा अरहन्त हुन सक्ने पारमिता भएको कारणले तथागत ऊ भएकै ठाँउमा जानु भई धर्म-उपदेश गर्नु भयो । तत्काल ऊ हत्या गर्ने काम छोडेर बुद्धको शरणमा गयो । भिक्षु भई निरन्तर ध्यान भावनामा लागि अरहन्त पनि भयो ।

यसरी यस कथामा जो व्यक्ति पहिले प्रमादी बनी आफूले गरेको पाप-कर्मलाई पछि अप्रमादी भई कुशल कर्मले जित्न सकेको खण्डमा त्यो व्यक्ति बादलबाट निस्केको चन्द्रमा झैं यस संसारमा प्रकाशित हुन सक्ने सन्देश दर्शाइएको छ ।

Downloaded from http://www.dhamma.digital

# १३.७ पेसकार-कन्याको कथा

## १३.७ (कपडा बुन्नेको छोरीको कथा)

**१३. (१७४) "अन्धभूतो अयं लोको, तनुकेत्थ विपस्सति ।**
**सकुणो जालमुत्तोव, अप्पो सग्गाय गच्छती" ति ॥**

एक समय भगवान बुद्ध **आलवि**को **अग्गालव चैत्य**मा विहार गरिरहनु भएको थियो । त्यस वेला तथागतले यो गाथा एक जना **कपडा बुन्नेको छोरी**को कारणमा आज्ञा गर्नु भएको हो ।

एक पटक भगवान बुद्ध **आलवि** भन्ने ठाउँमा जानु भयो । त्यहाँका मानिसहरूले तथागतलाई श्रद्धापूर्वक निमन्त्रणा गरी भोजन दान गरे । भोजन पश्चात् भगवान बुद्धले यसरी **भुक्तानुमोदन** धर्म-देशना गर्नु भयो– "उपासक-उपासिकाहरू, मानिसको जीवन अनिश्चित छ ; तर मृत्यु निश्चित छ । मानिस अवश्य पनि एक दिन मर्नु पर्ने हुन्छ । मानिसको जीवन मृत्यु भई अन्त हुन्छ । तर जीवनको अन्त कहिले हुन्छ ; कसैलाई थाहा हुँदैन । त्यसकारण 'एक दिन न एक दिन प्राणीहरू अवश्य पनि मृत्यु हुनु पर्दछ' भनी **मरणानुस्मृति भावना** गर्नु पर्दछ । जसले **मरणानुस्मृति भावना** अर्थात् 'एक दिन म अवश्य मर्नु पर्दछ' भनी अभ्यास गर्दैन पछि ऊ साँप देख्दा भयभीत हुने व्यक्ति झैं सन्तापित हुन्छ, मृत्युदेखि डराएर ठूल-ठूलो स्वरले कराउँदै उसको जीवनको अन्त हुन्छ । जुन व्यक्तिले मरणानुस्मृतिको भावनाको अभ्यास गर्ने गर्दछ त्यस्तो व्यक्ति टाढैबाट देखेको साँपलाई एउटा लामो लट्ठीले त्यस साँपलाई टाढासम्म हटाउने व्यक्ति झैं मृत्युको समयमा ऊ भयभीत हुँदैन । त्यसकारण **मरणानुस्मृति भावना**को अभ्यास गरिरहनु पर्दछ ।"

भगवान बुद्धको यस्तो धर्म-देशना सुनिसके पछि अरू सबै मानिसहरू आ-आफ्नो काममा लागे । तर एक जना कपडा बुन्ने

Downloaded from http://www.dhamma.digital

मानिसको सोह्र वर्ष जति भएको छोरीले '**मरणानुस्मृति भावना गर्नु पर्दछ**' भनी विचार गरी तिनी त्यस साधनाको अभ्यासमा लागिरहिन् ।

भगवान बुद्ध पनि त्यहाँबाट निस्कनु भई जेतवनाराममा फर्कनु भयो ।

ती कन्याले तीन वर्षसम्म लगातार **मरणानुस्मृति** को भावना गरी रहिन् ।

एक दिन विहान सबेरै भगवान बुद्ध **करुणा समापत्तिमा** बस्नु हुँदा कुमारी कन्यालाई तथागतको ध्यान दृष्टिले देख्नु भयो । तिनको भविष्यको विषयमा तथागतले यसरी विचार गर्नु भयो– "तीन वर्ष पहिले मैले **आलवि**मा धर्म-देशना गरेको दिनदेखि अहिलेसम्म तिनले निरन्तर **मरणानुस्मृति भावना** गरिरहेकी छिन् । अहिले म त्यहाँ गएर तिनलाई चार वटा प्रश्न सोध्नेछु । तिनले ठीक उत्तर दिएको कारणले **'साधुकार'** दिँदै एउटा गाथाद्वारा धर्म-देशना गर्नेछु । धर्म-देशना सुनेर ती कन्या **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सफल हुने छिन् ।" साथै अरू धेरै मानिसहरूलाई त्यस धर्म-देशना लाभप्रद हुनेछ ।

त्यस पछि भगवान बुद्ध पाँच सय भिक्षुहरूका साथ जेतवनारामबाट निस्कनु भई चारिका गर्दै **आलवि**को **अग्गालव** चैत्यमा पुग्नु भयो । भगवान बुद्ध **आलवि**मा आइपुग्नु भएको खबर सुनी त्यहाँहा मानिसहरू एकत्रित भई तथागतलाई भोजनको लागि सादर निमन्त्रणा गरे ।

ती कुमारी केटी पनि भगवान बुद्ध **आलवि**मा आउनु भएको खबर सुनेर साह्रै प्रसन्न भई यसरी बिचार गरिन्– "भगवान बुद्ध मेरो धर्म-पिता हुनु हुन्छ, मालिक हुनु हुन्छ, आचार्य हुनुहुन्छ । तथागतको श्रीमुख पूर्ण चन्द्र समान प्रकाशमय छ । सुवर्ण वर्ण शरीर भएको तथागतको दर्शन गर्न नपाएको तीन वर्ष बितिसक्यो । अहिले भाग्यले

Downloaded from http://www.dhamma.digital

तथागतको दर्शन प्राप्त हुने भयो ; सुमधुर स्वर युक्त उत्तम धर्म-देशना श्रवण गर्ने सुअवसर प्राप्त हुने भयो ।"

त्यसै दिन कुमारी केटीको बुवा कपडा बुन्ने कारखानामा जान लाग्दा आफ्नी छोरीलाई बोलाएर यसो भन्यो– "छोरी, कारखानामा मैले अरूको कपडा बुन्ने काम लिई राखेको छु। एक हात जति बुन्न बाँकी छ । त्यो काम आजै सिध्याई दिनु पर्छ । आज तिमीले छिटो फिर्के बनाएर कारखानामा ल्याई दिनु ।"

अब भने बिचरी कुमारी केटीलाई फसाद पऱ्यो । तिनले तर्क गर्न थालिन्– "आज मैले भगवान बुद्धको धर्म-देशना सुन्न जाने विचार गरेकी थिएँ । तर मेरो बुवाले आज छिटो फिर्के बनाएर ल्याई दिनु भनी भन्नु भयो । अब मैले कुन चाहिं काम पहिले गरौं ? धर्म-देशना सुन्न जाऊँ कि बुवाले अह्राउनु भएको काम गरुँ ?"

केही बेर पछि ती कुमारी केटीले यसरी बिचार गरिन्–"यदि मैले पहिले फिर्के तयार गरि दिएन भने बुवाले मलाई गाली गर्न पनि सक्छ अथवा पिट्न पनि सक्छ । त्यसैले फिर्के तयार गरी बुवालाई दिई सके पछि मात्रै धर्म-श्रवण गर्न जानु पर्ला ।"

अनि तिनी एउटा पिढकामा बसेर फिर्के तयार गर्न थालिन् ।

## १३.७ (क) कुमारी केटी प्रति तथागतको करुणा–

उता आलविका नागरिकहरू भगवान बुद्धलाई श्रद्धापूर्वक भोजन प्रदान गरे । तथागतले भोजन गरी सक्नु भए पछि पात्र एकातिर राख्नु भयो । त्यहाँ भएका सबै मानिसहरू तथागतको श्रीमुखबाट अनुमोदन धर्म-देशना सुन्न तयार भएर बसे ।

तर भगवान बुद्धको ध्यान अर्कैतिर थियो । तथागतले बिचार गर्नु भयो– "म त्यस कुमारी केटीलाई धर्म देशना गर्न तीस योजन

Downloaded from http://www.dhamma.digital

टाढाबाट यहाँ आएँ। परन्तु अहिले तिनी घरको कार्यमा व्यस्त छिन्। तिनी आफ्नो काम भ्याएर यहाँ आइसके पछि मात्र अनुमोदन धर्म-देशना आरम्भ गर्नेछु।"

त्यसैले तथागत मौन रहनु भयो। त्यसरी भगवान बुद्ध मौन भएर रहनु हुँदा देवलोक सहित यस संसारका कोही पनि प्राणीले उहाँलाई बोल्न लगाउन सक्ने साहस गर्न सकिँदैनथ्यो।

उता ती कुमारी केटीले तयार भएको फिर्के एउटा सानो डालोमा राखी आफ्नो बुवाको कारखानामा जाँदै गर्दा परिषदको बीचमा मौन रहनु भएका भगवान बुद्धलाई हेर्दै गई रहिन्। तथागतले पनि टाउको उठाएर ती कुमारी केटीलाई मात्रै हेरिरहनु भयो। त्यति ठूलो परिषदको बीचमा बस्नु भई भगवान बुद्धले मलाई हेरिरहनु भएको शायद 'तथागतले धर्म-देशना गर्न मलाई नै पर्खिरहनु भएको हुनु पर्दछ' भन्ने कुरा बुझिन्।

भगवान बुद्धले ती कुमारी केटीलाई किन टाउको उठाइ हेर्नु भएको ? किन अनुमोदन धर्म-देशना गर्न ढिलो गर्नु भएको ? त्यसको कारण के हो भने ती कुमारी केटी त्यस दिन निश्चित रूपमा मृत्यु हुनेछ। यदि भगवान बुद्धको उपदेश सुन्न नपाइकन मृत्यु भएको खण्डमा उनी जुनसुकै गतिमा पनि पर्न सक्ने छिन्। तर तथागतको धर्म-देशना सुन्न पाएको खण्डमा तिनले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्न सक्ने छिन् र मृत्यु पश्चात् **तुषित देवलोक**मा उत्पन्न हुने छिन्।

कुमारी केटी पनि भगवान बुद्धको अवलोकन-संकेतबाट प्रभावित भईन्। उहाँको **छवण्ण रश्मि**मा नतमस्तक भई तथागत समक्ष पुगिन्। फिर्के भएको डालो एकातिर राखी तथागतलाई सादर वन्दना गरी एक छेऊमा बसिन्।

Downloaded from http://www.dhamma.digital

## १३.७ (ख) तथागतद्वारा कुमारी केटीलाई चार प्रश्न –

त्यसै वेला भगवान बुद्धले तिनलाई सम्बोधन गर्नु भई प्रश्न गर्नु भयो– "कुमारी, तिमी कहाँबाट आइरहेकी छ्यौ ?"

तिनले बिन्ति गर्दै भनिन्– "भगवन शास्ता, मलाई थाहा छैन"

तथागतले दोस्रो प्रश्न गर्नु भयो– "कुमारी, तिमी कहाँ जान लागेकी ?"

तिनले विन्ति गरिन्– "भन्ते भगवन, यो पनि मलाई थाहा छैन"

तथागतले तेस्रो प्रश्न गर्नु भयो– "के तिमीलाई थाहा छैन?"

तिनले दुइ हात जोड्दै भनिन्– "शास्ता, मलाई थाहा छ।

भगवान बुद्धले चौथो अर्थात् अन्तिम प्रश्न गर्नु भयो– "तिमीलाई थाहा छ ?"

तिनले बिन्ति गर्दै भनिन्– "अहँ, मलाई थाहा छैन ।"

यसरी भगवान बुद्धले ती कुमारी केटीलाई चार प्रश्न सोध्नु भयो । तिनले तथागतको प्रत्येक प्रश्नको उत्तर दिएको कुरा सुनेर त्यहाँ जम्मा भइरहेका मानिसहरू एक आपसमा यसरी कराउन थाले– "हेर्नुस् न, यी कपडा बुन्ने (जुलाहा) की छोरीले भगवान बुद्धले सोध्नु भएको प्रश्नमा जे मनमा लाग्यो त्यही उत्तर दिइरहेकी छिन् । तथागतले 'तिमी कहाँबाट आइ रहेकी छ्यौ' भनी प्रश्न गर्नु हुँदा 'म घरबाट आइरहेकी छु' भनी भन्न सक्तैन, तिनले । तथागतले तिमी कहाँ जान लागेकी' भनी प्रश्न गर्नु हुँदा 'म कपडा बुन्ने कारखानामा जान लागेकी' भन्नु पर्दैन ?'

भगवान बुद्धले त्यहाँ भइरहेको कोलाहललाई शान्त पार्नु भई कुमारी केटीलाई सम्बोधन गर्नु भई प्रश्न गर्नु भयो– "कुमारी, 'तिमी

Downloaded from http://www.dhamma.digital

कहाँबाट आइरहेकी' भनी सोध्दा 'मलाई थाहा छैन' भनी किन भनेकी ?"

तिनले सादर बिन्ति गर्दै भनिन्– "भन्ते भगवन, म जुलाहाको घरबाट आइरहेको कुरो तथागतलाई थाहा थियो । तैपनि यसरी प्रश्न गर्नु भएकोले 'यसको अवश्य अर्कै गम्भीर अर्थ हुनु पर्छ' भन्ने कुरा मैले सम्झे । 'म कुन योनि अथवा कुन लोकबाट यहाँ जन्म लिन आएको' भन्ने तथागतको आसय हुनु पर्दछ' भन्ने कुरा बुझेर 'मलाई थाहा छैन' भनी उत्तर दिएकी हुँ ।

भगवान बुद्धले भन्नु भयो– "साधु ! साधु ! कुमारी, मैले जुन मनसायले प्रश्न गरेको थिएँ, तिमीले त्यसको अर्थ बुझेर ठीकसँग उत्तर दियौं" भन्नु हुँदै 'साधुकार' दिनु भई तथागतले फेरि सोध्नु भयो 'तिमी कहाँ जान लागेकी' भनी सोद्धा 'मलाई थाहा छैन' भनी किन भनेकी त ?"

तिनले दुवै हात जोडेर भनिन्–"भगवन शास्ता, 'म फिर्के भएको सानो डालो बोकेर कपडा बुन्ने कारखानामा जान लागेकी कुरो तथागतलाई अवश्य थाहा हुनु पर्छ । तैपनि तथागतले यसरी प्रश्न गर्नु भयो कि 'म यस लोकबाट च्यूत भई अर्थात् मृत्यु पश्चात् कुन लोकमा जाँदैछौ भन्ने तथागतको मनोभाव हुनु पर्छ' भनी बुझें । 'म यहाँ मृत्यु भई कुन लोकमा जाने हो' यो भविष्यको कुरो मलाई थाहाँ छैन । त्यसकारण 'मलाई थाहा छैन' भनी बिन्ति गरेकी हुँ ।"

"साधु ! साधु !" भनी साधुकार दिनु हुँदै तथागतले तेस्रो प्रश्न गर्नु भयो–"के तिमीलाई थाहा छैन' भनी सोद्धा 'तिमीले थाहा छ' भनी किन भनेकी त ?"

कुमारी केटीले बिन्ति गरिन्– "भन्ते भगवान, 'एक दिन म अवश्य मर्नु पर्छ' भन्ने कुरो 'मलाई राम्रैसँग थाहा छ' त्यसैले 'मलाई थाहा छ' भनी भनेकी हुँ ।"

Downloaded from http://www.dhamma.digital

'मैले सोधेको प्रश्नमा तिमीले ठीक उत्तर दियौं' "साधु ! साधु !" भनी 'साधुकार' दिनु हुँदै तथागतले अन्तिम प्रश्न गर्नु भयो– "तिमीलाई थाहा छ त ?' भनी सोद्धा 'मलाई थाहा छैन' भनी किन भनेकी त ?"

कुमारी केटीले बिन्ति गरिन्– "भगवन शास्ता, एक दिन म अवश्य मर्नेछु' भन्ने कुरा मात्रै मलाई थाहा छ। तर मेरो मृत्यु रातमा हुन्छ कि दिनमा, बिहान हुन्छ कि साँझमा– 'यो कुरो मलाई थाहा छैन'। त्यस कारण 'मलाई थाहा छैन' भनेकी हुँ।"

"साधु ! साधु ! कुमारी तिमीले मेरो प्रश्नको ठीक उत्तर दियौं" भन्नु हुँदै तथागतले तिनलाई अन्तिम पटक पनि 'साधुकार' दिनु भयो।

त्यसपछि भगवान बुद्धले त्यहाँ जम्मा भइरहेका जन परिषद्लाई सम्वोधन गर्नु भई भन्नु भयो– "हे जनसमूह, यी कुमारी केटीसँग मैले सोधेको प्रश्नको भित्री अर्थ तिमीहरूले बुझ्न सकेनौं ; बरु अरूलाई दोष दिने काम गर्‍यौं। जो व्यक्तिमा प्रज्ञा-चक्षु हुँदैन, त्यो अन्धा समान हुन्छ। जो व्यक्तिमा प्रज्ञा रूपी चक्षु हुन्छ, उसमा साँचिकै देख्ने आँखा भएको ठहरिन्छ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो –

**"अन्धभूतो अयं लोको, तनुकेत्थ विपस्सति।**
**सकुणो जालमुत्तोव, अप्पो सग्गाय गच्छति" ति॥**

**अर्थ–** यस लोकमा रहेका मानिसहरू अन्धकारमा परेका छन्। ज्ञान रूपी आँखा भएकाहरू अल्प मात्र छन्। व्याधाको जालबाट मुक्त हुने पंक्षीहरू थोरै भए झैं देवलोकमा जानेहरू थोरै मात्र हुन्छन्।

Downloaded from http://www.dhamma.digital

**भावार्थ– अन्धभूतो अयं लोको** यस संसारमा रहेका मानिसहरू मध्ये धेरै जसो प्रज्ञा-चक्षुको अभावले गर्दा अन्धा समान छन् । **तनुकेत्थ** ती मानिसहरू मध्ये थोरैले मात्र **अनित्य** आदि **अस्थिर भाव**लाई **विपस्सति** विशेष रूपले देख्छन् । जसरी चलाख ब्याधाले फैलाएको जाल भित्र परेका पंक्षीहरू मध्ये थोरै **जालमुत्तोवा** पंक्षीहरू मात्र मुक्त हुन सक्छन् ; बाँकी रहेका पंक्षीहरू जालमा फस्ने हुन्छन् । त्यस्तै प्रकारले मारद्वारा फैलाइएको मृत्यु-जालमा फँसेका प्राणीहरू मध्ये बहुसंख्यक, प्राणीहरू अपाय दुर्गतिमा पतन हुन्छन् । ती प्राणीहरू मध्ये **अप्पो** कोही-कोही प्राणीहरू मात्र **सग्गाय गच्छति** देवलोकमा पुग्ने हुन्छन् अथवा सुगति वा निर्वाणसम्म पनि पुग्न सक्ने हुन्छन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती कुमारी केटी **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भइन् । त्यहाँ उपस्थित भइरहेका जन समूहलाई पनि यो धर्म-देशना सार्थक सिद्ध भयो ।

त्यस पछि ती कुमारी केटी फिर्के भएको डालो लिई कपडा बुन्ने कारखानामा गइन् । तिनको बुबा तानमा बसेर नै निदाइरहेको थियो । तिनलाई आफ्नो बुबा निदाइरहेको थाहा भएन । तिनले फिर्केको डालो तानमा राख्न मात्र के राखेकी थिइन्, तानको थुरी सूत्रयन्त्रमा ठक्कर खाई शब्द निकाल्दै अलि टाढा पुगी खस्यो । तिनको बुबा तत्काल झस्केर ब्युउँझ्यो । उसले यता-उति नहेरिकन नै आफ्नो हातले समाइ राखेको डोरी झ्वात्त तानेर फिर्के भएको थुरीलाई लात्तले हान्यो । थुरी फुत्त उफ्री ती कुमारी केटीको छातीमा पर्न गयो । तिनी त्यहीं ढ्ड्याम् लडन् पुगिन् र त्यही तिनको मृत्यु भयो ।

तुरुन्तै तिनको बुबा त्यहाँ पुगेर तिनलाई उठाएर हेर्दा शरीर भरी रगतै-रगत भई प्राण गइसकेको थियो । उसले आफ्नो शोक थाम्न सकेन । धेरै बेरसम्म ऊ रोई रह्यो । पछि उसले मन-मनै

Downloaded from http://www.dhamma.digital

सोच्यो– "अब मेरो शोक, परिदेव भगवान बुद्ध बाहेक अरूले रोक्न सक्तैन ।"

ऊ भगवान बुद्ध कहाँ पुगेर तथागतलाई सादर वन्दना गरी आफ्नो छोरीको दुःखद् मृत्यु भएको कुरा बिन्ति गऱ्यो ।

भगवान बुद्धले उसलाई सान्त्वना दिनु हुँदै भन्नु भयो– "उपासक, तिमीले यसरी शोक नगर । तिमीले यस अनन्त संसारमा तिमीले पुत्री-वियोगमा बगाएको आँसु जम्मा गरी राखेको भए महा समुद्रको पानी भन्दा पनि बढी भइसक्यो होला, भन्नु हुँदै उसलाई **अनमतग्ग** संसारको कथा सुनाउनु भयो ।

तथागतको धर्म-उपदेश सुनेर उसको शोक विस्तार-विस्तारै शान्त हुँदै गयो । अनि उसले तथागतसँग **प्रव्रज्या** माग्यो । **प्रव्रज्या** र **उपसम्पदा** प्राप्त गरी धेरै समय नबित्दै ऊ यस भव-संसारबाट मुक्त भयो अर्थात् ऊ **अरहत्व**को स्थिति प्राप्त गर्नमा सफल भयो ।

'पेसकार-कन्याको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.७ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध **आलवी**को **अग्गांलव** चैत्यमा विहार गरिरहनु हुँदा त्यहाँ भएका जन-समूहलाई **मरणानुस्मृति भावना**को विषयमा व्याख्या गर्नु भएको थियो। जो व्यक्तिले 'एक दिन मर्नु पर्छ' भनी अभ्यासमा लागेको खण्डमा मृत्यु हुँदा सहज हुने कुरा पनि सम्झाउनु भयो। त्यस बेलादेखि एक जना जुलाहाकी छोरीले तीन वर्षसम्म **मरणानु स्मृति** को भावनाको अभ्यास गर्दै रहिन्।

एक दिन बिहान सवेरै तथागतको करुणा समापत्ति ध्यानमा त्यस कन्या केटीले आज तथागतको धर्म-उपदेश सुन्न पाएको खण्डमा स्रोतापत्ति मार्ग-फल प्राप्त गर्न सक्ने **उपनिस्सय** देख्नु भयो र त्यही दिनमा उनको मृत्यु हुने कारण पनि देख्नु भयो।

ती कन्या केटी प्रति करुणा दृष्टि राख्नु भई तीन वर्ष पछि तथागत जेतवनारामबाट पाँच सय भिक्षुहरूका साथमा आलवी आई पुग्नु भयो। ती केटी पनि तथागत आलवीमा आइपुग्नु भएको खबर सुनी 'आज तथागत शास्ताको दर्शन पाउने भयो' भनी खुशीले गद्‌गद् भईन्। तर बाबु चाहि कपडा बुन्ने भएकोले फिर्के तयार पारेर मात्रै कारखानामा जानु पर्ने हुँदा छिटो छिटो काम सकाई फिर्केको डालो लिएर कारखानातिर लाग्दै गर्दा भगवान बुद्ध धर्म उपदेश दिन तयार भएर बस्नु भएको देखी तिनी त्यही रोकिन्। तथागतलाई सादर वन्दना गरी एकछेऊमा बसिन्।

भगवान बुद्धले ती कुमारीलाई सम्बोधन गर्नु भई यी चार प्रश्न गर्नु भयो–

"कुमारी तिमी कहाँबाट आएकी ? कहाँ जान लागेकी ? के तिमीलाई थाहा छैन ? तिमीलाई थाहा छ ?"

तथागतको प्रश्नको भित्री आसय बुझेर तिनले चारै प्रश्नको ठीक उत्तर दिईन्। तथागतले तिनको प्रत्येक उत्तरमा 'साधुकार' दिनु भयो।

Downloaded from http://www.dhamma.digital

त्यसपछि तथागतले त्यहाँ जम्मा भइरहेका जनसमूहलाई सम्बोधन गर्नु भई भन्नु भयो–"यी कुमारी केटीलाई मैले सोधेको प्रश्नको भित्री अर्थ तिमीहरूले बुझ्न सकेनौ बरु अरूलाई दोष दिने काम गऱ्यौं। जो व्यक्तिमा प्रज्ञाचक्षु हुदैन, त्यो अन्धा समान हुन्छ" यसै सन्दर्भमा तथागतले एउटा गाथाद्वारा यसरी स्पष्ट पार्नु भयो– "यस लोकमा रहेका मानिसहरू अन्धकारमा परेका छन्। ज्ञान रूपी आँखा भएका अल्प मात्र छन्। व्याधाको जालबाट मुक्त हुने पंछिहरू थोरै मात्र भए झैं देवलोकमा जानेहरू थोरै मात्र हुन्छन्। "

तथागतको यस धर्म-देशना सुनेर कुमारी केटी स्रोतापत्ति मार्ग-फल प्राप्त गर्न सफल भइन्।

त्यसपछि तिनी फिर्के भएको डालो लिई कारखानामा पुगिन्। बाबु चाहिं तानमा बसेर निदाई रहेको थियो। फिर्के तानमा राख्ने बित्तिकै त्यहाँ अनेक घटना घटी त्यही फिर्केको कारणले तिनको तत्काल ज्यान गयो। बाबु चाहिं पुत्री वियोगको कारणले विह्वल भयो। उसले धेरै बेरसम्म आँसुको धारा बहायो। पछि उसले भगवान बुद्धलाई सम्झ्यो। ऊ तथागत कहाँ गयो। आँसु बहाउँदै छोरीको अवसानको कारण तथागत समक्ष बिन्ति गऱ्यो।

भगवान बुद्धले उसलाई सान्त्वना दिनु हुँदै भन्नु भयो– "उपासक, यस अनन्त संसारमा तिमीले यसरी पुत्री-वियोगको कारणबाट बगाएको आँसु जम्मा गरी राखेको भए महासमुद्रको पानी भन्दा बढी भइसक्यो होला" भन्नु हुँदै धर्म-उपदेश गर्नु भयो जसबाट उसको शोक विस्तारै शान्त भयो। ऊ तथागतको शरणमा गयो। प्रव्रज्या माग्यो। ध्यानको अभ्यास गर्दै उनी पनि जीवन मुक्त भयो।

यसरी यस घटनामा तथागतको महान करुणा र मैत्रीको कारणले दुइ बाबु-छोरीको मात्र कल्याण भएको होइन अरू कतिपय श्रोतावर्गहरूले पनि धर्म-लाभ प्राप्त गर्न सफल भए।

Downloaded from http://www.dhamma.digital

# १३.८ तीस जना भिक्षुहरूको कथा

## **१३.८** (पण्डित निर्वाणमा जान्छन् )

**१३. (१७५) "हंसादिच्चपथे यन्ति, आकासे यन्ति इद्धिया।**
**नीयन्ति धीरा लोकम्हा, जेत्वा मारं सवाहिनि" न्ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा तीस जना भिक्षुहरूको कारणमा आज्ञा गर्नु भएको हो।

एक दिन तीस जना भिक्षुहरू विभिन्न ठाँउबाट जम्मा भई भगवान बुद्धको दर्शन गर्न जेतवनाराममा आइ पुगे। त्यही बेला आयुष्मान आनन्द स्थविरलाई भगवान बुद्धको सेवामा लाग्नु थियो। तैपनि उहाँले सोच्नु भयो– "पहिले यी भिक्षुहरूलाई तथागतको दर्शन गराई दिउँ। त्यस पछि मात्र म तथागतको सेवा-कार्यमा लाग्नेछु।"

त्यसकारण उहाँले ती भिक्षुहरूलाई तथागत समक्ष पुऱ्याउनु भई आफू ढोकाको बाहिर एक छेउमा बसिरहनु भयो।

भगवान बुद्धले ती तीस जना भिक्षुहरूसँग कुशल-मंगलको कुरा सोध्नु भइसकेपछि तिनीहरूलाई अनुकुल हुने सारगर्भित धर्मको कुरा सुनाउनु भयो। तथागतको धर्म-उपदेश सुनेर ती सबै भिक्षुहरू **अरहत्व**को स्थितिमा प्रतिष्ठित भए। त्यस पछि तिनीहरूले तथागतलाई सादर बन्दना गरी आकाश मार्गबाट प्रस्थान गरे।

उता आनन्द स्थविर ती भिक्षुहरू बाहिर निस्कने प्रतीक्षामा थियो। तर धेरै बेरसम्म पर्खेर बस्दा पनि तिनीहरू बाहिर निस्केको नदेखेर उहाँ भित्र पसेर हेर्नु हुँदा त्यहाँ कोही पनि भिक्षु देख्नु भएन।

Downloaded from http://www.dhamma.digital

अनि आनन्द स्थविरले बिन्ति गर्नु भयो– "भन्ते भगवन्, यहाँ तीस जना भिक्षुहरू भित्र पसेका थिए। अहिले तिनीहरू कुन बाटोबाट कहाँ गए होलान् ?"

तथागतले भन्नु भयो– "आनन्द, ती भिक्षुहरू सबै आकाश मार्गबाट फर्की सके।

आनन्द स्थविरले फेरि बिन्ति गर्दै भन्यो– "भगवन् शास्ता, के ती सबै क्षीणास्रवी भिक्षुहरू हुन् ?"

तथागतले भन्नु भयो– "आनन्द, हो, ती सबै भिक्षुहरूले एक चित्त गरी तथागतको धर्म-उपदेश सुन्दा-सुन्दै **आस्रव क्षीण** भई अरहत्वको स्थिति प्राप्त गर्नमा सफल भए।"

ठीक त्यसै समयमा तथागतले एक फौज पानी-हाँस आकाशमा उडेर आइरहेको देख्नु भई आनन्द स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो– "आनन्द, ज-जसले चार इद्धिपादको राम्रोसँग भावना गर्दछन्; तिनीहरू आकाशमा उडेर आइरहेका ती पानी हाँसहरू झैं आकाश मार्गबाट उडेर जान्छन्।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-उपदेश गर्नु भयो –

**"हंसादिच्चपथे यन्ति, आकासे यन्ति इद्धिया।**
**नीयन्ति धीरा लोकम्हा, जेत्वा मारं सवाहिनि" न्ति ॥**

**अर्थ**– हंसहरू सूर्य-पथ (आकाश)मा उड्छन्। ऋद्धिवल भएका योगीहरू पनि आकाशमा भ्रमण गर्छन्। तर सैन्य सहित मारलाई जितेर बुद्धिमान पण्डितहरू यस लोकबाट पार भई निर्वाणमा पुग्दछन्।

Downloaded from http://www.dhamma.digital

## १३.८ तीस जना भिक्षुहरूको कथा (४३)

**भावार्थ– हंसा आदिच्चपथे आकासे–** यी हाँसहरू आकाश मार्गबाट गइरहेका छन् । जो-जो साधकले **इद्धिपाद**को राम्रोसँग अभ्यास गरेका हुन्छन्, तिनीहरू पनि आकाश मार्गबाट **यन्ति इद्धिया** जान सक्छन् । धीर, धैर्यवान पण्डितहरू पनि **सवाहिनिं मारं जेत्वा** मारलाई जितेर यस संसारबाट मुक्त भई **नीयन्ति** निर्वाणमा पुग्न सक्छन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गरे ।

'तीस जना भिक्षुहरूको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.८ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा विभिन्न ठाउँबाट आएका तीस जना भिक्षुहरू आनन्द स्थविरको अनुमति लिई तथागत समक्ष पुगे। तथागतले ती भिक्षुहरूमा बुझ्न सक्ने क्षमता भएको कारणले साह्रै गम्भीर धर्म-उपदेश गर्नु भयो। तथागतको धर्म-उपदेश श्रवण गर्दा-गर्दै ती सबै भिक्षुहरू ऋद्धि सहित अरहत्वको स्थितिमा प्रतिस्थित भए। अनि तथागतलाई सादर वन्दना गरी आकाश-मार्गबाट प्रस्थान गरे।

तीस भिक्षुहरू आकाश मार्गबाट प्रस्थान गरी सकेको कुरा आनन्द स्थविरलाई जानकारी दिनु हुँदै तथागतले भन्नु भयो– "जसले **चार इद्धिपाद**को भावना राम्रोसँग गर्दछन्; तिनीहरू आकाशमा उड्ने पानी हाँसहरू जस्तै उड्न सक्छन्। धीर पण्डितहरू मारलाई जितेर यस संसारबाट मुक्त भई निर्वाणमा पुग्न सक्छन्"

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै जन-समूहले मार्ग-फल लाभ गर्नमा सफल भए।

भगवान बुद्धको धर्म-उपदेश व्यक्ति विशेषको बुझ्ने क्षमता अनुसार फरक हुने गर्दछ। विशेष गरी जो व्यक्तिको जस्तो पारमी हुन्छ; त्यही अनुरूपको तथागतको धर्म-देशना गर्ने तरिका हुन्छ; जसबाट धर्म-श्रवण गर्ने व्यक्ति आफूले प्राप्त गर्नु पर्ने स्थिति प्राप्त गर्नमा सफल हुन्छ।

तथागतको गम्भीर उपदेश श्रवण गर्दा-गर्दै तीस जना भिक्षुहरू ऋद्धि-सिद्धि सहित अरहत्व स्थितिमा प्रतिस्थित भई आकाश मार्गबाट प्रस्थान गरेका कुरा यस कथाले प्रमाणित गरेको छ।

Downloaded from http://www.dhamma.digital

# १३.९ चिञ्चमाणविकाको कथा

## १३.९ (झुठ बोल्नेले नगर्ने पाप हुँदैन)

**१३. (१७६) "एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो।**
**वितिण्णपरलोकस्स, नत्थि पापं अकारिय" न्ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **चिञ्चमाणविका**को कारणमा आज्ञा गर्नु भएको हो ।

**प्रथम सम्बोधि** प्राप्त भइसकेपछि दशबल तथागतको श्रावक शिष्यहरूको संख्या क्रमशः वृद्धि हुँदै गयो। ती शिष्यहरूमा देवताहरू पनि थिए, मनुष्यहरू पनि थिए । मनुष्य लोकमा भगवान बुद्धको अपरिमाण गुणको कारणले तथागतलाई महान लाभ-सत्कार प्राप्त भयो । सूर्यको अगाडि टुकी बाले झैं तीर्थंकरहरूको लाभ-सत्कार हीन हुँदै गयो। अनि ती तीर्थंकरहरूको सडक तथा गल्ली गल्लीमा गई यसरी चिच्याउन थाले– "के श्रमण गौतम एक जना मात्र अरहन्त बुद्ध हो र ? हामी पनि त अरहन्त हौं। के उनलाई मात्र दान दिदैंमा महान फल पाइने हो र ? हामीलाई दान दिए पनि महान फल पाइने छ। हामीलाई दान गर्नु, सत्कार गर्नु ।"

यस किसिमले मानिसहरूको बीचमा गई अनेक प्रकारले प्रचार-प्रसार गरे पनि लाभ-सत्कार प्राप्त नभए पछि तिनीहरू सबै एकै ठाउँमा जम्मा भई 'के गरे श्रमण गौतमको जनताहरूको बीचमा निन्दा उपहास गर्न सकिन्छ तथा उनको लाभ-सत्कारमा हानी पुऱ्याउन सकिन्छ,' ती उपाय निकाल्न तिनीहरूले गुप्त रूपमा सल्लाह गर्न थाले ।

Downloaded from http://www.dhamma.digital

## १३.९ (क) तीर्थंकरहरूको षडयन्त्र

त्यस बेला श्रावस्ती नगरमा **चिञ्चमाणविका** नामक एक जना **परिव्राजिका** बस्दथिन्, तिनी अप्सरा जस्तै राम्री थिइन् । तिनको शरीरबाट तेज निस्किन्थ्यो । तिनको गुरु तीर्थंकरहरू थिए ।

ती तीर्थंकरहरू मध्ये एक जनाले यसरी सल्लाह दियो– "चिञ्चमाणविकाको सहायता लिई श्रमण गौतमलाई आरोप लगाई जनताबाट प्राप्त भइरहेको उनको लाभ-सत्कार सबै नष्ट गर्न सकिन्छ ।" उसको यस कुरामा सबै तीर्थंकरहरू सहमत भए ।

एक दिन चिञ्चमाणविका ती तीर्थंकरहरूका आश्रममा गईन् । तिनीहरूलाई तीन बार प्रणाम गरी एक छेउमा उभिरहिन् । तीर्थंकरहरूले तिनीसँग केही कुरा नगरिकन रिसाएको जस्तो गरी चूप लागेर बसिरहे । केही बेर पछि तिनले भनिन्– "आर्यहरू, तपाईहरू किन मसँग नबोलिकन बस्नु भएको ? मैले के गरें ? मेरो कस्तो दोषपूर्ण काम भयो ?"

तीर्थंकरहरूले भने– "बहिनी, श्रमण गौतमले हामीलाई तिरष्कृत गरी जनताहरूमा आफ्नो धर्म-प्रचारद्वारा हाम्रो सबै लाभ-सत्कार समाप्त पारेको कुरा के तिमीलाई थाहा छैन ?"

तिनले भनिन्– "आर्यहरू, मलाई यस विषयमा केही पनि थाहा छैन । अब मैले के गर्नु पर्‍यो ?"

तिनीहरूले भने– "बहिनी, यदि तिमीले हाम्रो भलाई चाहन्छौ भने तिमीले श्रमण गौतम माथि यस्तो आरोप लगाऊ जसबाट उनले जनताबाट प्राप्त गरेका लाभ-सत्कारको अन्त होस् ।"

तिनले भनीन्– "आर्यहरू, त्यसो भए ठीक छ, यी सबै कार्यभार म माथि छोडनु होस्, तपाईहरूले यसमा चिन्ता लिनु पर्दैन ।"

Downloaded from http://www.dhamma.digital

यति भनी तिनी फेरि आफ्नो आश्रममा फर्किन् । तिनी स्त्रीमाया दर्शाउनमा कुशल थिइन् । रातो रङ्गको ओढने ओढेर हातमा सुगन्ध फूलको माला आदि लिएर जेतवनारामबाट तथागतको धर्म-कथा सुनेर फर्किरहेका नागरिकहरूले देख्ने गरी जेतवनाराममा जान लागिन् ।

ती नागरिक (मानिस)हरूले तिनीसँग प्रश्न गरे– "चिञ्चे, यस बेला तिमी कहाँ जान लागेकी हँ ?" तिनले उत्तर दिइन्– "म जहाँ गए पनि तिमीहरूलाई के मतलव ?"

यसरी जवाफ दिई जेतवनारामको नजिक रहेको तीर्थंकरहरूको एक आराममा रात बिताइन् ।

बिहान सबेरै "सर्व प्रथम भगवान बुद्धलाई वन्दना गरौंला" भनी बिचार गरी नगरका उपासक-उपासिकाहरू जेतवनारामतिर गइरहँदा चिञ्चमाणविका जेतवनारामबाट बाहिर निस्केकी जस्तो गरी फर्किरहँन्थी ।

त्यसबेला ती नगरवासीहरूले तिनलाई प्रश्न गर्थे– "चिञ्चे, तिमी कहाँबाट आइरहेकी हँ ?"

तिनले जवाफ दिन्थिन्– "म जहाँबाट आए पनि तिमीहरूलाई के खाँचो ?" भन्दै तिनी अगाडि बढथिन् । यस्तै गरी तिनले एक डेढ महिना बिताइन् ।

एक दिन नागरिकहरूले पहिले जस्तै प्रश्न गर्दा तिनले भनिन्– "आज म जेतवनारामको गन्धकुटीमा श्रमण गौतमसँग रात बिताएर आएकी हूँ ।"

श्रोतावर्गहरू मध्ये कोही कोही **पृथकजनहरू**ले 'के यस्तो पनि हुन सक्छ र' भनी शंका गर्न थाले ।

Downloaded from http://www.dhamma.digital

तीन चार महिना पछि पेटमा कपडा राखी पटुकाले बाँधेर गर्भिणी भएको जस्तो गरी दर्शाएर हिड्न थालिन् ।

आठ महिना पछि पेटमा काठको टुक्रा राखी त्यसमाथि कपडाले बेरेर पेट बोकेको महिना पूर्ण भएको जस्तो गरी दर्शाइन् । हात-खुट्टाको रङ्ग फुस्रो पहेलो पारी, थाकेको जस्तो अनुहार लिई मूर्ख-फटाहाहरूको दलबल सहित पछ्यौंरा ओढेर जेतवनाराममा पुगिन् । त्यो दिन साँझको समयमा भगवान बुद्ध अलंकारयुक्त धर्मासनमा बस्नु भई धर्म-देशना गरी रहनु भएको थियो । त्यही मौका पारी चिञ्चमाणविका धर्म सभामा गई तथागतको सन्मुख (अगाडि) उभिई यसरी भन्न थालिन्– “हे महाश्रमण, तपाईले धेरै जनताहरूलाई धर्म-देशना त गर्न सक्नु हुन्छ । तपाईको स्वर पनि साह्रै मधुर छ । ओंठ पनि राम्रो मिलेको छ । तपाईको कारणबाट म गर्भवती भई महिना पुग्न लागि सक्यो । न तपाईले अहिलेसम्म मेरो लागि प्रसुति गृहको व्यवस्था गर्नु भयो, न घ्यू-तेल आदिको व्यवस्था गर्नु भयो । यदि तपाई आफैले यसको व्यवस्था गर्न सक्नु हुन्न भने तपाईका यी **उपस्थापकहरू** हुनु हुन्छ– **कोशल राजा** अथवा **अनाथपिण्डिक महाजन** अथवा **विशाखा महाउपासिका** । यिनीहरूलाई ‘मेरो लागि चाहिने व्यवस्था गरी दिनु’ भनेर के भन्नु सक्नु हुन्न ? मोज-मज्जा **(अभिरमण)** गर्न जानेको, (बच्चा पाउनको लागि) प्रसुतिको व्यवस्था गर्न भने नजानेको भनी दोषारोपन गरिन् । मानो अशुचि हातमा लिई चन्द्र मण्डल तिर (फ्याँकेर) हिर्काएर चन्द्रमालाई दूषित पार्न खोजे झैं **चार परिषद**को बीचमा भगवान बुद्धको सन्मुख उभिएर तथागतलाई अनेक प्रकारले दोषारोपण गरिन् ।

Downloaded from http://www.dhamma.digital

## १३.९ (ख) चिञ्चमाणविकाको षडयन्त्रको भण्डाफोर –

त्यसपछि भगवान बुद्धले धर्म-देशना गर्न रोक्नु भई सिंह जस्तै निर्भिक भई भन्नु भयो–"वहिनी, 'तिम्रो कथन सत्य हो कि असत्य हो' भन्ने कुरा कि मलाई थाहा छ कि तिमीलाई थाहा छ। "

तिनले भनिन्– "हो महाश्रमण, यो कुरा तपाई र मलाई मात्रै थाहा छ। अरूलाई कसरी थाहा हुन्छ ?"

त्यसै क्षणमा शक्र देवराज इन्द्रको आसन (उष्ण) तातो भएको महसुस भयो।

देवराज इन्द्रले 'यसको कारण के होला' भनी बिचार गरेर हेर्दा चिञ्चमाणविकाले भगवान बुद्धलाई झुठा आरोप लगाई वेइज्जत गरी रहेको कुरो थाहा पाए। यस विषयमा 'सत्य के हो' स्पष्ट पार्नु पर्ने महसुस गरी तुरन्तै चार देवपुत्र सहित देवराज इन्द्र त्यहाँ आइपुग्नु भयो। चार देवपुत्रले मुसाको रूप लिई चिञ्चमाणविकाको पेटमा काठको टुक्रालाई बाधिराखेको डोरी एकै पल्ट काटी दिए। काठको टुक्रा खसेर तिनको पाउमा परी खुट्टाका औंलाहरू काटियो। छोपी राखेको लुगा पनि हावाले उडाई दियो।

यस्तो दृश्य देखेर त्यहाँ उपस्थित भएका मानिसहरूले तिनलाई भने– "अरे कलंकिनी, तिमीलाई धिक्कार छ, **सम्यकसम्बुद्ध** जस्तो महापुरुषलाई यसरी आरोप लगाउन तिमीलाई शरम लाग्दैन ?" भन्दै कसैले तिनको मुखमा थुके, कसैले लठ्ठीले हिर्काउदै जेतवनारामबाट बाहिर निकाले। अनि तिनी तथागतको दृष्टिबाट टाढा पुगिसके पछि महापृथ्वी फाटेर **अवीची नरक**बाट अग्नि ज्वाला निस्की आफन्तहरूले दिएको कम्बलले ओढाए जस्तै गरी तिनलाई लपेटेर लगी **अवीची महानरक**मा पुऱ्याई दियो।

अनि तीर्थंकरहरूको लाभ-सत्कार झन हानी हुँदै गयो। भगवान बुद्धको लाभ-सत्कार झन-झन बृद्धि भई राम्रो भएर आयो।

Downloaded from http://www.dhamma.digital

## १३.९ (ग) धर्म सभामा यस घटनाको चर्चा –

भोलिपल्ट भिक्षुहरूको धर्मसभामा भिक्षुहरूले यसरी कुरा निकाले– "आयुष्मानहरू, चिञ्चमाणविकाले अत्यन्त उत्कृष्ट गुणले संयुक्त हुनु भएका **अग्र दक्षिणा** दिन योग्य भएका भगवान **सम्यकसम्बुद्ध**लाई झुठो आरोप लगाएको कारणले भयंकर विनाशको अवस्था भोग्नु पऱ्यो ।"

त्यसै बेला भगवान बुद्ध त्यस धर्म-सभामा आइपुग्नु भयो र भिक्षुहरूलाई सम्बोधन गर्नु भई भन्नु भयो– "भिक्षुहरू, अहिले तिमीहरूको बीचमा कस्तो चर्चा भइरहेको थियो ?"

ती भिक्षुहरूले बिन्ति गरे– "भन्ते **भगवन**, अहिले हामीहरूको बीचमा यस्तो कुरा चलिरहेको थियो" भनी विवरण दिए ।

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू, अहिले मात्रै यिनले मलाई दोषारोपण गरेको होइन, पूर्व जन्ममा पनि झुठो आरोप लगाएको कारणले यिनी विनाश भएर गएकी थिइन् । "

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो ।

**"नादट्ठा परतो दोसं, अणुं थूलानि सब्बसो ।**
**इस्सरो पणये दण्डं, सामं अप्पटिवेक्खिया ति ॥"**

**अर्थ–** मालिक भएर बसेकाहरूले अरूको सानो-ठूलो सबै दोषलाई आफैले राम्रोसँग जानेर, बुझेर मात्र दण्ड दिने काम गर्नु पर्दछ ।

यो कुरा **द्वादस निपात** (जा.१.१२.१०६) को **महापदुम जातक** विस्तार पूर्वक आज्ञा गर्नु भयो ।

Downloaded from http://www.dhamma.digital

त्यस समयमा अहिले **चिञ्चमाणविका** हुने **महापदुमकुमार बोधिसत्व**को सानी आमा थिईन् । तिनी राजाको अग्र महारानी थिइन् । तिनले बोधिसत्वलाई आफूसँग व्यभिचार गर्न बोलाइन् । तिनको **काम** सेवन गर्ने इच्छा पूर्ण नभए पछि आफूले आफैलाई शरीर भरी घाउ पारी बसिरहिन् । राजा तिनको कोठामा आउँदा तिनले यसो भनिन्– "महाराज, तपाईको छोरो म सँग **काम** सेवन गर्नको लागि आएको थियो । मैले उसको इच्छा पूर्ण गरी नदिएकोले मेरो यस्तो गति (दशा) बनाई दियो ।"

राजा रीस ले चूर भई 'बोधिसत्वलाई चोर-प्रपातबाट खसालेर मार्न' हुकुम भयो । बोधिसत्वलाई चोर-प्रपातबाट खसाल्दा पर्वतमा रहने देवताले उसलाई थापेर लिई एउटा नागराजाको फणमा राखि दियो । नागराजाले बोधिसत्वलाई नाग-भवनमा लगी आफ्नो आधा राज्य दिई सम्मान, सत्कार गरी राखे ।

बोधिसत्व कुमार त्यहाँ एक वर्ष बसिसके पछि प्रव्रजित हुने इच्छाले हिमालय प्रदेशतिर गई प्रव्रजित भई **ध्यान अभिञ्ञा** लाभ प्राप्त गरी बसिरहे ।

एक दिन एक जना शिकारीले उसलाई त्यहाँ देखेर यो कुरो राजा कहाँ गई बिन्ति गरे । राजा तुरुन्तै बोधिसत्व कहाँ आइपुगे । कुशल वार्ता सकिए पछि पहिले पहिले भएका घटनाहरू सुनेर राजाले बोधिसत्वलाई आफ्नो राज्य चलाउन निमन्त्रणा गरे ।

बोधिसत्वले भन्यो– "महाराज, अब मलाई राज्यको आवश्यकता छैन । तपाईले नराम्रो गतिमा जाने कर्म छोडेर धार्मिक पूर्वक राज्य गर्नु होस् ।"

यस्तो उपदेश सुनेर राजाले विलाप गरे । अनि आसनबाट उठेर नगरतिर फर्केर गए । बीच बाटोमा पुग्दा राजाले मन्त्रीहरूसँग

Downloaded from http://www.dhamma.digital

प्रश्न गरे– "मन्त्रीहरू, मेरो के कारणबाट यस्तो सदाचारी छोरोसँग वियोग भएर बस्नु परेको होला ?'

मन्त्रीहरूले विन्ति गरे– "महाराज, अग्र महिषी व्यभिचारी भएको कारणले यस्तो सदाचारी राजकुमारसँग वियोग भएर बस्नु परेको हो ।"

मन्त्रीहरूको यस्तो कुरा सुन्ने वित्तिकै महारानीलाई खुट्टा माथि टाउको तलतिर पार्न लगाई त्यही चोर प्रपातबाट खसालेर मार्न लगाए । त्यसपछि नगर भित्र पसेर राजाले धार्मिक पूर्वक राज्य चलाए ।

भगवान बुद्धले भन्नु भयो– "भिक्षुहरू, त्यसबेला **बोधिसत्व महापदुम राजकुमार** भएर जन्म लिने म थिएँ । सानीआमा हुने यही **चिञ्चमाणविका** थिईन् ।"

भगवान बुद्धले यसरी अर्थ प्रकाशित गर्नु हुँदै भन्नु भयो– "भिक्षुहरू, एक मात्र सत्य-धर्म अर्थात् सत्य बचन बोल्न छोडेर झुठ बोल्नमा लागी परलोकबाट मनुष्य लोकमा जन्म लिन आउने मानिसहरूले नगर्ने पाप-कर्म केही हुँदैन ।

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो –

**"एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।**
**वितिण्णपरलोकस्स, नत्थि पापं अकारिय" न्ति ॥**

**अर्थ**– एक (मात्र) सत्य-धर्मलाई छोड्ने, झूठो कुरा गर्ने, परलोकको विश्वास नगर्ने व्यक्तिले यस लोकमा नगर्ने पाप केही हुँदैन ।

Downloaded from http://www.dhamma.digital

**भावार्थ–** यस गाथामा **एकं धम्मं** को अर्थ हो, सत्य बचन । **मुसावादिस्स** जुन व्यक्तिको दश बचन बोल्दा एउटा बचन पनि सत्य हुदैन, त्यसरी झुठ कुरा गरेर हिड्ने व्यक्तिले **वितिण्णपरलोकस्स** परलोक जाँदा मनुष्य लोक-सम्पत्ति, देवलोक-सम्पत्ति अन्तमा निर्वाण-सम्पत्ति– यी तीन सम्पत्तिलाई प्राप्त गर्न नसकिने हुन्छ । **नत्थि पापं** त्यस्तो व्यक्तिले 'यस्तो पाप गर्न हुँदैन' भनी भन्दैन अर्थात्, उसले जुनसुकै पाप-कर्म पनि गर्न सक्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै **श्रोतावर्गहरू स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'चिञ्चमाणविकाको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.९ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा तथागतका श्रावक शिष्यहरूको संख्या वृद्धि हुँदै गयो । तथागतको शिष्यहरूमा मनुष्य मात्र होइन देवता पनि थिए। श्रावस्तीमा तथागतको यश कीर्ति फैलिदै गयो । महान लाभ-सत्कार प्राप्त भयो ।

सूर्यको प्रकाशमा तुकी बालेको झैं तिर्थंकरहरूको लाभ-सत्कार हीन हुँदै गयो। सडक तथा गल्लीमा गई "श्रमण गौतम मात्र अरहन्त होइन, हामी पनि अरहन्त हौं, हामीलाई दान दिए पनि महान फल पाइनेछ" भनी चिच्याएर हिडे पनि तिनीहरूले लाभ-सत्कार पाउन सकेनन् । अनि तिनीहरूले जनताको बीचमा निन्दा उपहास गर्न लगाई तथागतको लाभ-सत्कारमा हानी पुऱ्याउन षड्यन्त्र रच्न थाले । यसको लागि चिञ्चमाणविका नामक एक जना परिव्राजिकालाई अघि सारे ।

चिञ्चमाणविकाले तथागतलाई बेइज्जत गर्ने अभिभारा लिइन् । तिनी स्त्री-माया दर्शाउनमा कुशल थिइन् ।

तथागतको धर्म-कथा सुनेर फर्किरहेका नागरिकहरूले देख्ने गरी रातो रङ्गको ओढ्ने ओढेर हातमा सुगन्ध फूल लिई जेतवनाराममा जाने जस्तो गरी नक्कल गर्थिन् । नागरिकहरूले 'तिमी यस बेला कहाँ जान लागेकी' भनी प्रश्न गर्दा 'म जहाँ गए पनि तिमीहरूलाई के मतलब' भन्थिन् । राती जेतवनारामको नजिक रहेको तिर्थंकरहरूको एक आश्रममा रात बिताउँथिन् । भोलिपल्ट बिहान भगवान बुद्धलाई वन्दना गर्न गइरहेका नगरवासीहरूले देख्ने गरी जेतवनारामबाट बाहिर निस्केकी जस्तो फर्किरहन्थी । यस्तै गरी तिनले एकडेढ महिना बिताइन् ।

Downloaded from http://www.dhamma.digital

तीन चार महिना पछि पेटमा कपडा राखी पटुकाले बाँधेर गर्भिनी भएको जस्तो गरी हिड्न थालिन् ।

आठ महिना पछि पेटमा काठको टुका राखी त्यस माथि कपडाले बेरेर महिना पूर्ण भएको जस्तो गरी दर्शाइन्। थाकेको जस्तो अनुहार लिई मूर्ख-फटाहाहरूको दलबल सहित पछ्यौंरा ओढेर जेतवनाराममा पुगिन् ।

साँझको समय थियो। भगवान बुद्ध अलंकार युक्त धर्मासनमा बस्नु भई धर्म-उपदेश गरी रहनु भएको थियो । त्यहाँ कोशल राजा प्रसेनजित, अनाथपिण्डिक महाजन, माता विशाखा र अरू धेरै श्रोतावर्गहरूको उपस्थिति थियो ।

त्यही मौका पारी चिञ्चमाणविका तथागत समक्ष उभिई आफू तथागतबाट गर्भिनी भएको कुरा प्रकाशमा ल्याई जथाभावी चिच्याउन थालिन् ।

यसरी तथागतलाई झूठो आरोप लगाई बेइज्जत गरी रहेको कुरा थाहा पाई चार देवपुत्र सहित देवराज इन्द्र त्यहाँ आइपुग्नु भयो । चार देवपुत्रले मुसाको रूप लिई चिञ्चमाणविकाको पेटमा बाँधिराखेको डोरी एकै पल्ट काटी दिए । काठको टुका खसेर उनको खुट्टाका औंलाहरू काटिए । छोपि राखेको लुगा पनि हावाले उडाई दियो ।

यस्तो दृश्य देखि त्यहाँका मानिसहरूले तिनलाई धिक्कार्न सम्म धिक्कारे। कसैले लट्ठीले पिटेर जेतवनारामबाट बाहिर निकाले। केही पर पुगे पछि पृथ्वी फाटेर तिनी **अवीचि महानरक**मा पुगिन् ।

भोलिपल्ट भिक्षुहरूको धर्म-सभामा यसै विषयमा कुरा-कानी भइरहेको थियो । त्यसै बेला भगवान बुद्ध त्यहाँ आइपुग्नु भई सबै जानकारी लिनु भई भन्नु भयो– "भिक्षुहरू, अहिले मात्रै यिनले मलाई

Downloaded from http://www.dhamma.digital

दोषारोपन गरेको होइन, पूर्व जन्ममा पनि झूठो आरोप लगाएको कारणले यिनी विनाश भएर गएकी थिईन्। यसै सन्दर्भमा तथागतले **महापदुम जातक**को कुरा विस्तारपूर्वक आज्ञा गर्नु भयो–

"अहिले चिञ्चमाणविका त्यस समयमा **महापदुम कुमार** बोधिसत्वको सानीआमा थिइन् । तिनी राजाका अग्रमहारानी पनि थिइन् । राजा काम विशेषले बाहिर गएको मौका पारी तिनले बोधिसत्वलाई व्यभिचार गर्न बोलाइन्। तिनको इच्छापूर्ण नभए पछि आफूले आफैलाई शरीर भरी घाउ पारी अशक्त भएको जस्तो गरी बसिरहिन् ।

राजा कोठामा आउने वित्तिकै महापदुम राजकुमारले यस्तो दशामा पुऱ्याएको कुरा विन्ति गरिन्। राजा रीसले चूर भई राजकुमारलाई चोर प्रपातबाट खसालेर मार्न हुकुम भयो। बोधिसत्वलाई चोर प्रपातबाट खसाल्दा उनलाई पर्वतमा रहने देवताले थापेर लिई एउटा नागराजालाई जिम्मा दियो । उनले बोधिसत्वलाई नाग-लोकमा लगी आधा राज्य दिई सम्मानपूर्वक राखे ।

बोधिसत्व कुमार एक वर्ष त्यहाँ बसी, पछि प्रव्रजित भई हिमालय प्रदेशतिर गई **ध्यान-अभिञ्ञा** लाभ गरी बसे ।

एक दिन एकजना शिकारीले राजकुमारलाई चिनेर राजालाई खबर गऱ्यो। राजा तुरुन्तै त्यहाँ आइपुगेर प्रव्रजित भइरहेको राजकुमारलाई दरवारमा फर्काउन कोशिश गरियो। तर राजकुमारले राज्यमा फर्कनुको सट्टा राजालाई धार्मिक पूर्वक राज्य गर्न सल्लाह दियो ।

पछि मन्त्रीहरूबाट महारानी व्यभिचारी भएको कुरा थाहा पाई तिनलाई खुट्टा माथि टाउको तल पारेर चोर प्रपातबाट खसालेर मार्न लगायो । त्यसपछि राजाले धार्मिकपूर्वक राज्य चलायो ।"

Downloaded from http://www.dhamma.digital

## १३.९ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष



यसरी भगवान बुद्धले 'त्यस बेलाका महापदुम राजकुमार अहिलेको स्वयं बुद्ध हुनुहन्छ भने सानी आमा हुने यही चिञ्चमाणविका थिईन्' भनी प्रष्ट पार्नु भयो ।

यसै सन्दर्भमा तथागतले भन्नु भयो– "एक मात्र सत्य धर्म छोड्ने झूठो कुरा गर्ने, परलोकको विश्वास नगर्ने व्यक्तिले यस लोकमा नगर्ने पाप कर्म केही हुँदैन ।"

तथागतको यस उपदेशबाट धेरै स्रोतावर्गहरू स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित भए ।

मानिस असलको संगतमा परे असलै बन्ने, ज्ञानी,गुणी बन्ने; खराबको संगतमा पर्न गए मूर्ख भई झुठ बोल्ने, ठगी काम गर्ने, व्यभिचार जस्तो कुकर्मको अभियोग लगाई पतन हुनु पर्ने कुरा पहिले पनि थियो, अहिले पनि प्रचुर मात्रामा प्रचारमा नआएका होइनन् । जसको परिणाम स्वरूप अधोगतिमा पतन हुनु पर्ने नै हुन्छ ।

बुद्धकालिन समयमा चिञ्चमाणविका नामक एक महिला तीर्थङ्करहरूको आदेशमा फसेर तथागतलाई झुठो आरोप लगाएको कारणले तिनले नारकीय यातना भोग्नु पऱ्यो ।

त्यसकारण मूर्ख, खराब मानिस साथी बनाउँदा, संगत गर्दा, कुकर्मतिर धकेलिंदै आखिर कहिल्यै उम्कन नसक्ने खाल्टोमा पर्ने हुन्छ । यही कुरा यस कथामा निहित भएको पाइन्छ ।

Downloaded from http://www.dhamma.digital

# १३.१० असदिस दानको कथा

## १३.१० (कंजुस देवलोकमा जाँदैन)

**१३. (१७७)  "न वे कदरिया देवलोकं वजन्ति,**
**बाला हवे नप्पसंसन्ति दानं ।**
**धीरो च दानं अनुमोदमानो,**
**तेनेव सो होति सुखी परत्था" ति ॥**

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा **असदृश** अर्थात् **अनुपम** दानको कारणमा आज्ञा गर्नु भएको हो ।

एक समय भगवान बुद्ध चारिका गर्नु भई पाँच सय भिक्षु परिवार सहित जेतवनाराममा फर्कनु भयो । कोशल राजा बिहारमा गई शास्तालाई निमन्त्रणा गरी 'भोलिको लागि आगन्तुक दान' तयार पार्न लगाए । 'मेरो दान हेर्न आउनु' भनी नगरबासीहरूलाई आमन्त्रण गर्न लगाए ।

नगरबासीहरू आएर राजाको दान हेरिसकेपछि अर्को दिनको लागि तिनीहरू तथागत कहाँ गई शास्तालाई निमन्त्रणा गरी दान गर्ने सामान तयार पारी राजालाई बिन्ति गरे– "महाराज, हाम्रो पनि दान हेर्न आउनु होस् । "

राजाले तिनीहरूले दान दिएको देखेर यसरी बिचार गरे– "यिनीहरूले मैले दिएको दान भन्दा पनि महान दान दिए । फेरि यिनीहरूले भन्दा महान दान दिनेछु ।"

Downloaded from http://www.dhamma.digital

राजाले अर्को दिनको लागि दान सार्दाम जोडन लगाए । नगरबासीहरूले राजाको दान हेरिसकेपछि अर्को दिनको लागि दान-सार्दाम तयार पारे ।

यस प्रकारले दान दिनमा न राजाले नगरबासीहरूलाई जित्न सके, न नगरबासीहरूले राजालाई जित्न सके । यसरी छैंठौं पटक नगरबासीहरू सबै मिलेर सय गुणा, हजार गुणा दान सामाग्री जोरदाम गरे; जसमा कुनै चीजको कमी थिएन । तिनीहरूले दान-वस्तु यति बढी मात्रामा दान सार्दाम तयार पारेको देखेर राजाले 'अब मैले यिनीहरूले भन्दा महान दान दिन नसक्ने भएँ । अब म बाँच्नुको के प्रयोजन' भन्दै उपाय खोज्दै पलङ्गमा गई पल्टनु भयो ।

## १३.१० (क) कोशल राजाको उत्कृष्ट दान

त्यसपछि महारानी मल्लिका देवी राजा कहाँ पुगिन् र प्रश्न गरिन्– "महाराज, आज किन तपाई ओछ्यानमा ? तपाईको इन्द्रिय (अनुहार) पनि क्लान्त देखिन्छ ।"

राजाले भन्नु भयो– "देवी, तिमीलाई मेरो कुरा थाहा छैन ?"

रानीले भनिन्– "महाराज, अहँ, मलाई थाहा छैन ।"

राजाले महारानीलाई सम्पूर्ण घटेका घटनाका विवरण सुनाए ।

अनि महारानी मल्लिकाले बिन्ति गरिन् –

"महाराज, चिन्ता नगर्नु होला । तपाई पृथ्वीको ईश्वर समान राजालाई नगरवासीहरूले कहीं जितेको देख्नु भएको छ अथवा सुन्नु भएको छ र ? मैले तपाईको दान गर्ने वस्तु तयार पार्न लगाउने छु ।"

Downloaded from http://www.dhamma.digital

## १३.१० (ख) अनुपम दानको उपाय

यसरी मल्लिका महारानीले कोहीसँग तुलना गर्न नसकिने **(असदृश)** दान तयार पार्न लगाउने इच्छा गरी राजालाई यसरी बिन्ति गरिन्– "महाराज, शालकल्याण वृक्षको फल्याक बनाउन लगाई पाँच सय जना भिक्षुहरू एक चक्कर लगाई बस्न हुने गरी एउटा मण्डप बनाउन लगाउनु होस् । अरू सबै बाहिर खुल्ला ठाउँमा बस्ने छन् । पाँच सय वटा स्वेत-छत्र बनाउन लगाउनु होस् । पाँच सय जना भिक्षुहरूको पछाडि पाँच सय वटा हात्तिहरूले ती स्वेत-छत्रले प्रत्येक भिक्षुलाई ओढाउने काम गर्नेछन् । आठ अथवा दश रातो रङ्गको सुनको सानो डुङ्गाहरू बनाउन लगाई मण्डपको वीचमा राख्ने । दुइ-दुइ जना भिक्षुहरूको बीचमा एक-एक जना क्षत्रिय कुमार बसेर सुगन्ध जल छर्किरहन्छन् । एक-एक जना छत्रिय कुमारीले दुइ-दुइ जना भिक्षुहरूलाई पंखाले हम्की रहन्छिन् । अरू बाँकी रहेका क्षत्रिय कुमारीहरूले छर्किएको सुगन्ध जल थाप्दै सुनको डुङ्गामा खन्याउँदै गर्छन । ती कुमारीहरू मध्ये कसै-कसैले नीलो कमलको फूलले (पुष्पले) सुनको डुङ्गामा खन्याइएको जल चलाउँदै सुगन्ध बासना आउने गरिरहन्छन् ।"

महारानीले फेरि बिन्ति गरिन्– "महाराज, नगरवासीहरूसँग न त क्षेत्रिय कुमारीहरू नै हुन्छन्, न त स्वेत-छत्र नै हुन्छन्, न त तिनीहरूसँग चाहिने मात्रामा हात्तीहरू नै हुन्छन्; यसकारण यस्तो दानमा तिनीहरू पराजित हुन्छन् । यस्तो दान गराउनु होस्- महाराज,"

राजा साह्रै खुशी भई रानीलाई धन्यवाद दिदैं भने– "देवी, तिमीले अति उत्तम उपाय निकाल्यौं ।"

अनि महारानीले जस्तो-जस्तो भनिन्, त्यस्तै-त्यस्तै गर्न लगाए । तर एक जना भिक्षुलाई एउटा हात्ती पुगेन । अब के गर्नु पर्ला भनी रानीसँग सल्लाह गरे ।

Downloaded from http://www.dhamma.digital

महारानीले बिन्ति गरिन्– "महाराज के हामीसँग पाँच सय वटा हात्ती छैनन् र ?"

राजाले भने –"हात्ती त छन्, तर सबैभन्दा पछिल्लो हात्ती साह्रै चन्द-स्वभावको छ । त्यस हात्तीले भिक्षुहरूलाई देख्ने बित्तिकै उफ्रेर उपद्रव गर्नेछ । के गर्ने ?"

महारानीले बिन्ति गरिन्– "महाराज, त्यस चन्द हात्तीलाई कहाँ राख्नु पर्दछ भन्ने कुरा मलाई थाहा छ । त्यस हात्तीलाई **आर्य अंगुलीमाल स्थविर**लाई स्वेत-छत्र ओढाउने काम गराउनु पर्दछ ।"

राजा यस कुरामा सहमत भई त्यस्तै गर्न लगाए । त्यस्तो विधि चन्द-स्वभावको हात्तीको बच्चा आर्य अंगुलीमाल स्थविरको पछि आफ्नो पुच्छर लुकाएर, दुइ वटै कान तल पारी, दुइ वटै आँखा चिम्लेर फिटिक्कै नचलिकन शान्त भएर बसिरह्यो । त्यस्तो विधि चन्द-स्वभावको हात्ती आज शान्त भएर बसेको देखेर धेरै जसो नगरवासीहरूले त्यही हात्तीलाई मात्रै हेरिरहे ।

भगवान बुद्ध सहित सबै भिक्षुहरूलाई भोजन गराई सकेपछि राजा तथागतको समक्ष आई वन्दना गरी यसरी बिन्ति गरे– "भन्ते भगवन, 'आज यस दानशालमा जे जति पनि **कप्पिय** वा **अकप्पिय** वस्तुहरू छन् ती सबै तथागतलाई परित्याग गरेँ ।"

त्यस अवस्थाको एक दिनमा त्यस महादानमा परित्याग गरेको धन चौध करोडको थियो । भगवान बुद्धलाई ओढाइएको स्वेत-छत्र, बस्ने आसन, अढेस लगाउने फल्याक, **पादपीठ**– यी चार वस्तुको मूल्य निर्धारण गर्नै नसकिने भयो ।

भगवान बुद्धलाई फेरि एक पटक यस्तो महान् दान दिने व्यक्ति कोही पनि निस्केन । त्यसकारण त्यस दान समानको दान पछि नभएको कारणले त्यो दानको नाम नै **असदिस (असदृश)**

Downloaded from http://www.dhamma.digital

**दान**को नामले लोकमा प्रख्यात भयो । त्यस्तो दान सबै बुद्धको जीवनमा एक पटक मात्र प्राप्त हुने रहेछ । फेरि जुनसुकै समयमा पनि यस्तो दानको प्रवन्ध महिलाहरूले नै गर्ने गरेका छन् ।

## १३.१० (ग) राजाको दुइ मन्त्रीको बिचार

राजाको **काल** र **जुण्ह** भन्ने दुइ जना मन्त्रीहरू थिए । ती दुइ मध्ये काल भन्ने मन्त्रीले यस्तो चिन्तना गऱ्यो– "अहो, राजकुलको धन नोक्सान भयो । एक दिनमा चौध करोड धन खर्च भयो । यी भिक्षुहरू यत्तिका महान् दान लिई भोजन गरी निवासमा गई निदाई रहने त होला नि, राजकुलको धन विनाश भयो ।"

अर्को **जुण्ह** भन्ने मन्त्रीले विचार गऱ्यो– "अहो, आश्चर्य, राजाको महान् दान, राजा नभएकाहरूले यस्तो महान् दान कसैले पनि गर्न सक्दैनन् । सबै सत्व प्राणीलाई पुण्यानुमोदन गराएमा मैले पनि **'साधुकार'** दिई पुण्य अनुमोदन गर्न पाउने भयो ।"

भगवान बुद्धको भोजन पश्चात् राजाले अनुमोदन गराउनको लागि तथागतको पात्र लिनु भयो । तथागतले विचार गर्नु भयो– "राजाले पानी बगाए जस्तै धन खर्च गरेर महान् दान दिए । यस महा-दानवाट अधिकांश जनताको मन प्रसन्न पार्न सफल भयो कि भएन । अनि तथागतले ती दुइ मन्त्रीहरूको मनको कुरा थाहा पाउनु भयो । तथागतले चिन्तन गर्नु भयो –"यदि मैले राजाको दानलाई अनुकुल हुने दानानुमोदना धर्म-देशना गरेको खण्डमा **काल मन्त्री**को शिर सात टुक्रा भई मृत्यु हुनेछ, **जुण्ह मन्त्री स्रोतापत्ति मार्ग-फलमा** प्रतिष्ठित हुनेछ ।"

यी दुवै कुरालाई बिचार गर्नु भई कालमन्त्री प्रति अनुकम्पा राख्नु भई यस्तो असदृश महादान दिने राजालाई चार पद भएको

Downloaded from http://www.dhamma.digital

एउटा गाथा मात्र प्रकाशमा ल्याउनु भई **भुक्तानुमोदना** धर्म-देशना पूर्ण गर्नु भई तथागत आसनबाट उठ्नु भई जेतवनाराममा फर्कनु भयो ।

## १३.१० (घ) अंगुलिमाल स्थविरको निर्भिकता

भिक्षुहरूले अंगुलिमाल स्थविरलाई प्रश्न गरे– "आवुसो अंगुलिमाल, त्यस चन्द हात्तीले छत्र ओढाई रहँदा तपाईलाई कत्ति पनि डर लागेन ?"

अंगुलिमाल स्थविरले भन्नु भयो– "अहँ, मलाई कत्ति पनि डर लागेन ।"

ती भिक्षुहरू भगवान बुद्ध कहाँ गई अंगुलिमालले भनेको कुरा बिन्ति गर्न गए ।

तथागतले भन्नु भयो– "भिक्षुहरू, अंगुलिमाल सम्पूर्ण भय, डरबाट मुक्त भई सक्यो । उत्तम हात्तीहरू मध्ये जेष्ठ उत्तम हात्ती समान भएको मेरो पुत्र **क्षीणास्रवी भिक्षुलाई** कुनै प्रकारको भय-त्रास हुँदैन ।"

यसै प्रसङ्गमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"उसभं पवरं वीरं, महेसिं विजिताविनं ।**
**अनेजं न्हातकं बुद्धं, तमहं ब्रूमि ब्राह्मण" न्ति ॥**
**(ध.प. ४२२, सु.नि. ६५१)**

**अर्थ–** मनुष्यहरूमा श्रेष्ठ निर्भिक, प्रवर, वीर, महर्षि, अपराजित, निश्चल, क्लेश रहित, स्नातक ज्ञानीलाई म ब्राह्मण भन्दछु ।

Downloaded from http://www.dhamma.digital

## १३.१० (ङ) राजाको चिन्ता

राजा दुःखी भएर मन-मनै बिचार गर्नु भयो– "यस्तो परिषदको बीचमा यति महान दान-कार्य गर्ने व्यक्तिलाई अनुकूल हुने गरी तथागतले भुक्तानुमोदना धर्म-देशना गर्नु भएन। केवल एउटा गाथा मात्रै प्रकाशमा ल्याउनु भई भगवान शास्ता आसनबाट उठेर जानु भयो । मैले तथागतलाई समय अनुकुल नहुने गरी दान दिएँ कि अथवा अयोग्य वस्तु दान गरेँ कि अथवा **कप्पिय** वस्तु (भिक्षुहरूलाई योग्य वस्तु) दान दिनु पर्नेमा **अकप्पिय** वस्तु दान दिएँ कि ? किन होला ? भगवान शास्ता म देखेर रिसाउनु भएको हो की ? जसलाई भए पनि दान दिएको अनुसार सुहाउने गरी भुक्तानुमोदना धर्म-देशना अवश्य पनि गर्नु पर्ने हो ।"

त्यसपछि राजा जेतवनाराममा गई भगवान बुद्धलाई सादर वन्दना गरी यसरी बिन्ति गर्नु भयो– "भन्ते, भगवन, मैले तथागतलाई दिनु पर्ने योग्य वस्तु दान नदिइकन दान दिनु नपर्ने, अयोग्य वस्तु दान दिएँ कि ?"

भगवान बुद्धले भन्नु भयो– "महाराज, तपाईले के भन्नु भएको ? मैले तपाईले दिनु भएको दानलाई अनुकूल हुने गरी अनुमोदना धर्म-देशना नगरिकन आएकोले यस्तो भन्नु भएको हो ? तपाईले अनुकूल हुने गरी दान दिनु भएको छ। यस प्रकारको दान अरू कुनै दानसँग समान नभएको कारणले यस्तो दानलाई **असदृश दान** भनिन्छ। यस प्रकारको दान एक जना बुद्धलाई एक पटक मात्र प्राप्त हुन्छ। पछि फेरि यस्तो महादान हेर्ने अवसर पाउँदैन। अरू कसैले दिन पनि सकिँदैन ।"

Downloaded from http://www.dhamma.digital

## १३.१० (च) दुइ मन्त्रीलाई दण्ड र पुरस्कार

राजाले फेरि बिन्ति गर्नु भयो– "भन्ते भगवन, त्यसो भए किन मेरो दानलाई अनुकूल हुने गरी **भुक्तानुमोदना धर्म-देशना** नगर्नु भएको ?"

त्यसपछि भगवान बुद्धले राजालाई दुइ मन्त्रीहरूको मनमा उत्पन्न भएको कुरा अवगत गराउनु भई **काल मन्त्री** प्रति दया र अनुकम्पा राखेर राम्रोसँग अनुकूल हुने गरी भुक्तानुमोदना धर्म-देशना नगरेको कुरा आज्ञा गर्नु भयो ।

राजाले **काल मन्त्री**लाई प्रश्न गर्नु भयो– "काल, के साँच्चै नै तिम्रो मनमा यस्तो कुरा आएको हो ?"

**काल मन्त्रीले** बिन्ति गर्‍यो– "हो, महाराज, मैले यसरी नै सोचेको थिएँ ।"

राजाले भन्नुभयो– "**काल**, तिमीसँग मैले कुनै सहायता नलिइकन मेरो स्त्री-पुत्र सहित आफ्नै सम्पत्ति दान गरेकोमा तिमीले किन टाउको दुखाउनु परेको ?" अब तिमी मेरो राज्यमा बस्नु पर्दैन । निस्केर जाऊ " भनी उसलाई राज्यबाट निकाली दिए ।

त्यसपछि **जुण्ह मन्त्री**लाई बोलाएर सोध्नु भयो– "**जुण्ह**, के तिमीले यसरी बिचार गरेको साँचो हो ?"

जुण्ह मन्त्रीले हात जोड्दै भन्यो– "हो, महाराज, यो कुरो सत्य हो ।"

उसको कुरा सुनी राजा अत्यन्त प्रसन्न भई भन्नु भयो– "मामाले राम्रै कुरा मनमा राखेको रहेछ । तिमी देखेर म साह्रै खुशी

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

भएँ। तिमीले मेरो प्रजा गण सहित मैले दान दिए जस्तै सात दिन सम्म दान दिनु" भन्नु हुँदै सात दिनको लागि उसलाई आफ्नो राज्य सुम्पिदिनु भयो।

त्यसपछि राजा भगवान बुद्ध कहाँ गई यसरी बिन्ति गरे– "भन्ते भगवन, हेर्नु होस्, यस मूर्खको कुकृत्य मैले यस प्रकारले दिएको दानमा प्रहार गरेको।"

तथागतले भन्नु भयो– "हो, महाराज, मुर्खहरू अरूले गरेको दानमा प्रशंसा गर्न नसकेको कारणले दुगर्तिमा जान्छन्। धीर, पण्डितहरू अरूले गरेको दानलाई अनुमोदन गरी सुगति-स्वर्गलोकमा जाने गर्दछन्।

यसै प्रसङ्गमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो –

**"न वे कदरिया देवलोकं वजन्ति,**
**बाला हवे नप्पसंसन्ति दानं।**
**धीरो च दानं अनुमोदमानो,**
**तेनेव सो होति सुखी परत्था" ति॥**

**अर्थ–** कन्जुसहरू देवलोकमा जाँदैनन्।मूर्खहरूले दानलाई प्रशंसा गर्दैनन्। धीर (पण्डित) हरूले अरूले दिएको दानलाई समेत अनुमोदन गरी त्यसको पुण्यको प्रभावले परलोकमा सुख प्राप्त गर्दछन्।

**भावार्थ–** यस गाथामा **'कदरिया'** को अर्थ हो–साह्रै कन्जुस। **'बाला'** को अर्थ हो–यस लोक र परलोकको विषयमा केही नजानेका व्यक्तिहरू। **'धीरो'** को अर्थ हो–पण्डित। **'सुखी परत्थ'**-अरूले गरेको दानलाई अनुमोदन गरेको पुण्यको प्रभावले परलोकमा दिव्य सम्पत्ति अनुभव गर्दै सुखी भई रहन्छ।

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म-देशनाको अन्तमा **जुण्ह** नामक मन्त्री **स्रोतापत्ति मार्ग-फलमा** प्रतिष्ठित भयो । त्यहाँ उपस्थित भएका श्रोता-गणहरूलाई यस धर्म-देशना सार्थक सिद्ध भयो ।

जुण्ह मन्त्री स्रोतापन्न भइसके पछि एक सप्ताहसम्म उसलाई राजाले दान दिए जस्तै दान दिने सौभाग्य प्राप्त भयो ।

'असदिस दानको कथा'

समाप्त ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

## १३.१० यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा तथागतलाई **असदिस** अर्थात् अनुपम दान गरिएको थियो ।

एक समय भगवान बुद्ध चारिका गर्नु भई पाँच सय भिक्षुहरूका साथ जेतवनाराममा फर्कनु भयो। भोलिपल्ट कोसल राजा प्रसेनजितले तथागतलाई निमन्त्रणा गरी 'आगन्तुक दान' तयार पार्न लगाई नगरवासीहरूलाई 'मेरो दान हेर्न आउनु' भनी आमन्त्रण गर्न लगाए ।

तिनीहरूले अर्को दिनको लागि तथागतलाई निमन्त्रणा गरी दान गर्ने सामान तयार पारी 'हाम्रो पनि दान हेर्न आउनु होस्' भनी राजालाई विन्ति गरे ।

यसरी छैठौ पटकसम्म महान दान दिनमा राजा र नगरवासीहरूको होडबाजी नै चल्यो । छैठौं पटकको दानमा सबै नगरबासीहरू मिलेर राजाले भन्दा सयौं हजारौं गुणा दान सार्दाम तयार पारेको देखेर राजा निराश भई पलङ्गमा पल्टि रह्यो ।

महारानी मल्लिका देवीले राजाको मलिन मुहार देखेर प्रश्न गरिन् । राजाले तथागतलाई दिएको दानको सम्पूर्ण विवरण सुनायो ।

मल्लिकादेवीले जनता दान दिनमा राजाको दाँजोमा आउन नसक्ने कुरा अवगत गराउँदै "अनुपम दानको उपाय" बिन्ति गरिन् । जसमा शाल कल्याण वृक्षको फल्याक प्रयोग गरी पाँच सय भिक्षुहरू बस्न सक्ने गोलाकार मण्डप बनाउने, पाँच सय हात्तीहरूले प्रत्येक भिक्षुलाई स्वेत-छत्रले ओडाउने काम गराउने, मण्डपको बीचमा स-साना सुनको डुङ्गाहरू बनाउन लगाई त्यसमा सुगन्ध जल भरेर क्षत्रिय कुमारहरूले छर्की रहने, कुमारीहरूले पङ्खाले हम्की रहने आदि-इत्यादि विवरण सहित 'यसरी नगरवासीहरूले दान गर्न नसक्ने' कुरा पनि सविस्तार बिन्ति गरिन् ।

Downloaded from http://www.dhamma.digital

महारानीको बुद्धिमत्तापूर्ण उपायमा राजा सहमत भई साह्रै खुशी भए। सम्पूर्ण सामान तयार भइसके पछि तथागतलाई निमन्त्रणा गर्न लगाइयो।

सबै भिक्षुहरू सहित भगवान बुद्धलाई भोजन गराई सकेपछि राजा तथागत समक्ष आई वन्दना गरी हात जोडेर भने– "भगवान, आज यस दान शालामा जे-जति **कप्पिय** वा **अकप्पिय** वस्तुहरू छन् ती सबै तथागतलाई परित्याग गरे।"

भगवान बुद्धलाई ओढाइएको श्वेत-छत्र, बस्ने आसन, अडेस लाउने फल्याक, पादपीठ– यी चार वस्तुको मूल्य बाहेक त्यस महादानमा परित्याग गरेको धन चौध करोडको थियो।

त्यस प्रकारको दान अन्य व्यक्तिले गर्न नसक्ने फेरि भविष्यमा पनि सम्भव नहुने भएको कारणले त्यस दानलाई **असदिस** (अनुपम) नामले लोकमा प्रख्यात भयो। त्यस्तो दान सबै बुद्धहरूको जीवनमा एक पटक मात्र प्राप्त हुने, फेरि त्यस्तो दानको प्रवन्ध महिलाहरूले नै गर्ने गरेका छन्।

Dhamma.Digital

राजाका **काल** र **जुण्ह** भन्ने दुइ मन्त्रीहरू मध्ये कालको मनमा यस्तो विचार आयो– "एक दिनमा चौध करोड खर्च गरी राजकुलको धन नोक्सान भयो। यी भिक्षुहरू महान दान लिई, भोजन गरी निवासमा गई निदाई रहने त होला नि।"

**जुण्ह** मन्त्रीले यस महान दानलाई प्रशंसा गर्दै पुण्यानुमोदन गराइएको खण्डमा– "मैले पनि 'साधुकार' दिई पुण्य आर्जन गर्न पाउने भयो" भन्दै खुशी भयो।

भगवान बुद्धको भोजन पश्चात् राजाले दानानुमोदना धर्म-देशनाको लागि प्रार्थना गर्नुभयो। राजाले 'पानी बगाए जस्तै' धन खर्च गरेर महान दान दिए। यसमा नगरबासीहरू प्रसन्न छन् कि छैनन' भनी तथागतले विचार गर्नु हुँदा–दुइ मन्त्रीहरूको मनको कुरा

Downloaded from http://www.dhamma.digital

थाहा पाउनु भयो–"राजाको महान दानलाई अनुकूल हुने गरी दानानुमोदना धर्म-देशना गरेको खण्डमा 'काल मन्त्रीको शिर सात टुका भई मृत्यु हुनेछ, जुण्ह मन्त्री स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित हुनेछ"

यी दुवै कुरालाई विचार गर्नु भई 'काल मन्त्री प्रति अनुकम्पा राख्नु भई यस्तो महान दान दिएको राजालाई चार पद भएको एउटा गाथा मात्र प्रकाशमा ल्याउनु भई तथागत जेतवनाराममा फर्कनु भयो ।

त्यस्तो महान दानमा दान अनुसारको महत्ता दर्शाइएको तथागतको धर्म-देशना सुन्न नपाएकोले राजा दुःखी भई 'योग्य वस्तु दान दिनु पर्नेमा अयोग्य वस्तु दान दिएँ कि' भन्ने शङ्काले राजा जेतवनाराममा पुगे ।

तथागतले राजालाई सम्झाउदै भन्नु भयो– "महाराज, यो अनुकूल हुने गरी दिइएको दान हो यो उच्चस्तरको दान अरू कुनै दानसँग तुलना गर्न नसकिने भएकोले '**असदिस दान'** हो । यस प्रकारको दान एक जना बुद्धलाई एक पटक मात्र प्राप्त हुन्छ" ।

अनि काल मन्त्री प्रति दया र अनुकम्पा राख्नु परेको कारणले अनुकूल धर्मदेशना नभएको कुरा प्रकाशमा ल्याउनु भयो ।"

राजाले कालमन्त्रीसँग गरेको प्रश्नको उत्तरमा उसँग रिसाएर उसलाई राज्यबाट निकाली दिए । जुण्ह मन्त्रीले उक्त दानमा सहमति जनाएको कारणले राजा खुशी भई सात दिनसम्मको राज्य सुम्पि दिए ।

तथागतलाई यी कुरा जानकारी दिए पछि तथागतले भन्नु भयो– "महाराज, मूर्खहरू अरूले गरेको दानमा प्रशंसा गर्न नसकेको कारणले दुर्गतिमा जान्छन् । धीर, पण्डितहरू अरूले गरेको दानलाई अनुमोदन गरी सुगति-स्वर्ग लोकमा जाने गर्दछन् ।"

Downloaded from http://www.dhamma.digital

यसै सन्दर्भमा तथागतले गाथाद्वारा यसरी प्रकाश पार्नु भयो–

"कन्जुसहरू देवलोकमा जादैनन् । मूर्खहरूले दानलाई प्रशंसा गर्दैनन् । पण्डितहरू (धीरहरू) ले अरूले गरेको दान समेत अनुमोदन गरी त्यसको पुण्यको प्रभावले परलोकमा सुख प्राप्त गर्दछन् ।"

तथागतको यस धर्म-देशनाको अन्तमा जुण्ह मन्त्री स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित भयो। त्यहाँ उपस्थित भएका श्रोतागणहरूलाई यस धर्म-देशना सार्थक भयो ।

जुण्ह मन्त्रीलाई स्रोतापन्न भइसके पछि एक सप्ताहसम्म राजाको आदेशानुसार दान दिने सौभाग्य प्राप्त भयो ।

यस कथामा भगवान बुद्धलाई दान दिनको लागि कोशल राजा प्रशेनजित र नगरबासीहरूको होडबाजी चलेको कारणले नै तथागतलाई अनुपम दान दिने योजना बन्यो। यस दानमा महारानी मल्लिकादेवीले राजाले बाहेक नगरबासीहरूले व्यवस्था मिलाउन नसक्ने गरी मण्डप बनाउने कार्यदेखि लिएर पाँच सय हात्तिको व्यवस्था गरी अन्य धेरै मोल पर्ने सरसामानहरूको चाँजो-पाँजो मिलाई चौध करोड भन्दा बढी खर्च गरी तथागतलाई दान दिने व्यवस्था मिलाइएको थियो ।

राजाको दुइ मन्त्रीहरू मध्ये **काल** भन्ने मन्त्रीले यस दानलाई समर्थन नगरेको कारणले उसलाई राज्यबाट निकाला गरियो भने **जुण्ह** नामक मन्त्रीले यस दानलाई अनुमोदन गरी 'साधुकार' दिएको र तथागतको धर्म-देशनालाई ध्यान दिई सुनेको कारणले स्रोतापत्ति मार्ग फलमा प्रतिष्ठित हुन सफल भएको थियो ।

यसरी यस कथामा एक जना बुद्धले एक पटक मात्र प्राप्त हुने **असदिस** अर्थात अनुपम दानको चित्रण स्पष्ट दर्शाइएको छ भने राजाले महान दान दिएकोमा दुइ मन्त्रीहरूको चित्त स्थिति फरक-फरक भएको कारणले त्यसको फल-विपाक पनि फरक तरिकाले भोग्नु परेको कुरा यसमा छर्लङ्ग्याइएको छ ।

Downloaded from http://www.dhamma.digital

## १३.११ अनाथपिण्डिकको पुत्र (काल) को कथा

### **१३.११** (स्रोतापत्ति फल श्रेष्ठ हो)

**१३. (१७८) "पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा,**
**सब्बलोकाधिपच्चेन, सोतापत्तिफलं वर" न्ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा अनाथपिण्डिकको **'काल'** भन्ने पुत्रको कारणमा आज्ञा गर्नु भएको हो।

अनाथपिण्डिक महाजन भगवान बुद्धप्रति ठूलो श्रद्धा राख्नु हुन्थ्यो। उहाँको **काल** भन्ने एक छोरो थियो। त्यस्तो श्रद्धा सम्पन्न महाजनको छोरो भइकन पनि ऊ भगवान बुद्ध कहाँ जाँदैनथ्यो, तथागत आफ्नो घरमा आउनु हुँदा पनि न दर्शन गर्न जान्थ्यो, न धर्म-उपदेश नै सुन्थ्यो। भिक्षु संघलाई सेवा-सत्कार पनि गर्दैनथ्यो, न त गर्न नै चाहन्थ्यो।

महाजनले आफ्नो छोरोलाई– 'छोरो, यसो गरेर नहिंड' भने पनि बुवाको कुरालाई वास्ता गर्दैनथ्यो।

अनि महाजनलाई यस्तो चिन्ता भयो– "यो मेरो छोरो यस्तै **मिथ्या दृष्टि** भएर हिड्यो भने **अवीची नरकमा** पर्नेछ। म यसलाई त्यसो हुन दिंदैन। म छँदा-छँदै मेरो छोरो नरकगामी भएको मैले कसरी हेरी रहने ?"

महाजनले फेरि विचार गऱ्यो– "यस संसारमा धन दिएमा नभुल्ने मानिस कोही हुँदैन। यसलाई धनको प्रलोभन दिएर भए पनि सत्मार्गमा लगाउनु पऱ्यो।"

त्यस पछि अनाथपिण्डिक महाजनले छोरोलाई बोलाएर भन्यो– "छोरो, आज तिमी **उपोसथ व्रत** मा बसेर विहारमा गई धर्म-उपदेश सुनेर आउनु। म तिमीलाई **एक सय कार्षापण** (असर्फी) दिनेछु।"

Downloaded from http://www.dhamma.digital

छोरोले भन्यो– "पिताजी, साँच्चै मलाई एक सय कार्षापण दिने हो ?"

महाजनले भन्यो– "छोरो, मैले तिमीलाई एक सय कार्षापण पक्कै दिनेछु।"

छोरोले आफ्नो पिताजीलाई तीन पटकसम्म कबुल गराइसकेपछि **उपोसथ व्रत** ग्रहण गरी विहारमा गयो। उसलाई धर्म-उपदेश सुन्ने कुरासँग मतलब थिएन। आफूलाई सुविधा हुने ठाँउमा रातभरी सुतेर बिहान सबेरै घर फर्क्यो।

छोरो घर आइपुगेको देखेर 'मेरो छोरो **उपोसथ व्रत** बसेर आएको, भोक लाग्यो होला, छिटो **यागु** आदि खानेकुरो ल्याई दिनु' भन्दै उसको अगाडि खाना राखी दियो।

महाजन पुत्रले '**कार्षापण** नलिइकन मैले खानेकुरा खाँदिन' भन्दै नखाइकन बसिरह्यो। त्यसैले महाजनले इच्छा नहुँदा-नहुँदै कार्षापणको पोका पठाई दियो। छोरोले **कार्षापणको** पोको हातमा परे पछि मात्रै खानेकुरा खायो।

भोलिपल्ट अनाथपिण्डिक महाजनले छोरोलाई बोलाएर भन्यो– "छोरो, तिमीलाई **एक हजार कार्षापण** दिनेछु। तिमी भगवान शास्ताको अगाडि बसेर एउटा **धम्मपद** को गाथा कण्ठ गरेर आउनु।"

यसो भनेर उसलाई बिहारमा पठाई दियो। छोरो बिहारमा गएर शास्ताको अगाडि बसेर एउटा गाथा कण्ठस्थ गरी त्यहाँबाट भागेर आउने बिचार गरी रह्यो। तर तथागतले उसको मनको कुरा जानेर उसले कण्ठ गर्न नसक्ने गरी धर्म-देशना गरी रहनु भयो। उसले त्यस गाथा कण्ठ गर्न नसकेकोले 'अर्को गाथा भए पनि कण्ठ गर्छु' भनी धर्म-देशना सुनेर बसी रह्यो। 'एउटा गाथा जसरी भए पनि कण्ठ गरौंला' भनी धर्म-देशना सुनी रहँदा उसलाई झन्-झन्

Downloaded from http://www.dhamma.digital

धर्मको कुरा सुन्न मन लाग्यो । यस प्रकार उसले धर्म-श्रवण गर्दा-गर्दै **स्रोतापत्ति मार्ग**को कुरा सुन्ने अवसर पायो । महाजन-पुत्रले यसलाई कण्ठ गर्ने हिसावले खूब ध्यान दिई सुनिरह्यो । त्यसबेला तथागतले उसले कण्ठ गर्न नसक्ने गरी धर्म-देशना गर्नु भयो । उसलाई त्यहाँबाट उठेर जान नसक्ने ऋद्धि फैलाउनु भयो । उसले 'अब देशना गर्ने गाथा एउटा जसरी भए पनि कण्ठ गर्छु' भनी मनमा राखी खूब ध्यान दिई सुनि रहँदा-रहँदै महाजन पुत्र **स्रोतापत्ति मार्ग-फलमा** प्रतिष्ठित भयो ।

भोलिपल्ट भगवान बुद्ध प्रमुख भिक्षु महासंघ सहित श्रावस्ती नगरमा जाँदा महाजन पुत्र पनि साथमा गयो । अनाथपिण्डिक महाजनले उसलाई देख्ने वित्तिकै यसरी विचार गऱ्यो– "आज मेरो छोरोको मुखाकृति राम्रो देखियो ।"

महाजन-पुत्रको मनमा पनि यस्तो बिचार आयो– "आज मेरो पिताजीले तथागतको अगाडि असर्फीको पोका नदिए हुन्थ्यो । 'असर्फीको पोकोको कारणले मैले **उपोसथ ब्रत** पालन गरेको' भन्ने कुरा अरूले थाहा नपाए हुन्थ्यो ।"

तथागतलाई 'हिजै असर्फीको पोको लिनुको लागि उपोसथ ब्रत लिएको' भन्ने कुरा थाहा थियो । महाजनले भिक्षुसंघ सहित भगवान बुद्धलाई दान दिई सकेपछि आफ्नो छोरोलाई पनि यागु दियो । उसले थपक्क बसेर केही नबोलिकन यागु पियो, खानेकुरा खायो, भोजन पनि गऱ्यो

भगवान बुद्धले भोजन गरि सक्नु भए पछि अनाथपिण्डिक महाजनले आफ्नो पुत्रको अघिल्तिर एक हजार असर्फीको पोको राख्दै यसो भन्यो– "प्रिय पुत्र, मैले तिमीलाई विहारमा गई **उपोसथ शील** पालन गरे एक हजार असर्फी दिनेछु भनेको थिएँ । त्यो असर्फीको पोको यही हो, लेऊ ।"

Downloaded from http://www.dhamma.digital

तथागतको अगाडि यसरी असर्फीको पोको राखी दिएको देखेर उसलाई लाज लाग्यो र भन्यो– "भइहाल्यो, मलाई असर्फीको पोको चाहिँदैन ।"

महाजनले भन्यो– "प्रिय पुत्र, 'लेऊ' भन्दा-भन्दै पनि उसले लिएन ।

त्यसपछि महाजनले तथागतलाई वन्दना गरी यसरी बिन्ति गऱ्यो– "भन्ते, भगवन, आज मेरो पुत्रको अनुहार राम्रो देखिन्छ ।"

तथागतले प्रश्न गर्नु भयो– "महाजन, किन के भयो ?"

महाजनले हात जोड्दै भन्यो– "भन्ते, भगवन, दुइ दिन पहिले मैले यस छोरोलाई 'एक सय असर्फी दिन्छु' भनेर बिहारमा पठाएको थिएँ । हिजो यसले असर्फी नलिइकन खाना खान मानेन । आज भने असर्फीको पोको 'लेऊ' भन्दा पनि लिने इच्छा गरेन ।"

तथागतले भन्नु भयो– "हे महाजन, आज तपाईको छोरोको लागि चक्रवर्ती राजाको सम्पत्ति भन्दा पनि तथा देवलोक र ब्रह्मलोकको सम्पत्ति भन्दा पनि स्रोतापत्ति फल नै श्रेष्ठ भएको छ ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो–

**"पथब्या एकरज्जेन, सग्गस्स गमनेन वा,**
**सब्बलोकाधिपच्चेन, सोतापत्तिफलं वर" न्ति ॥**

**अर्थ–** यस पृथ्वीको एक छत्र राज्य भन्दा पनि, स्वर्ग जान पाउने भाग्य भन्दा पनि अथवा सम्पूर्ण लोकको आधिपत्य भन्दा पनि स्रोतापत्ति फल प्राप्त गर्नु उत्तम हो, श्रेष्ठ हो ।

**भावार्थ–** यस गाथामा **पथब्या एकरज्जेन** चक्रवर्ती राज्यलाई भनिएको हो । **सग्गस्स गमनेन** वा छब्बीस प्रकारका स्वर्गमा गई जन्म लिनु भन्दा पनि

Downloaded from http://www.dhamma.digital

**सब्बलोकाधिपच्चेन** एउटा मात्रै लोकमा होइन कि धेरै लोकहरूमा जस्तै **नाग लोक, गरुड लोक, वेमानिक प्रेत लोक** सहित सम्पूर्ण लोकको अधिपत्ति हुनु भन्दा पनि **स्रोतापत्ति फलंवरंन्ति** स्रोतापति फल नै श्रेष्ठ छ । किनभने यी लोकहरूमा राजा भई राज्य गरे पनि नरक आदिबाट मुक्त हुन सकिंदैन । स्रोतापन्न भइसकेको पुद्‌गलको **अपाय दुर्गति** को ढोका बन्द भइसकेको हुन्छ । उसको लागि वढीमा **सात जन्म मात्र** लिए पुग्छ । त्यसकारण स्रोतापत्ति फल नै श्रेष्ठ र उत्तम भन्ने अर्थ हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरू **स्रोतापत्ति मार्ग-फल** प्राप्त गर्नमा सफल भए ।

'अनाथपिण्डिक-पुत्र कालको कथा'

Dhamma.Digital

समाप्त ।

'लोगवर्गको वर्णन'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १३.११ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय तथागत जेतवनाराममा विहार गरिरहनु हुँदा अनाथपिण्डिक महाजनको **काल** भन्ने पुत्रको कारणमा यो घटना अगाडि बढिएको छ ।

महाजनको भगवान बुद्धप्रति ठूलो श्रद्धा भाव थियो । तर पुत्रकाल भने आफ्नै घरमा आउनु भएको तथागतलाई न वन्दना गर्न जान्थ्यो, न धर्म उपदेश सुन्थ्यो, न भिक्षु संघलाई सेवा-सत्कार नै गर्थ्यो ।

छोरोको यस्तो स्वभावले महाजनलाई चिन्ताले सताउँथ्यो– "यो छोरो यस्तै मिथ्यादृष्टि भएर हिड्यो भने अवश्य नरकगामी हुनेछ । यसलाई धनको लोभ देखाएर भए पनि सत्मार्गमा लगाउनु पर्‍यो ।"

एक दिन महाजनले आफ्नो छोरालाई **उपोसथ** ब्रत बसी तथागतको धर्म-उपदेश सुनेर आएको खण्डमा **एक सय कार्षापण** दिने बाचा गरी उसलाई जेतवनाराममा जान बाध्य तुल्याई दियो । महाजन पुत्रले त्यहाँ गई आफूलाई सुविधा हुने ठाउँमा रातभरी सुतेर, बिहान घर फर्केर कार्षापण लिएर मात्रै विहानको खाना खायो ।

भोलिपल्ट तथागतको समक्ष बसी धम्मपदको एक गाथा कण्ठस्थ गरी सुनाउन सके एक हजार कार्षापण दिने निश्चय गरी उसलाई तथागत कहाँ पठाई दियो ।

महाजन-पुत्र जसरी भए पनि एक गाथा कण्ठस्थ गरी भागेर जाने कुरा तथागतले थाहा पाउनु भई उसले कण्ठस्थ गर्न नसक्ने गरी धर्म-देशना गरिरहनु भयो । कण्ठस्थ गर्नु परेको कारणले उसलाई धर्मको कुरा ध्यान दिएर सुन्नु पर्ने भयो । धर्म श्रवण गर्दा गर्दै स्रोतापत्ति मार्गको कुरा सुन्ने अवसर पायो । धर्म-कथा सुन्नमा उसको ध्यान मजबुत हुँदै अन्तमा ऊ स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित भयो ।

Downloaded from http://www.dhamma.digital

यसरी अनाथपिण्डिक महाजनले कुमार्गतिर ढल्केको छोरो काल कुमारलाई अनेक उपायद्वारा सुमार्गमा लगाई स्रोतापत्ति मार्ग-फल जस्तो आर्य मार्ग-फल प्राप्त गराई आर्य पुद्गल बनाउनमा सफल भयो ।

यसै सन्दर्भमा तथागतले भन्नुभयो– "महाजन आज तपाईको छोरोको लागि चक्रवर्ती राजाको सम्पत्ति तथा देवलोक र ब्रह्मलोकको सम्पत्ति भन्दा पनि स्रोतापत्ति फल नै श्रेष्ठ भएको छ ।"

तथागतले यसलाई अझ व्याख्या गर्नु भई भन्नु भयो– "यस पृथ्वीका एक छत्र राज्य भन्दा पनि स्वर्ग जान पाउने भाग्य भन्दा पनि अथवा सम्पूर्ण लोकको आधिपत्य भन्दा पनि स्रोतापत्ति फल प्राप्त गर्नु उत्तम हो, श्रेष्ठ हो ।"

यस महापृथ्वीमा एक छत्र राज्य गरी चकवर्ती राजा भए पनि, छब्बीस प्रकारका स्वर्गमा गई जन्म लिनु भन्दा पनि, धेरै लोकहरूमा जस्तै नाग-लोक, गरुड-लोक, वेमानिक प्रेत-लोक सहित सम्पूर्ण लोकहरूको अधिपति हुनु भन्दा पनि स्रोतापत्ति फल श्रेष्ठ छ । किनभने यी लोकहरूमा राजा भई राज्य गरे पनि नरक, प्रेत, असुर, तिर्यक आदि अपाय दुर्गतिबाट मुक्त हुन सकिंदैन । स्रोतापन्न भइसकेको पुदगलको लागि अपाय दुर्गतिको ढोका सदाको लागि बन्द भइसकेको हुन्छ । उसको लागि बढीमा केवल सात जन्म लिए पुग्छ । त्यसकारण स्रोतापति फल नै श्रेष्ठ छ, उत्तम छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा थुप्रै मानिसहरू स्रोत्तापत्ति मार्ग-फल प्राप्त गर्नमा सफल भए ।

Downloaded from http://www.dhamma.digital

# १४. बुद्धवग्गो

## १४.१ मार कन्याहरूको कथा

**१४.१** (कुन पद (बाटो) बाट बुद्धलाई लिएर जान्छौ ?)

**१४.(१७९) "यस्स जितं नावजीयति,**
**जितं यस्स नोयाति कोचि लोके ।**
**तं बुद्धमनन्तगोचरं,**
**अपदं केन पदेन नेस्सथ ॥**

**१४.(१८०) "यस्स जालिनी विसत्तिका,**
**तण्हा नत्थि कुहिञ्चि नेतवे ।**
**तं बुद्धमनन्तगोचरं**
**अपदं केन पदेन नेस्सथा" ति ॥**

शास्ता बोधिमण्डपमा विहार गरिरहनु हुँदा मार-कन्याहरूको कारणमा यो धर्म-देशना गर्नु भएको थियो । पछि फेरि श्रावस्तीमा **कुरु-राष्ट्र**मा बस्ने **मागण्डिय ब्राह्मण**लाई देशना गर्नु भएको हो ।

कुरु राष्ट्रमा मागण्डिय ब्राह्मणको अत्यन्तै राम्री एउटी छोरी थिइन् । तिनको नाम पनि **मागण्डिय** नै थियो । मागण्डिय साह्रै राम्री भएकी कारणले अनेक महाकुल वंशका ब्राह्मणहरू तथा क्षत्रियहरूले 'तपाईकी छोरी एउटी हामीलाई दिनु होस्', भनी मागण्डिय ब्राह्मणलाई भन्न पठाई रहे । त्यस ब्राह्मणले 'तिमीहरू मेरी छोरीलाई योग्य छैनौ' भन्दै फर्काएर पठाई दिन्थ्यो ।

एक दिन तथागतले लोकमा ध्यानले हेर्नु हुँदा आफ्नो ज्ञान रूपी जालमा पसेको मागण्डिय ब्राह्मणलाई देख्नु भयो । 'यो भविष्यमा के हुनेछ' भनी बिचार गरेर हेर्नु हुँदा ब्राह्मण र ब्राह्मणी दुवैले तीन

Downloaded from http://www.dhamma.digital

वटै मार्ग-फल प्राप्त गर्न सक्ने **उपनिस्सय** (आधार) देख्नु भयो । ब्राह्मण पनि दिन-दिनै गाउँबाट बाहिर गई अग्नि-पूजा गर्न जाने रहेछ ।

भगवान बुद्ध विहान सबेरै पात्र-चीवर धारण गर्नु भई त्यस ठाउँमा पुग्नु भयो । ब्राह्मणले तथागतको रूप-शोभा देखेर 'यस लोकमा यो जस्तो राम्रो पुरुष अरू भेट्टाउन सकिदैंन, यो व्यक्ति मेरो छोरीलाई सुहाउँछ । यसैलाई मेरो छोरी दिनु पर्‍यो' भनी बिचार गरी उसले तथागतलाई यसरी भन्यो –

"हे महाश्रमण, मेरी एउटी छोरी छिन् । अहिले सम्म मेरी छोरीलाई सुहाउने पुरुष नदेखेकोले तिनी अरू कसैलाई विवाह गरेर दिएको छैन । तपाई तिनको निमित्त योग्य पुरुष हुनु हुन्छ । मैले मेरी छोरीलाई तपाईको खुट्टा मिच्ने **पादपरिचारिका** को रूपमा दिन चाहन्छु । तिनलाई म यहाँ लिएर आउने छु । म नआउँन्जेलसम्म तपाई यही बस्नु होला ।"

तथागतले उसको कुरा सुनेर न अभिनन्दन गर्नु भयो, न प्रतिकार नै गर्नु भयो; वरु चुप लागेर बस्नु भयो ।

ब्राह्मण घरमा गएर ब्राह्मणीलाई यसो भन्यो– "हे ब्राह्मणी, आज मैले मेरी छोरीलाई योग्य पुरुष भेट्टाएर आएँ ।

छोरीलाई छिटो-छिटो राम्रो लुगा गहना लगाउन दिई ब्राह्मणी सहित छोरीलाई लिई त्यसै स्थानमा आइपुग्यो । गाउँका धेरै मानिसहरू पनि अचम्म मान्दै घरबाट निस्केर त्यसै ठाउँमा आइपुगे । तथागत ब्राह्मणले भनेको ठाउँमा नवसिकन त्यस ठाउँमा पाद-चिन्ह देखिने गरी छोड्नु भई अर्कै ठाउँमा जानु भयो ।

वुद्धहरूको पाद चिन्ह भनेको 'यस व्यक्तिले देख्न सकोस्' भनी **अधिष्ठान** गरी पाइला राख्नु भएको ठाउँमा मात्रै देख्न सकिन्छ । अरू ठाउँमा पाद-चिन्ह देख्न सकिदैन ।

Downloaded from http://www.dhamma.digital

ब्राह्मणसँगै आएकी ब्राह्मणीले सोधिन्– "त्यो व्यक्ति खोइ त ? "

ब्राह्मणले भन्यो –"मैले उहाँलाई 'यही बसी-रहनु होस्" भनेको थिएँ भन्दै यता-उति हेर्दा तथागतको पाद-चिन्ह देखेर ब्राह्मणीलाई देखाउँदै भन्यो– "यही हो, उहाँको पाद-चिन्ह ।"

ब्राह्मणी पाद-चिन्ह हेर्नमा दक्ष थिइन् । त्यसैले तिनले पाद-चिन्ह देख्ने बित्तिकै ब्राह्मणलाई यसो भनिन्– "हे ब्राह्मण, यो पाद-चिन्ह काम भोग गर्नेको हुन सक्दैन ।"

ब्राह्मणले भन्यो– "प्रिये, तिमी त पानी नभएको ठाउँमा गोही देख्ने जस्तो छ । मैले अघि त्यस श्रमणलाई 'मेरी छोरी दिन्छु' भन्दा उनले मलाई स्वीकृति दिनु भएको छ ।"

ब्राह्मणको कुरामा ब्राह्मणीलाई विश्वास लागेन र तिनले ब्राह्मणलाई फेरि यसो भनिन् –"हे ब्राह्मण, तिमीले जे सुकै भने पनि म पत्याउँदिन । यो पाद-चिन्ह क्षीणास्रवी श्रमणको हो"

यसो भन्दै तिनले यो गाथा उच्चारण गरिन्–

**"रत्तस्स हि उक्कुटिकं पदं भवे,**
**दुट्ठस्स होति सहसानुपीलितं ।**
**मूलहस्स होति अवकड्ढितं पदं,**
**विवट्टच्छदस्स इदमीदिसं पद" न्ति ॥**

**– (विसुद्धिमग्गो -१.४५;) (अं.नि.अट्ठ.१.१.२६०-२६१;) (ध.प.अट्ठ.१.सामावतीवत्थु) ।**

**अर्थ**– रागी व्यक्तिको पाइतालाको मध्य भागले भूमी स्पर्स नगर्ने (**उक्कुटिक**) हुन्छ । द्वेषी व्यक्तिले पाइला राख्दा जोडले (**सहसानुपीलित**) टेक्छ । मुढ चरित्र भएको व्यक्तिले पाइलाले टेक्दा

Downloaded from http://www.dhamma.digital

**(अवकड्ढितं)** भूमिमा पूरा टेक्छ । यो अहिले देखिएको पाद-चिन्ह **(विवट्टच्छदस्स)** क्लेश रहित भई भव-सागर पार गरिसकेको श्रमणको नै हुनु पर्दछ ।

त्यस पछि ब्राह्मणले भन्यो– "हे ब्राह्मणी, धेरै नकराऊ । मेरो पछि-पछि आउनु ।"

यसो भन्दै बाटोमा हिडिरहँदा तथागतलाई देखेर यसो भन्यो– "यही हो, त्यो व्यक्ति जसलाई मैले अघि देखेको थिएँ ।"

यति भनेर ब्राह्मण तथागतको नजिक गई यसरी बिन्ति गर्‍यो– "भो श्रमण, मेरी छोरी म तपाईलाई कन्या दान दिन्छु ।"

तथागतले भन्नु भयो– "ब्राह्मण, मलाई तिम्रो छोरीको आवश्यकता छैन ।"

यसरी भन्नु हुँदै फेरि ब्राह्मणलाई सम्बोधन गर्नु भई भन्नु भयो–"ब्राह्मण, म तिमीलाई एउटा कारण भन्नेछु । के तिमी सुन्न चाहन्छौं ?"

ब्राह्मणले बिन्ति गर्दै भन्यो– "भो श्रमण, हुन्छ, भन्नु होस्, मैले सुन्नेछु ।"

अनि तथागतले **महाभिनिष्क्रमण** देखिका अतीतका कुरा उल्लेख गर्नु हुँदै भन्नु भयो–

## १४.१ (क) संक्षिप्त अतीतका कुरा

"बोधिसत्व (महासत्व) सिद्धार्थले राज्य-ऐश्वर्य सम्पूर्ण सुख-सम्पत्तिलाई त्यागेर कन्थक घोडामा चढेर छन्दक सारथिको साथमा **महाभिनिष्क्रमण** गर्नु भयो । त्यसबेला नगरद्वारमा बसिरहेको मारले भन्यो– "हे सिद्धार्थ, तिमी फर्केर जाऊ । आजबाट सातौं दिनमा तिम्रो लागि चक्ररत्न उत्पन्न हुनेछ ।"

Downloaded from http://www.dhamma.digital

बोधिसत्वले मारलाई भन्नु भयो– "हे मार, यो कुरा मलाई राम्रोसँग थाहा छ । मलाई चक्ररत्नको आवश्यकता छैन ।"

मारले प्रश्न गऱ्यो– "हे सिद्धार्थ, त्यसो भए तिमीले के को लागि गृह-त्याग गर्दछौ त ?"

प्रत्युत्तरमा सिद्धार्थले भन्यो– "हे मार, सर्वज्ञता ज्ञान (**सब्बञ्ञुतञ्ञाण**) को लागि मैले गृह-त्याग गर्दैछु ।"

मारले भन्यो– "हे सिद्धार्थ, त्यसो भए तिमीले आजदेखि एक पटक मात्र **काम वितर्क** आदि मनमा ल्याएको खण्डमा 'मैले तिमीलाई के गर्छु' मलाई थाहा छ ।"

त्यस बेलादेखि मार सात वर्षसम्म मेरो दोष पत्ता लगाउन मेरो पछि-पछि लागि रह्यो ।

बोधिसत्वले छ वर्षसम्म **दुष्कर चर्या** गर्नु भयो । प्रत्येक मानव मात्रको हित-सुखको लागि बोधिवृक्ष मुनि बस्नु भई सर्वज्ञता ज्ञान **(सब्बञ्ञुतञ्ञाण)** साक्षात्कार गर्नु भयो । विमुक्ति सुख अनुभव गर्नु हुँदै पञ्चम सप्ताहमा तथागत **अजपाल निग्रोध वृक्ष**-मुनि बस्नु भयो ।

त्यस बेला मारले 'यत्तिका वर्ष यसको पछि-पछि लाग्दा पनि कुनै पनि दोष देख्न सकिन' अनि मारले बिचार गऱ्यो– "अब यो व्यक्ति मेरो पञ्जाबाट मुक्त हुने भयो ।"

यसरी सोच्दै दिक्क भई बाटोको बीचमा बसिरह्यो ।

त्यस पछि मारका तीन छोरीहरू– **तण्हा, अरती र रगा**ले आफ्ना पितालाई नदेखेकोले 'कहाँ गयो होला' भनी यता-उति खोज्न जाँदा त्यहीं बाटोमा बसिरहेको देखेर उसको नजिक गई यसरी प्रश्न गरे – "पिताजी, तपाई किन यहाँ दिक्क मानेर अपसोच गर्नु भई बस्नु भएको ?"

Downloaded from http://www.dhamma.digital

मारले आफ्नो सबै कुरा छोरीहरूलाई जानकारी दियो । तिनीहरूले भने– "पिताजी, तपाईले यसरी चिन्ता गर्नु पर्दैन । हामी तीनै जना मिलेर उहाँलाई हाम्रो बशमा पारी यहाँ ल्याउने छौं ।"

मारले भन्यो– "छोरीहरू, तिमीहरूले उहाँलाई केही गरे पनि वशमा लिन सक्तैनौ ।"

तिनीहरूले फेरि बाबुलाई सम्झाए– "पिताजी, हामी स्त्रीहरूको राग-पासले बाँधेर उहाँलाई तुरुन्तै यहाँ ल्याउने छौं । तपाईले केही चिन्ता लिनु पर्दैन ।"

यति भन्दै तिनीहरू तथागत कहाँ गएर यसो भने– "श्रमण, हामी तपाईको पाउ मलि दिन्छौं, खुट्टा मिचि दिन्छौं,"

तथागतले तिनीहरूको कुरामा ध्यान दिनु भएन । आँखा खोलेर एक पल्ट यसोक पनि हेर्नु भएन ।

त्यस पछि मार-पुत्रीहरूले आपसमा यसरी कुरा गर्न थाले– "कोही-कोही पुरुषहरूले कुमारी केटीहरूलाई मन पराउँछन, कसैले भर्खरको तरुणीहरूलाई मन पराउँछन्, कसैले अध वैस्यहरूलाई मन पराउँछन् भने कसैले वैस गइसकेका स्त्रीहरूलाई पनि मन पराउँछन् । 'अब हामीले यस पुरुषलाई भिन्न भिन्न प्रकारका स्त्री-रूप देखाएर हाम्रो जालमा फँसाउनु पऱ्यो' भन्दै एक जनाले सयौं कुमारी-केटीहरूको रूप निर्माण गरिन् । अर्कोले भर्खरको तरुणीहरू निर्माण गरिन्, तेस्रो एउटा बच्चा पाइसकेको, अध-वैस्य, आदि गरी छ थरीका स्त्री-रूपहरू निर्माण गरिन् ।

अनि तिनीहरू सबै भगवान बुद्ध कहाँ गई यसो भने– "भो श्रमण, हामीहरूले तपाईको खुट्टा मिचि दिन्छौं, अनेक प्रकारले सेवा-चाकरी गर्छौं" तैपनि तथागतले तिनीहरूको कुरामा ध्यान दिनु

Downloaded from http://www.dhamma.digital

भएन किनभने उहाँ सम्पूर्ण आसक्ति (**उपधिसङ्खये**) बाट मुक्त भई सक्नु भएको थियो । अझै पनि तिनीहरू त्यहाँबाट हटेर जान नमाने पछि तथागतले तिनीहरूलाई यसो भन्नुभयो– "जाऊ, तिमीहरू यहाँबाट हटेर जाऊ । के कारणले तिमीहरूले मलाई फँसाउन खोजेको ? यस्तो हीन काम त तिमीहरूले अरू रागयुक्त व्यक्तिहरू कहाँ गएर गर्नु पर्ने हो । म तथागतको राग, द्वेष आदि सम्पूर्ण क्लेश **प्रहीण** भइसकेको छ । तिमीहरूले जति मेहनत गरे पनि मलाई आफ्नो बशमा लिन सक्तैनौ ।"

यसरी भन्नु हुँदै तथागतले यी दुइ गाथाहरू प्रकाशमा ल्याउनु भयो –

**"यस्स जितं नावजीयति,**
**जितं यस्स नोयाति कोचि लोके ।**
**तं बुद्धमनन्तगोचरं,**
**अपदं केन पदेन नेस्सथ ॥"**

**अर्थ**– जसको विजय फेरि पराजय हुन सक्तैन; जसलाई जितिसकेको राग, द्वेष आदिले फेरि पछ्याउन सक्तैन; त्यस अनन्त गोचर अ-पद बुद्धलाई कुन पद (बाटो) बाट लैजान्छौ ?

**"यस्स जालिनी विसत्तिका,**
**तण्हा नत्थि कुहिञ्चि नेतवे ।**
**तं बुद्धमनन्तरगोचरं**
**अपदं केन पदेन नेस्सथा" ति ॥**

**अर्थ**– जसलाई भव-जालमा फँसाउने विषरूपी तृष्णाले पनि हल्लाउन सक्तैन; त्यस अनन्त गोचर अ-पद बुद्धलाई कुन पद (बाटो) बाट लैजान्छौ ?

Downloaded from http://www.dhamma.digital

**भावार्थ–** यस गाथामा **यस्स जितं नावजीयति** भन्नुको अर्थ हो– सम्यकसम्बुद्धको त्यस-त्यस मार्गद्वारा जितिसकेको गुण धर्मलाई रागादि क्लेशद्वारा फेरि एक चोटी अनाचार गरी जित्न सक्तैन, 'नराम्रो तरिकाले जित्छु' भन्ने पनि हुँदैन । **नोयाति** जसले क्लेशलाई जितिसकेको हुन्छ, त्यस क्लेश सम्बन्धी राग आदि कुनै एउटा क्लेश पनि उसको पछि-पछि लाग्ने सम्भव हुँदैन । पाप भन्ने कुरो कत्ति पनि बाँकी रहँदैन । **अनन्त गोचरं** अनन्त आरम्मणलाई सर्वज्ञता ज्ञान **(सब्बञ्ञुतञ्ञाण)** द्वारा सम्पूर्ण कुरा जानिसकेको, देखिसकेको हुन्छ । अर्थात् अनन्त अप्रमाण गोचर हुन्छ । **केन पदेन** जसको राग रूपी खुट्टा एउटा मात्र बाँकी रहे पनि त्यस खुट्टाले टेकेर नरक आदिमा पुग्न सक्छ । भगवान बुद्धको त्यस्तो प्रकारको खुट्टा एउटै पनि बाँकी रहँदैन । त्यस्तो खुट्टा नभएको व्यक्तिलाई कुन चाहिं खुट्टाले टेकाएर तिमीहरूले कुन पद (बाटो) बाट लैजान्छौ ?

दोस्रो गाथामा– तृष्णा भन्ने चीज गाँठे-गाँठोले भरिएको, फुकाउन नसकिने **जाल** जस्तो भएको र **जाल** बनाउने भएको कारणले पनि **जालिनी** भनिएको हो । यस रूपादि आलम्बनमा विषको जस्तो स्वभाव भएको, चित्त विषाक्त गर्ने स्वभाव भएको, विष फैलाउने स्वभाव भएको, विष रूपी फल दिने स्वभाव भएको तथा परिणाममा विषको कार्य गर्ने भएकोले **विसत्तिका यस्स कुहिञ्चि** भनिएको हो । त्यस प्रकारको तृष्णाले त्यस व्यक्तिलाई कुनै पनि भव-संसारमा **नेतुं** तानेर लैजान सक्तैन, फेरि त्यस प्रकारका रागादि खुट्टा नभएका बुद्धलाई तिमीहरूले कुन चाहिं खुट्टाले टेकाएर, कुन पद (बाटो) बाट लैजान्छौ ?

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै देवताहरूलाई धर्माबोध भएको थियो । मार-पुत्रीहरू पनि त्यहीं अन्तर्ध्यान भए ।

Downloaded from http://www.dhamma.digital

## १४.१ (ख) मूल कथाको बाँकी भाग

तथागतले यसरी धर्म-देशना गर्नु भई मागण्डियलाई सम्बोधन गर्नु भई भन्नु भयो–

"मागण्डिय, यी तीन जना मार-पुत्रीहरू–जसको शरीरमा कफ आदि दुर्गन्ध नभएका, सुवर्ण वर्ण समान आत्मभावले युक्त भएका ती युवतीहरूलाई देखेर पनि त्यस बेला ममा मैथुन सेवन गर्ने इच्छा भएन भने अहिले तिम्रो छोरीको शरीर ३२ प्रकारको असुचिले भरिएको बाहिरबाट चित्रण गरिएको तर भित्र असुचिले भरिएको घडा समान हो। यदि मेरो खुट्टामा फोहर लागेको बेलामा तिम्रो छोरी दैलोमा आएर बसिरहँदा तिनको शरीरमा 'त्यस खुट्टाले एक पल्ट छोइ देऊ' भने पनि मलाई छुने इच्छा छैन' भन्नु हुँदै यो गाथा प्रकाशमा ल्याउनु भयो –

**"दिस्वान तण्हं अरतिं रगञ्च,**
**नाहोसि छन्दो अपि मेथुनस्मिं ।**
**किमेविदं मुत्तकरीसपुण्णं,**
**पादापि नं सम्फुसितुं न इच्छे" ति ॥**
**(सु.नि.८४१; महानि.७०)**

भगवान बुद्धको यस धर्म-देशनाको अन्तमा ब्राह्मण र ब्राह्मणी दुवै जना अनागामि मार्ग-फलमा प्रतिष्ठित भए।

'मार-कन्याहरूको कथा'

समाप्त।

Downloaded from http://www.dhamma.digital

# १४.१ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

तथागत बोधिमण्डपमा विहार गरिरहनु हुँदा पहिलो पल्ट मार-कन्याहरूको कारणमा तथागतले यो धर्म-देशना गर्नु भएको थियो। पछि फेरि कुरु-राष्ट्रमा बस्ने **मागण्डिय** ब्राह्मणलाई देशना गर्नु भएको हो।

कुरु-राष्ट्रमा मागण्डिय ब्राह्मणको अत्यन्तै राम्री एउटी छोरी थिइन्। तिनको नाम पनि **मागण्डिय** नै थियो। तिनी साह्रै राम्री भएकीले महाकुल वंशका ब्राह्मण तथा क्षत्रिय कुमारहरूको लागि थुप्रै कन्यादानको माग आइरहेको थियो। तर मागण्डिय ब्राह्मणले तिनीहरूलाई आफ्नी सुन्दरी छोरी दिन चाहेन।

एक दिन तथागतको ध्यान दृष्टिमा मागण्डिय ब्राह्मण-ब्राह्मणी दुवै **स्रोतापत्ति, सकृदागामी** र **अनागामी** मार्ग-फल प्राप्त गर्न सक्ने **उपनिस्सय** देख्नु भई मागण्डिय ब्राह्मण आवत-जावत गर्ने स्थानमा आइपुग्नु भयो। ब्राह्मण तथागतको रूप-शोभा देखेर अत्यन्त प्रभावित भई घर गएर तुरन्तै ब्राह्मणी र आफ्नी छोरीलाई लिएर त्यस स्थानमा आइपुग्यो।

भगवान बुद्धले त्यहाँ आफ्नो पाद-चिन्ह छोड्नु भई अलि पर गएर बस्नु भयो। ब्राह्मण- ब्राह्मणीले त्यहाँ तथागतलाई नदेखे पनि उहाँको पाद-चिन्ह देखेकोले त्यसैलाई पछ्याउँदै जाँदा तिनीहरू तथागत समक्ष पुगे। अनि ब्राह्मणले आफ्नो छोरी कन्यादान लिन आग्रह गऱ्यो। तथागतले उसको आग्रहलाई अस्विकार गर्नु भई ब्राह्मण-ब्राह्मणी दुबैलाई तथागतको महाभिनिष्क्रमणको अतीतका कुरा ध्यान दिएर सुन्नमा प्रेरित गर्नु भयो।

त्यस पछि बोधिसत्व सिद्धार्थले राज्य सुख-ऐश्वर्य सम्पूर्ण सम्पत्तिलाई त्यागेर महाभिनिष्क्रमण गर्नु भयो। त्यस बेला नगर-

Downloaded from http://www.dhamma.digital

द्वारमा बसिरहेका मारले सातौं दिनमा चक्ररत्न उत्पन्न हुने लोभ दर्शाई राजदरवारमा फर्केर जान आग्रह गऱ्यो। सर्वज्ञता ज्ञान प्राप्तार्थ गृहत्याग गर्ने व्यक्ति कुनै हालतमा पनि चक्ररत्न उत्पन्न हुने लोभमा नफस्ने कुरा मारलाई अवगत गराउनु भयो।

आजदेखि एक क्षण मात्र मनमा **काम विर्तक** आदि उब्जाएको खण्डमा मारले जे पनि गर्न सक्ने चेतावती दिदैं सात वर्षसम्म उसले बोधिसत्वलाई पछ्याई रह्यो।

बोधिसत्वले छ वर्षसम्म दुष्कर चर्या गरी अन्तमा बोधिवृक्ष मुनि बस्नु भई सर्वज्ञता ज्ञान प्राप्त गर्नु भई **बुद्ध** हुनु भयो। त्यस पछि विमुक्ति सुख अनुभव गर्नु हुँदै पञ्चम सप्ताहमा तथागत **अजपाल** वृक्षमुनि ध्यानमा लीन हुनु भयो। यत्तिका वर्ष पछ्याउँदा पनि मारले तथागतको कुनै दोष देख्न नसकी ऊ निराश भई दिक्क हुँदै त्यही बीच बाटोमा बसिरह्यो।

मारका तीन छोरीहरू– **तण्हा, अरती र रगा**ले आफ्नो पिताजीको त्यस्तो मनो-दशालाई बुझी तिनीहरूले जसरी भए पनि स्त्रीहरूको राग-पासले तथागतलाई बाँधेर ल्याउने प्रण गरे।

तीनै जना मार-पुत्रीहरू अजपाल वृक्षनिर पुगेर ध्यानावस्थामा रहेका तथागतलाई अनेक स्त्री-रूप दर्शाई काम-रागमा फसाँउने कोशिश गर्न सम्म गरे। आखिर तिनीहरूको केही शीप लागेन। अन्तमा भगवान बुद्धले तिनीहरूलाई अनेक प्रकारले कुरा सम्झाउनु हुँदै तथागत राग,द्वेष आदि सम्पूर्ण क्लेशबाट मुक्त भइसकेको कुरा जानकारी गराउनु हुँदै दुइ महत्वपूर्ण गाथा प्रकाशमा ल्याउनु भयो।

तथागतको यस धर्म-देशनाबाट धेरै देवताहरूलाई धर्माअवबोध भयो। मार-पुत्रीहरू पनि त्यहीं अन्तर्धान भए।

Downloaded from http://www.dhamma.digital

तथागतले यसरी धर्म-देशना गर्नु भई मागण्डियलाई सम्बोधन गर्नु हुँदै मार-पुत्रीहरूको सुन्दरताको अगाडि मागण्डिय-पुत्रीको असुचीले भरिएको दुर्गन्धको कुरा प्रकाशमा ल्याउनु भयो ।

**"दिस्वान तण्हं अरतिं रगञ्च**
**नाहोसि छन्दो अपि मेथुनस्मिं ।**
**किमेविदं मुत्तकरीसपुण्णं,**
**पादापि नं सम्फुसितुं न इच्छे" ति ॥**

**अर्थ–** तृष्णा, अरति तथा रगा –यी तीन मार–पुत्रीहरू (देवपुत्रीहरू) लाई देखेर पनि मलाई यिनीहरूसँग मैथुन गर्ने इच्छा भएन भने यी मल-मुत्रले भरिएको यस मानव-स्त्रीलाई आफ्नो खुट्टाले छुन सम्म पनि इच्छा छैन ।

तथागतको यस धर्म-देशनाको प्रभावबाट ती दुवै ब्राह्मण-ब्राह्मणी अनागामी मार्ग-फलमा प्रतिष्ठित भए ।

यसरी आफ्नी सुन्दरी छोरी तथागतलाई सुहाउने देखेर कन्या-दान दिने अभिप्रायले त्यस स्थानमा आएका मागण्डिय ब्राह्मण-ब्राह्मणीलाई तथागतले उनीहरू प्रति अनुपम दया र करुणा राख्नु भई महाभिनिष्क्रमणको घटना सुनाउनु भई उनीहरूले आ-आफ्नो पारमिता अनुसार अनागामी मार्ग-फल प्राप्त गर्नमा सफल भए ।

Downloaded from http://www.dhamma.digital

# १४.२ देवोरोहण कथा

## १४.२ (यमक प्रातिहार्यको कथा)

**१४.(१८१) "ये झानपसुता धीरा, नेक्खम्मूपसमे रता।**
**देवापि तेसं पिहयन्ति, सम्बुद्धानं सतीमत" न्ति ॥**

यो गाथा भगवान बुद्धले संकाश्य नगरको ढोकामा थुप्रै देवताहरू र मनुष्यहरूको कारणमा आज्ञा गर्नु भएको हो।

यो धर्म-देशना राजगृह नगरबाट उत्थान भएको थियो।

एक समय राजगृह नगरको एक जना महाजन आफ्नो कामकाजबाट मुक्त भई 'आफ्ना गर-गहना, लुगा आदि थाहा नपाइकन पानीले बगाएर लैजाला' भनी सुरक्षा गर्न चारैतिर जाल बिछ्याउन लगाई गंगाजीमा गई पानीमा खेलिरहेको थियो।

त्यसै बेला गंगाजीको किनारमा रहेको एउटा रक्त चन्दनको रूख ढलेर पानीमा बग्दै पत्थरहरूमा ठक्कर खाँदै टुक्रा-टुक्रा भयो। ती मध्ये रक्त चन्दनको गाग्रो जत्रो एक डल्लो काठ ठाउँ-ठाउँमा पत्थरमा ठक्कर खाँदै, घिस्रदै, पानीको लहराको चुटाइले सफा भइसकेको थियो। अनि क्रमैसँग गंगाजीमा बग्दै पानीको सेवालमा लत्पतिएर त्यस महाजनले विछ्याएको जालमा पर्न आयो।

महाजनले 'त्यो के हो' भनी सोद्धा–'काठ' भनी थाहा पाई सकेपछि त्यसलाई पानीबाट निकाली 'कस्तो काठ' भनी थाहा पाउन बसिलाले टास्न लगायो। अनि 'रक्त चन्दनको काठ रहेछ' भनी थाहा पायो।

Downloaded from http://www.dhamma.digital

## १४.२ (क) महाजनद्वारा पात्र आकाशमा झुण्ड्याउने निश्चय–

महाजन सम्यक-दृष्टिको पनि होइन-मिथ्या दृष्टिको पनि होइन–बीचको बिचारधारा भएको व्यक्ति थियो।

उसले बिचार गऱ्यो–"मेरो घरमा रक्तचन्दनको काठ थुप्रै छन्, यो मेरो लागि के काम ?"

अनि त्यस महाजनको मनमा यस्तो लाग्यो– "मेरो घरमा थुप्रै रक्तचन्दन छन्। मेरो लागि यो केही काम लाग्दैन।"

अनि त्यस महाजनको मनमा यस्तो विचार आयो– "यस संसारमा 'म अरहन्त हुँ', 'म अरहन्त हुँ' भन्ने साधुहरू धेरै छन्। तर मैले एकजना अरहन्त पनि अहिलेसम्म देखेको छैन। भेटन पाएको छैन। म यस काठको डल्लोलाई घरमा लगेर मेशीनमा राखेर एउटा भिक्षा-पात्र बनाउन लगाउँछु। अनि एउटा बाँसको थाल (ढक्की) मा पात्र राख्न लगाउँछु। त्यसपछि साठी हात लामो एक बाँस उठाउन लगाई त्यसको टुप्पोमा रक्त-चन्दनको पात्र भएको ढक्की झुण्याउन लगाउँछु। अनि 'यदि यस संसारमा कोही अरहन्तहरू छन् भने आकाश मार्गबाट गई यो पात्र लिन सकिन्छ' भनी घोषणा गर्न लगाउने छु। जसले यो पात्र लिएर जान्छ, मेरो छोरो र धर्मपत्नी सहित म उसको शरणमा जानेछु।"

यसरी महाजनले चिन्तना (कल्पना) गरे अनुसार त्यस काठको डल्लोबाट एउटा बुट्टादार रक्त-चन्दनको पात्र बनाउन लगाई साठी हात लामो एउटा बाँस उठाएर त्यसको टुप्पोमा भिक्षा-पात्र झुण्डयाउन लगायो।

त्यसपछि "यदि यो संसारमा कोही अरहन्तहरू छन् भने तिनीहरू मध्ये कोही आकाश मार्गबाट उडेर गई त्यो पात्र लिएर गए हुन्छ"– भनी घोषणा गर्न लगायो।

Downloaded from http://www.dhamma.digital

## १४.२ (ख) शास्ताहरूको प्रयास–

त्यस समयमा छ जना प्रसिद्ध शास्ता (गुरु) हरू थिए। तिनीहरू त्यस महाजन कहाँ आएर भने –"त्यो पात्र हामीहरूलाई योग्य छ। त्यो पात्र हामीहरूलाई दिनु होस्।"

महाजनले भन्यो– "तपाईहरू अरहन्त हुनुहुन्छ भने आकाश मार्गबाट जानु भई लिनु भए हुन्छ।"

त्यस पछि छैठौं दिनमा निर्ग्रन्थनाथ पुत्र (जैन साधु) ले आफ्ना केही शिष्यहरूलाई यसो भनेर पठायो– "हे महाजन, यो पात्र हाम्रा आचार्यज्यूलाई सुहाउँछ। जाबो एउटा पात्र लिनको लागि आकाशमा उडेर ऋद्धि दर्शाई रहनु ठिक छैन। त्यो पात्र हाम्रा आचार्यज्यूलाई नै दिनु होस्।"

महाजनले भन्यो– "जसको आकाशमा गएर लिने समर्थ हुन्छ, उसैले त्यो पात्र लिएर जानेछ।"

निर्ग्रन्थनाथ पुत्रले त्यो पात्र आफैले लिने इच्छा गरी उनले शिष्यहरूलाई यसरी कुरा सिकायो 'कि मैले एउटा हात र एउटा खुट्टा उठाएर आकाशमा उड्ने जस्तो नक्कल गरुँला त्यसबेला तिमीहरूले मलाई यसो भन्नु– "आचार्यज्यू, तपाईले यो के गर्न खोज्नु भएको ? 'एउटा जाबो काठको पात्रको लागि गुप्त भइरहेको अरहन्त भाव जन-मानसमा दर्शाउनु ठीक छैन' भन्दै मेरो हात-खुट्टा समातेर भूईमा लडाई दिनु।"

उनले महाजन कहाँ गई यसो भन्यो– "हे महाजन, यो पात्र अरूहरूलाई सुहाउँदैन। यस्तो एउटा तुच्छ कामको लागि तिमीले मलाई आकाशमा उडाउने इच्छा नगर्नु। मलाई यो पात्र दिएर पठाऊ।"

Downloaded from http://www.dhamma.digital

महाजनले बिन्ति गर्दै भन्यो– "भन्ते, आकाशमा उडेर जानु भई पात्र लिएर जानु होला ।"

अनि निर्ग्रन्थनाथ पुत्रले आफ्ना शिष्यहरूलाई 'खोइ, छोड' भनी हटाउँदै आकाशमा उड्न एउटा हात र एउटा खुट्टा उठायो । त्यसो गर्ना साथ शिष्यहरूले उनलाई भन्यो– 'भो आचार्य, तपाईले यो के गर्नु भएको ? जाबो एउटा काठको पात्रको लागि रहस्यमय भइरहेको आफ्नो गुण दर्शकहरूलाई दर्शाउनु खोज्नु भएको ?' भन्दै उनको हात-खुट्टा समातेर तानेर भूईमा पछ्यारी दिए ।

निर्ग्रन्थनाथ पुत्रले महाजनलाई फेरि भन्यो– "हे महाजन, यिनीहरूले मलाई आकाशमा जान दिएनन् । त्यो पात्र मलाई दिएर पठाउनु होस् ।"

महाजनले भन्यो– "भन्ते, आकाशमा गएर लिनु होस् ।"

यस प्रकारले तीर्थङ्करहरूले छ दिनसम्म मेहनत गर्दा पनि त्यस रक्त-चन्दनको पात्र पाउन सकेनन् ।

## १४.२ (ग) आयुष्मान पिण्डोल भारद्वाजको चमत्कार–

सातौं दिनमा आयुष्मान महामौद्गल्यायन र आयुष्मान पिण्डोल भारद्वाज दुवै राजगृह नगरमा भिक्षा चरणमा जानको लागि एउटा ठूलो फराकिलो ढुङ्गा माथि बसेर चीवर पारूपन गर्दै हुनुहुन्थ्यो । त्यसै बेला धूर्तहरूले यसरी कुरा निकाले– "साथीहरू, यी छ जना शास्ताहरूले 'हामी अरहन्त हौं' भनी प्रचार गर्दै हिडे ।

राजगृहको महाजनले रक्त-चन्दनको पात्र झुण्ड्याएको आजले सात दिन हुन्छ । 'यदि यो संसारमा कोही अरहन्त छ भने आकाशमा गई त्यो पात्र लिनु' भनी घोषणा गरे तापनि 'म अरहन्त हूँ' भनी

Downloaded from http://www.dhamma.digital

आकाशमा उडेर देखाउन सक्ने कोही भएन। आज मात्र हामीले 'यो संसारमा कोही पनि अरहन्त छैन' भन्ने कुरा थाहा पायौं।

तिनीहरूका यी कुरा सुनेर आयुष्मान महामौद्गल्यायनले आयुष्मान पिण्डोल भारद्वाजलाई यसो भन्नु भयो– "हे भारद्वाज, तिमीले यिनीहरूको कुरा सुन्यौ ? यिनीहरूले बुद्ध शासनको परीक्षा गर्न यसो भनेको जस्तो लाग्छ। तिमीमा महान **ऋद्धि** र **आनुभाव** छ। जाऊ, तिमी आकाश मार्गबाट गई पात्र लिन जानु।"

आयुष्मान भारद्वाजले बिन्ति गर्नु भयो– "भो आयुष्मान, तपाई ऋद्धिवानहरू मध्ये अग्र हुनुहुन्छ। तपाई आफै गएर पात्र लिएर आउनु होस्। तपाईले लिन जानु भएन भने मात्रै म गएर त्यो पात्र लिएर आउनेछु।"

आयुष्मान महामौद्गल्यायनले पिण्डोल भारद्वाजलाई भन्नु भयो– "आयुष्मान, जाऊ, आकाशमा उडेर गई पात्र लिएर आउनु।"

त्यस पछि आयुष्मान पिण्डोल भारद्वाज **अभिञ्ञापादक चतुर्थ ध्यानमा** बस्नु भई त्यस ध्यानबाट उठ्नु भई तीन **गावुत** लामो ठूलो फराकिलो ढुङ्गालाई दुइ पाइतालाको अग्रभागले च्यापेर कपासको टुक्रा झैं आकाशमा उडेर गई राजगृह नगर माथि सात चक्कर लगाउनु भयो। त्यसरी उहाँले चक्कर लगाउँदा तीन **गाबुत** प्रमाण भएको राजगृह नगरमा बिर्को राखेको जस्तै भान भयो।

नगरबासीहरू– "यो ढुङ्गा खसेर हाम्रो टाउकोमा नपरोस्" भन्दै डरले नाङ्लो आदिले टाउको छोपेर सुरक्षित ठाउँमा लुक्न गए।

सातौं पटकको चक्करमा स्थविरले त्यस विशाल ढुङ्गालाई फोडेर आफूलाई जनता समक्ष दर्शाउनु भयो।

Downloaded from http://www.dhamma.digital

मानिसहरूले स्थविरलाई देखेर निवेदन गरे–"पिण्डोल भारद्वाज भन्ते, त्यस ढुङ्गालाई राम्रोसँग समातेर राख्नु होस् । हामी सबैलाई बचाउनु होस् ।"

स्थविरले त्यस ढुङ्गालाई दुइ पाइतालाले च्यापेर एकातिर हुत्याई दिनु भयो । ढुङ्गा यथास्थानमा खस्यो ।

त्यस पछि स्थविर श्रेष्ठीको घरको छाना माथि गएर बस्नु भयो । त्यस दृश्यलाई देखेर श्रेष्ठीले छातीको बलमा भूमिमा घोप्टो परी यसरी निवेदन गऱ्यो– "स्वामी, तपाई तल ओर्लनु होस् ।"

श्रेष्ठीको अनुरोध अनुसार स्थविर आकाशबाट ओर्लनु भयो । श्रेष्ठीले उहाँलाई आदरपूर्वक आसनमा बसाली साठी हात लामो बाँसमा झुण्ड्याई राखेको रक्त-चन्दनको पात्र उतार्न लगाई त्यस पात्रमा चतुमधु भरी राखेर सादर प्रदान गऱ्यो ।

स्थविरले त्यस पात्र ग्रहण गर्नु भई विहार तिर फर्किरहनु हुँदा त्यस बखत जङ्गलमा बस्ने, शुन्यागारमा बस्ने व्यक्तिहरूले उहाँको प्रातिहार्य हेर्न पाएन । त्यसैले तिनीहरू सबै जम्मा भई " भन्ते, हामीलाई पनि तपाईको प्रातिहार्य देखाउनु होस्" भन्दै उहाँको पछि-पछि लागे ।

स्थविरले तिनीहरू सबैलाई ती-ती प्रातिहार्य दर्शाउनु हुँदै उहाँ विहार भित्र पस्नु भयो ।

## १४.२ (घ) तथागतद्वारा प्रातिहार्यको सूचना–

पिण्डोल भारद्वाज स्थविरको पछि-पछि लागेर ठूल-ठूलो स्वरले कराउँदै आइरहेका धेरै मानिसहरूका आवाज भगवान बुद्धको कानमा पऱ्यो ।

Downloaded from http://www.dhamma.digital

तथागतले भिक्षु आनन्दलाई सम्बोधन गर्नु भई प्रश्न गर्नु भयो– "आनन्द, यो के को आवाज आइरहेको ?"

आनन्दले बिन्ति गर्दै भन्नु भयो– "भन्ते भगवन्, पिण्डोल भारद्वाज भिक्षुले आकाशमा झुण्ड्याइएको रक्त चन्दनको पात्र लिएर आउनु भएकोले उहाँको पछि-पछि लागेर कराउँदै आइरहेको थुप्रै मानिसहरूका आवाज हुन् ।"

यस्तो कुरा सुन्नु भई तथागतले स्थविरलाई बोलाउन पठाउनु भई उहाँसँग प्रश्न गर्नु भयो– "भारद्वाज, के तिमीले साँच्चै यस्तो कार्य गरेको हो ?"

स्थविरले बिन्ति गर्दै भन्नु भयो– "भन्ते भगवन, मैले साँच्चै यस्तो कार्य गरेको हूँ । "

भगवान बुद्धले भारद्वाज स्थविरलाई "यस्तो काम किन गरेको ?" भनी निन्दा गर्नु भयो । अनि त्यस रक्त चन्दनको पात्रलाई टुक्रा-टुक्रा पार्न लगाउनु भयो । अझ त्यसलाई गाजल बनाउन योग्य हुने गरी घोट्न लगाउनु भयो ।

त्यसपछि भगवान बुद्धले आफ्ना शिष्यहरूलाई **प्रातिहार्य** (दिव्यशक्ति प्रदर्शन) दर्शाउन नहुने **शिक्षा पद** (नियम) प्रज्ञापित गर्नु भयो । – **(चूलवग्ग २५२)**

## १४.२ (ङ) तिर्थङ्करहरूले ऋद्धि प्रातिहार्य देखाउने संकल्प–

'श्रमण गौतमले त्यस पात्रलाई टुक्रा-टुक्रा गर्न लगाउनु भई ऋद्धि प्रातिहार्य देखाउन नपाउने श्रावकहरूलाई शिक्षापद प्रज्ञापित गर्नु भयो' भन्ने कुरा तिर्थङ्करहरूले सुने ।

Downloaded from http://www.dhamma.digital

तिनीहरूले बिचार गरे– "श्रमण गौतमका शिष्यहरूले प्रज्ञापित गरिएको शिक्षापद आफ्ना प्राण जाने भए पनि अतिक्रमण गर्दैनन् । श्रमण गौतमले पनि त्यस शिक्षापदलाई रक्षा गर्नु हुनेछ ।"

'अब ऋद्धि प्रदर्शन गर्ने मौका हामीले पाउने भयो' भन्ने बिचार गरी बाटो-बाटोमा गई यसरी भन्दै हिडे– "हामीहरूले आफ्ना गुण आरक्षार्थ जाबो एउटा काठको पात्रको लागि पहिले हामीले जनताहरूको माझमा आफ्ना शक्ति प्रदर्शन गरेनौं । श्रमण गौतमका शिष्यहरूले भने एउटा पात्रको लागि जन-समूहलाई आफ्ना शक्ति (गुण) देखाई दिए । तर श्रमण गौतम पण्डित भएको कारणले त्यस पात्रलाई टुक्रा-टुक्रा गर्न लगाई शिक्षापद प्रज्ञापित गरे । अब हामीले तिनीहरूको बीचमा गई **प्रातिहार्य** दर्शाउने छौं ।"

## १४.२ (च) राजा बिम्बिसारको तथागतसँग सम्वाद–

तिर्थङ्करहरू यसरी कराएर हिडेको कुरा राजा बिम्बिसारको कानमा पऱ्यो । तुरुन्तै राजा भगवान बुद्ध कहाँ जानु भई तथागतलाई दुइ हात जोडी प्रश्न गर्नु भयो– "भन्ते, भगवन्, तथागतले ऋद्धि प्रातिहार्य प्रदर्शन नगर्न श्रावकहरूलाई शिक्षापद प्रज्ञापित गर्नु भएको हो ?"

भगवान बुद्धले उत्तर दिनु भयो– "हो महाराज,"

राजा बिम्बिसारले भन्नु भयो–"भन्ते भगवन, 'यी तीर्थङ्करहरूले अब तथागतसँग प्रातिहार्य गर्ने' भनी भन्दैछन् ; अव के गर्नु हुन्छ ?"

भगवान बुद्धले भन्नु भयो–"महाराज, तिनीहरूले प्रातिहार्य देखाए मैले पनि देखाई दिनेछु ।"

राजाले बिन्ति गरे– "भगवन, तथागतले प्रातिहार्य दर्शाउन नहुने शिक्षापद प्रज्ञापित गर्नु भएको होइन र ?"

Downloaded from http://www.dhamma.digital

तथागतले भन्नु भयो– "महाराज, ती शिक्षापद मेरो लागि प्रज्ञापित गरिएको होइन । ती शिक्षापद त मेरो श्रावकहरूको लागि मात्र प्रज्ञापित गरिएका हुन् ।"

राजाले फेरि विनम्र भई बिन्ति गरे– "भगवन, तथागतले आफूलाई अलग्ग गरी शिक्षापद प्रज्ञापित गर्न मिल्छ र ?"

भगवान बुद्धले भन्नु भयो–"त्यसो भए महाराज, म तपाईसँग नै प्रश्न गर्छु, तपाईको राज्यमा बगैंचा(उद्यान) छ ; होइन र ?"

राजाले हात जोडेर भने– "छ, भन्ते भगवन, ।"

तथागतले प्रश्न गर्नु भयो– "महाराज, तपाईको बगैंचामा फलेका आँप आदि फलहरू मानिसहरू आएर खाइदियो भने तपाईले तिनीहरूलाई के गर्नु हुन्छ ?"

राजाले बिन्ति गरे– "भन्ते, म तिनीहरूलाई दण्ड सजायँ दिन लगाउँछु ।

तथागतले फेरि प्रश्न गर्नु भयो– "महाराज, ती फल तपाई आफैले खान सक्नु हुन्छ त ?"

राजाले विन्ति गरे– "भन्ते, मैले खान सक्छु । मैले ती फल खाए पनि मलाई दण्ड दिन सक्ने कोही हुँदैन ।"

तथागतले भन्नु भयो– "महाराज, जसरी तीन योजन भएको राज्यमा तपाईको आज्ञा चल्छ । आफ्नो बगैंचामा फलेको आँप आदि फल खाए पनि आफूलाई दण्ड सजायँ लाग्दैन तर अरूलाई भने लाग्छ । 'त्यस्तै **सहस्र कोटि चक्रवालहरू**मा मेरो आज्ञा चल्छ, आफूले प्रज्ञापित गरेको शिक्षापद आफूले पालन गर्नु पर्छ' भन्ने छैन । तर अरूले पालन नगरेमा तिनीहरूलाई दोष लाग्छ ।"

Downloaded from http://www.dhamma.digital

तथागतले फेरि भन्नु भयो– "महाराज, मैले पनि **प्रातिहार्य** दर्शाउने छु।"

तीर्थङ्करहरूले यो समाचार सुनेर आपसमा यसो भन्न थाले– "अव हामी बिनाश हुने भयौं। श्रमण गौतमबाट आफ्ना श्रावक शिष्यहरूलाई मात्र शिक्षापद प्रज्ञापित गरिएको रहेछ। आफ्नो लागि होइन रहेछ। अव भने उहाँ आफैले ऋद्धि प्रातिहार्य दर्शाउने भयो। 'अब हामीले के गर्ने' भन्दै सबै तिर्थङ्करहरू एकै ठाउँमा जम्मा भई सल्लाह गर्न थाले।

## १४.२ (छ) ऋद्धि प्रातिहार्य प्रदर्शनको समय निर्धारण–

विम्बिसार राजाले हात जोडेर प्रश्न गर्नु भयो– "भन्ते भगवन, तथागतले कहिले ऋद्धि प्रातिहार्य दर्शाउनु हुने हो ?"

भगवान बुद्धले भन्नु भयो– "महाराज, आजले चार महिना पछि आषाढ पूर्णिमाको दिनमा दर्शाउने छु।"

राजाले प्रश्न गर्नु भयो– "भन्ते भगवन, कुन ठाउँमा दर्शाउने होला ?"

तथागतले भन्नु भयो– "श्रावस्तीमा दर्शाउने छु , महाराज,"

"तथागतले यत्तिको टाढा ऋद्धि प्रातिहार्य दर्शाउने कुरा किन भन्नु भएको होला ?"

किन भने पहिलेका सबै बुद्धहरूले महाप्रातिहार्य देखाउने स्थान पनि त्यहीं पर्दछ। अर्को कारण श्रावस्ती एक बिशाल समतल क्षेत्र हो जहाँ धेरै मानिसहरू जम्मा भएर ऋद्धि प्रातिहार्य हेर्न सक्ने छन्।

Downloaded from http://www.dhamma.digital

## १४.२ (ज) तीर्थङ्करहरूको निर्णय

तीर्थङ्करहरूले यी कुरा सुनेर आपसमा यसरी सल्लाह गरे– "आजले चार महिना पछिको दिनमा श्रमण गौतमले श्रावस्तीमा ऋद्धि प्रातिहार्य दर्शाउनु हुनेछ । अब हामी उहाँलाई नछोडिकन उहाँको पछि-पछि लागौं । यसरी हामीले उहाँलाई पछ्याईरहेको देखेर मानिसहरूले हामीहरूलाई 'किन यसरी हिडिरहेको' भनी प्रश्न गर्नेछन् । त्यस बेला हामीले तिनीहरूलाई यसो भन्ने छौं– 'हामीले श्रमण गौतमसँग ऋद्धि प्रातिहार्य देखाउँछौ भन्दा उहाँ हामीसँग डराएर भागी रहनु भएकोले उहाँ भाग्न नसक्ने गरी हामी पछि-पछि लागिरहेका हौं ।' यसरी तीर्थङ्करहरूले प्रचार गर्दै हिडे ।

भगवान बुद्ध राजगृह नगरमा भिक्षा चरण गर्नु भई श्रावस्तीको लागि प्रस्थान गर्नु भयो । तीर्थङ्करहरू पनि राजगृह नगरबाट निस्केर उहाँको पछि-पछि लाग्दै तथागतले भोजन गर्ने स्थानमा सबै जम्मा भइरहे ।

Dhamma.Digital

भोलिपल्ट विहान भगवान बुद्धलाई जलपान गराउन आएको मानिसहरूले त्यहाँ ती तीर्थङ्करहरूलाई देखेर 'तपाईहरू यहाँ किन जम्मा भइरहनु भएको' भनी प्रश्न गर्दा तिनीहरूले आफ्ना योजना प्रकाश पारे । ती मानिसहरू पनि 'ऋद्धि प्रातिहार्य हेर्न पाउने भयो' भन्दै तिनीहरूको पछि-पछि लाग्न थाले ।

## १४.२ (झ) भगवान बुद्ध श्रावस्तीमा आगमन–

भगवान बुद्ध क्रमैसँग चारिका गर्नु हुँदै श्रावस्तीमा पुग्नु भयो । तीर्थङ्करहरू पनि तथागत सँगसँगै नगरमा पुगे । तिनीहरूले आफ्ना दाताहरूसँग एक लाख चन्दा उठाएर **खदिर वृक्ष**को खम्भा बनाई मण्डप तयार पारे । त्यसमा नील-कमलको फूलको चदुँवा बनाई

Downloaded from http://www.dhamma.digital

सिगार्न लगाएर 'अब हामी यहाँ प्रातिहार्य देखाउने छौं' भन्दै त्यहीं बस्न थाले ।

उता कोसल राजा प्रसेनजित भगवान बुद्ध कहाँ जानु भई तथागतलाई सादर वन्दना गर्नु भई यसरी प्रार्थना गर्नु भयो– "भन्ते भगवन, तीर्थङ्करहरूले मण्डप बनाई सकेका छन्। मैले पनि तथागतको लागि मण्डप निर्माण गरी दिनेछु ।"

तथागतले भन्नु भयो– "भइहाल्यो ; महाराज, मेरो लागि मण्डप बनाई दिने अरू नै छन्"

राजाले बिन्ति गर्नु भयो– "भन्ते, भगवन, यहाँ म बाहेक तथागतलाई मण्डप बनाइ दिन सक्ने अरू को होला ?"

तथागतले भन्नु भयो– "शक्र देवराज इन्द्रले बनाई दिनेछन्; महाराज"

राजाले फेरि हात जोडेर भने– "भन्ते भगवन, तथागतले कुन स्थानमा प्रातिहार्य दर्शाउने होला ?"

भगवान बुद्धले भन्नु भयो– "**कण्डम्ब वृक्ष** मूलमा दर्शाउने छु, महाराज,"

'तथागतले आँपको रुख मुनि प्रातिहार्य दर्शाउनु हुने छ' भन्ने कुरा तीर्थङ्करहरूले सुने पछि आफ्ना उपस्थापकहरूलाई भनेर एक योजन भित्र रहेका आज मात्रै उम्रेका सबै आँपका बोटहरू उखेल्न लगाई जङ्गलमा फ्याक्न लगाए ।

## १४.२ (ञ) तथागतको श्रावस्ती नगर भित्र प्रवेश–

भगवान बुद्ध आषाढ पूर्णिमाको दिनमा श्रावस्ती नगर भित्र प्रवेश गर्नु भयो । राजाको बगैंचा नाइकेको नाम **कण्ड** थियो । उसले

Downloaded from http://www.dhamma.digital

कमिलाको दुलोमा रुखको पातहरूले छोपिराखेको एउटा पाकेको आँप देख्यो । त्यहाँ आँपको सुगन्धमा झुम्मिएका कागहरूलाई धपाएर उसले त्यस आँपलाई लिएर राजालाई चढाउन भनी ऊ गइरहेको थियो । बीच बाटोमा तथागतलाई देखेर उसले यसरी बिचार गऱ्यो– "राजाले यो आँप खाएर मलाई आठ अथवा सोह्र **कार्षापण** (असर्फी) दिने छन् । त्यस पैसाले म एकजनाको जीवन चलाउन (जीवित वृत्तिया) पनि पुग्दैन । यदि मैले यो आँप तथागतलाई चढाए भने अवश्य पनि मेरो दीर्घकालसम्म हित उपकार हुनेछ ।"

त्यसपछि त्यो पाकेको आँप तथागतलाई चढाउन लग्यो । तथागतले आनन्द स्थविरलाई हेर्नु भयो । आनन्द स्थविरले **चतुर महाराज देवता**हरूले चढाई राखेका (माणिकको) भिक्षापात्र निकालेर तथागतको हातमा राखी दिनु भयो । **कण्ड** नामक बगैंचा नाइकेले त्यस पाकेको आँप भिक्षापात्रमा राखी तथागतलाई चढायो । तथागतले पात्र ग्रहण गर्नु भई त्यही बस्ने संकेत गर्नु भयो । आनन्द स्थविरले संघाटि चीवर ओछ्याई दिनु भयो ।

Dhamma.Digital

तथागत आसनमा वस्नु भयो । त्यसपछि आनन्द स्थविरले त्यस पाकेको आँपलाई राम्रोसँग पानीले पखालेर सर्वत बनाई तथागतलाई चढाउनु भयो ।

तथागतले आँपको सर्वत पिउनु भई **कण्ड** नाइकेलाई भन्नु भयो– "**कण्ड**, तिमीले यहाँ खाल्टो खनेर यो आँपको बियाँ यहीं रोपी देऊ ।"

नाइकेले तथागतले भन्नु भए जस्तै गरी दियो । तथागतले त्यस माथि हात धुनु भयो । हात धुने बित्तिकै आँपको बियाबाट आँपको बोट निस्क्यो । त्यसको फेद (स्कन्ध) हलोको टाउँको जत्रो मोटो र लम्बाईमा पचास हात लामो आँपको बोट खडा भयो ।

Downloaded from http://www.dhamma.digital

त्यसमा पचास-पचास हातको चार दिशामा चार हाँगा र एउटा माथि गरी पाँच हाँगा तुरुन्तै उत्पन्न भयो। त्यस आँपको बोटको महाशाखाहरू (हाँगाहरू) मा फूल फूल्यो अनि तुरुन्तै फलहरू (आँपहरू) पनि फल्न थाल्यो । एक-एक हाँगामा झुप्पा-झुप्पा पाकेका आँपहरू झुम्मिन थाले। पछि आउने भिक्षुहरूले ती पाकेका आँपहरू टिप्दै, खाँदै आए।

कोसल राजाले ‘यस्तो अचम्मको आँपको बोट उम्रेर आयो’ भन्ने कुरा थाहा पाएर ‘त्यस आँपको बोट कसैले पनि काट्न पाइदैन’ भनी पालो पहरा राख्न लगाए।

त्यस आँपको बोट **‘कण्ड’** भन्ने बगैंचा नाइकेले रोपेको हुनाले त्यस बोटको नाम **‘कण्डम्ब वृक्ष’** भनी लोकमा प्रसिद्ध भयो।

धूर्तहरूले पनि पाकेका आँपहरू खाँदै यसो भन्न थाले– “अरे दुष्ट तीर्थङ्करहरू; श्रमण गौतमले आँपको वृक्ष मुनि प्रातिहार्य दर्शाउनु हुनेछ’ भनेर तिमीहरूले एक योजन भित्र रहेका, आज मात्र उम्रेका सबै आँपका बोट उखेलेर फाल्न लगाएका होइनौ ? अब यो **कण्डम्ब वृक्ष**को आँपलाई देख्यौं ? भन्दै त्यही जुठो आँपको बियाँले तिनीहरूको मुखमा हानेर पठाए।

## १४.२ (ट) देवराज इन्द्रद्वारा तीर्थङ्करहरूको मण्डप ध्वस्त–

देवराज ईन्द्रले हावा-हुरी ल्याउने र पानी पार्ने देवपुत्रहरूलाई बोलाएर यसरी आज्ञा दिए– “तिमीहरूले हावा-हुरीको तुफान मच्चाएर तीर्थङ्करहरूको मण्डप उडाएर काम नलाग्ने ठाउँमा लगेर फ्याँकी देऊ।”

तिनीहरूले त्यस्तै गरी दिए।

देवराज इन्द्रले सूर्य देवपुत्रलाई काम अह्राए– “तिमीले सूर्य मण्डलको तेज बढाएर तीर्थङ्करहरूलाई असह्य गर्मी पारी देऊ।”

Downloaded from http://www.dhamma.digital

सूर्य देवपुत्रले त्यस्तै गरी दिए ।

देवराज इन्द्रले फेरि वायु देवपुत्रलाई काम अह्राए– "तिमीले तिनीहरूको लागि बेस्सरी हावा-हुरी आउने गरी देऊ ।"

वायु देवपुत्रले धुलो उड्ने गरी हावा चलाई दिए । गर्मीले गर्दा पसिनाले निथ्रुक्क भइरहेको तीर्थङ्करहरूको शरीर भरी धुलो छ्यापी दिए । तिनीहरूको शरीर रातो-माटोले लिपेको जस्तै देखियो ।

देवराज इन्द्रले फेरि पानी पार्ने देवपुत्रलाई काम अह्राए– "तिमीले ठूल्ठूलो थोप्ला भएको पानी पारी देऊ ।"

देवपुत्रले त्यस्तै गरी दिए । त्यसो गर्दा तीर्थङ्करहरू टाटेपाटे गाई वस्तु झैं देखिए । अनि ती तीर्थङ्करहरू जहाँ पायो त्यहाँबाट भाग्न थाले ।

## १४.२ (ठ) पूर्ण काश्यप पानीमा डुबेर मृत्यु–

यसरी तीर्थङ्करहरू भागीरहेको बेलामा **पूर्ण काश्यप**को **उपस्थापक** एक जना कृषकले बिचार गर्‍यो– 'अब हाम्रा आर्यहरूले प्रातिहार्य दर्शाउने बेला भयो । म गएर हेर्न जानु पर्‍यो' भनी गोरुहरू (बयलहरू)लाई छोडेर पठायो । ऊ बिहानको खाना राखेर ल्याएको यागुको भाडा र गोरु बाँध्ने डोरी हातमा लिई आई रहेको थियो ।

बाटोमा त्यसरी **पूर्ण काश्यप** भागेर आई रहेको देखेर उसले सोध्यो– "भन्ते, आज म 'आर्यहरूको प्रातिहार्य हेर्छु' भनी आउँदैछु । तपाई कहाँ जाँदै हुनुहुन्छ ?"

पूर्ण काश्यपले भन्यो– "तिमीलाई प्रातिहार्य किन चाहियो ? तिम्रो त्यो यागुको भाडा र डोरी मलाई देऊ ।"

Downloaded from http://www.dhamma.digital

अनि कृषकले दिएको यागुको भाडा र डोरी लिएर पूर्ण काश्यप नदीको किनारामा गयो । यागु भाडामा बालुवा भरी राखी डोरीले आफ्नो घाँटीमा बाँधेर बालुवा भरेको थालमा पनि त्यही डोरीले राम्रोसँग बाँधेर लाजले अरू कसैलाई केही नभनीकन गहिरो पानी भएको ठाउँमा गई पानीमा हाम फाल्यो । त्यो त्यहीं डुबेर मृत्यु भई **अविची महानरक**मा पतन भयो ।

## १४.२ (ड) देवराज इन्द्रद्वारा आकाशमा रत्नको चक्रमण गर्ने मण्डप निर्माण–

देवराज इन्द्रले आफ्नो ऋद्धिद्वारा आकाशमा रत्नको चक्रमण गर्ने मण्डप बनाई दिए । त्यस मण्डपको छेऊ चक्रवालको पूर्व कुनासम्म पुग्यो भने अर्को छेऊ चक्रवालको पश्चिम कुनासम्म पुग्यो ।

छत्तीस योजन लामो त्यस मण्डपमा प्रातिहार्य हेर्न मानिसहरू जम्मा भई सकेका थिए । **कण्डव आँपको वृक्ष** मुनि गएर 'अब प्रातिहार्य दर्शाउने बेला भयो' भनी विचार गर्नु भई तथागत **गन्धकुटी**बाट निस्कनु भई त्यहाँ बिराजमान हुनु भयो ।

त्यस बेला ऋद्धि-सिद्धिले सम्पन्न **अनागामि मार्ग-फल प्राप्त** गरी सकेकी **धरणी** भन्ने एक उपासिका तथागतको समक्ष आई यसरी बिन्ति गरिन्– "भन्ते भगवन, म जस्तो तपाईको शिष्या एवम् धर्मपुत्री भइकन पनि तथागतले ऋद्धि दर्शाउने आवश्यक छैन । प्रातिहार्य दर्शाउने कार्य त म गरी हाल्छु नि ।"

तथागतले भन्नु भयो– "**धरणी**, तिमीले कस्तो प्रकारको प्रातिहार्य दर्शाउने त ?"

**धरणी उपासिका**ले बिन्ति गरिन्– "भन्ते भगवन, मैले यस चक्रवालको गर्भमा रहेको महापृथ्वीलाई पानी बनाई पानीमा बस्ने पंक्षी झैं पानी भित्र पसेर डुबुल्की मार्दै चक्रवालको पूर्व दिशाको

Downloaded from http://www.dhamma.digital

कुनामा पानीबाट निस्केर आफूलाई दर्शाउने छु। त्यस्तै चक्रवालको पश्चिम, उत्तर, दक्षिण दिशाको कुनाबाट पनि पानीबाट निस्केर आफूलाई देखाउने छु। त्यस्तै गरी चक्रवालको बीचबाट पनि पानीबाट निस्केर देखाउने छु।"

मेरो यस्तो शक्ति देखेर थुप्रै मानिसहरूले यस्तो भन्ने छन्– "**धरणी** नामक भगवान बुद्धको शिष्या एउटी महिलाको त यस्तो आनुभाव छ भने भगवान बुद्धको कस्तो आनुभाव होला।"

यसरी बिचार गरी तीर्थङ्करहरू भगवान बुद्धलाई हेर्न साहससम्म पनि गर्न नसकी भाग्ने छन्।

तथागतले भन्नु भयो– "**धरणी**, तिमी यस प्रकारले ऋद्धि प्रातिहार्य दर्शाउन सक्ने भएको भन्ने कुरा मलाई थाहा छ। तर यो फूलको सजावत (**मालापुटो**) तिम्रो लागि सजाइएको होइन।

यसो भन्नु हुँदै तथागतले उनलाई प्रतिक्षेप (**पटिक्खिपि**) गर्नु भयो अर्थात् प्रातिहार्य दर्शाउने अनुमति दिनु भएन।

"तथागतले मलाई प्रातिहार्य देखाउने अनुमति दिनु भएन। म भन्दा महान प्रातिहार्य दर्शाउने अरूहरू होलान्" भन्ने विचार गरी तिनी एक छेउमा गएर उभिरहिन्।

भगवान बुद्धले बिचार गर्नु भयो– "यी छत्तीस योजन लामो परिषदको बीचमा यसरी सिहंनाद गर्न दिएमा तिनीहरूको गुण पनि प्रकट हुनेछ।"

त्यसैले तथागतले तिनीहरूलाई प्रश्न गर्नु भयो– "तिमीहरूले प्रातिहार्य देखाउनु परेमा कसरी दर्शाउने ?"

तिनीहरूले तथागतलाई बिन्ति गर्दै भने– "भन्ते, भगवन, हामीले यस-यस प्रकारले प्रातिहार्य दर्शाउने छौं" भन्दै भगवान बुद्ध समक्ष सिंहनाद गरे।

Downloaded from http://www.dhamma.digital

तिनीहरू मध्ये एक **चूल अनाथपिण्डक**ले बिचार गऱ्यो– "म जस्तो **अनागामी** भइसकेको उपासक भइकन पनि तथागतले कष्ट उठाउनु के को आवश्यकता ?" उनले भगवान बुद्धलाई बिन्ति गर्दै भने– "भन्ते भगवन, मैले प्रातिहार्य दर्शाउने छु ।"

तथागतले प्रश्न गर्नु भयो– "तिमीले कसरी देखाउने ?"

"भगवान शास्ता, मैले आफूलाई बाह्र योजन ठूलो पारी ब्रह्माको रूप धारण गरी यस परिषदको बीचमा बसी ब्रह्माले तालि बजाए जस्तै ठूलो शब्द निस्कने गरी तालि बजाई दिनेछु। मानिसहरूले 'यो कसको शब्द' भनी सोधेमा 'चूल अनाथपिण्डकले बजाएको तालिको शब्द' भनेर थाहा पाउने छन्। 'एक जना गृहस्थको त यतिको महान शक्ति छ ' भने 'भगवान बुद्धको शक्ति कस्तो होला' भनी तिर्थङ्करहरू लाजले भुतुक्क भई तथागतलाई हेर्दै नहेरिकन भाग्ने छन् ।

शास्ताले भन्नु भयो– "मलाई तिम्रो शक्ति (आनुभाव) थाहा छ ।" तैपनि तथागतले उनलाई प्रातिहार्य दर्शाउने अनुमति दिनु भएन ।

त्यस पछि **प्रटिसम्भिदा** प्राप्त सात वर्षकी **चीर** नाम भएकी श्रामणेरीले शास्तालाई वन्दना गरी बिन्ति गरिन्– "भन्ते भगवन, मैले प्रातिहार्य दर्शाउने छु ।"

भगवानले प्रश्न गर्नु भयो– "**चीर श्रामणेरी**, तिमीले कसरी प्रातिहार्य दर्शाउने नि ?"

तिनले बिन्ति गर्दै भनिन्– "भगवन शास्ता, **सुमेरु पर्वत, चक्रवाल पर्वत र हिमालय पर्वत** लाई यहाँ ल्याएर लहरै राख्ने। अनि मैले पोथी राजहंसको रूप धारण गरी ती पर्वत माथि माथि कहीं नछुने गरी उडेर देखाउने छु। मानिसहरूले 'यी राजहंस को हुन् ?' भनी सोधेमा **"चीर श्रामणेरी"** भनी चिन्ने छन् । 'सात वर्षको

Downloaded from http://www.dhamma.digital

श्रामणेरीको त यस्तो ठूलो आनुभाव रहेछ' भने 'भगवान बुद्धको आनुभाव कत्तिको होला' भनी तिर्थङ्करहरू भगवान बुद्ध समक्ष बस्न नसकी भाग्ने छन् ।

तथागतले– "तिम्रो आनुभाव मलाई थाहा छ ।" भन्नु हुँदै **चीर श्रामणेरी** लाई पनि प्रातिहार्य दर्शाउन अनुमति दिनु भएन ।

त्यस पछि जन्मले सात वर्ष मात्रै भएको एक जना **प्रतिसम्भिदा प्राप्त क्षीणाश्रवी चुन्द** नाम भएको श्रामणेरले सादर वन्दना गर्दै बिन्ति गर्नु भयो– "भन्ते भगवन, मैले प्रातिहार्य दर्शाउने छु ।"

तथागतले प्रश्न गर्नु भयो– "श्रामणेर तिमीले कसरी प्रातिहार्य दर्शाउने ?"

श्रामणेरले भन्नु भयो– "शास्ता, **जम्बुद्वीप**को झण्डा समान भएको **महाजम्बु वृक्ष**लाई समातेर हल्लाउने छु । अनि ठूल-ठूला **जम्बु फलहरू** ल्याएर यस परिषदलाई ख्वाउने छु । देवलोकमा भएको **पारिच्छतक पुष्प** ल्याएर तथागतलाई चढाएर वन्दना गर्नेछु ।"

तथागतले भन्नु भयो– "तिम्रो आनुभाव मलाई थाहा छ" भन्नु हुँदै उहाँलाई पनि प्रातिहार्य दर्शाउन अनुमति दिनु भएन ।

त्यस पछि **उप्पलवण्णा भिक्षुणी**ले तथागतलाई वन्दना गर्नु भई यसो भन्नु भयो– "भन्ते भगवन, मैले प्रातिहार्य दर्शाउने छु ।"

तथागतले भन्नु भयो– "तिमीले कसरी दर्शाउने ?"

भिक्षुणीले भन्नु भयो– "भगवन शास्ता, मैले मेरो चारैतिर वाह्र योजन परिषदहरूको बीचमा बसी चक्रवर्ती राजाको रूप धारण गरी छत्तीस योजनसम्म फैलिएको परिषदको अगाडि आएर तिनीहरू सबैले देखिने गरी तथागतलाई वन्दना गर्नेछु ।

Downloaded from http://www.dhamma.digital

तथागतले "मलाई तिम्रो आनुभावको प्रताप थाहा छ" भन्नु हुँदै उहाँलाई पनि प्रातिहार्य दर्शाउने अनुमति दिनु भएन ।

तत् पश्चात् महामौद्गल्यायन स्थविरले भगवान बुद्धलाई वन्दना गर्नु भई भन्नु भयो–"भन्ते भगवन्, मैले प्रातिहार्य देखाउने छु"

तथागतले प्रश्न गर्नु भयो– "तिमीले कस्तो प्रातिहार्य दर्शाउने ?"

महामौद्गल्यायन स्थविरले भन्नु भयो– "भन्ते भगवन, मैले सुमेरु पर्वतराजलाई दाँतको बीचमा राखेर मासको गेडा चपाए झैं चपाई दिनेछु ।"

तथागतले प्रश्न गर्नु भयो– "अरू के गर्ने छौं त ?"

स्थविरले भन्नु भयो– "यस महापृथ्वीलाई सुकुल जस्तै बेरेर मेरो हातको औंलाले च्यापेर देखाई दिनेछु ।"

तथागतले फेरि प्रश्न गर्नु भयो– "मौद्गल्यायन, तिमीले अरू के गरेर देखाउने छौं ?"

उहाँले तथागतलाई बिन्ति गर्दै भन्नु भयो– "शास्ता, यस महापृथ्वीलाई कुम्हालेले चक्का घुमाए झैं घुमाएर थुप्रै जनताहरूलाई पृथ्वीबाट **ओजरस** निकालेर पिलाउने छु ।"

तथागतले सोध्नु भयो– "अरू के गर्छौ त ?"

उहाँले भन्नु भयो– "यस महापृथ्वीलाई बायाँ हातले समातेर राखी यसमा रहने सबै सत्व प्राणीहरूलाई दाँया हातले निकालेर अर्को द्वीपमा लगेर राख्नेछु ।"

भगवान बुद्धले उहाँलाई फेरि पनि प्रश्न गर्नु भयो– "अरू के गरेर दर्शाउने छौं त ?"

Downloaded from http://www.dhamma.digital

स्थविरले विन्ति गर्दै भन्नु भयो– **"सुमेरु पर्वत**लाई छाताको डण्डी जस्तै गरी महापृथ्वीलाई त्यस माथि राखेर छाता ओढेको जस्तै गरी एक हातले समातेर आकाशमा ओहोर–दोहोर गरी हिडिरहने (चंक्रमण गर्ने) छु।"

तथागतले भन्नु भयो– "मौद्गल्यायन, तिम्रो आनुभाव शक्ति मलाई थाहा छ"। तैपनि तथागतले उहाँलाई प्रातिहार्य दर्शाउने अनुमति दिनु भएन।"

स्थविरले "तथागतले मैले भन्दा पनि महान प्रातिहार्य दर्शाउनु हुनेछ" भनी बिचार गर्नु भई स्थविर एक छेउमा जानु भई उभिरहनु भयो।

तदन्तर भगवान बुद्धले मौद्गल्यायन स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे मौद्गल्यायन, यो विशाल रूपले आयोजन गरिएको मण्डप तिम्रो लागि होइन। म (भार) बोझ उठाउनमा अनुपम छु। मैले उठाइरहेको बोझ उठाउनमा समर्थ भएको यस संसारमा कोही पनि छैन। अहिले मैले जुन बोझ उठाइ रहेको छु, त्यो बोझ अरूले उठाउन नसक्नु यो कुनै आश्चर्यको कुरा होइन। म **अहेतुक** प्राणी भई पशु योनीमा जन्म लिंदा त मैले बोकेको बोझ अरू कसैले बोक्ने साहस गर्न सकेन।"

तथागतले यसरी भन्नु हुदाँ मौद्गल्यायन स्थविरले हात जोडेर प्रश्न गर्नु भयो– "भन्ते भगवन, यस्तो कहिले भएको ?"

तथागतले अतीतको कुरा वर्णन गर्नु हुँदै यसरी भन्नु भयो –

**"यतो यतो गरु धुरं, यतो गम्भीरवत्तनी।**
**तदास्सु कण्हं युञ्जन्ति, स्वास्सु तं वहते धुर" न्ति॥**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** जुन–जुन गह्रौं भारी हुन्छ, त्यही-त्यही गह्रौं भारी कालो बयललाई बोकाएर तान्न लगाउँथ्यो । उसले सजिलैसँग काम सकाई दिन्थ्यो ।

त्यसरी **कण्ह उसभजातक** (जा.१.१.२९) जातकको कुरा वर्णन गर्नु भइसके पछि फेरि त्यही कुरालाई विशेष अर्थमा व्याख्या गर्नु हुँदै यसरी भन्नु भयो –

**"मनुञ्ञमेव भासेय्य, नामनुञ्ञं कुदाचनं ॥**
**मनुञ्ञं भासमानस्स, गरुं भारं उदद्धरि ।**
**धनञ्च न अलाभेसि, तेन चत्तमनो अहू" ति ॥**

**अर्थ–** अरू खुशी हुने, प्रसन्न हुने प्रिय बचन मात्रै बोल्नु । अप्रसन्न हुने, मनलाई चोट पर्ने अप्रिय बचन कहिल्यै नबोल्नु । प्रिय बचन बोलेको कारणले साह्रै गह्रौं भारी पनि तानेर लग्न सफल भयो । (उस ब्राह्मणलाई) धन पनि लाभ भयो, (ऊ) खुशी पनि भयो ।

यसरी तथागतले **नन्दिविसालजातक** विस्तार पूर्वक व्याख्या गर्नु भयो ।

कथा भन्न सिद्धिए पछि तथागत इन्द्रले निर्माण गरि दिएको रत्नको चक्रमण मण्डपमा उक्लिनु भयो । त्यस चक्रमण स्थलमा अगाडि बाह्र योजन सम्म परिषदले भरिएको थियो भने पछाडि तिर पनि बाह्र योजन सम्म परिषदले भरिएको थियो । त्यस्तै उत्तर र दक्षिण (दाँया र बाँया) पनि त्यति-त्यति नै परिषदले भरिएको थियो । यसरी अगाडि-पछाडि चौबिस योजन दाँया-बाँया गरी सिधा चौबिस योजन लामो परिषदहरूको बीचमा बस्नु भई भगवान बुद्धले **यमक प्रातिहार्य** प्रदर्शन गर्नु भयो ।

यस **यमक प्रातिहार्य** को विस्तृत वर्णन **(पटिसम्भिदामग्ग पालि १.११६)** मा दिइएको छ ।

Downloaded from http://www.dhamma.digital

## १४.२ (ढ) यमक प्रातिहार्यको ज्ञान–

तथागतको यस्तो **यमक प्रातिहार्यको ज्ञान** कस्तो हो ? यहाँ तथागतले दर्शाउने **यमक प्रातिहार्य** असाधारण श्रावक शिष्यहरूले समेत दर्शाउन नसक्ने हुन् ।

जसरी तथागतको शरीरको माथिल्लो आधा भागबाट अग्निको ज्वाला निस्किंदा शरीरको तल्लो आधा भागबाट जलधारा निस्किंन्छ। शरीरको माथिल्लो आधा भागबाट जल धारा निस्किंदा शरीरको तल्लो आधा भागबाट अग्नि ज्वाला निस्किंन्छ।

शरीरको अगाडिको भागबाट अग्नि-ज्वाला निस्किंदा पछाडिको भागबाट जल धारा निस्कन्छ।शरीरको पछाडिको भागबाट जल धारा निस्किंदा अगाडिको भागबाट अग्नि-ज्वाला निस्किन्छ।

दाँया आँखाबाट अग्नि-ज्वाला निस्किंदा बाँया आँखाबाट जल-धारा निस्किंन्छ। बाँया आँखाबाट जल-धारा निस्किंदा दाँया आँखाबाट अग्नि-ज्वाला निस्किंन्छ।

दाँया कानबाट अग्नि-ज्वाला निस्किंदा बाँया कानबाट जल-धारा; बाँया कानबाट जल-धारा निस्किंदा दाँया कानबाट अग्नि-ज्वाला निस्किंन्छ।

दाँया नाकको प्वालबाट अग्नि-ज्वाला निस्किंदा बाँया नाकको प्वालबाट जल-धारा; बाँया नाकको प्वालबाट जल-धारा निस्किंदा दाँया नाकको प्वालबाट अग्नि-ज्वाला निस्किंन्छ।

दाँया काँधबाट अग्नि-ज्वाला निस्किंदा बाँया काँधबाट जल-धारा; बाँया काँधबाट अग्नि-ज्वाला निस्किंदा दाँया काँधबाट जल-धारा निस्किंन्छ।

Downloaded from http://www.dhamma.digital

दाँया हातबाट अग्नि-ज्वाला निस्किंदा बाँया हातबाट जल-धारा ; बाँया हातबाट अग्नि-ज्वाला निस्किंदा दाँया हातबाट जल-धारा निस्किंन्छ ।

शरीरको दाँहिने भागबाट अग्नि-ज्वाला निस्किंदा बाँया भागबाट जलधारा; बाँया भागबाट अग्नि-ज्वाला निस्किंदा दाँया भागबाट जल-धारा निस्किंन्छ ।

दाँया पाउबाट अग्नि-ज्वाला निस्किंदा बाँया पाउबाट जल-धारा; बाँया पाउबाट अग्नि-ज्वाला निस्किंदा दाँया पाउबाट जल-धारा निस्किंन्छ ।

औंलाहरूबाट अग्नि-ज्वाला निस्किंदा औंलाहरूको बीच-बीचबाट जल-धारा; औंलाहरूको बीच-बीचबाट अग्नि-ज्वाला निस्किंदा औंलाहरूबाट जल-धारा निस्किंन्छ ।

एक-एक रौंको छिद्रबाट अग्नि-ज्वाला निस्किंदा एक-एक रौंबाट जल-धारा निस्किंछ । एक -एक रौंबाट जल-धारा निस्किंदा एक-एक रौंको छिद्र (लोम-छिद्र) बाट अग्नि-ज्वाला निस्किंन्छ ।

एक-एक लोम-छिद्रबाट जल-धारा निस्किंदा नीलो, पहेंलो रातो, सेतो, मुटुको रङ्ग जस्तो (मञ्जेट्ठ)– यी पाँच रङ्ग मिलेर निस्केको (अत्यन्त चमकदार) प्रभासर नामक रश्मि निस्केर सम्पूर्ण चक्रवाल फैलिरह्यो ।

भगवान बुद्ध चंक्रमण गर्नु हुंदा निर्मित बुद्ध उभिनु हुन्थ्यो,अथवा बस्नु हुन्थ्यो अथवा लेटनु हुन्थ्यो । त्यस्तै निर्मित बुद्ध चंक्रमण गर्दा भगवान बुद्ध उभिनु हुन्थ्यो वा बस्नु हुन्थ्यो वा लेट्नु हुन्थ्यो– यी नै तथागत भगवान बुद्धका **यमक प्रातिहार्य ज्ञान** हो ।

Downloaded from http://www.dhamma.digital

## १४.२ (ण) यस्तो विलक्षण प्रातिहार्यको हेतु–

यस प्रातिहार्यमा भगवान बुद्ध त्यस चंक्रमण गर्ने मण्डपमा चंक्रमण गर्नु भयो । तथागतले चंक्रमण गर्नु हुँदै **तेजोकसिणको समापत्ति**द्वारा शरीरको माथिल्लो भागबाट अग्नि-ज्वाला निस्की रह्यो, **आपोकसिणको समापत्ति**द्वारा शरीरको तल्लो भागबाट जल-धारा निस्की रह्यो । जल-धारा निस्केको ठाउँबाट अग्नि-ज्वाला निस्केन; अग्नि-ज्वाला निस्केको ठाउँबाट जल-धारा निस्केन । यस्तो अवस्था दर्शाउनको लागि **"हेट्ठिम कायतो उपरिम कायतो" ति** भनिएको हो । यस्तै प्रकारले सबै पदहरूको अर्थ बुझ्नु पर्दछ । अर्थात् यस प्रकरणमा यही पद्धति सर्वत्र बुझ्नु पर्ने हुन्छ ।

यसरी अग्नि-ज्वाला जल-धारासँग नमिसिकन जल-धारा अग्नि-ज्वालासँग नमिसिने गरी ती दुइ वटै धारा ब्रह्मलोकसम्म माथि पुगेर त्यहाँबाट फर्केर आई यस चंक्रवालको किनारासम्म फैलिरह्यो ।

**"छन्नं वण्णानं" न्ति - 'छ वर्ण रश्मि'** भन्नुको अर्थ तथागतको शरीरबाट निस्किरहेको छ प्रकारको रङ्ग भएको रश्मिहरू घडाबाट निस्किरहेको सुवर्ण रूपी निर्मल जल जस्तै, यन्त्र- पाइपबाट निस्किरहेको सुवर्ण रस-धारा जस्तै एक चंक्रवालको गर्भबाट निस्केर माथि ब्रह्मलोकमा गई फेरि त्यहाँबाट फर्केर आई चक्रवालको किनारासम्म त्यसको प्रकाशले प्रकाशित भइरह्यो । त्यसबेला समग्र चक्रवाल सुनको चक्का झैं गोलाकार भई एकै प्रकारको आलोकले प्रकाशित भई **बोधिघर** जस्तै आभास भइरह्यो ।

त्यस अवसरमा शास्ताले चंक्रमण गर्नु हुँदै प्रातिहार्य पनि दर्शाउनु भयो र बीच-बीचमा जन समूहलाई धर्म-देशना पनि गर्दै

Downloaded from http://www.dhamma.digital

रहनु भयो। धर्म-देशना गर्नु हुँदा केही क्षण बीच-बीचमा रोक्नु हुन्थ्यो जसले गर्दा जन-समूहले 'साधुकार' दिने मौका पाइरहन्थ्यो। त्यसरी 'साधु' 'साधु' भनि रहँदा तथागतले अधिकांश जनताहरूको चित्त 'कस्तो छ,' भनी बिचार गर्नु भई प्रत्येक व्यक्तिको **चित्ताचार** (चित्तको अवस्था) सोह्र प्रकारका भएको पनि थाहा पाउनु भयो। यसरी **'बुद्ध'** हरूको चित्त **लहुक परिवत्तं** अत्यन्त हलुका (सिघ्र परिवर्तन हुने) हुन्छ।

जो-जो व्यक्तिलाई जुन-जुन धर्म-देशना सुन्नमा प्रशन्न हुन्छ ; जुन-जुन प्रातिहार्य हेर्नमा खुशी हुन्छ ; त्यस-त्यस व्यक्तिको चित्त अनुसार धर्म-देशना पनि गर्नु हुन्थ्यो ; प्रातिहार्य पनि दर्शाउनु हुन्थ्यो। यस प्रकारले धर्म-देशना गर्नु हुँदा, प्रातिहार्य दर्शाउनु हुँदा महान जन समूहले **धम्माभिसमयो** (धर्मलाई बुझ्न सक्ने)हुन्छ।

तथागतले त्यस बेला त्यस जन-समूहमा कसैले पनि प्रश्न गर्न सक्ने समर्थ नभएको कुरा देख्नु भयो। अनि आफ्नो ऋद्धिद्वारा अर्को बुद्ध निर्माण गर्नु भयो। निर्मित बुद्धले गर्नु भएको प्रश्नलाई तथागतले उत्तर दिनु भयो। तथागतले प्रश्न गर्नु हुँदा निर्मित बुद्धले उत्तर दिनु भयो। तथागतले चंक्रमण गरिरहनु हुँदा निर्मित बुद्ध एक ठाँउमा बसिरहनु हुन्थ्यो। निर्मित बुद्ध चंक्रमण गर्नु हुँदा तथागत एक ठाउँमा बसिरहनु हुन्थ्यो।

त्यस अर्थ दर्शाउनको लागि **"निम्मितो चङ्कमति वा" ति** इत्यादि रूपले दर्शाइएको छ।

यस प्रकारले तथागतको प्रातिहार्य दर्शन गरेर, धर्म-देशना श्रवण गरेर त्यस बेला त्यहाँ जम्मा भइरहेका बीस करोड प्राणीहरूलाई धर्म-अवबोध (लाभ) भयो।

Downloaded from http://www.dhamma.digital

## १४.२ (त) तथागतले देवलोकमा वर्षावास गर्नु हुने निर्णय–

तथागतले प्रातिहार्य दर्शाउनु हुँदै अतीत बुद्धहरूले यसरी प्रातिहार्य देखाउनु हुँदै 'कहाँ **वर्षावास** बस्नु भएको रहेछ' भनी बिचार गर्नु भयो । उहाँहरू **तावतिंसभवन** मा जानु भई त्यहीं वर्षावास बस्नु भई आमालाई **अभिधम्मपिटक देशना** गर्नु भएको कुरा थाहा पाउनु भई आफ्नो दाहिने पाउ उठाएर **युगन्धर पर्वत**को टुप्पामा राख्नु भयो । अर्को पाउ उठाउनु भई **सुमेरु पर्वत** को टुप्पामा (**सिनेरुमत्थके**) मा राख्नु भयो । यस प्रकारले **अठ्सठ्ठी लाख योजन** लामो स्थानमा तीन पाइला मात्र राख्नु भयो । तीन पाइला राख्नु हुँदा खालि भएको स्थान केवल दुइ मात्र हुन् ।

तथागतले पाइला राख्नु, सार्नु हुँदा टाङ्ग फाटेर, फटाएर पाउ राखेको सम्भनु हुँदैन । अपितु तथागतले पाउ उठाउने बित्तिकै पर्वतका टुप्पाहरू आफै भुकेर आई पाउ राख्न मिल्ने बनाई दिए । तथागतले पाउ राखेर जाने वित्तिकै पर्वतका टुप्पाहरू फेरि आ-आफ्नै स्थानमा पुगे ।

शक्र देवराज इन्द्रले शास्ता आउनु भएको देखेर यसरी विचार गर्‍यो– "तथागत **पण्डुकम्बलसिला** मा नै बस्नु भई वर्षावास गर्नु हुनेछ। तथागतको वर्षावासले गर्दा देवताहरूलाई ठूलो उपकार हुनेछ। तथागतले यहाँ वर्षावास गर्नु भयो भने अरू देवताहरूले यस ढुङ्गालाई हातले पनि छुन सक्दैनन् ।"

यो **पण्डुकम्बलसिला साठी योजन लामो**, चौडाई पचास योजन र मोटाई पनि पचास योजन भएको हो । "तथागत यस **पण्डुकम्बलसिला** मा बस्नु भए पनि एक छेउमा मात्रै बस्नु हुन्छ होला । अरू बाँकी त खालि नै रहन्छ ।"

Downloaded from http://www.dhamma.digital

तथागतले देवराज इन्द्रको मनको कुरा थाहा पाउनु भई आफ्नो **संघाटि** सम्पूर्ण शिलासन छोपिने गरी ओछ्याउनु भयो।

देवराज इन्द्रले सोच्नु भयो– "तथागतले पुरै शिलासन ढाकिने गरी **संघाटि** ओछ्याउनु भए पनि बस्ने बेलामा एक छेऊमा बस्ने होला।"

तथागतले इन्द्रको मनको कुरा थाहा पाउनु भई माथि आसनमा बस्ने **महापंसुकूलिक**हरू जस्तै **पण्डुकम्बल** शिलासन माथि **चीवर** ओछ्याइ राखेको स्थानसम्म कति पनि खालि ठाउँ नरहने गरी बस्नु भयो।

महान जनसमूहले त्यस क्षणमा तथागतलाई हेर्दा हेर्दै नदेखिने भएर गयो। चन्द्रमा डुबेर जाने बेला जस्तै, सूर्य अस्ताएर जाने बेला संसार सबै तेज हीन भई अन्धकारले छायो।

त्यस बेला धेरै जन समूहले **गाथा**द्वारा यसरी भन्न थाले–

**"गतो नु चित्तकुटं वा, केलासं वा युगन्धरं।**
**न नो दक्खेमु सम्बुद्धं, लोकजेट्ठं नरासभ" न्ति॥**

**अर्थ–** उहाँ तथागत **चित्रकुट पर्वत**मा जानु भयो कि **कैलाश पर्वत** अथवा **युगन्धर पर्वत**मा जानु भयो ? यो कुरा हामीलाई थाहा भएन। लोकमा जेष्ठ हुनु भएका, उत्तम पुरुष **तथागत सम्यकसम्बुद्ध**को हामीले दर्शन गर्न पाएनौं।

तिनीहरू यसरी यो गाथाद्वारा विलाप गर्दै रहे। अरूहरूले अर्कै किसिमले तर्क गर्न थाले – "तथागतहरू एकान्त तथा शान्त स्थानमा बस्नु पर्ने हुन्छन्। तथागतले यति ठूलो परिषदलाई यस्तो महान प्रातिहार्य 'किन देखाएको होला' भनी लाज मानेर अर्कै राष्ट्र

Downloaded from http://www.dhamma.digital

अथवा अर्के जनपदमा जानु भएको होला। 'अब हामीले तथागतको दर्शन पाउने छैनौं' भन्दै बिलाप गर्दै यो गाथाद्वारा यसरी भन्दै हिड्न थाले –

**"पविवेकरतो धीरो, निमं लोकं पुनेहिति।**
**न नो दक्खेमु सम्बुद्धं, लोकजेट्ठं नरासभ" न्ति॥**

**अर्थ–** विवेककामी, धीर पुरुषहरू फेरि एकपल्ट यस लोकमा जन्म लिन आउँदैनन्। लोकमा जेष्ठ हुनु भएका, उत्तम पुरुष तथागत सम्यकसम्बुद्धको हामीले दर्शन गर्न पाएनौं।

ती परिषदहरूले महामौद्गल्यायन स्थविर कहाँ गई प्रश्न गरे– "भन्ते, यस समयमा शास्ता कहाँ हुनुहुन्छ ?"

स्थविरले यस विषयमा राम्रोसँग थाहा भए पनि 'अरूको गुण पनि प्रकट गर्नु राम्रो हुनेछ' भन्ने बिचारले '**अनुरुद्ध स्थविर** कहाँ गई सोध्न जानु' भनी भन्नु भयो।

तिनीहरू अनुरुद्ध स्थविर कहाँ गई त्यस्तै प्रश्न गरे– "भन्ते, अहिले शास्ता कहाँ हुनुहन्छ ?"

अनुरुद्ध स्थविरले भन्नु भयो– "तथागत **तावतिंस भवन**मा **पण्डुकम्बल सिलासनमा** वर्षावास गर्नु भई आफ्नो मातालाई **अभिधर्म पिटक** देशना गर्नु भइरहेको छ।

तिनीहरूले फेरि प्रश्न गरे –"भन्ते, तथागत मनुष्य लोकमा कहिले फर्कनु हुन्छ ?"

अनुरुद्ध स्थविरले भन्नु भयो– "तीन महिनासम्म **अभिधर्म पिटक** देशना गर्नु भइसकेपछि तथागत **महापवारण**को दिनमा मनुष्य-लोकमा ओर्लनु हुनेछ।"

Downloaded from http://www.dhamma.digital

ती जन-समूहले 'तथागतको दर्शन नगरिकन हामी यहाँबाट फर्कने छैनौं' भनी निर्णय गरी तिनीहरू जहाँ-जहाँ बसेका छन्, त्यही-त्यही अस्थायी आवास बनाए। आकाश नै उनीहरूको छाना थियो। तैपनि पानी पर्दा ती महान जन-समूहमा कसैको पनि शरीर भिज्दैनथ्यो। पृथ्वीमा ठाउँ-ठाउँमा पानी जाने निकास बनाई दिए। जमिन समतल भएको कारणले सबै ठाउँ सफा-सुग्घर थियो।

भगवान बुद्धले महामौद्गल्यायन स्थविरलाई पहिले नै यसरी आज्ञा गर्नु भएको थियो–"मौद्गल्यायन, यी महान परिषदलाई धर्म-देशना गर्दै रहनु। **चूल अनाथपिण्डक**ले भोजनको व्यवस्था गर्नेछ।"

त्यसैले **चूल अनाथपिण्डक** महाजनले तीन महिनासम्म ती महान परिषदलाई खाने-पिउने आदि अन्य आवश्यक सामग्रीहरू पुऱ्याई रहे। तिनीहरूलाई तीन महिनासम्म महामौद्गल्यायन स्थविरले धर्म-देशना गरिरहनु भयो। साथै प्रातिहार्य हेर्न आउनेहरूले अनेक प्रश्न गर्थे। त्यसको उत्तर पनि दिइरहनु भयो।

उता **तावतिंस देवलोकमा** आफ्नो मातालाई **अभिधर्म-देशना** गर्न जानु भएका तथा **पण्डुकम्बल सिलासन**मा वर्षावास गर्दै रहनु भएका तथागतलाई **दस हजार चक्रवाल**मा रहेका सबै देवताहरू आएर सेवा गर्न थाले।

त्यसकारण यसरी भनिएको छ –

**"तावतिंसे यदा बुद्धो, सिलायं पण्डुकम्बले।**
**पारिच्छत्तकमूलम्हि, विहासि पुरिसुत्तमो॥**

**अर्थ**– नर-श्रेष्ठ तथागत **तावतिसं भवन**को **पण्डुकम्बल शिलासनमा पारिच्छतक वृक्ष** मुनि विराजमान भइरहेको थियो।

Downloaded from http://www.dhamma.digital

**"दससु लोकधातूसु, सन्निपतित्वान देवता ।**
**पयिरुपासन्ति सम्बुद्धं, वसन्तं नागमुद्धनि ॥**

**अर्थ–** आकाश माथि **तावतिंस देवलोक** मा सम्यकसम्बुद्ध बिराजमान भइरहँदा दस लोक-धातुमा बस्ने **देवता**हरू सबै जम्मा भई तथागतको चारैतिर बसेर तथागतलाई सेवा-सत्कार गर्न थाले ।

**"न कोचि देवो वण्णेन, सम्बुद्धस्स विरोचति ।**
**सब्बे देवे अतिक्कम्म, सम्बुद्धोव विरोचती" ति ॥**

**(पे.व ३१७-३१९)**

**अर्थ–** त्यहाँ उपस्थित हुनु भएका कुनै पनि देवताहरू तथागत जस्तो प्रकाशमयी देखिँदैनथ्यो । सबै देवताहरू भन्दा तथागत नै जाज्वल्यमान भई शोभायमान देखिन्थ्यो ।

यस प्रकार सबै देवताहरू भन्दा तेजिलो प्रकाश भएका भगवान बुद्ध बस्नु भएको ठाउँमा तथागतको माता **तुसित विमान**बाट आउनु भई दाँयातिर बस्नु भयो । **इन्दक देवपुत्र** पनि आउनु भई दाँयातिरै बस्नु भयो । **अंकुर देवपुत्र** बाँयातिर बस्नु भयो । अरू प्रभावशाली देवताहरू अगाडि आएर बस्नु भए पछि **अंकुर देवपुत्र** पछाडि सर्दै-सर्दै गई बाह्र योजन टाढासम्म गएर बस्न जानु पऱ्यो । तर **इन्दक देवपुत्र** चाहि त्यहीं बसि रह्यो ।

भगवान बुद्धले ती दुवैलाई हेर्नु भई '**बुद्ध सासन**मा दान दिन योग्य पुद्गललाई दान दिएमा महान् फल हुन्छ' भन्ने कुरा थाहा दिनको लागि अंकुर देवपुत्रलाई सम्बोधन गर्नु भई यसरी आज्ञा गर्नु भयो– "हे अंकुर देवपुत्र, तिमीले दस हजार वर्ष पहिले बाह्र योजनसम्म चुल्होको लाईन लगाई बनाएर भोजन तयार गरी महादान गरेका

Downloaded from http://www.dhamma.digital

थियौं । आज तिमी तथागतको **धर्म-समागममा** आएर बाह्र योजन टाढा भएर बस्नु पर्‍यो ।

फेरि तथागतले प्रश्न गर्नु भयो–"यसको कारण के हो ?"

यहाँ यसरी पनि भनिएको छ–

**"ओलोकेत्वान सम्बुद्धो, अंकुरञ्चापि इन्दकं ।**
**दक्खिणेय्य सम्भावेन्तो, इदं वचनमब्रवि ॥"**

**"महादानं तया दिन्नं, अंकुर दीघमन्तरे ।**
**अतिदूरे निसिन्नोसि, आगच्छ मम सन्तिके" ति ॥**

**–(पे.व. ३२१-३२२)**

**अर्थ–** तथागत सम्यकसम्बुद्धले अंकुर र इन्दक दुइ जना देवपुत्रहरूलाई हेर्नु भई दान दिनेहरूलाई प्रभावित हुने गरी यी बचनद्वारा आज्ञा गर्नु भयो ।

हे अंकुर, तिमीले उस समयमा दीर्घकालसम्म महादान गरेर आयौ । अहिले तिमी धेरै टाढा गएर बस्यौं । तिमी मेरो अगाडि आऊ ।

तथागतको ती शव्द पृथ्वीमा पुगे । ती शव्दहरू सबै स्पष्टसँग त्यहाँ उपस्थित भइरहेका जन-परिषदले सुने ।

यसकारण यसरी भनिएको छ –

**"चोदितो भावितत्तेन, अङ्कुरो एतमब्रवि ।**
**किं मय्हं तेन दानेन, दक्खिणेय्येन सुञ्ञतं ॥"**

**"अयं सो इन्दको यक्खो, दज्जा दानं परित्तकं ।**
**अतिरोचति अम्हेहि, चन्दो तारागणे यथा" ति ॥**

**(पे. व. ३२३ - ३२४)**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** 'भावना गर्ने भगवान बुद्धले मलाई प्रश्न गर्नु भयो' भनी **अंकुर देवपुत्रले** यसरी उत्तर दिनु भयो –"दान दिन योग्य भएका व्यक्तिहरू शून्य भएको ठाउँमा मैले दिएको दानको फलबाट के लाभ होला ?

तर **इन्दक यक्ष** (देवता) ले अलिकति दिएको दान भए पनि तारागणको बीचमा चन्द्रमाको तेज झैं हामीलाई अत्यन्त शोभायमान भइरहेको छ ।

यहाँ **दज्जा धातुको** अर्थ 'दान दिनु' लाई भनिएको हो ।

यसो भनिएकोले तथागतले **इन्दक यक्ष**(देवता) लाई यसरी भन्नु भयो– "हे इन्दक, तिमी मेरो दाँयातिर बसिरहेका छौ । तिमीले त्यस स्थानलाई नछोडिकन किन त्यहीं बसिरहेको ?"

इन्दकले बिन्ति गर्दै भन्यो– "भन्ते भगवन, जसरी असल राम्रो खेतमा थोरै बीउ रोप्ने कृषक झैं दक्षिणा दिन योग्य पुद्‌गलहरूलाई दान दिंदा प्राप्त भएको फललाई प्रकाशित पार्दै यी गाथा प्रकाशमा ल्याउनु भयो–

**"उज्जङ्गले यथा खेत्ते, बीजं बहुम्पि रोपितं ।**
**न फलं विपुलं होति, नपि तोसेति कस्सकं ।"**

**अर्थ–** जसरी सुक्खा खेतमा धेरै बीउ रोपे पनि धेरै फल फल्दैन, जसले गर्दा कृषक सन्तोष हुँदैन ।

**"तथेव दानं बहुकं, दुस्सीलेसु पतिट्ठितं ।**
**न फलं विपुलं होति, नपि तोसेति दायकं ।"**

**अर्थ–** त्यस्तै दुस्सीलहरूलाई धेरै दान दिए पनि त्यसको फल धेरै हुदैन, जसले गर्दा दायकले सन्तोष लिन सक्दैन ।

Downloaded from http://www.dhamma.digital

**"यथापि भद्दके खेत्ते, बीजं अप्पम्पि रोपितं ।**
**सम्मा धारं पवेच्छन्ते, फलं तोसेति कस्सकं ॥"**

**अर्थ–** जसरी राम्रो खेतमा थोरै बीउ रोपे पनि बेला-वखतमा पानी दिइएमा त्यसबाट फल्ने फलबाट कृषकलाई सन्तोष गराउँछ।

**"तथेव सीलवन्तेसु, गुणवन्तेसु तादिसु ।**
**अप्पकम्पि कतं कारं, पुञ्ञं होति महप्फल"न्ति ॥**

**–(पे.व. ३२५ - ३२८)**

**अर्थ–** त्यसरी नै शीलवान, गुणवान व्यक्तिहरूलाई अलिकति मात्र दान दिएको पुण्यले महान फल प्राप्त हुन्छ ।

तिनीहरूले पूर्व जन्ममा गरेर आएको कर्म के हो ?

**इन्दक देवपुत्र**ले पूर्व-जन्ममा भिक्षाटनको लागि आउनु भएका **अनुरुद्ध स्थविर**लाई आफूलाई भनेर ल्याएको एक दारु भोजन भिक्षा दान गर्न दिइएको थियो। तर देवपुत्र अंकुरले दश हजार वर्षसम्म बाह्र योजन लामो स्थानमा चुलो बनाउन दिई दान गरेको फल भन्दा इन्दक देवपुत्रले सुपात्रमा अलिकति मात्र दान दिई प्राप्त गरेको पुण्यको महान फल पाएको कुरा दर्शाइएको छ ।

त्यसैले यस्तो भनिएको हो–

यस्तो कुरा सुन्नु भएर तथागतले अंकुरलाई संवोधन गर्नु भई भन्नु भयो– "अंकुर, दान गर्दा राम्रोसँग विचार गरेर दान दिनु पर्दछ। जसरी इन्दक देवपुत्रले राम्रो खेतमा थोरै बीउ रोपेर धेरै फल प्राप्त गरे । तिमीले त्यसो गर्न सकेनौं । त्यसैले तिमीले तिम्रो दानबाट महान फल प्राप्त गर्न सकेनौं ।

Downloaded from http://www.dhamma.digital

यसै अर्थलाई प्रकाशित गर्नु हुँदै तथागतले भन्नु भयो–

**"विचेय्य दानं दातब्बं, यत्थ दिन्नं महप्फलं ... पे॰ ...॥"**

**"विचेय्य दानं सुगतप्पसत्थं,**
**ये दक्खिणेय्या इध जीवलोके।**
**एतेसु दिन्नानि महप्फलानि,**
**बीजानि वुत्तानि यथा सुखेत्ते" ति॥**

**– (पे.व ३२९ – ३३०)**

तथागतले यसरी आज्ञा गर्नु भई, अरू धर्म-देशना गर्नु हुँदै यी गाथाहरू प्रकाशमा ल्याउनु भयो –

**"तिणदोसनि खेत्तानि, रागदोसा अयं पजा।**
**तस्मा हि वीतरागेसु, दिन्नं होति महप्फलं॥"**

**अर्थ**– खेतको दोष घाँस हो, मनुष्यको दोष राग हो। त्यसैले वीत रागलाई दिएको दानको फल महान हुन्छ।

**"तिणदोसानि खेत्तानि, दोसदोसा अयं पजा।**
**तस्मा हि वीतदोसेसु, दिन्नं होति महप्फलं॥"**

**अर्थ**– खेतको दोष घाँस हो। मनुष्यको दोष द्वेष हो। त्यसैले द्वेषरहित व्यक्तिलाई दिएको दानको फल महान हुन्छ।

**"तिणदोसानि खेत्तानि, मोहदोसा अयं पजा।**
**तस्मा हि वीतमोहेसु, दिन्नं होति महप्फलं॥"**

**अर्थ–** खेतको दोष घाँस हो। मनुष्यको दोष मोह हो। त्यसैले मोहरहित व्यक्तिलाई दिएको दानको फल महान हुन्छ।

Downloaded from http://www.dhamma.digital

**"तिणदोसानि खेत्तानि, इच्छादोसा अयं पजा ।**
**तस्मा हि विगतिच्छेसु , दिन्नं होति महप्फलं" न्ति ॥**

**अर्थ–** खेतको दोष घाँस हो । मनुष्यको दोष इच्छा हो । त्यसैले इच्छारहित व्यक्तिलाई दिएको दानको फल महान हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा **अंकुरो देवपुत्र** र **इन्दक देवपुत्र** दुवै जना **स्रोतापति मार्ग-फल** मा प्रतिष्ठित भए । अरू धेरै जन-समूहलाई यो धर्म-देशना सार्थक भयो ।

## १४.२ (थ) मातालाई अभिधर्म देशना–

त्यसपछि भगवान बुद्ध देवपरिषदको बीचमा विराजमान हुनु भई आफ्नी मातालाई लक्ष्य गर्नु भई **कुसला-धम्मा, अकुसला-धम्मा अब्याकता-धम्मा** आदि भन्नु भई **अभिधम्म-पिटक** को देशना थाल्नु भयो ।

एवं प्रकारले तीन महिनासम्म निरन्तर **अभिधम्म-पिटक**को देशना गर्नु भयो । यसरी देशना गरिरहनु हुँदा भिक्षा चरणको बेलामा 'म यहाँ आइनपुगेसम्म' यति धर्म-देशना गरि रहनु' भनी आफ्नो ऋद्धिद्वारा एक निर्मित बुद्ध खडा गर्नु भई तथागत **हिमवन्त पर्वत**मा जानु हुन्थ्यो । त्यहाँ **नागलता दतिवन**ले दाँत माझ्नु भई **अनोतप्त-दह** मा मुख धुनु हुन्थ्यो । उत्तरकुरुमा भिक्षा चरण गर्नु भई **महासाल-मालकमा** बस्नु भई भोजन गर्नु भयो । त्यस बखत सारिपुत्र स्थविर त्यहाँ जानु भई तथागतलाई गर्नु पर्ने सेवा गर्नु हुन्थ्यो ।

तथागतले भोजन गरी सक्नु भएपछि सारिपुत्र स्थविरलाई यसो भन्ने गर्नु हुन्थ्यो– "सारिपुत्र, आज मैले देवताहरूलाई यहाँसम्म धर्म-देशना गरेर आइसकें । तिमीले आफ्नो शिष्य भिक्षुहरूलाई यही कुरा सिकाई दिनु"

Downloaded from http://www.dhamma.digital

तथागतको **यमक-प्रातिहार्य** देखेर प्रसन्न भई पाँच सय कुलपुत्रहरू सारिपुत्र स्थविर कहाँ गएर प्रब्रजित भएका थिए। तिनीहरूलाई नै उद्देश (लक्ष) गर्नु भई तथागतले यसरी आज्ञा गर्नु भएको हो।

सारिपुत्र स्थविरलाई यसरी आज्ञा गर्नु भइसके पछि तथागत देवलोकमा जानु भई निर्मित बुद्धले धर्म-उपदेश गर्नु भएको ठाउँबाट तथागत आफैले धर्म-देशना गर्न थाल्नु भयो।

सारिपुत्र स्थविरले पनि ती भिक्षुहरू कहाँ गएर धर्म-देशना आरम्भ गर्नु भई पाठ घोकाउन थाल्नु भयो। ती पाँच सय भिक्षुहरू तथागत देवलोकमा बास गरिरहनु भएकै बेला **अभिधर्मको सात प्रकरण** कण्ठस्थ गर्नमा निपुण भई सकेका थिए।

## १४.२ (द) पूर्व जन्मको कथा–

ती भिक्षुहरू **काश्यप तथागतको** समयमा सानो खालको चमेरो भई जन्म लिई एक गुफाको छत मुनि झुण्डिएर बसिरहेका थिए। त्यस बेला त्यहाँ दुइ जना स्थविरहरू **चक्रमण** गर्दै अभिधर्म पाठ गरिरहेका स्वर ती चमेरोहरूले सुनिरहेका थिए। ती स्वर नै तिनीहरूको लागि **निमित्त** बन्न गयो। तिनीहरूलाई 'यी **स्कन्ध** हुन्, यी **धातु** हुन्' भन्ने कुरा थाहा थिएन। तर ती शब्दहरूको अनुकरण गरेको प्रभावले गर्दा मृत्यु पश्चात् तिनीहरू देवलोकमा उत्पन्न भए। देवलोकमा तिनीहरूले एक बुद्धान्तरसम्म दिव्य सम्पत्ति अनुभव गर्दै त्यहाँबाट च्यूत भई श्रावस्ती नगरमा कुलपुत्रहरूको घरमा जन्म भए।

ठूलो भइसके पछि तथागतको यमक प्रातिहार्य दर्शन गर्न पाएर प्रसन्न भई सारिपुत्र स्थविर कहाँ गएर प्रव्रजित भए। प्रव्रजित

Downloaded from http://www.dhamma.digital

भइसके पछि तिनीहरू **अभिधर्मका सात प्रकरणका** धर्म-देशना अवबोध गर्नमा सफल भए ।

तथागतले पनि देवलोकमा जानु भई त्यसै पद्धति अनुसार तीन महिनासम्म आफ्नो आमालाई **अभिधर्म-देशना** गर्नु भयो । धर्म-देशनाको अन्तमा अस्सी हजार करोड देवताहरूलाई **धर्म-संवेग** उत्पन्न भयो । महामाया देवी पनि **स्रोतापत्ति फलमा** प्रतिष्ठित हुनु भयो ।

छत्तिस योजन **परिमण्डल** (लम्बाई-चौडाई घेरा) भित्र रहेका ती महान जन परिषदले 'आजले सात दिनमा **महापवारणा** हुनेछ' भनी महामौद्गल्यायण स्थविर कहाँ गएर भने– "भन्ते, भगवान बुद्ध देवलोकबाट ओर्लने दिन थाहा पाउनु पऱ्यो । हामी तथागतको दर्शन नगरिकन यहाँबाट जाने छैनौं ।

आयुष्मान मौद्गल्यायनले तिनीहरूको कुरा सुनेर "तपाईहरूले भन्नु भएको ठीक छ" भन्नु हुँदै तिनीहरूलाई आश्वाशन दिँदै त्यहींबाट पृथ्वीमा डुबेर गई **सुमेरु पर्वतको** मुनि प्रकट हुनु भयो । 'म सुमेरु पर्वतमा उक्ली रहेको सबै जनताले देख्न सकुन्' भनी अधिष्ठान गर्नु भई **मणिरत्नले जडित पण्डूकम्बल**को धागो जस्तो भई सकल जनताले देखिने गरी **सुमेरु पर्वतको** बीच-बीच बाट चढ्दै जानु भयो ।

जनताहरूले पनि 'उहाँ एक योजन चढ्नु भयो', 'दुइ योजन चढ्नु भयो' भन्दै हेरिरहे । स्थविरले पनि क्रमशः पर्वतको चुचुरोमा पुगेर तथागतलाई **वन्दना** गरी यसरी बिन्ति गरे– "भन्ते भगवन, ती महान जन-परिषदले तथागतको दर्शन गरेर मात्र त्यस स्थानलाई छोड्ने इच्छा गरिरहेका छन् । तथागत, कहिले; कहाँ ओर्लनु हुनेछ ?"

भगवान बुद्धले प्रश्न गर्नु भयो– "हे मौद्गल्यायन, तिम्रो दाजु सारिपुत्र अहिले कहाँ बसिरहेका छन् ?"

Downloaded from http://www.dhamma.digital

स्थविरले बिन्ति गऱ्यो– "उहाँले **सङ्कस्स नगरद्वारमा** **वर्षावास** गर्नु भएको छ ।

तथागतले भन्नु भयो– "मौदगल्यायन, म तथागत आजले सातौं दिनमा **महापवारणाको** कार्य समापन पश्चात् **सङ्कस्स नगरद्वारमा** ओर्लने छु । 'तथागतलाई दर्शन गर्न इच्छा भएका जन-समूहलाई त्यस स्थानमा जम्मा हुनु' भनी भन्नु ।"

श्रावस्तीबाट **सङ्कस्स** नगर तीस योजन टाढा पर्छ । तर यत्तिको टाढा बाटो जाँदा कसैलाई पनि बाटो खर्चको आवश्यकता पर्दैन । **उपोसथ ब्रत** बसेर आ-आफ्नो घरबाट बिहारमा गई धर्म-श्रवण सुन्न जाने जस्तै गरी जानु" भनी सुनाई दिनु ।

स्थविरले बिन्ति गर्दै भने– "हुन्छ भगवन" भन्नु भई फर्केर गई त्यसरी नै सूचना दियो ।

## १४.२ (ध) तथागत मनुष्य लोकमा जानको लागि देवराज इन्द्र शक्रलाई सूचना–

वर्षाबास पूर्ण भइसकेपछि **महापवारणा** (वर्षावास समापन) गर्नु भई तथागतले देवराज इन्द्रलाई सूचना दिनु भयो– "महाराज, अब म मनुष्य लोकमा जानेछु ।"

देवराज इन्द्रले आफ्नो ऋद्धि-शक्तिबाट सुनको, मणिरत्नको र चाँदीको तीन वटा भऱ्याङ्ग बनाई दिनु भयो । ती तीन भऱ्याङ्गका टुप्पाहरू सुमेरु पर्वतको (टुप्पा, थाप्लो) शिखरमा थमाएर (अड्काएर) खुट्टा शंकाश्य नगरद्वारमा पुऱ्याई ठहऱ्याई दिनु भयो । ती तीन भऱ्याङ्गहरू मध्ये दाँयापट्टिको सुवर्णमय भऱ्याङ्ग देवताहरूको लागि, बाँयापट्टिको रजतमय भऱ्याङ्ग महाब्रह्माहरूको लागि र बीचको रत्न-जडित भऱ्याङ्ग तथागतको लागि बनाइएका थिए ।

Downloaded from http://www.dhamma.digital

## १४.२ (न) अर्को एक यमक प्रातिहार्यको प्रदर्शन–

तथागत सुमेरु पर्वतको शिखरमा उभिनु भई देवलोकबाट अवरोहण (ओर्लदा) को समयमा प्रातिहार्य दर्शाउनु हुँदै माथि हेर्नु हुँदा सम्पूर्ण **एक** आँगन जस्तो देखियो। तथागतले तल हेर्नु हुँदा **अवीची नरक** सम्म एक आँगन जस्तो देखियो। दिशा-विदिशा तरफ हेर्नु हुँदा अनेक लाख चक्रवाल पनि एक आँगन जस्तै भयो। देवताहरूले मनुष्यहरूलाई देखे। मनुष्यहरूले देवताहरूलाई देखे। सबै सन्मुखमा भएको जस्तो देखिन थाल्यो।

भगवान बुद्धले तथागतको शरीरबाट **छ वण्ण रश्मि** (छ प्रकारका रङ्गले संयुक्त) फैलाउनु भयो। त्यस दिनमा भगवान बुद्धको सौन्दर्य देखेर छत्तिस योजन परिधि भित्र रहेका सम्पूर्ण जन परिषदले बुद्धत्व-भावलाई प्रार्थना गरे।

सुवर्णमय भऱ्याङ्गबाट देवताहरू ओर्लनु भयो। चाँदीको भऱ्याङ्गबाट ब्रह्मांहरू ओर्लनु भयो। रत्न जडित भऱ्याङ्गबाट तथागत सम्यकसम्बुद्ध ओर्लनु भयो।

**पञ्चशिखा गन्धर्व पुत्र बेलुवपण्डु** नामक बीणा लिई तथागतको दाहिने तिर उभिएर **गन्धर्व दिब्य वीणा** बजाएर मधुर स्वरले पूजा गर्दै ओर्ले। **मातलि** नामक अतिथि सत्कार गर्ने देवता तथागतको देब्रे पट्टिबाट दिव्य सुगन्ध पुष्प लिई नमस्कार गर्दै पूजा गर्दै ओर्लिरह्यो। तथागतलाई महाब्रह्माले छत्र ओढाई दिए। **सुयाम** नामक देवपुत्र चउँर (बालबीजनिं) पंखाले हम्काउनु भयो। तथागत यी परिवारहरू सँगै ओर्लनु भई **संङ्कस्य** नगरद्वारमा उभिनु भयो।

सारिपुत्र स्थविर पनि त्यहाँ जानु भई भगवान बुद्धलाई वन्दना गर्नु भयो र उहाँ आश्चर्य-चकित हुनु भयो। किनभने त्यस प्रकारले

Downloaded from http://www.dhamma.digital

भगवान-बुद्ध दिब्य शोभाले युक्त भई देवलोकबाट ओर्लनु भएको यो भन्दा पहिले उहाँले कहिल्यै देख्नु भएको थिएन ।

त्यसैले उहाँ भन्नुहुन्छ –

**“न मे दिट्ठो इतो पुब्बे, न सुतो उद कस्सचि ।**
**एवं वग्गुवदो सत्था, तुसिता गणिमागतो” ति ॥**

**–(सु.नि.९६१ ; महानि. १९०)**

**अर्थ –** आजभन्दा पहिले भगवान बुद्धको श्री शोभायुक्त शरीर न कहिल्यैं देखेंको थिएँ , न कसैबाट सुनेको थिएँ । यस्तो प्रियंवद **(वग्गुवदो)** शास्ता **तुषित** देवलोकबाट मनुष्यलोकमा अवतरित हुनु भयो ।

एवं प्रकारले आफ्नो सन्तुष्टि (प्रीति) प्रकट गर्नु हुँदै बिन्ति गर्नु भयो– “भन्ते शास्ता, आज सबै देवता र मनुष्यहरूले ‘तथागत जस्तै हुन पाए हुन्थ्यो’ भनी आशिका र प्रार्थना गर्दैछन् ।”

त्यसपछि तथागतले भन्नुभयो– “सारिपुत्र, ‘यस प्रकारका गुणले सम्पन्न भएका भगवान बुद्धहरूलाई देवता र मनुष्यहरूले मन पराउने स्वभाविक नै हो; भन्नु हुँदै धर्म-देशना गर्नु हुँदै’ यो गाथा प्रकाशमा ल्याउनु भयो –

**“ये झानपसुता धीरा, नेक्खम्मूपसमे रता ।**
**देवापि तेसं पिहयन्ति, सम्बुद्धानं सतीमत” न्ति ॥**

**अर्थ–** जो धीर भई ध्यान गर्नमा लागि रहने हुन्छन्, निष्काम कर्मद्वारा शान्ति प्राप्त गर्नमा लागि रहन्छन् । यस्तो स्मृति युक्त बुद्धहरूलाई देवताहरूले पनि प्रशंसा एवं प्रार्थना गर्दछन् ।

Downloaded from http://www.dhamma.digital

यस गाथामा **ये झानपसुता** ति भन्नेमा **लक्षण उपनिधान** र **आरम्मण उपनिधान** भनि यी दुइ ध्यानमा मनमा आउने बित्तिकै **(आवज्जन समापज्जन) समापत्ति** मा पुग्ने अधिष्ठान गर्ने **(अधिट्ठान)** ध्यानंबाट उठ्ने प्रत्यवेक्षणा गर्नुमा (वुट्ठानपच्चवेक्खणेहि) युक्त-प्रयुक्त भइरहने अवस्था हो । **नेक्खम्मूपसमे रता** ति यहाँ नैष्क्रम्यको अर्थ प्रव्रज्यालाई ग्रहण गर्ने होइन **(पब्बज्जा नेक्खम्मन्ति न गहेतब्बा)** अर्थात् यहाँ **नेक्खम्म** भन्नुको अर्थ क्लेशलाई नाश गर्नु, निर्वाणमा लीन भएर वस्ने अवस्थालाई भनिएको हो । **देवापि** ति 'देवताहरूले र मनुष्यहरूले तिनीहरूलाई प्रार्थना गर्दछन्' भनिएको हो । **सतीमतन्ति** बुद्धहरू यस्तो गुणहरूले संयुक्त हुनु भएका हुन्छन् । "अहो, हामीहरू पनि बुद्ध हुन पाए हुन्थ्यो" भनी 'बुद्ध हुने इच्छा गरी प्रार्थना गरेका हुन्' भन्ने अर्थ जनाउँछ ।

धर्म-देशनाको अन्तमा तीस करोड प्राणीहरूलाई धर्म-अवबोध भयो । सारिपुत्र भन्तेसँग बस्ने पाँच सय जना भिक्षुहरू **अरहन्त पद**मा प्रतिस्थित भए ।

## १४.२ (प) कथाको बाँकी अंश–

'सबै बुद्धहरूले छोड्न नहुने नियम के हो' भने **यमक प्रातिहार्य** प्रदर्शन गर्नु भई देवलोकमा वर्षावास गर्नु हुन्छ र **सङ्कस्स नगर-द्वारबाट** ओर्लनु हुन्छ । त्यसबेला तथागतले त्यहाँ दाँया पाइला राख्नु भएको स्थानलाई **अचल चैत्य** भन्ने नामले प्रसिद्ध भयो ।

तथागत त्यस स्थानमा उभिनु भई पृथकजनहरूलाई प्रश्न गर्नु भयो । पृथकजनहरूले आ-आफ्नो विषयमा गर्नु भएको प्रश्नको उत्तर दिए । तर **स्रोतापत्ति**को विषयमा प्रश्न गर्नु हुँदा उनीहरूले

Downloaded from http://www.dhamma.digital

त्यसको उत्तर दिन सकेनन् । त्यस्तै **स्रोतापन** भइसकेकाहरूले **सकृदागामि** को विषयमा उत्तर दिन सकेनन् । महामौद्गल्यायनको विषयमा अरू महाश्रावकहरूले उत्तर दिन सकेनन् । त्यस्तै सारिपुत्र स्थविरको विषयमा महामौद्गल्यायन स्थविरले उत्तर दिन सक्नु भएन भने भगवान बुद्धको विषयमा सारिपुत्र स्थविरले तथागतको प्रश्नको उत्तर दिन नसकिने हुन्छ ।

तथागतले पूर्व दिशादेखि सबै दिशामा अवलोकन गर्नु भयो । सबै ठाउँ एउटै आँगन जस्तै भयो । आठै दिशाका देवता र मनुष्यहरू माथि-माथि ब्रह्मलोकका ब्रह्माहरू तल भूमिमा बस्ने **यक्ष, नाग र गरुड** (सुपण्णा)हरूले दुइ हात जोडेर बिन्ति गर्दै भने– "भन्ते भगवन, यहाँ तथागतको प्रश्नको उत्तर दिने कोही पनि छैनन् ।"

तथागतले सारिपुत्र स्थविर क्लान्त भएको थाहा पाउनु भई 'निम्न गाथाको विषयमा केही कुरा भनी देऊ' भनी आज्ञा गर्नु भयो –

**"ये च सङ्खातधम्मासे, ये च सेखा पुथू इध ।**
**तेसं मे निपको इरियं, पुट्ठो पब्रूहि मारिसा" ति ॥**

**–(सु.नि १०४४; चुलनि.अजितमाणवपुच्छानिद्देस ७)**

**अर्थ** - यस संसारमा जुन संस्कृत धर्म हो, जो शैक्ष पृथकजनहरू हुन्; तिनीहरू मध्ये **इरिया पथ**मा दक्ष भएका छन् । हे मारिस, तिमीसँग म सोध्दैछु । मलाई भनी देऊ ।"

यस बुद्ध विषयमा गरिएको प्रश्न सुनेर शास्ताले मलाई **सेखा-सेखानं आगम प्रतिपद**को विषयमा प्रश्न गर्नु भएकोमा शङ्का छैन । तर **स्कन्ध** आदिमा कुन चाहिं प्रतिपदाको हिसाबले भनेमा तथागतको बिचारलाई पूर्ण गर्न सकिन्छ ? यस कुरामा तथागतले

Downloaded from http://www.dhamma.digital

शंका गर्नु भएको छ । त्यसकारण तथागतले मलाई नियम (**नय**) देखाई दिनु भएन भने मैले यसको आशयलाई भन्न नसकिने हुन्छ । त्यसकारण मलाई नियम (**नय**) दर्शाई दिनु पऱ्यो भन्दा तथागतले **"भूतमिदं, सारिपुत्त, समनुपस्ससी**" ति भन्नु भयो ।

यसको अर्थ हो– "**सारिपुत्तो मम अज्झासयं गहेत्वा कथेन्तो खन्धवसेन कथेस्सती**" ति सारिपुत्रले मेरो विचार अनुसार व्याख्या गरेको खण्डमा **स्कन्ध** अनुसार व्याख्या गर्नेछ ।

सारिपुत्र स्थविरलाई तथागतको संकेत मिल्ने बित्तिकै यस प्रश्नको उत्तर सयौं प्रकारले, हजारौं प्रकारले, लाखौं प्रकारले बुझ्न थाल्यो' उहाँले तथागतले दिनु भएको (**नय**) नियममा बस्नु भई प्रश्नको उत्तर दिनु भयो ।

सम्यकसम्बुद्ध एक जना बाहेक सारिपुत्रलाई दिइएको प्रश्नको उत्तर अरू कसैले पनि दिन सक्दैनन् । त्यसकारण सारिपुत्र स्थविरले तथागतको सन्मुखमा बसी यसरी सिंहनाद गर्नु भयो –"भन्ते भगवन, सबै कल्पमा वर्षा भएको पानीको थोपा गन्ती गरी- यति थोपा महासमुद्रमा, यति थोपा जमिनमा, यति थोपा पर्वतमा परेको हिसाब राख्ने समर्थ ममा छ ।"

तथागतले भन्नु भयो– "सारिपुत्र, तिमीमा यसरी गन्ती गर्ने समर्थ भएको कुरा मलाई थाहा छ । त्यसकारण सारिपुत्र स्थविरको विषयमा उपमा दिन लायक कुनै चीज वा वस्तु नै छैन ।"

त्यसकारण भनिन्छ –

**"गङ्गाय वालुका खीये, उदकं खीये महण्णवे ।**
**महिया मत्तिका खीये, न खीये मम बुद्धिया" ति ॥**

Downloaded from http://www.dhamma.digital

**अर्थ–** मेरो बुद्धि लक्ष (अनुमान) गरेको खण्डमा गङ्गाजीमा भएको बालुवा क्षीण (समाप्त) हुनेछ । महासमुद्रमा भएको पानी सुकेर जानेछ। पृथ्वीमा भएको माटो समाप्त हुनेछ। तैपनि मेरो बुद्धि समाप्त हुने छैन ।

यसरी भनिएको छ कि –

सारिपुत्र स्थविरले भगवान बुद्धलाई भन्नुभयो– भन्ते, बुद्धि सम्पन्न लोकनाथ,– "तथागतले मलाई एक-एक प्रश्न गर्नु हुँदा त्यसको जवाफ व्याख्या गर्दै दिएको खण्डमा बालुवाको कण गन्दै गरेको सकिन्छ होला ; पानी वर्षेको थोपा गन्न भ्याइन्छ होला; जमिनको माटो पनि हटाउन सकिन्छ होला तर मैले सय प्रकारले, हजार प्रकारले, लाख प्रकारले दिएको उत्तर सकिंदैन ।"

यस्तो महान प्रज्ञा भएको स्थविरले पनि बुद्धको विषयमा गरिएको प्रश्नको आदि-अन्त थाहा नपाएर पछि तथागतले दर्शाउनु भएको **(नय)** रूल-नियम अनुसारले मात्र उत्तर दिन सक्ने भयो ।

## १४.२ (फ) धर्म सभामा सारिपुत्र स्थविरको विषयमा चर्चा–

यस विषयमा त्यहाँ उपस्थित भिक्षुहरूको बीचमा चर्चा हुन थाल्यो– "जुन प्रश्नको उत्तर सभामा उपस्थित कसैले पनि दिन सकेन, तर त्यस प्रश्नको उत्तर धर्मसेनापति सारिपुत्र एक्लैले दिनु भयो ।"

तथागतले तिनीहरूको कुरा सुनेर भन्नु भयो–

"भिक्षुहरू, अहिले मात्रै सारिपुत्र स्थविरले कसैले दिन नसकेको उत्तर दिएको होइन, पहिले पनि यसरी नै उत्तर दिएर आएको छ" भन्नु हुँदै अतीतको कुरा प्रकाशमा ल्याउनु भयो ।

Downloaded from http://www.dhamma.digital

**"परोसहस्सम्पि समागतानं,**
**कन्देय्युं ते वस्ससतं अपञ्ञा ।**
**एकोव सेय्यो पुरिसो सपञ्ञो,**
**यो भासितस्स विजानाति अत्थ" न्ति ॥**

**– (जा. १. १. ९९)**

**अर्थ–** अरू प्रज्ञा नभएका मानिसहरू हजारौं, सयौं वर्षसम्म रोएर-विलाप गरेता पनि, एक जना प्रज्ञा भएको मानिस उत्तम हुन्छ; जसले बुद्ध -भाषितको अर्थलाई राम्रोसँग बुझ्न सक्ने हुन्छ ।

तथागतले यो जातक कथा विस्तार पूर्वक आज्ञा गर्नु भयो ।

Dhamma.Digital

'यमक प्रातिहार्यको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १४.२ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

'यमक प्रातिहार्यको कथा' राजगृह नगरसँग जोडिएको छ।

एक समय राजगृह नगरको एक जना महाजन नुहाउन जाँदा आफ्नो सुरक्षाको लागि गंगाजीमा जाल विछ्याउन लगाई पानीमा खेलिरहेको थियो। त्यसै बेला गंगाजीको कतै एक किनारमा रहेको एउटा रक्त चन्दनको रूख ढलेर पानीमा बग्दै टुका-टुका भई गाग्री जत्रो एक डल्लो काठ क्रमैसँग गंगाजीमा बग्दै आई त्यस महाजनले विछ्याएको जालमा पर्न आयो।

त्यस काठको डल्लो रक्त चन्दन भनी थाहा पाई महाजनले त्यसको एउटा बुट्टादार पात्र बनाउन लगाई साठी हात लामो एउटा बाँस उठाएर त्यस बाँसको टुप्पोमा रक्त चन्दनको पात्र झुण्डयाउन लगायो।

त्यस पछि महाजनको इच्छा अनुसार घोषणा गर्न लगायो कि 'संसारमा कोही अरहन्त छ' भने आकाश मार्गबाट उडेर गई त्यो पात्र लिएर जान सकिन्छ'।

त्यस समय छ जना प्रसिद्ध गुरुहरू थिए। तिनीहरूले क्रमैसँग त्यो पात्र आफूहरूलाई योग्य भएकोले तिनीहरूलाई त्यत्तिकै प्रदान गर्न महाजनसँग आग्रह गरे।

छैठौं दिनमा निर्ग्रन्थनाथपुत्र (जैन साधु) ले अनेक अभिनय देखाई पात्र आफ्नो हातमा पार्न कोशिश गऱ्यो। तर महाजनले आफै उडेर गएर मात्रै पात्र पाउने कुरा दोहऱ्याई रह्यो।

सातौं दिनमा आयुष्मान महामौद्गल्यायन र आयुष्मान पिण्डोल भारद्वाज राजगृह नगरमा भिक्षाटनको लागि जान लाग्दा महाजनको इच्छा अनुसार आकाशमा उडेर रक्त चन्दनको पात्र लिन सक्ने 'यस संसारमा कोही अरहन्त रहेनछ' भनी कोही धुर्तहरू चिच्याएको कुरा उहाँहरूले सुन्नु भयो।

Downloaded from http://www.dhamma.digital

त्यसपछि आयुष्मान मौद्गल्यायनले आयुष्मान पिण्डोल भारद्वाजलाई आकाश मार्गबाट गई रक्त चन्दनको पात्र लिएर आउन अह्राउनु भयो। उहाँको आदेश अनुसार आयुष्मान पिण्डोल भारद्वाज **अभिञ्ञापादक चतुर्थ ध्यान**मा बसेर ध्यानबाट उठ्नु भई **तीन गावुत** लामो ठूलो फराकिलो ढुङ्गालाई दुइ पाइलाको अग्र भागले च्यापेर मानो कपासको टुका च्यापे झैं गरी आकाशमा उडेर गई राजगृह नगर माथि सात चक्कर लगाउनु भयो। त्यसपछि स्थविरले त्यस ढुङ्गालाई आफ्ना दुइ पाइतालाले च्यापेर एकातिर हुत्याई दिनु भई उहाँ श्रेष्ठीको घरको छाना माथि गएर वस्नु भयो।

त्यस दृश्य देखी महाजन साह्रै प्रभावित भई उहाँलाई आदरपूर्वक आसनमा बसाली साठी हात लामो बाँसमा झुण्ड्याई राखेको रक्त चन्दको पात्र उतार्न लगाई त्यस पात्रमा चतुमधु भरी राखेर सादरपूर्वक प्रदान गऱ्यो। स्थविरले त्यस पात्र ग्रहण गर्नु भई जनताहरूको माग अनुसार प्रातिहार्य दर्शाउदै विहारतिर जाँदै गर्दा स्थविरको पछि-पछि लागेर उच्च स्वरले कराउँदै आइरहेका मानिसहरूका आवाज तथागतको कानमा पऱ्यो। आयुष्मान आनन्दद्वारा यस घटनाको विवरण थाहा पाइसक्नु भए पछि आयुष्मान पिण्डोल भारद्वाजले यसको सत्य-तथ्य तथागतलाई बिन्ति गर्नु भयो। तथागतले स्थविरलाई निन्दा गर्नु भई रक्त चन्दनको पात्र टुका-टुका पार्न लगाउनु भई गाजल बनाउन हुने गरी घोटन लगाउनु भयो। त्यसपछि भगवान बुद्धले आफ्ना शिष्यहरूलाई ऋद्धि प्रातिहार्य दर्शाउनु नहुने **शिक्षापद** प्रज्ञापित गर्नु भयो।

भगवान बुद्धले आफ्ना श्रावक शिष्यहरूलाई ऋद्धि प्रातिहार्य दर्शाउन नपाउने शिक्षापद प्रज्ञापित गर्नु भएको कुरा तिर्थङ्करहरूले थाहा पाए पछि 'अब प्रातिहार्य दर्शाउने पालो हाम्रो हो' भन्दै जन-समूहमा प्रचार गर्न थाले।

Downloaded from http://www.dhamma.digital

राजा बिम्बिसारले यो कुरा थाहा पाउनु भई तुरुन्तै वहाँ भगवान बुद्धकहाँ जानु भयो। तथागतले राजालाई उदाहरण दिनु हुँदै सम्झाउनु भयो– "महाराज, जसरी तीन योजन भएको राज्यमा राजाको आज्ञा चल्छ। आफ्नो बगैंचामा फलेको आँप आदि फल खाए पनि आफूलाई दण्ड सजाइँ लाग्दैन तर अरूलाई सजाइँ दिइन्छ। त्यस्तै सहस्र कोटि चकवालहरूमा तथागतको आज्ञा चल्छ, 'आफूले प्रज्ञापित गरेको शिक्षापद आफूले पालन गर्नु पर्छ' भन्ने छैन। तर अरूले पालन नगरेमा उनीहरूलाई दोष लाग्छ।"

तथागतले फेरि भन्नु भयो– "महाराज, आजले चार महिना पछि आषाढ पूर्णिमाको दिनमा सबै बुद्धहरूले महाप्रातिहार्य देखाउने स्थान श्रावस्तीमा तथागतले ऋद्धि प्रातिहार्य दर्शाउने छ।"

भगवान बुद्ध राजगृह नगरमा भिक्षा चरण गर्नु भई श्रावस्तीको लागि प्रस्थान गर्नु भयो। तथागत कमैसँग चारिका गर्नु हुँदै श्रावस्तीमा पुग्नु भयो। तीर्थङ्करहरू पनि तथागत सँगसँगै श्रावस्ती नगरमा पुगे। तिनीहरूले आफ्ना दाताहरूसँग एक लाख चन्दा उठाएर खदिर वृक्षको खम्भा बनाई मण्डप तयार पारे। मण्डपलाई सिगारेर 'अब हामी यहाँ प्रातिहार्य देखाउने छौं' भन्दै त्यहीं बस्न थाले।

कोसल राजा प्रसेनजित भगवान बुद्ध कहाँ जानु भई तथागतको लागि मण्डप बनाई दिनको लागि प्रार्थना गर्नु भयो। मण्डप बनाउने काम शक्र देवराज इन्द्रले जिम्मा लिई सकेको र **कण्डम्ब वृक्ष** मुनि प्रातिहार्य दर्शाउने कुरा तथागतले राजालाई अवगत गराउनु भयो।

यो कुरा सुनेर तीर्थङ्करहरूले त्यहाँ भए भरका आँपका रुखहरू, बोट-विरूवा उखेल्न लगाई जङ्गलमा फ्याक्न लगाए।

भगवान बुद्ध आषाढ पूर्णिमाको दिनमा श्रावस्ती नगर भित्र प्रवेश गर्नु भयो। राजाको 'कण्ड' नामक बगैंचा नाइकेले एउटा

Downloaded from http://www.dhamma.digital

पाकेको आँप तथागतलाई चढाउन लग्यो । आनन्द स्थविरले त्यस पाकेको आँपलाई पानीले राम्रोसँग पखालेर सर्वत बनाई माणिकको पात्रमा राखी तथागतलाई चढाउनु भयो ।

तथागत त्यहीं संघाटी बिछ्याईएको आसनमा बस्नु भई आँपको सर्वत पिउनु भयो र **कण्ड** नाइकेलाई भन्नु भयो– "कण्ड, यहाँ खाल्डो खनेर यो आँपको बियाँ यहीं रोपी देऊ"

नाइकेले आँप रोपी दियो । तथागतले त्यस माथि हात धुनु भयो । हात धुने बित्तिकै आँपको बोट निस्क्यो । त्यसको फेद मोटो र लम्बाईमा पचास हात लामो आँपको बोट खडा भयो । त्यसमा चार दिशामा पचास-पचास हातको चार हाँगा र एउटा माथि गरी पाँच हाँगा तुरन्तै उत्पन्न भयो । त्यस आँपको बोटको हाँगाहरूमा फूलहरू फुल्न थाले । अनि तुरन्तै झुप्पा - झुप्पा आँपहरू फल्न थाले । मानिसहरूले ती पाकेका आँपहरू टिप्दै खाँदै गरे ।

त्यस आँपको बोट **कण्ड** भन्ने बगैंचा नाइकेले रोपेको हुनाले त्यसको नाम **'कण्डम्ब-वृक्ष'** भनी लोकमा प्रसिद्ध भयो ।

तीर्थङ्करहरूले प्रातिहार्य देखाउने नाममा तथागतलाई परोक्ष रूपमा गर्न हुने-नहुने काम गरेको कारणले देवराज इन्द्रले तिनीहरूको मण्डप ध्वस्त पार्न लगायो । फेरि सूर्य मण्डलको तेजले तिनीहरूलाई असह्य गर्मी तुल्याई दियो, हावा-हुरी बहन लगाई हैरान पारी दियो र अन्तमा ठूलो पानी वर्षाई त्यहाँबाट भाग्न बाध्य तुल्याई दियो ।

तथागतलाई देवराज इन्द्रले आफ्नो ऋद्धिद्वारा आकाशमा रत्नको चंक्रमण गर्ने मण्डप निर्माण गरी दिए जुन मण्डपको एक छेऊ चक्रवालको पूर्व कुनाबाट अर्को छेऊ पश्चिम कुनासम्म पुग्थ्यो ।

छत्तीस योजन लामो त्यस मण्डपमा तथागतको प्रातिहार्य हेर्न मानिसहरू जम्मा भइसकेका थिए । **कण्डव** आँपको वृक्ष मुनि गएर

Downloaded from http://www.dhamma.digital

अब प्रातिहार्य दर्शाउने समय भयो' भनी तथागत गन्धकुटीबाट निस्कनु भई त्यहाँ विराजमान हुनु भयो।

त्यसबेला ऋद्धि-सिद्धिले सम्पन्न अनागामी मार्ग-फल प्राप्त गरी सकेकी **धरणी** उपासिकाले तथागत समक्ष बिन्ति गर्दै भनिन्– "मैले यस चक्रवालको गर्भमा रहेको महापृथ्वीलाई पानी बनाई पानीमा बस्ने पंछि झैं पानी भित्र पसेर डुबुल्की मार्दै चक्रवालको पूर्व,पश्चिम,उत्तर,दक्षिण दिशाको कुनाबाट पानीबाट निस्केर आफूलाई देखाउने छु। त्यस्तै गरी चक्रवालको बीचबाट पनि पानीबाट निस्केर दर्शाउने छु।"

'भगवान बुद्धको शिष्या **धरणी** नामक एउटी महिलाको त यस्तो शक्ति छ भने तथागतको कस्तो आनुभाव होला' भनी तीर्थङ्करहरू भाग्ने छन्। तर तथागतले तिनलाई ऋद्धि प्रदर्शन गर्ने अनुमति दिनु भएन।

यी छत्तीस योजन लामो परिषदको बीचमा यसरी सिंहनाद गर्न दिंदा तिनीहरूको गुण प्रकट हुने हुँदा तथागतले अरू शिष्य-शिष्याहरूलाई पनि बोल्ने मौका दिनु भयो।

तिनीहरू मध्ये अनागामी भइसकेको **चूल अनाथपिण्डक** जसले आफ्नो शरीरलाई बाह्र योजन ठूलो पारी ब्रह्माको रूप धारण गरी त्यस परिषदको बीचमा बसी ब्रह्माले तालि बजाए जस्तै ठूलो शब्द निस्कने गरी तालि बजाई दिनेछु भन्ने; **प्रटिसम्भिदा** प्राप्त सात वर्षकी **'चीर'** नाम भएको श्रामणेरीले सुमेरू पर्वत, चक्रवाल पर्वत र हिमालय पर्वतलाई यहाँ ल्याएर लहरै राखी तिनले पोथी राजहंसको रूप धारण गरी ती पर्वत माथि-माथि कहीं नछुने गरी उडेर देखाउन सक्ने; त्यस्तै जन्मले सात वर्ष मात्रै भएको एक जना प्रतिसम्भिदा प्राप्त क्षीणास्रबी **'चुन्द'**नाम भएको श्रामणेरले '**जम्बुद्वीप**को झण्डा समान भएको **महाजम्बु** वृक्षलाई समातेर हल्लाउने छु। अनि

Downloaded from http://www.dhamma.digital

ठूल-ठूला जम्बु फलहरू ल्याएर यस परिषदलाई ख्वाउनेछु। देवलोकमा भएको **पारिच्छतक पुष्प** ल्याएर तथागतलाई चढाएर वन्दना गर्नेछु' भन्ने त्यस्तै **उप्पलवण्णा** भिक्षुणीले– 'मेरो चारैतिर बाह्र योजन परिषदहरूको बीचमा बसी चक्रवर्ती राजाको रूप धारण गरी छतीस योजन सम्म फैलिएको परिषदको अगाडि आएर तिनीहरू सबैले देखिने गरी तथागतलाई वन्दना गर्नेछु' भन्ने; त्यस पछि महामौद्गल्यायन स्थविरले भन्नु भयो– "मैले सुमेरू पर्वतराजलाई दाँतको बीचमा राखेर मासको गेडा चपाए झैं चपाई दिनेछु। अर्को यस महापृथ्वीलाई सुकुल मोडे जस्तै मोडेर मेरो हातको औंलाले च्यापेर देखाई दिनेछु। अर्को पनि यस महापृथ्वीलाई कुम्हालेले चक्का घुमाए झैं घुमाएर थुप्रै जनताहरूलाई पृथ्वीबाट **ओज रस** निकालेर पिलाउने छु। अर्को पनि यस महापृथ्वीलाई बाँया हातले समातेर राखी यसमा रहने सबै सत्व प्राणीहरूलाई दायाँ हातले निकालेर अर्को द्वीपमा लगेर राख्नेछु। फेरि अर्को पनि– सुमेरू पर्वतलाई छाताको डण्डी जस्तै गरी महापृथ्वीलाई त्यस माथि राखेर छाता ओढेको जस्तै गरी एक हातले समातेर चंक्रमण गर्नेछु।"

एवम् प्रकारले 'शिष्य-शिष्याहरूले यस्ता आश्चर्य चकित प्रातिहार्य देखाई दिनेछु' भने पनि 'तिमीहरूको आनुभाव शक्ति मलाई थाहा छ' भन्नु हुँदै तथागतले कसैलाई पनि प्रातिहार्य दर्शाउने अनुमति दिनु भएन।

त्यसपछि भगवान बुद्धले मौद्गल्यायन स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे मौद्गल्यायन्, यो विशाल रूपले आयोजना गरिएको मण्डप तिम्रो लागि होइन। म बोझ उठाउनमा अनुपम छु। मैले उठाइरहेको बोझ उठाउन समर्थ भएको प्राणी यस संसारमा कोही पनि छैन।"

त्यसपछि तथागतले अतीतका कथा वर्णन गर्नु हुँदै **कण्ह उसभ जातक** र **नन्दिविसाल जातक** विस्तार पूर्वक व्याख्या गर्नु भयो।

Downloaded from http://www.dhamma.digital

कथा भन्न सिद्धिए पछि तथागत इन्द्रले निर्माण गरी दिएको रत्नको चंक्रमण मण्डपमा उक्लनु भयो। त्यस चंक्रमण स्थल अगाडि बाह्र योजन, पछाडि बाह्र योजनमा परिषदले भरिएको थियो। त्यस्तै दाँया बाँया बाह्र-बाह्र योजनमा पनि परिषदले भरिएको बीचको स्थानमा भगवान बुद्धले **यमक प्रातिहार्य** प्रदर्शन गर्नु भयो।

तावातिंस देवलोकमा आफ्नो मातालाई अभिधर्म देशना गर्न पण्डुकम्बल **सिलासन**मा वर्षावास गर्दै रहनु भएका तथागतलाई दस हजार चक्रवालमा रहेका सबै देवताहरू आएर सेवा गर्न थाले।

तथागत पनि देवलोकमा फर्कनु भई तीन महिना सम्म आफ्नो आमालाई अभिधर्म देशना गर्नु भयो। धर्म देशनाको अन्तमा अस्सी हजार करोड देवताहरूलाई धर्म-संवेग उत्पन्न भयो। महामाया देवी पनि स्रोतापन्न फलमा प्रतिष्ठित हुनु भयो।

तथागतले मौद्‌गल्यायण स्थविरलाई सम्बोधन गर्नु भई 'आजले सातौं दिनमा **महापवारणा**को कार्य समापन पश्चात् तथागत **सङ्कस्स** नगरद्वारमा ओर्लने कुरा अवगत गराउनु भई तथागतलाई दर्शन गर्न इच्छा भएका जन-समूहलाई त्यस स्थानमा जम्मा गराउन स्थविरलाई आज्ञा गर्नु भयो।

वर्षावास पूर्ण भइसके पछि तथागतले मनुष्यलोकमा जानको लागि देवराज इन्द्रलाई सूचना दिनु भयो।

देवराज इन्द्रले आफ्नो ऋद्धि-शक्तिबाट सुनको, मणिरत्नको र चाँदीको तीन वटा भऱ्याङ्ग बनाई दिनु भयो। ती तीन भऱ्याङ्गका टुप्पाहरू सुमेरू-पर्वतको शिखरमा अड्‌काएर खुट्टा **सङ्कस्स** नगरद्वारमा ठहऱ्याई दिनु भयो। ती तीन भऱ्याङ्गहरू मध्ये दायाँ पट्टिको सुवर्णमय भऱ्याङ्ग देवताहरूको लागि; बायाँ पट्टिको रजतमय भऱ्याङ्ग महाब्रह्माहरूको लागि र बीचको रत्न-जडित भऱ्याङ्ग तथागतको लागि बनाई दिएका थिए।

Downloaded from http://www.dhamma.digital

## तथागतको अर्को एक यमक प्रातिहार्य

तथागत देवलोकबाट अवरोहन (ओर्लंदा) को समयमा प्रातिहार्य दर्शाउनु हुँदै सुमेरू पर्वतको शिखरमा उभिनु भई तथागतले माथि तिर हेर्नु हुँदा माथिको लोक सबै एक आँगन जस्तो देखियो। तथागतले तल तिर हेर्नु हुँदा **अवीचि नरक**सम्म एक आँगन जस्तै देखियो; दिशा विदिशा तरफ हेर्नु हुँदा अनेक लाख चक्रवाल पनि एक आँगन जस्तै भयो। देवताहरूले मनुष्यहरूलाई देखे। मनुष्यहरूले देवताहरूलाई देखे। सबै सन्मुखमा भएको जस्तो देखिन थाल्यो।

तथागतको शरीरबाट **छवण्ण रश्मि** फैलिरहेको दृश्य तथा त्यस दिनमा भगवान बुद्धको सौन्दर्य देखेर छतीस योजन परिधि भित्र रहेका सम्पूर्ण जनपरिषदले बुद्धत्व-भावलाई प्रार्थना गरे।

त्यस पछि सुवर्णमय भऱ्याङ्गबाट देवताहरू ओर्लनु भयो। चाँदीको भऱ्याङ्गबाट ब्रह्माहरू ओर्लनु भयो। रत्न जडित भऱ्याङ्गबाट तथागत सम्यकसम्बुद्ध ओर्लनु भयो।

**पञ्चसिखा गन्धर्व-पुत्र वेलुवपण्डु** नामक बीणा लिई तथागतको दाहिनेतिर उभिएर गन्धर्व दिव्य बीणा बजाएर मधुर स्वरले पूजा गर्दै ओर्लि रह्यो। **मातली** नामक अतिथि सत्कार गर्ने देवता तथागतको देब्रेतिबाट दिव्य सुगन्ध-पुष्प लिई नमस्कार गर्दै, पूजा गर्दै ओर्लि रह्यो। महाब्रह्माले छत्र ओढाइ रहे। **सुयाम** नामक देवपुत्रले चमरले हम्काउनु भयो। तथागत यी परिवारहरू सँगै ओर्लनु भई **सङ्कस्स** नगरद्वारमा उभिनु भयो।

सारिपुत्र स्थविर तथागत समक्ष जानु भई सादर वन्दना गरी भगवान बुद्धको दिव्य-श्री शोभाले युक्त हुनु भएको देखेर आश्चर्य-चकित हुनु भयो।

Downloaded from http://www.dhamma.digital

सबै बुद्धहरूले छोड्न नहुने नियम– यमक प्रातिहार्य प्रदर्शन गर्नु; देवलोकमा वर्षावास गर्नु र **सङ्कस्स** नगरद्वारबाट ओर्लनु– यी सबै नियम पूर्ण गर्नु भई सङ्कस्स नगर-द्वारमा तथागतले त्यहाँ दाँया पाइला राख्नु भयो । त्यस स्थानलाई **अचल चैत्य** भन्ने नामले प्रसिद्ध भयो ।

यस कथामा तिर्थङ्करहरूले प्रातिहार्य दर्शाउने नाममा तथागतलाई परोक्ष रूपमा गर्न हुने-नहुने काम गरेको कारणले देवराज इन्द्रले तिनीहरूको मण्डप ध्वस्त पार्न लगाएको, सूर्य मण्डलको तेजले तिनीहरूलाई असह्य गर्मी तुल्याई दिएको, पछि हावा-हुरी बहन लगाई हैरान पारी अन्तमा ठूलो पानी वर्षाइ त्यहाँबाट भाग्न बाध्य तुल्याइ दिएको दृश्य झल्काइएको छ ।

अर्कोतिर तथागतले यमक प्रातिहार्य दर्शाउन भन्दा पहिले शिष्य-शिष्याहरूलाई आ-आफ्नो ऋद्धि प्रकाशमा ल्याउन अनुमति दिनु भए अनुसार अनागामी मार्ग फल प्राप्त गरी सकेकी **धरणी उपासिका**, अनागामी भइ सकेका उपासक **चूल अनाथपिण्डिक**, प्रतिसम्भिदा प्राप्त सात वर्षकी **चीर श्रामणेरी**, सात वर्ष मात्रै भएको प्रतिसम्भिदा प्राप्त क्षीणास्रवी **चुन्द श्रामणेर**, भिक्षुणी **उप्पलवण्णाको** आ-आफूले दर्शाउने ऋद्धि-शक्ति कम आश्चर्य जनक थिएन । तथा ऋद्धि-सिद्धि दर्शाउनमा एतदग्ग प्राप्त महामौद्गल्यायन स्थविरको ऋद्धि प्रातिहार्यको वर्णन गरेर साध्य छैन ।

तथागतलाई देवराज इन्द्रले आकाशमा रत्नको चक्रमण गर्ने मण्डप निर्माण गरी दिनु भएको थियो । त्यस छतीस योजन लामो मण्डपमा केवल तथागतले मात्र **यमक प्रातिहार्य** दर्शाउनको लागि हो ।

कल्पना नै गर्न नसकिने, अत्यन्त आश्चर्य चकित पार्ने यमक प्रातिहार्य अवलोकन गर्दै तथागतको धर्म-देशना पनि सुन्न पाएकोले त्यस बेला त्यहाँ जम्मा भइरहेका बीस करोड प्राणीहरूलाई धर्म अवबोध भयो । यो एक तथागतको यमक प्रातिहार्यको विशेषता हो ।

Downloaded from http://www.dhamma.digital

तावतिंस देवलोकमा आफ्नो मातालाई अभिधर्म देशना गर्न पण्डुकम्बल शिलासनमा वर्षावास गर्दै रहनु भएका तथागतलाई दस हजार चक्रवालमा रहेका सबै देवताहरू आएर सेवा गर्न थाले– यो अर्को विशेषता हो ।

तीन महिनासम्म तथागतले आफ्नो आमालाई अभिधर्म देशना गर्नु भयो । धर्म-देशनाको अन्तमा अस्सी हजार करोड देवताहरूलाई धर्म-संवेग उत्पन्न भयो । महामायादेवी पनि स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित हुनु भयो । यो तेस्रो विशेषता हो ।

तीन महिना पश्चात तथागत देवलोकबाट मनुष्यलोकमा (ओर्लनु) अवरोहण गर्नु भन्दा पहिले सुमेरु पर्वतको शिखरमा उभिनु भई उहाँले माथि तिर अवलोकन गर्नु हुँदा माथिको लोक सबै एक आँगन जस्तो देखियो, तल दृष्टि लगाउनु हुँदा **अवीचि नरक** सम्म एक आँगन जस्तो देखियो, दिशा-विदिशा तर्फ दृष्टि फैलाउनु हुँदा अनेक लाख चक्रवाल पनि एक आँगन जस्तै भयो । त्यसबेला देवताहरूले मनुष्यहरूलाई देखे; मनुष्यहरूले देवताहरूलाई देखे । सबै लोक सन्मूखमा भएको जस्तो देखिन थाल्यो । यो अर्को विशेषता हो ।

यसरी तथागतको अदभूत अवर्णनीय यमक प्रातिहार्यको अतिरिक्त, अत्यन्त आश्चर्यजनक, उपर्युक्त विशेषताहरूले भरिएको यस कथाले हामीलाई तथागत प्रति अनन्य भाव जगाउनु र धर्म प्रति श्रद्धा विभोर भई नतमस्तक हुन अभिप्रेरित गर्दछ ।

Downloaded from http://www.dhamma.digital

## १४.३ एरकपत्त नागराजाको कथा

(मनुष्य भई जन्म हुनु कठिन छ)

**१४.३ (१८२) "किच्छो मनुस्सपटिलाभो, किच्छं मच्चान जीवितं ।**
**किच्छं सद्धम्मस्सवनं, किच्छो बुद्धानमुप्पादो" ति ॥**

एक समय भगवान बुद्ध **वाराणसी** नजिक **सात शिरीष वृक्ष**मुनि विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा **एरकपत्त** भन्ने नागराजाको कारणमा आज्ञा गर्नु भएको हो ।

परापूर्व कालमा काश्यप तथागतको **सासन काल** मा एक जना युवक भिक्षु गङ्गाजीमा एउटा डुङ्गामा बसेर गइरहेको थियो । डुङ्गा बेगले गइरहेको थियो। त्यस भिक्षुले **एरक** भन्ने घाँसको झाँगबाट एक मुट्ठा घाँस च्याप्प समात्यो । **एरक** घाँसको मुट्ठा भित्र एउटा **एरकपत्त** भन्ने जातको जलमा बस्ने साँप पनि अडकिएर आएको थियो । एरक घाँसको मुट्ठा नछोडेको कारणले घाँसको बोट चुडेर जाँदा त्यसमा भएको साँप मऱ्यो ।

त्यस भिक्षुले **'यो सानो आपत्ति'** भन्ठानी पाप-देशना नगरिकन बीस हजार वर्षसम्म जंगलमा बसेर **श्रमण धर्म** पालन गरेता पनि मृत्युको समयमा **एरक घाँस** को बोटले उसको गलामा बाँधेको जस्तो अनुभव भयो । **आपत्ति देशना** गर्न इच्छा भए पनि त्यहाँ भिक्षुहरू उपलब्ध नभएको कारणले 'मेरो शील परिशुद्ध भएन' भनी पश्चाताप गर्दै उसको मृत्यु भयो ।

एक वृक्षको काठबाट बनेको डुङ्गा जत्रो विशालकाय शरीर भई नागराजाको रूपमा उसको जन्म भयो । उसको नाम पनि **एरकपत्तो** नै रह्यो । त्यस भिक्षु त्यस योनीमा जन्म हुने बित्तिकै उसले आफ्नो पूर्वजन्मको कुरा सम्झदै यसरी बिचार गऱ्यो– 'मैले यत्तिका समयसम्म श्रमण धर्म पालना गरेर आएँ। तर पनि आज म

Downloaded from http://www.dhamma.digital

**अहेतुक योनी**मा जन्म भई भ्यागुता खाएर जीवित हुनु पर्ने ठाउँमा परें' भनी पश्चाताप गर्दै रह्यो ।

पछि उसले एउटी छोरी पायो । एरकपत्त नागराजाले गङ्गाजीको बीच भागमा टाउँको निकाली ठूलो फण निकालेर टाँउको माथि आफ्नो छोरीलाई नचाउने र गीत गाउन दिने काम गर्न थाल्यो ।

यसो किन गर्न दिएको भने– 'उसको विचारमा लोकमा बुद्ध उत्पन्न हुने बेलामा तथागत उत्पन्न भयो' भन्ने समाचार सुन्नको लागि हो ।

नागराजाले भन्ने गर्थ्यो– "जसले यो गीतको उत्तर ठीकसँग दिन सक्छ, उसलाई महान सम्पत्ति सहित मेरो छोरी विवाह गरी दिनेछु"

यसरी दुइ हप्ताको एक पटक अर्थात् **उपोसथको** दिनमा छोरीलाई आफ्नो फण माथि राखी नचाउने र गाउन दिने गर्थ्यो ।

**"किंसु अधिप्पती राजा, किंसु राजा रज्जिस्सरो ।**
**कथंसु विरजो होति, कथं बालोति वुच्चति"ति ॥**

**अर्थ**– यो संसारको अधिपति राजा भन्ने को हो ? कुन राजालाई राजेश्वर भनिन्छ ? कसरी पापमुक्त हुन्छ ? कस्तो व्यक्तिलाई मूर्ख भनिन्छ ?

नाग कन्याले यसरी गीत गाएर नाच्ने गर्थिन् ।

सबै **जम्बुद्वीप** वासीहरूले 'नागकन्यालाई प्राप्त गर्ने छौं' भनी आ-आफ्नो प्रज्ञा बलद्वारा त्यसको उत्तर मिल्ने गरी गीत बनाएर त्यहाँ गएर गाउने गर्थे । नागराजाले त्यसलाई स्वीकार गर्दैनथ्यो ।

यस प्रकार दुइ हप्ताको एक पटक आफ्नो फण (टाउँको) मा राखेर नागकन्यालाई गाउन लगाएको एक **बुद्धान्तर** समय बिति सक्यो ।

त्यसपछि लोकमा गौतम बुद्ध उत्पन्न हुनु भयो ।

Downloaded from http://www.dhamma.digital

एक दिन बिहान सबेरै तथागतले लोकमा ध्यानपूर्वक हेर्नु हुँदा **एरकपत्त नागराजा** र **उत्तर माणवाक** दुइ जना तथागतको ज्ञान-जालमा पर्नु भएको देख्नु भयो ।

तथागतले "यसको परिणाम के हुन्छ ?" भनी विचार गर्नु हुँदा– "आज नागकन्या एरकपत्त नागराजाको फणमा बसेर नाच्ने दिन परेको छ, उत्तर माणवक तथागतले सिकाइ दिएको गीतको उत्तर कण्ठ गर्दा गर्दै **स्रोतापन्न** भएर नागराजा कहाँ जानेछ । उत्तर माणवकको गीत सुनेर 'बुद्ध उत्पन्न भइसक्यो' भन्ने कुरा थाहा पाई नागराजा तथागत कहाँ आउने छ । त्यसको अगाडि महासभामा तथागतले गाथा प्रकाशमा ल्याउनु हुनेछ । गाथाको अन्तमा चौरासी हजार प्राणीहरूलाई धर्म-अववोध हुनेछ ।"

त्यस पछि तथागत वाराणासी नगरको नजिकमा रहेको **सात शिरीष वृक्ष** मध्ये एक वृक्ष मुनि बस्नु भयो । जम्बुद्वीपवासीहरू प्रश्न-उत्तर गीत बनाएर गाउनको लागि त्यहाँ जम्मा भए ।

भगवान बुद्धले तथागतको नजिकबाट गइरहेको उत्तर माणवकलाई देख्नु भई सम्बोधन गर्नु भयो– "हे उत्तर, यहाँ आऊ ।"

उत्तर माणवकले विन्ति गर्दै भन्यो– "भन्ते भगवन, किन होला ?"

तथागतले भन्नु भयो– "तिमी एक पटक यहाँ आऊ"

त्यसपछि ऊ आएर तथागतलाई वन्दना गरी एक छेउमा बस्यो ।

तथागतले उसलाई प्रश्न गर्नु भयो– "तिमी कहाँ जान लागेको ?"

उनले विन्ति गर्दै भन्यो "एरकपत्त नागराजाको कन्याले गीत गाउने ठाउँमा जान लागेको हुँ ।

Downloaded from http://www.dhamma.digital

तथागतले प्रश्न गर्नु भयो– "तिमीलाई उनले गाउने गीतको उत्तर के हो ? थाहा छ ?"

उसले हात जोडेर भन्यो– "भन्ते, मलाई थाहा छ"

तथागतले भन्नुभयो– "त्यसो भए एक चोटी गीत गाएर सुनाऊ"

उत्तर माणवकले आफूले जसरी जानेको छ त्यसरी नै गीत गाएर सुनायो ।

तथागतले भन्नु भयो– "यो गीत त्यसको ठीक उत्तर होइन । तिमीलाई ठीकसँग उत्तर दिने गीत सिकाइ दिने छु। तिमीले त्यो गीत कण्ठ गरेर जाने हो ?"

उसले 'हुन्छ' भनी स्वीकार गरेपछि तथागतले भन्नु भयो– "उत्तर, नागकन्याले गीत गाउँदा तिमीले यो गीत गाएर जवाफ देऊ ।"

**"छद्वाराधिप्पती राजा, रज्जमानो रज्जिस्सरो ।**
**अरज्जं विरजो होति, रज्जं बालोति वुच्चती" ति ॥**

**अर्थ– छ वटा द्वार** लाई काबुमा लिन सक्ने राजा हुन्छ । रागमा अनुरक्त हुनेलाई रजिस्सर भनिन्छ । राग नहुने विरज हुन्छ । रागमा आसक्त हुनेलाई मूर्ख भनिन्छ ।

नागकन्याले गाएको गीतको अर्थ हो– **"किसुं अधिप्पति राजा ति"** 'के लाई काबुमा पाऱ्यो' भने राजा हुन्छ ? **"किसुं राजा रजिस्सरो"** के गऱ्यो भने राजा **रजिस्सर** हुन जान्छ ? **"कथंसु विरजो होती" ति** के गरेमा राग नहुने हुन्छ ? कसरी त्यो राजामा राग नहुने हुन्छ ?

उत्तर दिएको गीतको अर्थ यस्तो हुन आउँछ – **छद्वाराधिप्पती राजा ति** - जो व्यक्ति छ **वटा द्वारको अधिपति** हुन्छ; रूपादि एक द्वारमा अभिभूत नभई बस्न सक्नेलाई राजा भनिन्छ ।

Downloaded from http://www.dhamma.digital

**"रज्जमानो रजिस्सरो"** जो व्यक्ति त्यस-त्यस आरम्मणमा भुलेर बस्छ ; त्यसरी भुलेर बस्नेलाई **रजिस्सर** भनिन्छ।

**अरज्जन्ति** रागमा नभुलिकन बस्नेलाई **विरजो** राग नभएको भनिन्छ। **"रज्ज"** रागमा भुलेर त्यसैमा टाँसेर बस्नेलाई **बाल मूर्ख** भनिन्छ।

तथागतले उत्तरमानवकलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे उत्तर, तिमीले तथागतको प्रतिगीत गाएर जवाफ दिंदा तिनले फेरि यस्तो गीत गाएर प्रश्न गर्ने छिन् –

**"केनस्सु वुय्हति बालो, कथं नुदति पण्डितो।**
**योगक्खेमी कथं होति, तं मे अक्खाहि पुच्छितो" ति॥**

**अर्थ**– बाल-मूर्खहरूलाई के ले बगाएर लैजान्छ ? पण्डित विद्वानजनहरू त्यसबाट कसरी बच्दछन् ? योग-क्षेम कसरी प्राप्त हुन्छ ? मैले गरेको प्रश्नको उत्तर मलाई चाहियो।

त्यसपछि 'तथागतले उसलाई यो गीत गाएर जवाफ दिनु' भन्नु भयो

**"ओघेन वुय्हति बालो, योगा नुदति पण्डितो।**
**सब्बयोगविसंयुत्तो, योगक्खेमीति वुच्चति" ति॥**

**अर्थ**– बाल-मूर्खहरूलाई **काम-राग** आदि बाढले बगाएर लगिरहन्छ। पण्डितहरू योग-साधनाले गर्दा त्यसबाट बच्दछन्। अनेक प्रकारका योग, ध्यान भावना गर्नमा लागिरहने व्यक्तिलाई नै योग-क्षेममा लागेको भनिन्छ।

उत्तर माणवक यो जवाफ दिने गीत गाउन सिक्दा-सिक्दै **स्रोतापत्ति मार्ग-फल**मा प्रतिष्ठित भयो।

Downloaded from http://www.dhamma.digital

उत्तर मानवक **स्रोतापन्न** भइसकेपछि उसले तथागतले सिकाई दिनु भएको गाथा-गीत गाउन सिकी सकेपछि नागराजालाई सम्बोधन गर्दै यसो भन्यो –"हे नागराज, मैले गीतको जवाफ गीत गाएर नै दिन सक्ने गरी सिकेर आइ सकेँ। मलाई गीत गाउने अवसर देऊ" भन्दै मानिसहरूको ठूलो भिड-भाडलाई छिचोल्दै त्यहाँ पुग्यो।

नाग-कन्या पनि आफ्नो पिताजीको फण माथि नाच्दै **'किंसु अधिप्पति राजा' ति** भन्दै गीत गाउँदै थिइन्। उत्तर मानवकले **"छद्वाराधिप्पती राजा"ति** भन्दै प्रत्युत्तर गीत गायो। फेरि नाग-कन्याले **"केनस्सु वुय्हति"** भनी गीत गाइन्। त्यसको प्रत्युत्तरमा उत्तर मानवकले **"ओघेन वुय्हति "** भनी गाथाद्वारा गीत गाएर उत्तर दियो।

नागराजाले त्यस्तो गीत सुनेर बुद्ध उत्पन्न भइसकेको कुरा थाहा पाएर यसरी विचार गर्न थाल्यो – "मैले यो भन्दा पहिले एक **बुद्धान्तर** सम्म यस्तो गाथा सुन्न पाएको थिएन। निश्चय पनि लोकमा बुद्ध उत्पन्न हुनु भइसकेको रहेछ" भनी मन प्रसन्न गरी आफ्नो पुच्छर उठाएर पानीमा पछार्‍यो। यसले गर्दा पानीमा ठूलो लहर उठेर आई नदीको दुवै किनारा भत्कन गयो। दुवै किनाराका मानिसहरू पानीमा डुब्न थाले। नागराजाले त्यत्तिका मानिसहरूलाई आफ्नो फणले उठाएर जमिनमा राखी दियो।

त्यसपछि नागराजा उत्तर मानवकको नजिक आएर प्रश्न गर्‍यो– "मालिक, अहिले तथागत कहाँ हुनु हुन्छ ?"

उत्तर मानवकले भन्यो– "महाराज, तथागत यहाँबाट अलि पर एउटा वृक्षमुनि विहार गरिरहनु भएको छ।

नागराजाले भन्यो– "आउनु होस् मालिक, हामी दुवै तथागत कहाँ जाऔं" भन्दै उत्तर मानवकलाई लिएर सँगै गए। मानिसहरू पनि तिनीहरूको पछि पछि लागे।

Downloaded from http://www.dhamma.digital

नागराजा गएर तथागतको **छवण्ण** रश्मी भित्र पसेर तथागतलाई वन्दना गरी रोएर एक छेउमा उभिरह्यो ।

त्यसपछि तथागतले प्रश्न गर्नु भयो– "महाराज, यो के गर्नु भएको ?"

नागराजाले दुइ हात जोडेर बिन्ति गऱ्यो– "भन्ते भगवन, म तपाई जस्तै बुद्धको श्रावक भएर बीस हजार वर्षसम्म श्रमण-धर्म पालन गरें । तैपनि त्यस श्रमण-धर्मले मलाई पार गराई दिन सकेन । किनभने मैले एरकपत्त घाँस उखेल्दा एउटा सानो साँप मरेको थियो । त्यही **आपत्ति दोषले** गर्दा म **अहेतुक पटिसन्धि**मा परी नाग योनिमा जन्म लिनु पऱ्यो । पेटले घिस्रन पर्ने जन्ममा परे । एक **बुद्धान्तर सम्म** मनुष्य भएर जन्म लिन पाइन, न सद्धर्म सुन्न पाएँ, न तथागत बुद्धको दर्शन नै पाएँ ।"

भगवान बुद्धले उनको कुरा सुनेर भन्नु भयो– "महाराज, मनुष्य भएर जन्मनु दुर्लभ हुन्छ । त्यस्तै सद्धर्मको श्रवण गर्नु पनि दुर्लभ हुन्छ । त्यस्तै बुद्ध उत्पन्न हुनु भनेको पनि साह्रै दुर्लभ हुन्छ– यी तीन वटा विषय अत्यन्त कष्ट भोगेर मात्र प्राप्त हुने वस्तु हुन् । यसरी आज्ञा गर्नु हुँदै तथागतले तल दिइएको गाथा प्रकाशमा ल्याउनु भयो–

**"किच्छो मनुस्सपटिलाभो, किच्छं मच्चानं जीवितं ।**
**किच्छं सद्धम्मस्सवनं, किच्छो बुद्धानमुप्पादो" ति ॥**

**अर्थ**– मनुष्य भई जन्म लिनु दुर्लभ छ; जन्मेर पनि जीवित रहनु कठिन छ । जीवित रहेर पनि धर्म-श्रवण गर्नु दुर्लभ छ । फेरि लोकमा बुद्ध उत्पन्न हुनु अत्यन्त दुर्लभ छ ।

त्यसको अर्थ यस्तो हो– अत्यधिक उद्योग एवम् अत्यधिक कुशल कर्मको कारणले मात्र प्राप्त हुने मनुष्यभाव अत्यन्त दुर्लभ छ ।

Downloaded from http://www.dhamma.digital

निरन्तर कृषि कर्म आदि गरी जीवन-यात्रा चलाउनु पर्ने भएकोले र धेरै समयसम्म जीवित रहन नपाउने भएकोले पनि मनुष्यभाव दुर्लभ छ । अनेक कल्पसम्म धर्म-देशना गर्ने पुद्गलहरू नपाउने भएकोले धर्म-श्रवण गर्ने मौका पाउनु पनि दुर्लभ छ ।

बुद्धत्व प्राप्तिको लागि धेरै समयसम्म धेरै उद्योगाभ्यासका साथै निरन्तर यस संकल्पपूर्तिको लागि दत्तचित्त रहनु पर्ने हुन्छ । यस संकल्प पूर्ति पछि पनि बुद्धोत्पादको लागि हजारौं, करोडौं वर्षसम्म प्रतीक्षा गर्नु पर्ने हुन्छ । त्यसकारण बुद्ध-उत्पन्न हुनु अत्यधिक दुर्लभ हुन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा चौरासी हजार प्राणीहरूलाई धर्म-लाभ भयो । त्यसै दिनमा नागराजाले पनि स्रोतापत्ती फल प्राप्त गर्नु पर्ने हो; तर **(तिरच्छान)** तिरश्चीन योनी भएको कारणले मार्ग-फल प्राप्त गर्न सकेन ।

नाग योनीमा उत्पन्न हुने प्राणीहरूमा– १.जन्म हुने २.काँचुली छोडेर नयाँ काँचुली धारण गर्दै रहने ३.मलमूत्र त्याग एवं विष छोडेर प्राणी मार्दै रहने ४.निश्चित रूपले सुत्ने ५.सजातीयसँग मैथुन सेवन गर्ने– यी पाँच कर्म नाग-योनीमा सुलभ हुन्छ । यी नै कर्मद्वारा यी प्राणी दुःख भोग्दै रहन्छन् ।

भगवान बुद्धको यस धर्म-देशनाको प्रभावद्वारा र धर्म-श्रवणको पुण्यका प्रतापले त्यस नागराजा नाग-योनीबाट मुक्त भई मनुष्य भावमा उत्पन्न हुन सफल भयो ।

'एरकपत्त नागराजाको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १४.३ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध वाराणासी नजिक शिरीष वृक्षमुनि विहार गरी रहनु हुँदा **एरकपत्त नागराजा**को कारणमा यो गाथा आज्ञा गर्नु भएको हो ।

धेरै समय पहिले **काश्यप** तथागतको **सासन** कालमा एक युवक भिक्षु वेगले गईरहेको डुङ्गामा वसेर जाँदै गर्दा **एरक** भन्ने बाँसको झाङ्गबाट एक मुठ्ठा घाँस च्याप्प समातेर लग्यो । त्यस घासँको मुठा भित्र एउटा **एरकपत्त** भन्ने जातको जलमा बस्ने साँप पनि अड्किएर आएको थियो । पछि त्यसै घाँसको मुठामा रहेको साँप मऱ्यो ।

त्यस भिक्षुले त्यो 'सानो आपत्ति' भन्ठानी पाप-देशना नगरिकन बीस हजार वर्षसम्म जंगलमा बसेर श्रमण धर्म पालना गर्दै रह्यो । तर मृत्युको समयमा **एरक घाँस**को बोटले उसको गलामा बाँधेको जस्तो अनुभव गर्दै उसको मृत्यु भयो । मृत्यु पश्चात् विशाल काय धारण गरी नागराजाको रूपमा उसको जन्म भयो । उसको नाम **एरकपत्तो** रह्यो ।

त्यस भिक्षु त्यस योनीमा जन्म हुने वित्तिकै आफ्नो पूर्व-जन्मको कुरा सम्झदै त्यत्तिका वर्षसम्म श्रमण धर्म पालन गर्दा पनि आज **अहेतुक योनी**मा जन्म भई भ्यागुता खाएर जीवित हुनु पर्ने भएकोले पश्चाताप गर्दै रह्यो ।

पछि त्यस एरकपत्त नागराजाले गङ्गाजीको बीच भागमा टाउको निकालेर ठूलो फण फैलाई टाउको माथि आफ्नो एक्ली छोरीलाई नचाउने र गीत गाउन दिने काम गर्न थाल्यो । नागकन्याले गाएको गीतको ठीक उत्तर दिन सक्ने व्यक्तिलाई महान सम्पत्तिका साथ छोरी पनि विवाह गरी दिने शर्त पनि राख्यो । नागराजाले यस्तो

Downloaded from http://www.dhamma.digital

नाटक रचेको मूल कारण 'लोकमा भगवान बुद्ध उत्पन्न भयो कि भएन' भन्ने कुरा थाहा पाउनको लागि हो ।

एक दिन बिहान सबेरै तथागत गौतम बुद्धको ध्यान-दृष्टिमा **एरकपत्त नागराजा** र **उत्तर माणवक** दुइ जना पर्न आयो । तथागतले यसको परिणामलाई विचार गरेर हेर्नु हुँदा–नाग-कन्या एरकपत्त नागराजाको फणमा नाच्ने दिन परेको, उत्तरमाणवक तथागतले सिकाइ दिएको गीतको उत्तर कण्ठ गर्दा-गर्दै स्रोतापन्न मार्ग-फल प्राप्त गरी नागराजा कहाँ जाने र उत्तर माणवकको गीत सुनेर 'बुद्ध उत्पन्न भइसक्यो' भन्ने कुरा थाहा पाई नागराजा तथागत कहाँ आउने छ' भन्ने कुरा निश्चित भयो । साथै त्यस महासभामा तथागतले गाथा प्रकाशमा ल्याउनु हुँदा चौरासी हजार प्राणीहरूलाई धर्म-अबबोध हुने कुरा थाहा पाउनु भयो ।

त्यसपछि तथागत वाराणासी नगरको नजिकमा रहेको सात शिरीष वृक्ष मध्ये एक वृक्षमुनि बस्नु भयो ।

जम्बुद्वीपमा बस्ने जनसमूहहरू नाग-कन्याको प्रश्नको उत्तर गीत बनाएर गाउनको लागि त्यहाँ जम्मा भए । त्यस बेला उत्तर माणवक तथागतको नजिकबाट गइरहेको थियो । तथागतले उसलाई बोलाउनु भई उनीसँग सबै कुराको जानकारी लिनु भई नाग-कन्याले गीत गाई सोध्ने प्रश्नको ठीक उत्तर कण्ठस्थ गर्न लगाउनु भयो । उत्तर माणवक यो जवाफ दिने गीत गाउन सिक्दा-सिक्दै स्रोतापति मार्ग-फलमा प्रतिष्ठित भयो ।

त्यसपछि उत्तर मानवक तथागतले सिकाइ दिनु भएको गाथा गाउन सिकी सकेपछि गीत गाउने सभा भईरहेको ठाउँमा मानिसहरूको ठूलो भिड-भाडलाई छिचोल्दै त्यहाँ पुग्यो ।

नाग-कन्या पनि आफ्नो पिताजीको फण माथि नाच्दै **'किंसु अधिपति राजा'** ति भन्दै गीत गाउँदै थिईन् । उत्तर माणवकले

Downloaded from http://www.dhamma.digital

**'छद्वाराधिपती राजा'** ति भन्दै प्रत्युत्तर गीत गायो । फेरि नाग-कन्याले **'केनस्सु वुय्हति'** भनी गीत गाइन् । त्यसको प्रत्युत्तरमा उत्तर मानवक **'ओघेन वुय्हति'** भनी गाथाद्वारा गीत गाएर उत्तर दियो ।

नागराजाले यस्तो गीत सुनेर 'बुद्ध उत्पन्न भइ सकेको कुरा थाहा पाई' उत्तर मानवकलाई लिएर भगवान बुद्ध कहाँ गए । मानिसहरू पनि ती दुइको पछि-पछि लागे ।

नागराजा त्यहाँ पुगी तथागतको **छवण्ण रश्मी** भित्र पसेर तथागतलाई वन्दना गरी रोएर एक छेउमा उभिरह्यो ।

तथागतले उनी रोएको कारण थाहा पाउनु भई उनलाई सम्भाउँदै **"किच्छो मनुस्सपटिलाभो** .... आदि "मनुष्य भई जन्मनु दुर्लभ छ । त्यस्तै सद्धर्मको श्रवण गर्नु पनि दुर्लभ छ । त्यसरी नै बुद्ध उत्पन्न हुनु भनेको पनि साह्रै दुर्लभ हुन्छ ।"

तथागतको यस धर्म देशनाको अन्तमा चौरासी हजार प्राणीहरूलाई धर्म लाभ भयो । त्यसै दिनमा नागराजाले स्रोतापत्ति फल प्राप्त गर्नु पर्ने हो; तर तिरश्चीन योनी भएको कारणले मार्ग-फल प्राप्त गर्न सकेन । तैपनि भगवान बुद्धको यस धर्म-देशनाको प्रभावद्वारा र धर्म-श्रवणको पुण्यको प्रतापले त्यस नागराजा नाग-योनीबाट मुक्त भई मनुष्य भावमा उत्पन्न हुन सफल भयो ।

यस कथामा काश्यप तथागतको पालामा एक जना युवक भिक्षुको असावधानीको कारणले **'एरकपत्त'** भन्ने जातको एउटा सानो साँप मऱ्यो । त्यसलाई सानो **आपत्ति** भन्ठानी **'आपत्ति देसना'** नगरेको कारणले आखिर उसको मृत्यु पश्चात पनि त्यही योनीमा जन्मी एरकपत्त नागराजाको रूपमा एक बुद्धान्तर सम्म अहेतुक प्राणी भई कर्म-विपाक भोग्नु परेको कुरा दर्शाइएको छ ।

Downloaded from http://www.dhamma.digital

पूर्व जन्ममा भिक्षु भई हजारौं वर्षसम्म जङ्गलमा बसेर श्रमण धर्म-पालन गरेको पुण्यको फल स्वरूप त्यस एरकपत्त नागराजालाई बुद्ध उत्पन्न भएको कुरा थाहा पाउने श्रद्धा उत्पन्न भई आफ्नी सुपुत्री नागकन्यालाई आफ्नै फण (टाउको) मा राखी प्रश्नोत्तरको रूपमा गीत गाउँदै नाच्न लगाई रहेको थियो ।

एक दिन तथागतले ध्यान-दृष्टिमा 'उत्तर माणवकले तथागतले सिकाउनु भए अनुसार नागकन्याको प्रश्नको उत्तर गीतबाट नै दिन सक्ने गरी कण्ठ गर्दा गर्दै ऊ स्रोतापत्ति स्थितिमा पुग्ने, उनको उत्तर सुनेर नागराजाले बुद्ध उत्पन्न भएको कुरा थाहा पाउने र त्यस समागममा चौरासी हजार प्राणीले धर्म-अवबोध गर्ने' आदि रोचक घटना उल्लेख भएको छ ।

साथै त्यसै दिनमा तथागतको धर्म उपदेश सुनेर नागराजा तिरश्चिन योनीबाट मुक्त भई मनुष्य भावमा उत्पन्न हुन सफल भएको घटनाले प्राणीहरू प्रति 'भगवान बुद्धको दया र करुणा कति महान छ ' भन्ने सन्देश हामीले पाउन सक्छौं ।

Downloaded from http://www.dhamma.digital

## १४.४ आनन्द स्थविरको उपोसथ प्रश्न-कथा

(बुद्धहरूको शिक्षा)

**१४. (१८३) "सब्बपापस्स अकरणं कुसलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ॥**

**१४.(१८४) "खन्ती परमं तपो तितिक्खा,**
**निब्बानं परमं वदन्ति बुद्धा ।**
**न हि पब्बजितो परूपघाती**
**न समणो होति परं विहेठयन्तो ॥**

**१४.(१८५) "अनूपवादो अनूपघातो, पातिमोक्खे च संवरो ।**
**मत्तञ्ञुता च भत्तस्मिं, पन्तञ्च सयनासनं ।**
**अधिचित्ते च आयोगो, एतं बुद्धान सासन" न्ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराम विहार गरिरहनु भएको थियो । त्यस बेला तथागतले यो गाथा आनन्द स्थविरको प्रश्नको सन्दर्भमा आज्ञा गर्नु भएको हो ।

एक दिन आनन्द स्थविर दिउँसो आराम गर्ने स्थानमा बस्नु हुँदा उहाँको मनमा यस्तो प्रश्न उत्पन्न भयो– "वर्तमान गौतम बुद्धले सात जना बुद्धहरूको माता-पिता; आयु-प्रमाण, बोधि ज्ञान, श्रावक **सन्निपात** (एकै ठाउँमा जम्मा हुने), अग्रश्रावकहरूको **सन्निपात**, अग्रश्रावक **उपस्थापकहरू**को विषयमा सबै कुरा भन्नु भयो । तर **उपोसथ**को विषयमा केही भन्नु भएन । तथागतहरूको **उपोसथ** अहिलेको जस्तै हो कि अथवा अर्कै प्रकारका हुन् ? यस विषयमा पनि थाहा पाई राख्नु राम्रो हुन्छ ।"

त्यस पछि आनन्द स्थविर भगवान बुद्ध कहाँ जानु भई यस विषयमा प्रश्न गर्नु भयो ।

Downloaded from http://www.dhamma.digital

तथागतले भन्नु भयो– "आनन्द,यस विषयमा तथागतहरूको समय फरक-फरक **(कालभेद)** हुन्छ तर गाथा समान हुन्छ **(न कथा भेदो)**

विपश्यी सम्यकसम्वुद्धले सात वर्षमा एक चोटी **सात वर्षमा एक चोटी उपोसथ** (पाप देशना) गर्नु हुन्थ्यो । एक दिन मात्र दिनु भएको **अववाद-उपदेश** सात वर्ष सम्मको लागि पर्याप्त हुन्थ्यो । **सिखी बुद्ध** र **वेस्सभू बुद्ध**हरूले छ वर्षको एक चोटी, छ वर्षको एक चोटी **उपोसथ** गर्नु हुन्थ्यो । **ककुसन्धोबुद्ध** र **कोणागमनो बुद्ध**हरूले एक वर्षको एक चोटी, एक वर्षको एक चोटी **उपोसथ** गर्नु हुन्थ्यो । **कस्सपदसबल बुद्ध**ले छ महिनामा एक चोटी, छ महिनामा एक चोटी **उपोसथ** गर्नु हुन्थ्यो । एक दिन दिनु भएको **अववाद-उपदेश** छ महिनासम्मलाई पर्याप्त हुन्थ्यो ।"

यस प्रकार त्यसबेलाका तथागतहरूको समय (कालभेद) बताउनु हुँदै भन्नु भयो– "सबै तथागतहरूको **ओवाद गाथा** (उपदेश गाथा) यी नै हुन् ।"

यसरी सबै तथागतहरूले एउटै प्रकारले **उपोसथ** गर्नु हुने कुरा बताउनु हुँदै यी तीन **गाथा** प्रकाशमा ल्याउनु भयो–

**"सब्बपापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ॥**

**अर्थ**– सबै प्रकारका पाप-कर्म नगर्ने, कुशल कर्मको संचय गर्ने, आफ्नो चित्तलाई परिशुद्ध गर्ने– यही वुद्धहरूका **अनुशासन** (शिक्षा) हुन् ।

Downloaded from http://www.dhamma.digital

**"खन्ती परमं तपो तितिक्खा,**
**निब्बानं परमं वदन्ति बुद्धा ।**
**न हि पब्बजितो परूपघाती**
**न समणो होति परं विहेठयन्तो ॥"**

**अर्थ**– क्षमा-शीलता र सहनशीलता परम तप हो, बुद्धहरूले निर्वाणलाई परम पद भन्नु हुन्छ । अरूलाई हिंसा गर्नेलाई प्रव्रजित भनिदैंन, अरूलाई कष्ट दिने श्रमण हुँदैन ।

**"अनूपवादो अनूपघातो, पातिमोक्खे च संवरो ।**
**मत्तञ्ञुता च भत्तस्मिं, पन्तञ्च सयनासनं ।**
**अधिचित्ते च आयोगो, एतं बुद्धान सासन" न्ति ॥**

**अर्थ**– निन्दा नगर्नु, घात नगर्नु, **प्रातिमोक्ष शील** पालन गर्नु, भोजनमा मात्रा ज्ञान हुनु; एकान्तमा बास गर्नु, **अष्टसमापत्ति ध्यान**मा वस्नु– यही नै सबै बुद्धहरूका अनुशासन हुन् ।

**भावार्थ**– यहाँ **सब्बपापस्स** को अर्थ सबै अकुशल कर्मको **उपसम्पदा** भन्नुको अर्थ – सिद्धार्थकुमारले **अभिनिष्क्रमण** गरे देखि अरहन्त मार्ग प्राप्त नगरेसम्म कुशल कर्म संचय गरेको र संचय गरिसकेकोलाई ध्यान गरी सम्झी राखेकोलाई भनिएको हो । **सचित परियोदपनं पाँच नीवरण**द्वारा आफ्नो चित्तको शुद्धि गर्ने । **एतं बुद्धान सासनं**– सबै बुद्धहरूका यही नै अनुकरण गर्न योग्य **अनुसासन**-उपदेश हो । खन्तिको अर्थ सहनशीलता हो, क्षमाशीलता हो, यो उपदेश यस **सासनमा** परम उत्तम तपस्या गरेर बस्ने जस्तै हो । **निब्बान परमंवदन्ति बुद्धा- बुद्ध** , **प्रत्येक बुद्ध** र **अनुबुद्धहरू**– 'यी तीन बुद्धहरूले निर्वाणलाई परम उत्तम' भनी भन्नु भएका छन् । **न हि पब्बजितो** प्राणी हिंसा आदि गर्ने, अरूलाई कष्ट दिनेलाई प्रव्रजित भनिदैन । **समणो** अरूलाई सास्ति दिई दुःख दिनेलाई श्रमण भनिदैन । **अनूपवादो** को अर्थ– अरूलाई दोष दिने र आफूलाई पनि अरूले दोष दिने काम गर्नेलाई

Downloaded from http://www.dhamma.digital

भनिएको हो । **अनूपघातो**–अरूलाई घात गरेर हिड्ने । **पातिमोक्खे** – ठूल-ठूला शीलहरूलाई संवरो संयम गर्नु । **मत्तञ्ञुता** - खानामा मात्रा ज्ञान हुनु । पन्त = विचित्र भएको, अधिचित्त = **अष्टसमापत्ति ध्यान** । आयोगोति = प्राप्ति, एतन्ति – यी सबै बुद्धका **सासन** हुन् ।

यहाँ **अनूपवाद** = वाचसिक शील, **अनूपघातो** = कायिक शील हो । **पातिमोक्खे च संवरो** = **प्रातिमोक्ष** शील तथा **इन्द्रिय संयम** शीललाई संकेत गरिएको हो । **अनूपघातेन कायिकसीलं**, **पातिमोक्खे च संवरो** ति–यो **पातिमोक्खसीलञ्चेव, इन्द्रिय संवरञ्च र मत्तञ्ञुता**बाट **आजीवपारि सुद्धि** र **पच्चयसन्निसितसीलञ्च** तर्फ संकेत गरिएको छ । **पन्तसेनासनेनको** अर्थ अनूकूल सेनासन हो । **अधिचित्त** भनेको **अष्टसमापत्ति ध्यान** भनी जान्नु पर्दछ । यी सबै बुद्धका **सासन** हुन् ।

यसरी यी गाथाद्वारा तीन शिक्षालाई भनिएको हो ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले **स्रोतापत्ति मार्ग-फल** आदि प्राप्त गरे ।

'आनन्द स्थविरको उपोसथ प्रश्न कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १४.४ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा आनन्द स्थविरको मनमा यस्तो प्रश्न उठ्यो– "वर्तमान गौतम बुद्धले सात जना बुद्धहरूको माता-पिता, आयु-प्रमाण, बोधिज्ञान, श्रावक-सन्निपात, अग्रश्रावकहरूको सन्निपात र उपस्थापकहरूको विषयमा सबै कुरा भन्नु भयो। तर उपोसथको विषयमा केही जानकारी भएन। अतीत बुद्धहरूका उपोसथ गर्ने तरिका अहिले जस्तै हुन् अथवा अर्कै प्रकारका हुन् ?"

यो कुरा थाहा पाई राख्नु आवश्यक भएको र आनन्द स्थविरले तथागत समक्ष प्रश्न गर्नु हुँदा तथागतले भन्नु भयो– "आनन्द, यस विषयमा तथागतहरूको समय फरक **(काल भेद)** हुन्छ तर कथा समान हुन्छ **(न कथा भेदो)।**

**विपस्सी सम्यकसम्बुद्ध**ले सात वर्षमा एक पटक उपोसथ गर्नु हुन्थ्यो। एक दिन मात्र दिनु भएको **अववाद-उपदेश** सात वर्षसम्मको लागि पर्याप्त हुन्थ्यो। **सिखीबुद्ध** र **वेस्सभू** बुद्धहरूले छ वर्षको एक चोटी, **ककुसन्धो बुद्ध** र **कोणागमनोबुद्ध**हरूले एक वर्षको एक पटक **उपोसथ** गर्नु हुन्थ्यो। **कस्सपदसबलबुद्ध**ले छ महिनामा एक चोटी **उपोसथ** गर्नु हुन्थ्यो।

यस प्रकार त्यस बेलाका तथागतहरूको समय **(कालभेद)** बताउनु हुँदै सबै तथागतहरूले एउटै प्रकारले **उपोसथ** गर्नु हुने कुरा बताउनु हुँदै यी तीन **ओवाद गाथा** (उपदेश) प्रकाशमा ल्याउनु भयो–

**"सब्बपापस्स अकरण.......................... ।**

**खन्ती परमं तपो तितिक्खा....................।**

**अनुवादो अनूपघातो ...........................।"**

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म-देशनाको अन्तमा धेरै मानिसहरूले स्रोतापत्ति मार्ग-फल आदि प्राप्त गरे ।

"आनन्द स्थविरको प्रश्न-कथा" मा आनन्द स्थविरले उचित समयमा पहिलेका तथागतहरूको **उपोसथ**को विषयमा प्रश्न गर्नु हुँदा "भगवान बुद्धले **विपस्सी सम्यकसम्बुद्ध** देखि **कस्सपदसबल** बुद्धसम्मका **उपोसथ** मा केवल समय फरक-फरक **(कालभेद)** हुन्छ तर कथा समान (न कथा भेदो) हुन्छ" भन्नु भएकोले तथागतहरूको उपोसथ गर्ने तरिकाको ज्ञान स्पष्ट भएको छ ।

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# १४.५ उदासिन भिक्षुको कथा

(काम-भोग दुःखद् हुन्छ) ·

**१४. (१८६) "न कहापणवस्सेन, तित्ति कामेसु विज्जति।**
**अप्पस्सादा दुखा कामा, इति विञ्ञाय पण्डितो ॥**

**१४.(१८७) "अपि दिब्बेसु कामेसु, रतिं सो नाधिगच्छति।**
**तण्हक्खयरतो होति, सम्मासम्बुद्धसावको" ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो। त्यस बेला एकजना **सासनमा** बस्न उदासिन भएको भिक्षुको सम्बन्धमा तथागतले यी दुइ गाथा प्रकाशमा ल्याउनु भएको हो।

एक जना कुलपुत्र **बुद्ध-सासन**मा प्रबज्जित भयो। पछि उसले **उपसम्पदा** पनि प्राप्त गऱ्यो।

Dhamma.Digital

एक दिन उसको उपाध्यायले उसलाई यसो भन्यो– "तिमी भिक्षु भएको उद्देश्य पूर्ण गर्नको लागि फलानो ठाउँमा जाऊ। ऊ उपाध्यायले भनेको ठाउँमा गएर बस्यो।

केही दिनपछि उसको पिताजी विरामी भयो। उसले भिक्षु भएर गएको छोरोलाई एक पटक भेट्ने इच्छा गऱ्यो। तर उसले छोरोलाई बोलाएर ल्याइदिने मानिस कोही पनि भेटिएन। उसलाई पुत्र-शोकले सतायो। रोग बढ्दै गयो। मर्ने बेलामा उसले आफ्नो सानो छोरालाई बोलाएर भन्यो– 'बाबु, यो सय रूपैयाँ तिम्रो दाजुलाई पात्र, चीवर बनाइ दिनको लागि दिनु' भन्दै छोरोको हातमा पैसा दिँदै उसले प्राण त्याग गऱ्यो।

Downloaded from http://www.dhamma.digital

भिक्षु भएर गएको दाजु घर आउँदा भाइले दाजुको खुट्टा समाउँदै बेस्सरी रून थाल्यो र रूँदै भन्यो– "भन्ते, हाम्रो पिताजीले तपाईंका लागि रूँदै-विलाप गर्दै प्राण त्याग गर्नु भयो। तपाईंको लागि मेरो हातमा यो रूपियाँको पोको दिएर जानु भएको छ। यो पैसाले तपाईंलाई के ल्याइ दिउँ ?"

भिक्षुले भन्यो– "मलाई यो पैसाको जरूरत छैन" भनी पैसा लिएन।

पछि भिक्षुले विचार गऱ्यो– "यो भिक्षु भएर भिक्षा मागेर जिउनु पनि के जीवन ? बरु त्यो सय रूपियाँ पैसाले मैले आफ्नो जीविका चलाउने उपाय सोच्नु पऱ्यो"

त्यस वेलादेखि त्यसलाई भिक्षु भएर बस्न मन लागेन। उसले दुःखी भई पाठ घोक्नु पर्ने काम पनि गरेन। ध्यान-भावना गर्ने काम पनि छोड्यो।ऊ **पाण्डु रोगी** जस्तै दुब्लो भएर गयो।

युवा श्रामणेरहरूले त्यस भिक्षुलाई प्रश्न गरे– "भन्ते, तपाईंलाई के भयो ?"

उसले जवाफ दियो– "मलाई भिक्षु भएर बस्न मन लागेन।"

ती श्रामणेरहरूले उसले भनेको कुरा आचार्यज्यू र उपाध्यायज्यूहरूलाई भन्न गए।

उनीहरूले उसलाई लिएर भगवान बुद्धकहाँ गएर भएका सबै कुरा तथागतलाई बिन्ति गरे।

तथागतले त्यस भिक्षुलाई यसरी प्रश्न गर्नु भयो– "के साँच्चै नै तिमीलाई भिक्षु भएर बस्न मन नलागेको हो ?"

उसले बिन्ति गर्दै भन्यो– "हो, भन्ते भगवन"

तथागतले फेरि प्रश्न गर्नु भयो– "तिमीसँग कमाएर खाने केही साधन छ ? तिमी के गरेर जीवन चलाउँछौ ?"

Downloaded from http://www.dhamma.digital

उसले बिन्ति गऱ्यो– "मसँग काम गरेर खाने साधन छ, भन्ते शास्ता,"

तथागतले फेरि प्रश्न राख्नु भयो– "तिमीसँग त्यस्तो के चीज छ ?"

उसले हात जोडेर भन्यो– "भन्ते शास्ता, म सँग एक सय रूपियाँ **(कहापण)** छ ।

तथागतले भन्नु भयो– "त्यसो भए तिमीले सय वटा पत्थरको टुक्रा लिएर आऊ । हिसाव गरेर हेरूँ । त्यति रूपियाँले तिम्रो जीवनयापनको लागि पुग्छ कि पुग्दैन ।"

उसले पत्थरको टुक्रा लिएर आयो ।

त्यसपछि तथागतले भन्नु भयो– "सबभन्दा पहिले तिम्रो आफ्नो खर्चको लागि पचास रूपियाँ अलग्ग राख । दुइ वटा बयल (गोरु) को लागि चौबिस रूपियाँ छुट्याऊ । त्यति नै रूपियाँ बीउको लागि राख । अब खेत जोत्न, हलो, कोदाली, बञ्चरो, आदिलाई हिसाब गर्दा एक सय रूपियाँले पुगेन । होइन ?"

त्यसपछि भगवान बुद्धले त्यस भिक्षुलाई सम्बोधन गर्नु भयो– "हे भिक्षु, तिम्रो लागि एक सय रूपियाँ त नपुग्ने भयो । जाबो त्यति पैसाले तिम्रो तृष्णा कसरी पूर्ण हुन्छ ?"

तथागतले अतीतको कुरा उल्लेख गर्नु भई भन्नु भयो– "अतीत समयमा चक्रवर्ती राजा हुँदा आफ्नो काँधमा हातले पिट्ने (थप-थपाउने) बित्तिकै बाह्र योजनसम्म कम्मरसम्म आउने गरी रत्न वर्षाउने समर्थ भएको, फेरि छत्तीस जना इन्द्रहरू च्यूत हुँदा त्यतिका समयसम्म देवलोकमा राज्य गरेर पनि मृत्युको समयमा आफ्नो तृष्णा पूर्ण नभइकन नै मृत्यु हुनु पऱ्यो ।"

Downloaded from http://www.dhamma.digital

त्यस भिक्षुले अतीत कथा सुन्ने जिज्ञासा राखे पछि तथागतले **मन्धातुजातक** (जा.१.३.२२) विस्तारपूर्वक आज्ञा गर्नु भयो–

**"यावता चन्दिमसूरिया परिहरन्ति, दिसा भन्ति विरोचना ।**
**सब्बेव दासा मन्धातु, ये पाणा पथविस्सिता" ति ॥**

**अर्थ–** जहाँसम्म चन्द्र र सूर्य दिशा-विदिशामा घुमिरहन्छन्, त्यहाँ सम्मका पृथ्वीमा बस्ने सबै प्राणीहरू मन्धाता राजाका दास हुन् ।

यस गाथा पछि तथागतले अर्को दुइ गाथा प्रकाशमा ल्याउनु भयो–

**"न कहापणवस्सेन, तित्ति कामेसु विज्जति ।**
**अप्पसादा दुखा कामा; इति विञ्ञाय पण्डितो ॥"**

**अर्थ–** रुपियाँ, पैसा वर्षे पनि मानिसको काम-तृष्णाहरू तृप्त हुदैनन् ; कामवासनामा अल्प स्वाद तर धेरै दुःख हुन्छन्' भनी पण्डितले जानेको हुन्छ ।

**"अपि दिब्बेसु कामेसु, रतिं सो नाधिगच्छति ।**
**तण्हक्खयरतो होति, सम्मासम्बुद्धसावको" ति ॥**

**अर्थ–** त्यसकारण बुद्धिमान मानिसले यस कुरालाई जानेर दिब्य-काम सुख भए पनि त्यसमा अनुरक्त हुँदैन । सम्यकसम्बुद्धका श्रावक शिष्य तृष्णा क्षय गर्नमा लीन हुन्छ ।

**भावार्थ**– यहाँ **कहापण वस्सेन** = मन्धाता राजाले आफ्नो हातले काँधमा थप-थपाउने वित्तिकै सप्तरत्नको वर्षा हुन्थ्यो । त्यसैलाई यहाँ **कहापन वस्सं** अर्थात् 'रूपियाँ बर्सेको' भनिएको हो । त्यसरी धन बर्सेता पनि

Downloaded from http://www.dhamma.digital

**वस्तु-काम** र **क्लेश-काम** मा तृप्ति हुँदैन । यसरी यस तृष्णालाई पूर्ण गर्न सक्तैन । **अप्पसादा** ति = सपनामा देख्ने क्षणिक सुखलाई अल्प सुख भनिएको हो । **दुक्खा** ति = **दुक्खस्कन्ध** आदिमा आउने दु:खको आकार अनन्त दु:ख भएर आउँछ । **इति विञ्ञायति**–यस काम तृष्णा भनी जानेर बुझेर **अपि दिब्बेसु** यदि देवताहरूको काम-भोग गर्नमा निमन्त्रणा गरेता पनि उसलाई सन्तुष्टि हुँदैन । **तण्हक्खयरतो** ति बरु त्यसको सट्टामा अरहत्व प्राप्तिको लागि अथवा निर्वाण प्राप्त गर्नको लागि लीन भई त्यसैको प्रार्थना गरिरहन्छ । **सम्मासम्बुद्धसावको** ति = सम्यकसम्बुद्धहरूले देशना गर्नु भएको धर्म श्रवण गरी ध्यान-अभ्यासमा लागिरहने भिक्षुहरूलाई भनिएको हो ।

तथागतको यस धर्म देशनाको अन्तमा त्यस भिक्षु स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित भयो । त्यहाँ जम्मा हुन आइरहेका जन-समूहलाई यो धर्म-देशना सार्थक भयो ।

Dhamma.Digital

'उदासिन भिक्षुको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १४.५ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा एक जना उदासिन भिक्षुको कारणमा यस्तो घटना घटेको थियो ।

एकजना कूलपुत्र **बुद्धसासनमा** भिक्षु भयो । एक दिन उसको उपाध्यायले उसलाई भिक्षु भएको उद्देश्य पूरा गर्न कतै टाढा गएर बस्न निर्देशन दियो । ऊ त्यहाँ गएर बस्यो ।

केही दिनपछि उसको पिताजी विरामी भयो । विरामी पिताजीले भिक्षु भएर गएको आफ्नो छोरोलाई भेट्ने इच्छा गऱ्यो । तर छोरोलाई बोलाएर ल्याई दिने मानिस कोही पनि भेटेन । उसलाई पुत्र-शोकले सतायो । रोग बढ्दै गयो । मर्ने बेलामा आफ्नो सानो छोरोलाई बोलाएर 'तिम्रो दाजुलाई चाहिने चीज किनी दिनु' भन्दै एक सय रूपियाको पोको छोराको हातमा दिई प्राण त्याग गऱ्यो ।

भिक्षु भएर गएको छोरो घर आँउदा भाइले दाजुको खुट्टा समाउँदै, रूँदै पैसाको पोको दियो । पैसा पाए देखिन् उसलाई भिक्षु भएर बस्न मन लागेन । उसले पाठ घोक्ने र ध्यान गर्ने काम पनि छोड्यो । ऊ पाण्डु रोगी जस्तै भएर दुब्लाउँदै गयो ।

युवा श्रामणेरहरूले उसको अवस्थाको विषयमा आचार्य, उपाध्यायज्यूहरूलाई जानकारी दिए । त्यस पछि त्यस भिक्षुलाई लिई तिनीहरू तथागत कहाँ गए ।

तथागतले ऊसँग वार्तालाप गर्नु भई उसलाई भिक्षु भएर बस्न मन नलागेको कारण थाहा पाउनु भई जीवन यापनको लागि "के साधन छ ?" भनी प्रश्न गर्नु भयो ।

उसले आफ्नो पिताजीबाट पाएको एक सय रूपियाँले कृषि कार्य गरी जीवन यापन गर्ने कुरा तथागतलाई विन्ति गऱ्यो ।

Downloaded from http://www.dhamma.digital

तथागतले सय रूपियाँलाई भाग लगाउनु हुँदै–पचास रूपियाँ आफ्नो लागि खर्च, दुइ वटा गोरू किन्न चौविस रूपियाँ, बीउ किन्न चौबिस रूपियाँ, अनि हलो, कोदाली, बञ्चरो आदिलाई हिसाब गर्दा सय रूपियाँले नपुग्ने कुरा स्पष्ट पार्नु भयो ।

त्यस पछि तथागतले अतीतका कुरा उल्लेख गर्नु भई आफू चक्रवर्ती राजा हुँदा त आफ्नो तृष्णा पूर्ण हुन नसकेको कुरा प्रकाशमा ल्याउनु हुँदा त्यस भिक्षुले अतीतका कथा सुन्ने जिज्ञासा राखे पछि तथागतले **मन्धातु जातक** विस्तारपूर्वक प्रकाशमा ल्याउनु भयो ।

जसमा भनिएको छ –"जहाँ तक चन्द्र-सूर्य दिशा विदिशामा घुमिरहन्छन्, त्यहाँ सम्म पृथ्वीमा बस्ने सबै प्राणीहरू मन्धाता राजाका दास हुन् ।"

अर्को दुइ गाथा पनि तथागतले प्रकाशमा ल्याउनु भयो– "रूपियाँ, पैसा वर्षेता पनि मानिसको काम-तृष्णाहरू तृप्त हुँदैनन् । काम बासनामा अल्प स्वाद तर धेरै दुःख हुन्छन्' भनी पण्डितले जानेको हुन्छ ।"

"त्यस कारण बुद्धिमान मानिसले यस कुरालाई जानेर दिव्यकाम सुख भए पनि त्यसमा अनुरक्त हुँदैन । सम्यकसम्बुद्धका श्रावक शिष्य तृष्णा क्षय गर्नमा लीन हुन्छ ।"

तथागतको यस धर्मदेशनाको अन्तमा त्यस भिक्षु स्रोतापत्ति मार्ग-फलमा प्रतिष्ठित भयो । त्यहाँ जम्मा भएको जन-समूहलाई यो धर्म-देशना सार्थक भयो ।

यस कथामा भगवान बुद्धले एक उदासिन भिक्षुलाई कुन तरिकाले सम्झाएमा उसको मन भिक्षु भावमा फर्किन्छ भन्ने मनसायले –सय रूपियाँले कृषि-कार्य गरी जीवन यापन गर्ने अठोट

Downloaded from http://www.dhamma.digital

गरि सकेको, भिक्षुलाई आफूलाई खर्च छुट्याई सके पछि गोरु किन्ने, बीउ किन्ने तथा हलो, कोदाली, वञ्चरो किन्नलाई पैसा नभ्याउने कुरा सम्झाउनु हुँदै **'मन्धातु जातक'** विस्तार पूर्वक प्रकाशमा ल्याउनु हुँदा त्यस भिक्षुको मन फेरि भिक्षु भावमा नै फर्केको कुरा साह्रै रोचक छ।

अर्को दुइ गाथा पनि प्रकाशमा ल्याउनु भई तथागतले भन्नु भयो– "रुपियाँ, पैसा वर्षेता पनि मानिसको काम तृष्णाहरू तृप्त हुँदैनन्। काम-वासनामा अल्पस्वाद तर धेरै दुःख हुन्छ।"

निश्चय पनि तथागतका यी दिब्य उपदेश सदा-सदैव, सर्वत्र लागू हुन्छ।

Downloaded from http://www.dhamma.digital

## १४.६ अग्गिदत्त ब्राह्मणको कथा

१४.६ (उत्तम शरण)

**१४.(१८८) "बहुं वे सरणं यन्ति, पब्बतानि वनानि च ।**
**आरामरुक्खचेत्यानि, मनुस्सा भयतज्जिता ॥**

**१४.(१८९) "नेतं खो सरणं खेमं, नेतं सरणमुत्तमं ।**
**नेतं सरणमागम्म, सब्बदुक्खा पमुच्चति ॥**

**१४.(१९०) "यो च बुद्धञ्च धम्मञ्च, संघञ्च सरणं गतो ।**
**चत्तारि अरियसच्चानि, सम्मप्पञ्ञाय पस्सति ॥**

**१४(१९१) "दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं ।**
**अरियं चट्ठङ्गिकं मग्गं, दुक्खूपसमगामिनं ॥**

**१४(१९२) एतं खो सरणं खेमं, एतं सरणमुत्तमं ।**
**एतं सरणमागम्म, सब्बदुक्खा पमुच्चती" ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । एक दिन तथागत बालुवा थुपारिएको ठाउँमा बस्नु भई **कोशल राजाको** पुरोहित **अग्गिदत्त ब्राह्मण**को कारणमा यी गाथाहरू प्रकाशमा ल्याउनु भएको हो ।

एक समय **अग्गिदत्त ब्राह्मण महाकोशल राजाको पुरोहित** थियो ।

कोसल राजा प्रसेनजितको पिताजीको देहान्त भइसकेपछि **"पिताजीको पुरोहित"** भनी प्रसेनजीत राजाले गौरव गरी **अग्गिदत्त ब्राह्मण** लाई त्यसै **पद**मा स्थापित गरी राखें । त्यो ब्राह्मण राजाको

Downloaded from http://www.dhamma.digital

सेवाको लागि दरवारमा आउँदा राजा जुरुक्क उठेर उसको पछि-पछि लागी "आचार्य, यहाँ आसन ग्रहण गर्नु होस्" भनी मान-सम्मान गर्थे।

एक दिन **अग्गिदत्त** ब्राह्मणले विचार गर्‍यो – "यो राजाले मलाई अति नै गौरव गरी मान, सम्मान गर्‍यो । तर राजाहरूको मानसिकता सधैं एउटै रहँदैन । समान आयु भएकाहरूसँग मात्रै राज्य-सुख भोग गरिन्छ । अब म साह्रै बृद्ध भइसके । मेरो लागि प्रव्रजित भएर जानु नै उचित होला ।"

त्यसपछि उसले राजासित प्रव्रजित हुने अनुमति माग्यो। अनि यो कुरा नगरवासीलाई थाहा दिन विगुल बजाउन लगायो । एक सप्ताह सम्म आफ्नो सम्पूर्ण धन-सम्पत्ति ; घर-खेत याचकहरूलाई दान दिई सबै परित्याग गरि बुद्ध-सासनबाट बाहिरका परिब्राजकहरू कहाँ गई प्रब्रजित भयो। उसको आश्रयमा बसिरहेको अरू दश हजार ब्राह्मणहरू उस कहाँ आएर प्रव्रजित भए ।

त्यस अग्गिदत्त ब्राह्मण परिब्राजक आफ्ना परिब्राजक शिष्यहरूसँगै अङ्ग, मगध र कुरु राष्ट्रको वीचमा बास गरी उसले सबैलाई यसरी उपदेश दिने गर्थ्यो– "प्रिय शिष्यगणहरू, ज-जसलाई कामविर्तक आदि उत्पन्न हुन्छन् ; त्यसले नदीबाट एक मुट्ठी (दोला) बालुवा ल्याएर यहाँ राखी दिनु ।"

शिष्यहरूले 'हुन्छ' भनी कामविर्तक उत्पन्न भयो कि बालुवा ल्याउदै राख्न थाले । पछि हुँदा-हुदै बालुवाको रास नै जम्मा भयो । त्यस बालुवाको रासमा **अहिछत्तो** भन्ने नागराजा आएर बास गर्न थाल्यो ।

अङ्ग, मगध र कुरु राष्ट्रमा बस्ने मानिसहरूले तिनीहरूलाई महिनाको एक पल्ट ठूलो मान-सम्मानका साथ दान-प्रदान गर्न आउँथे । त्यस बेला अग्गिदत्त परिब्राजकले तिनीहरूलाई यसरी

Downloaded from http://www.dhamma.digital

**अपवाद-उपदेश** दिइरहन्थ्यो– "पर्वतको शरणमा जाऊ, बन-जङ्गलको शरणमा जाऊ, उद्यान (आराम) को शरणमा जाऊ, वृक्षको शरणमा जाऊ– यसो गर्न सकेमा तिमीहरू सबै दुःखबाट मुक्त हुने छौं।"

आफ्नो चाकरीमा बस्ने शिष्यहरूलाई पनि उसले यस्तै उपदेश दिने गर्थ्यो।

## १४.६ (क) तथागतको लोकको अवलोकन

बोधिसत्वले गृहत्याग गर्नु भई सम्यकसम्बोधि ज्ञान लाभ गर्नु भयो। त्यसपछि श्रावस्ती नगरमा जानु भई जेतवनाराममा विहार गरिरहनु भएको थियो।

एक दिन **करुणा समापत्तिमा** बस्नु भई लोकमा ध्यान फैलाउनु भयो। त्यसबेला **अग्गिदत्त ब्राह्मण** सहित उनका सबै शिष्यहरू आफ्नो ज्ञान रूपि जाल भित्र परेको आभास गर्नु भयो। तिनीहरू सबै अरहत्वको स्थितिमा पुग्न सक्ने **उपनिस्सय** (आधार) ले सम्पन्न भएको पनि देख्नु भयो।

तथागतले यी कुराहरू बुझी सक्नु भए पछि साँझको समयमा महामौद्गल्यायन स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे मौद्गल्यायन, के तिमीले अग्गिदत्त ब्राह्मणले थुप्रै मानिसहरूलाई अमार्गमा लगि राखेको देखेनौं ? जाऊ तिमी त्यहाँ गएर तिनीहरूलाई उपदेश गर्न जाऊ।"

स्थविरले विन्ति गर्दै भन्नु भयो– "भन्ते भगवन, उनीहरूको जनसंख्या धेरै छन्। म एक्लै कसरी जाने ? तथागत पनि आउनु हुन्छ भने म त्यहाँ जान कोशिश गर्नेछु।"

भगवान बुद्धले भन्नु भयो– "हे मौद्गल्यायन, तिमी पहिले गइ राख्नु। तथागत पछि आउने छ।"

Downloaded from http://www.dhamma.digital

## १४.६ (ख) अग्गिदत्त ब्राह्मण कहाँ स्थविरको गमन–

स्थविरले त्यहाँ जानु भन्दा पहिले यसरी विचार गर्नु भयो– "तिनीहरू बलिया पनि छन् । धेरै पनि छन् । तिनीहरू सबै जम्मा भइरहेको ठाउँमा म गएर त्यहाँ केही भनेको खण्डमा समूह-समूह सबै उठेर आई बाद-विवाद गर्न आउने छन् । त्यसो हुन नदिनको लागि आफ्नो ऋद्धि-बलद्वारा ठूलो पानी वर्षाई दिनु राम्रो हुनेछ ।"

ठूलो पानी वर्षे पछि ती सबै परिब्राजकहरू आ-आफ्नो पर्णशाला भित्र पसे ।

स्थविर **अग्गिदत्त**को पर्णशालाको ढोकामा उभिएर उनको नाम लिई– "हे अग्गिदत्त," भनी सम्बोधन गर्नु भयो ।

उनले स्थविरको आवाज सुनेर यसरी सोच्यो– "यस संसारमा मेरो नाम लिएर बोलाउन सक्ने कोही पनि छैन । यसले मलाई नाम लिएर बोलाई रहेछ । यो व्यक्ति को होला ?" भनी अभिमानले चूर भई "तिमी को हौ ?" भनी प्रश्न गरे ।

स्थविरले भन्नु भयो– "ब्राह्मण, म महामौद्‌गल्यायन भिक्षु हूँ"

अग्गिदत्त ब्राह्मणले सोध्यो– "तिमी मलाई के भन्न आएको ?"

स्थविरले भन्नु भयो– "तिमीले आज मलाई एक रातको लागि बास बस्न दिनु पर्‍यो"

ब्राह्मणले भन्यो– "यहाँ बास दिने ठाउँ छैन । हामी एक-एक जनालाई एक-एक वटा मात्रै पर्णशाला छ ।"

स्थविरले भन्नु भयो– "हे अग्गिदत्त, गृहस्थ भए बास बस्नको लागि गृहस्थ कहाँ जान्छन, गाईहरू भए गाई भएकै ठाउँमा जान्छन् ।

Downloaded from http://www.dhamma.digital

म प्रब्रजित भएकोले तिमी प्रब्रजित कहाँ बास माग्न आइरहेको हूँ। त्यसो नभन आज एक रात मलाई बास बस्न देउ"

अग्गिदत्तले सोध्यो– "के तिमी प्रब्रजित हौ ?"

स्थविरले उत्तर दिनु भयो– "हो म प्रब्रजित हुँ "

अग्गिदत्तले भन्यो– "तिमी साँच्चै नै प्रब्रजित हौ भने प्रब्रजितलाई चाहिने **तुम्बा** आदि सामान कहाँ छन् त ?"

स्थविरले भन्नु भयो– "हे ब्राह्मण, मलाई चाहिने सामान अलग-अलग लिएर हिड्न गाह्रो मानेर आफ्नै मन भित्रै राख्ने गरेको छु" भन्दा 'आफूलाई चाहिने सामान पनि लिएर नहिडने' भनी अग्गिदत्त ब्राह्मण रिसायो।

त्यसपछि स्थविरले भन्नु भयो– "ब्राह्मण, तिमी म देखेर नरिसाउ। मलाई एक रात बास बस्नको लागि ठाउँ देऊ"

अग्गिदत्तले भन्यो– "यहाँ तिमीलाई बस्ने ठाउँ छैन। स्थविरले भन्नु भयो –"त्यसो भए उ त्यहाँ परको बालुवाको रासमा को बस्छ त ?"

ब्राह्मणले भन्यो– "एउटा डरलाग्दो नागराजा बसिरहेको छ। स्थविरले भन्नु भयो– "त्यसो भए त्यही ठाउँ मलाई बस्नको लागि अनुमति देऊ"

अग्गिदत्तले भन्यो– "त्यो ठाउँ मैले दिन मिल्दैन। त्यो नागराजा साह्रै डरलाग्दो छ। स्थविरले भन्नु भयो– "डरलाग्दो भए पनि केही छैन। मलाई त्यही ठाउँमा भए पनि बस्न अनुमति देऊ।"

अग्गिदत्तले भन्यो– "त्यसो भए त्यसको दुष्परिणाम तिमीलाई नै थाहा हुनेछ।"

Downloaded from http://www.dhamma.digital

## १४.६ (ग) नागराजालाई दमन–

स्थविर बालुवा थुपारिएको ठाउँतिर जानु भयो। "नागराजाले उहाँलाई आफूतिर आइरहनु भएको देखेर 'यसलाई म यहाँ छु' भनेर थाहा भएन होला। अब यसलाई 'मैले मेरो विष मिसिएको स्वाश छोडेर पठाई मार्नु पर्ला' भनी विष युक्त स्वास छोड्यो।"

स्थविरले विचार गर्नु भयो– "यो नागराजाले मात्र विषयुक्त स्वास फुँकार गर्न सक्छु, अरूले गर्न सक्तैन भनी ठानेछ होला।"

स्थविरले पनि आफ्नो ऋद्धिबलद्वारा विषयुक्त फुँकार नागराजातिर पठाई दिनु भयो।

ती दुइको नाकबाट निस्केको विषयुक्त फुँकारको धुँवाको मुस्लो माथि जाँदा-जाँदा **ब्रह्मलोक** सम्म पुगे। नागराजाले पठाएको विषयुक्त धुवाँको मुस्लोले स्थविरलाई केही नोक्सान गर्न सकेन बरु उल्टो नागराजाले कष्ट सहनु पऱ्यो। स्थविरले आफ्नो ऋद्धिबलद्वारा पठाएको धुवाँको मुस्लोको वेग नागराजालाई आगो दन्किएको जस्तो भान भयो। स्थविर पनि **तेजो धातुको** समाधिमा बस्नु भई आगो दन्काई दिनु भयो। दुबैतिरको शरीरबाट निस्केको ज्वाला माथि ब्रह्मलोक सम्म पुग्यो। ती दुइको शरीरमा पनि आगो बलेको जस्तो देखियो।

परिब्राजकहरूले यस्तो दृश्य देखेर यसरी चिन्तन गरे– "नागराजाले श्रमणलाई आगो बालेर जलाई दियो। त्यस्तो राम्रो बिचरा श्रमण हामीले भनेको कुरा नसुनेको कारणले विनाश भयो।"

स्थविर आफ्नो ऋद्धि शक्तिद्वारा नागराजालाई दमन गरी त्यसलाई जितेर थुपारी राखेको बालुवा माथि बस्नु भयो। नागराजाले बालुवाको राशीलाई आफ्नो शरीरले चक्कर लगाएर कुटागार शाला जत्रो बनाई स्थविरलाई छाता ओढाएको जस्तै गरी आफ्नो फण निकालेर ओंढाई रह्यो।

Downloaded from http://www.dhamma.digital

## १४.६ (घ) परिब्राजकहरूद्वारा स्थविरको प्रशंसा–

भोलिपल्ट बिहान सबेरै परिब्राजकहरू 'श्रमण मऱ्यो कि जिउँदै छ हेर्न जानु पऱ्यो' भनी स्थविरको नजिक गएर हेर्दा उही बालुवाको राश माथि बसिरहनु भएको देखेर सबैले हात जोडेर भने –"हे श्रमण, तिमीलाई नागराजाले केही कष्ट दिएन ?"

स्थविरले भन्नु भयो– "परिब्राजकहरू हो, नागराजाले मलाई आफ्नो फण फैलाएर छाताले ओढाएर बसेको देखेनौ र ?"

तिनीहरूले भने– "हे श्रमण, तिम्रो ऋद्धिको शक्ति अत्यन्त आश्चर्यजनक छ । यस्तो डरलाग्दो विषधारी नागराजालाई तिमीले दमन गऱ्यौ" भन्दै स्थविरलाई तिनीहरूले घेरेर बसे ।

## १४.६ (ङ) तथागतको आगमन–

ठीक त्यसै समयमा भगवान बुद्ध त्यहाँ आई पुग्नु भयो । स्थविरले तथागतलाई देख्ने बित्तिकै उठेर वन्दना गर्नु भयो ।

यस्तो दृश्य देखेर ऋषिगणले स्थविरलाई प्रश्न गरे– "उहाँ तपाई भन्दा पनि महान हुनु हुन्छ कि क्या हो ?"

स्थविरले भन्नु भयो– "उहाँ भगवान शास्ता हुनुहुन्छ । म तथागतको शिष्य हूँ ।"

भगवान शास्ता बालुवाको राशी माथि बस्नु भयो ।

ऋषिगणहरूले बिचार गरे– "उहाँको श्रावक शिष्यको त यस्तो ऋद्धि शक्ति छ भने उहाँको आनुभाव कस्तो होला," भन्दै आश्चर्य चकित भई दुइ हात जोडेर तथागतको गुणको प्रशंसा गर्दै रहे ।

Downloaded from http://www.dhamma.digital

## १४.६ (च) तथागतद्वारा अग्गिदत्त ब्राह्मणलाई उपदेश–

तथागतले अग्गिदत्त ब्राह्मणलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे अग्गिदत्त, तिमीले आफ्नो श्रावक शिष्यहरूलाई **अववाद-उपदेश** दिंदा के भनेर उपदेश दिने गर्दछौं ?"

"पर्वतको शरणमा जाऊ, बन, आराम, वृक्षको शरणमा जाऊ। यिनीहरूको शरणमा गएमा सबै दुःखबाट मुक्ति मिल्छ" भनी यसरी तिनीहरूलाई **ओवाद-उपदेश** दिने गर्दछु ।

तथागतले उनलाई सम्बोधन गर्नु भई भन्नुभयो– "हे अग्गिदत्त, यिनीहरूको शरणमा गएर सबै दुःखबाट मुक्त हुँदैन । बुद्ध, धर्म र संघको शरण गएमा मात्र सबै **वट्ट** दुःखबाट मुक्त हुन्छ" भन्नु हुँदै यी गाथाहरू प्रकाशमा ल्याउनु भयो–

**"बहुं वे सरणं यन्ति, पब्बतानि वनानि च ।**
**आरामरुक्खचेत्यानि, मनुस्सा भयतज्जिता ॥**

**नेतं खो सरणं खेमं, नेतं सरणमुत्तमं ।**
**नेतं सरणमागम्म, सब्बदुक्खा पमुच्चति ॥"**

**अर्थ**– मानिसहरू भयको कारणले पर्वत, बन, आराम (उद्यान) वृक्ष, चैत्य आदिको शरणमा जान्छन्; तर यी सबै चीजबाट भय-मुक्ति हुँदैन । यी उत्तम शरण पनि होइन । किनभने यस्तो शरणले सबै प्रकारको दुःखबाट मुक्त हुन सक्तैन ।

**(गाथा नं १८८, १८९ को अर्थ)**

Downloaded from http://www.dhamma.digital

**"यो च बुद्धञ्च धम्मञ्च, सङ्घञ्च सरणं गतो ।**
**चत्तारि अरियसच्चानि, सम्मप्पञ्ञाय पस्सति ॥**

**"दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं ।**
**अरियं चट्ठङ्गिकं मग्गं, दुक्खूपसमगामिनं ॥**

**एतं खो सरणं खेमं, एतं सरणमुत्तमं ।**
**एतं सरणमागम्म, सब्बदुक्खा पमुच्चती" ति ॥**

**अर्थ–** जो बुद्ध, धर्म र संघको शरणमा जान्छ, जसले चार आर्य सत्य– दुःख, दुःखको कारण, दुःखबाट मुक्ति तथा दुःखबाट मुक्ति हुने उपाय– आर्य अष्टांगिक मार्गलाई सम्यक ज्ञानद्वारा साक्षात्कार गर्दछ। यही नै भय-मुक्त शरण हो; यही उत्तम शरण हो। यिनीहरू कै शरणमा गएमा मात्र सबै दुःखबाट मुक्ति मिल्दछ।

**(गाथा नं -१९०, १९१, १९२ को अर्थ)**

**भावार्थ–** त्यहाँ **बहुं** =धेरै मानिस। **पब्बतानि** = त्यहाँ-त्यहाँ, त्यस त्यस स्थानमा भएका **इसिगिलिवेपुल्लवेभारादिके पब्बते च** । **इसिगिलि, वेपुल्ल, वेभार** आदि नाम भएका पर्वतहरू र **महाबन**, **गोसिङ्ग बन, शालवन** आदि नाम भएका बन, जङ्गल र वेलुवन, जीवक वन आदि आराम तथा उद्यान र उदेन चैत्य, गौतम चैत्य आदि वृक्ष र चैत्यहरूमा ती-ती मानिसहरू त्यस-त्यस भयबाट त्रसित भई ती-ती भयबाट मुक्त हुने इच्छा गर्दछन्। अथवा पुत्र-लाभ आदिको प्रार्थना गरी शरणमा जाने**–**भन्ने अर्थ हुन्।

**नेतं सरण** न्ति = "यी सबै शरणहरू राम्रो र उत्तम शरण होइनन्। न त त्यसको कारणबाट **जाति** - (जन्म लिनु पर्ने) आदि सबै सात दुःखबाट मुक्त हुन सक्ने हो ?" भन्ने अर्थ हुन आउँछ।

**यो चाति** = जुन असल नभएको, उत्तम नभएको शरण देखाइसकेपछि असल, उत्तम शरण दर्शाउनको लागि शुरूआत गरिएको हो। त्यसको अर्थ

Downloaded from http://www.dhamma.digital

हो–जो व्यक्ति गृहस्थ होस् वा प्रव्रजित होस् –**"इतिपि सो भगवा अरहं सम्मासम्बुद्धे**" आदि बुद्ध-धर्म र संघानुस्सति **कर्मस्थान**को लागि श्रेष्ठ रूपले वुद्ध-धर्म-संघको शरणमा गइसकेको व्यक्तिको लागि अरू तीर्थंकरहरूलाई वन्दना गर्न गाह्रो पर्ने हुन्छ । यही भाव दर्शाउनको लागि उत्तम मार्गमा गइसकेको शरणलाई प्रकाश पार्नु हुँदै **"चत्तारि अरियसच्चानि सम्मप्पञ्ञाय पस्सति"** भनी आज्ञा गर्नु भएको हो ।

ती परिब्राजकहरू यस्तो धर्म-देशनाको अन्तमा वुद्धको शरणमा गए । तिनीहरूको यो शरण असल छ, उत्तम छ । ती पुद्‌गलहरू त्यस शरणको कारणले संम्पूर्ण संसार-दुःखबाट मुक्त भयो । त्यसकारण **एतं खो सरणं खेमं** आदि भनिएको हो ।

तथागतको यस **धर्म-देशनाको** अन्तमा ती सबै परिब्राजकहरू **प्रतिसम्भिदा** सहित अरहन्त भए । तिनीहरूले तथागतलाई सादर वन्दना गरी प्रव्रज्या मागे ।

तथागतले आफ्नो चीवर भित्रबाट हात निकाल्नु भई आव्हान गर्नु भयो –"यहाँ आऊ भिक्षुहरू; ब्रह्मचर्य पालन गर ।"

यसरी आज्ञा गर्ने वित्तिकै त्यसै क्षणमा ती परिव्राजक सवैको परिब्राजक भेष लोप भएर **अष्ट परिष्कार धारण** गरी सय वर्ष पुरानो स्थविरहरू समान भयो ।

त्यस दिनमा **अङ्ग, मगध र कुरु राष्ट्रमा** वस्ने सबै जनताहरूले तिनीहरूलाई दान दिने, मान सत्कार गर्ने दिन परेको रहेछ । तिनीहरूले दान, मान-सत्कार गर्ने वस्तुहरू लिएर आउँदा परिब्राजकहरू प्रब्रजित भइरहेको देखेर तिनीहरूले प्रश्न गरे– "के हो यो ? हाम्रा **अग्गिदत्त परिब्राजक** ठूलो कि **श्रमण गौतम** ठूलो ?"

श्रमण गौतम अग्गिदत्त ब्राह्मण कहाँ आइ रहेकोले 'हाम्रा गुरु अग्गिदत्त ब्राह्मण नै ठूलो हुनु पर्छ' भनी बिचार गरे ।

Downloaded from http://www.dhamma.digital

तथागतले तिनीहरूको मनको कुरा थाहा पाउनु भई अग्गिदत्तलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे अग्गिदत्त, तिमीले परिषद्हरूको शंङ्का निवारण गरि देऊ ।"

अग्गिदत्तले भन्यो– "शास्ता, मैले पनि तथागतको यही आज्ञालाई प्रतीक्षा गरिरहेको छु"

यति भनेर ऊ आफ्नो ऋद्धिबलद्वारा सात पटक सम्म आकाशमा जाने, फेरि ओर्लने गर्दै तथागतलाई दुइ हात जोडेर बिन्ति गर्दै भन्यो– "मेरो गुरु भगवान बुद्ध हुनुहन्छ। म तथागतको श्रावक शिष्य हूँ" भनी श्रावक-शिष्य भाव प्रकट गऱ्यो ।

Dhamma.Digital

'अग्गिदत्त ब्राह्मणको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १४.६ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा राजा प्रसेनजितले आफ्नो पिताजीको देहान्त भइसके पछि पनि 'पिताजीको पुरोहित **अग्गिदत्त** ब्राह्मणलाई त्यसै पदमा स्थापित गरी ठूलो मान-सम्मान दिई राखे ।

एक दिन अग्गिदत्त ब्राह्मणले आफू ज्यादै बृद्ध भई सक्दा पनि राजाले आफूलाई अति नै गौरब गरी मान, सन्मान गरेको नसुहाएको महसुस गरी प्रब्रजित भएर जानु नै उचित सम्भ्यो ।

त्यस पछि उसले राजासँग प्रब्रजित हुने अनुमति माग्यो र यो कुरा नगरबासीहरूलाई जानकारी दिन विगुल बजाउन लगायो । एक सप्ताहसम्म आफ्नो सम्पूर्ण धन-सम्पत्ति, घर-खेत याचकहरूलाई दान दिई परिब्राजकहरू कहाँ गई प्रब्रजित भयो । उसको आस्रयमा बसिरहेका अरू दश हजार ब्राह्मणहरू अग्गिदत्त ब्राह्मण कहाँ आएर प्रब्रजित भए ।

Dhamma.Digital

त्यस अग्गिदत्त ब्राह्मण परिव्राजक आफ्नो परिव्राजक शिष्यहरू सँगै **अङ्ग, मगध** र **कुरु** राष्ट्रको बीचमा बास गरी उसले सबै शिष्यहरूलाई यसरी उपदेश दिने गर्थ्यो–

"शिष्यहरू हो, ज-जसलाई कामवितर्क आदि उत्पन्न हुन्छन्, त्यसले नदीबाट एक-एक मुठी वालुवा ल्याई यहाँ थुपारी दिनु ।"

शिष्यहरूले पनि काम विर्तक उत्पन्न भयो कि मुठीभर बालुवा ल्याउँदै भनिएको ठाउँमा राख्न थाले । पछि विस्तारै त्यहाँ बालुवाको रास नै हुन थाल्यो । त्यस बालुवाको रासमा **अहिछत्तो** भन्ने नागराजा आएर बस्न थाल्यो ।

Downloaded from http://www.dhamma.digital

अङ्ग, मगध र कुरु राष्ट्रका मानिसहरूले तिनीहरूलाई महिनाको एक पल्ट ठूलो मान-सन्मानका साथ दान-प्रदान गर्न आउने गर्थे। त्यस बेला अग्गिदत्त परिब्राजकले तिनीहरूलाई यसरी ओवाद-उपदेश दिइरहन्थ्यो– "पर्वत, बन-जङ्गलको शरणमा जाऊ, उद्यान, वृक्षको शरणमा जाऊ–यसो गर्न सकेमा तिमीहरू सबै दुःखबाट मुक्त हुनेछौ।"

आफ्नो चाकरीमा बस्ने शिष्यहरूलाई पनि उसले यसरी नै उपदेश दिने गर्थ्यो।

एक दिन विहान तथागत करुणा समापत्तिमा बस्नु भई लोकमा ध्यान फैलाउनु हुँदा अग्गिदत्त ब्राह्मण सहित उनका सबै शिष्यहरू अरहत्वको स्थितिमा पुग्न सक्ने **उपनिस्सय**ले सम्पन्न भएको पनि देख्नु भयो।

त्यस पछि तथागतले अग्गिदत्त परिब्राजक सहित थुप्रै मानिसहरू अमार्गमा लागिरहेको कुरा दर्शाउनु हुँदै तिनीहरूलाई धर्म-उपदेश दिन जानको लागि पहिले मौद्गल्यायन स्थविरलाई अह्राउनु भयो।

स्थविरले तिनीहरूको संख्या धेरै भएको कारणले त्यहाँ एक्लै जाँदा अनेक वाद- विवाद आउन सक्ने कुरा विचार गर्नु भई तिनीहरूलाई आ-आफ्नो कुटीमा भगाउनको लागि आफ्नो ऋद्धिबलद्वारा ठूलो पानी वर्षाई दिनु भयो।

ठूलो पानी वर्षे पछि ती सबै परिब्राजकहरू आ-आफ्नो पर्णशाला भित्र पसे। त्यस पछि स्थविर अग्गिदत्त परिब्राजकको ढोकामा उसलाई बोलाउनु भई एक रात बास बस्नको लागि ठाउँ माग्दा नपाए पछि त्यही बालुवाको रासमा बस्न अनुमति माग्नु भयो।

स्थविर बालुवा थुपारिएको ठाँउमा जाँदा नागराजाले उहाँलाई मार्ने नियतले विषयुक्त श्वास छोड्यो। स्थविरले त्यस्तै फुँकार गरी नागराजा कहाँ पठाउनु भयो।

Downloaded from http://www.dhamma.digital

ती दुइको नाकबाट निस्केको विषयुक्त फुँकारको धुवाँको मुस्लो माथि जाँदा-जाँदा ब्रह्मलोकसम्म पुग्यो । पछि दुबैतिरको शरीरबाट निस्केको ज्वाला माथि ब्रह्मलोकसम्म पुग्यो । ती दुइको शरीरमा पनि आगो बलिरहेको जस्तो देखियो ।

स्थविरले आफ्नो ऋद्धि-शक्तिद्वारा नागराजालाई दमन गरी थुपारी राखेको बालुवा माथि बस्नु भयो । नागराजाले बालुवाको राशीलाई आफ्नो शरीरले चक्कर लाउँदै कुटागारशाला जत्रो बनाई स्थविरलाई छाता ओढाए जस्तै फण निकालेर ओढाइ रह्यो ।

भोलिपल्ट बिहान परिब्राजकहरू स्थविरको ऋद्धि चमत्कारलाई देखेर आश्चर्य चकित भई स्थविरलाई घेरेर बसे । ठीक त्यसै बेला भगवान बुद्ध त्यहाँ आइ पुग्नु भयो । स्थविरले तथागतलाई देख्ने बित्तिकै उठेर वन्दना गर्नु भयो । स्थविरले भगवान बुद्ध आफ्नो गुरु र आफू उहाँको शिष्य भएको कुरा तिनीहरूलाई जानकारी गराउनु भयो ।

त्यसपछि तथागतले बालुवाको राशी माथि बस्नु भई अग्गिदत्त ब्राह्मणलाई सम्बोधन गर्नु हुँदै भन्नु भयो– "मानिसहरू भयको कारणले पर्वत, बन, आराम, वृक्ष, चैत्य आदिको शरणमा जान्छन् । तर यस्तो शरणले सबै प्रकारका दुःखबाट मुक्त हुन सक्दैनन् । यी उत्तम शरण पनि होइनन् ।

जो बुद्ध, धर्म, संघको शरणमा जान्छ, जसले चार आर्य सत्य– "दुःख, दुःखको कारण, दुःखबाट मुक्ति तथा दुःखबाट मुक्त हुने उपाय– आर्य अष्टांगिक मार्गलाई सम्यक ज्ञानद्वारा साक्षात्कार गर्दछ । यही नै भय-मुक्त शरण हो, यही उत्तम शरण हो । यी नै को शरणमा गएमा मात्र सबै दुःखबाट मुक्ति मिल्दछ ।"

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म-देशनाको अन्तमा ती सबै परिब्राजकहरू **प्रतिसम्भिदा** सहित अरहन्त भए । तिनीहरूले तथागतलाई सादर वन्दना गरी प्रब्रज्या मागे ।

तथागतको आव्हान अनुसार त्यसै क्षणमा ती परिब्राजकहरूको आ-आफ्नो भेष लोप हुन गई अष्ट परिष्कार सहित प्रब्रजित भावमा प्रतिष्ठित भए ।

यस कथामा अग्गिदत्त ब्राह्मण कोशल राजाको पुरोहित भएर बस्ने अवसर पाएर पनि बृद्ध भएको कारणले आफूसँग भएको सबै धन-सम्पत्ति, घर-खेत याचकहरूलाई दान दिई परिब्राजकहरू कहाँ गई प्रब्रजित भएको कुरा सह्रानीय छ । पछि उसको आस्रयमा रहेका दस हजार ब्राह्मणहरू पनि उसैकहाँ आएर प्रव्रजित हुन आए । अग्गिदत्त ब्राह्मण परिब्राजक शिष्यहरू सँगै अङ्ग, मगध, कुरु राष्ट्रमा बास गरी उसले आफ्ना शिष्यहरूलाई 'काम-बासना उत्पन्न भयो कि एक मुठी बालुवा यो ठाउँमा राख्नु' भनेकोले बालुवा थुप्रिदै गयो । एक प्रकारले यसो गराउनु आफूले आफूलाई चिनाउने उपाय पनि हो ।

अङ्ग, मगध, कुरु राष्ट्रका मानिसहरूले महिनाको एक पल्ट तिनीहरूलाई दान-प्रदान गर्न आउनेहरूलाई अग्गिदत्त बाह्मणले—"पर्वत, बन, जङ्गल, उद्यान, वृक्षको शरण गएमा दुःखबाट मुक्त हुने" आदेश दिन्थ्यो । उसको शिष्य परिब्राजकहरूलाई पनि यस्तै भन्ने गर्थ्यो ।

एक दिन तथागतको ध्यान दृष्टिमा अग्गिदत्त ब्राह्मण र उनको हजार शिष्यहरू अरहन्त हुन सक्ने क्षमता भएको तर उनीहरू अमार्गमा परिरहेको कुरा थाहा पाउनु भई तिनीहरूलाई ठीक मार्गमा ल्याउन पहिले महामौदगल्यायन स्थविरलाई तिनीहरू कहाँ पठाउनु भयो । स्थविरले आफ्नो ऋद्धि-शक्तिद्वारा विषधारी अहिछत्तो नागराजालाई

Downloaded from http://www.dhamma.digital

दमन गरी शान्त पारेको दृश्य देखी ब्राह्मणका सबै शिष्यहरू आश्चर्य चकित भई हेरि रहेको समयमा भगवान बुद्ध त्यहाँ आइ पुग्नु भयो। अग्गिदत्त ब्राह्मणलाई सम्बोधन गर्नु भई भन्नु भयो– "मानिसहरू भय र दुःखबाट मुक्त हुन बन, पर्वत, आराम, वृक्ष, चैत्य आदिको शरणमा जानु उत्तम शरण होइन। चार सत्यलाई बुझ्नु, आर्य अष्टांगिक मार्गद्वारा सम्यक ज्ञान प्राप्त गर्न सकेमा मात्र भय र दुःखबाट मुक्त हुने उत्तम शरण हो।"

तथागतको यस धर्म-देशना सुनेर ती सबै परिब्राजकहरू अरहन्त भए। अनि प्रव्रजित पनि भए।

यसरी तथागतले अनेक उपायद्वारा बाटो भुलेकाहरूलाई सही बाटोमा ल्याउनु भई जीवन मुक्त हुने अवस्थामा पुऱ्याउनु भगवान बुद्धको विशेषता हो।

Downloaded from http://www.dhamma.digital

## १४.७ आनन्द स्थविरले प्रश्न गर्नु भएको कथा

### **१४.७** (उत्तम पुरुष सर्वत्र उत्पन्न हुँदैन)

**१४.(१९३) "दुल्लभो पुरिसाजञ्ञो, न सो सब्बत्थ जायति ।**
**यत्थ सो जायती धीरो, तं कुलं सुखमेधती" ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो । त्यस बखत आनन्द स्थविरले प्रश्न गर्नु भएको कारणले तथागतले यो गाथा प्रकाशमा ल्याउनु भएको हो ।

एक दिन आनन्द स्थविर दिउँसो बस्ने ठाउँमा बस्नु भई यसरी चिन्तना गर्नु भयो– "**आजानीयो** (उत्तम जातिका हात्तीहरू) **छद्दन्तकुल** अथवा **उपोसथकुल**मा (हात्तीहरूका कुल विशेष) जन्म लिन्छन् । आजानीत घोडा (उत्तम जातिका घोडाहरू) **सिन्धवकुल** अथवा **वलाहक राजकुल**मा जन्म लिन्छन् । श्रेष्ठ जातिका **वृषभ** (**उसभोगोआजानीया**) (गाई,गोरुहरू) **दक्षिणपथ** आदिमा जन्मन्छन् भन्नु भई तथागतले उत्तम जातिका हात्ती आदि उत्पन्न हुने ठाउँ भनी सक्नु भएको छ । तर उत्तम जातिका पुरुष (**मानिस)** कहाँ जन्म हुने होला ?"

आनन्द स्थविर भगवान बुद्ध कहाँ जानु भई तथागतलाई सादर वन्दना गर्नु भई एक छेउमा बस्नु भई यो प्रश्न राख्नु भयो ।

तथागतले आनन्द स्थविरलाई सम्बोधन गर्नु भई भन्नु भयो– "आनन्द, उत्तम जातिका पुरुषहरू जहाँ पायो त्यहाँ (सबै ठाउँमा) उत्पन्न हुँदैनन् । **चौडाई**को हिसावले **(उजुकतो)** तीन सय **योजन**, विस्तारको दृष्टिबाट (अड्ढतेय्यसते) साढे बाह्रसय योजन, घेरिएर नापेमा (आवट्टतो) नौ सय योजन प्रमाणमा केवल मध्यम प्रदेशको स्थानमा मात्र उत्पन्न (जन्म) हुन्छ । उत्पन्न हुँदा (जन्म लिदां) जुन पायो त्यो

Downloaded from http://www.dhamma.digital

कुलमा जन्म लिंदैन। क्षत्रीय महाशाल कुल अथवा ब्राह्मण महाशाल कुल दुइ वटा मध्ये एउटा कुलमा जन्म लिने हुन्छ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भयो–

**"दुल्लभो पुरिसाजञ्ञो, न सो सब्बत्थ जायति।**
**यत्थ सो जायती धीरो, तं कुलं सुखमेधती" ति ॥**

**अर्थ**– उत्तम पुरुष दुर्लभ हुन्छ। त्यस्तो पुरुष सर्वत्र उत्पन्न हुँदैन, त्यस्तो धीर पुरुष जहाँ उत्पन्न हुन्छ, त्यस कुलमा सुख वृद्धि हुन्छ।

**भावार्थ– दुल्लभोति** =उत्तम पुरुष दुर्लभ हुन्छ। उत्तम जातिका हात्तीहरू जस्तो सुलभ हुँदैन। उत्तम पुरुष सबै प्रत्यन्त देश **(पच्चन्तदेसे)** वा नीच कुलमा जन्म लिंदैन। मध्यम प्रदेशमा पनि धेरै जनताहरूले अभिवादन, मान-सत्कार गर्ने क्षत्रीय अथवा ब्राह्मण दुइ कुल मध्ये एक कुलमा जन्म लिन्छ। यसरी उत्तम प्रज्ञा भएको सम्मासम्बुद्ध जुन कुलमा जन्म लिन्छ **यत्थ सो जायति धीरो** त्यो कुल प्रज्ञावान तथा धैर्यवान हुन्छ। **तं कुलं सुखमेधती**ति त्यस कुलमा सुखको अविवृद्धि भइरहन्छ।

तथागतको यस धर्म-देशनाको अन्तमा धेरैले **स्रोतापत्ति मार्ग-फल** प्राप्त गरे।

'आनन्द स्थविरको प्रश्नको कथा'

समाप्त।

Downloaded from http://www.dhamma.digital

## १४.७ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा एक दिन दिउँसो आनन्द स्थविरको मनमा यस्तो कुरा सम्झना आयो– "उत्तम जातिका हात्तीहरू (हत्थाजानीयो) **छद्दन्तकुल** अथवा **उपोसथ कुल**मा जन्म लिन्छन्। उत्तम जातिका घोडाहरू **सिन्धवकुल** अथवा **वलाहककुल**मा जन्मन्छन्। श्रेष्ठ जातिका वृषभहरू दक्षिणपथ आदिमा जन्मन्छन्। तर उत्तम जातिको 'पुरुष कहाँ जन्म हुने हो ?' तथागतले अहिले सम्म यस विषयमा केही भन्नु भएको छैन।"

त्यसपछि आनन्द स्थविर तथागत कहाँ जानु भई यस विषयमा प्रश्न गर्नु भयो।

तथागतले भन्नु भयो– "आनन्द, उत्तम जातिका पुरुष जहाँ पायो त्यहाँ उत्पन्न हुँदैन। लम्बाई-चौडाईको हिसाबले तीन सय-तीन सय योजन, घेरिएर नापेमा नौ सय योजन प्रमाण भएको केवल मध्यम प्रदेशको स्थानमा मात्र उत्तम जातिका पुरुषको जन्म हुन्छ। जन्म लिंदा जे पायो त्यो कुलमा जन्म लिंदैन्। क्षत्रीय महाशाल कुल अथवा ब्राह्मण महाशाल कुल दुइ वटा मध्ये एउटा कुलमा जन्म हुने गर्दछ।

त्यस कारण "उत्तम पुरुष दुर्लभ हुन्छ। त्यस्तो पुरुष सर्वत्र उत्पन्न हुँदैन। त्यस्तो धीर पुरुष जहाँ उत्पन्न हुन्छ, त्यस कुलमा सुख वृद्धि हुन्छ।"

तथागतको यस धर्म-देशनाको अन्तमा धेरैले स्रोतापत्ति मार्ग-फल प्राप्त गरे।

Downloaded from http://www.dhamma.digital

# १४.८ धेरै भिक्षुहरूको कथा

## १४.८ (संघमा एकता हुनु सुख दायक हो)

**१४.(१९४) "सुखा बुद्धानमुप्पादो, सुखा सद्धम्मदेसना।**
**सुखा सङ्घस्स सामग्गी, समग्गानं तपो सुखो" ति ॥**

एक समय भगवान बुद्ध श्रावस्तीको जेतवनाराममा विहार गरिरहनु भएको थियो। त्यस बेला तथागतले यो गाथा धेरै भिक्षुहरूको कारणमा आज्ञा गर्नु भएको हो।

एक दिन पाँच सय भिक्षुहरू **उपोसथसाला**मा बसेर प्रश्न गर्न थाले– "आयुष्मानहरू हो, यो संसारमा **'सुख'** भनेको के लाई भनिन्छ ?"

त्यहाँ कसैले भने– "राजा हुने जस्तो सुख अरू **'सुख'** छैन।"

अर्कोले भन्यो– "काम-भोग गर्ने जस्तो **'सुख'** अरू छैन।"

अर्कोले भन्यो– "मासुसँग शाली चामलको भोजन गर्नु जस्तो **'सुख'** अरू छैन।"

त्यही बेला तथागत ती भिक्षुहरू कुराकानी गरिरहेको ठाउँमा आइपुग्नु भयो र तिनीहरूसँग प्रश्न गर्नु भयो– "भिक्षुहरू, अहिले तिमीहरूको बीचमा के कुरा चलिरहेको थियो ?"

भिक्षुहरूले बिन्ति गरे– "भगवन शास्ता, अहिले हामीहरूको बीचमा यस्तो-यस्तो कुरा चलिरहेको थियो।"

तथागतले भन्नु भयो– "भिक्षुहरू, तिमीहरू यी सबै **'सुख'** का कुरा संसारको दुःखबाट मुक्त नहुने सुख हुन्"।

Downloaded from http://www.dhamma.digital

तथागतले फेरि तिनीहरूलाई सम्झाउँदै भन्नु भयो– "भिक्षुहरू, यो लोकमा बुद्ध उत्पन्न हुनु सुख हो, धर्मको कुरा सुन्नु सुख हो। संघहरूको एकता तथा संघहरूको परस्पर प्रीति-प्रमोद युक्त व्यवहार गरी बस्नु– यसैलाई साँचिकै सुख भनिन्छ।"

यसै सन्दर्भमा तथागतले यो गाथा प्रकाशमा ल्याउनु भई धर्म-देशना गर्नु भयो –

**"सुखो बुद्धानमुप्पादो, सुखा सद्धम्मदेसना ।**
**सुखा सङ्घस्स सामग्गी, समग्गानं तपो सुखो" ति ॥**

**अर्थ**– लोकमा बुद्धहरूको जन्म हुनु सुखदायक हो; सद्धर्मको उपदेश सुखदायक हो; संघहरूको एकता सुखदायक हो, एकतायुक्तहरूको तपस्या पनि सुखदायक हो।

**भावार्थ**– बुद्ध उत्पन्न भएमा धेरै जनताहरूको राग रूपी मरुभूमिबाट टार्ने काम गर्नु हुन्छ। त्यसकारण बुद्धहरू उत्पन्न हुनु सुखकर भनिएको हो। तथागतहरूले धर्म-देशना गर्नु हुँदा सत्व प्राणीहरूको जन्म,जरा, व्याधि मरण-दुःखबाट मुक्त हुन सक्ने भएकोले सद्धर्म-देशना सुखकर भनिएको हो। **सामग्गी ति** = समान भएको चित्त हुनु ; यसरी हित-चित्त भएर मिलेर बस्नु पनि एउटा ठूलो सुख हो।

यस प्रकारले संघहरू मिलिजुलि बसेमा बुद्ध-वचनलाई जान्न-बुझ्न सक्ने भई **धुतङ्ग** शील धारण-पालन गर्न अथवा श्रमण-धर्म पालन गर्न सक्ने हुन्छ। त्यसकारण **समग्गानं तपो सुखो** ति भनिएको हो।

त्यसकारण भनिएको हो– **"यावकीवञ्च, भिक्खवे, भिक्खू समग्गा सन्निपतिस्सन्ति, सम्मग्गा वुट्ठहिस्सन्ति, समग्गा सङ्घकरणीयानि करिस्सन्ति, वुद्धियेव, भिक्खवे, भिक्खूनं पाटिकङ्ख, नो परिहानी" ति ।**

**– (दी. नि २.१३६)**

Downloaded from http://www.dhamma.digital

अर्थात् भिक्षुहरू, हो, जबसम्म भिक्षुहरू मिलेर एकै ठाउँमा जम्मा हुन आउँछन्; मिलेर उठेर जान्छन् ; आपसमा मिलेर सङ्घहरूको गर्नु पर्ने सांघिक कार्य गर्दछन् ।

हे भिक्षुहरू, 'तबसम्म भिक्षुहरूको अभिवृद्धि नै भइरहन्छ' भन्ने आशा गर्न सकिन्छ, **परिहानी-नोक्सान** हुने सम्भावना हुँदैन'

तथागतको यस धर्म-देशनाको अन्तमा ती भिक्षुहरू सबै **अरहन्त** भावमा प्रतिष्ठित भए ।

अरू धेरै जनताहरूलाई यो धर्म-देशना सार्थक सिद्ध भयो ।

Dhamma.Digital

'धेरै भिक्षुहरूको कथा'

समाप्त ।

Downloaded from http://www.dhamma.digital

## १४.८ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध जेतवनाराममा विहार गरिरहनु हुँदा पाँच सय भिक्षुहरूको कारणमा यो कुरा आज्ञा गर्नु भएको हो ।

एक दिन पाँच सय भिक्षुहरू **उपोसथसाला**मा बसेर यस संसारमा 'सुख के लाई भनिन्छ' भनी एक आपसमा प्रश्न गर्न थाले ।

त्यहाँ कसैले भन्यो– 'राजा हुने जस्तो सुख अरू छैन' अर्कोले भन्यो- 'कामभोग गर्ने जस्तो सुख अरू छैन' अर्कोले भन्यो– 'मासुसँग शाली चामलको भोजन गर्नु जस्तो सुख अरू छैन ।'

त्यही बेला तथागत त्यहाँ आइपुग्नु भई त्यहाँ भइरहेको कुराको जानकारी लिनु भयो । त्यसपछि तथागतले तिनीहरूलाई सम्झाउँदै भन्नु भयो– "भिक्षुहरू, यो लोकमा बुद्ध उत्पन्न हुनु सुख हो, धर्मको उपदेश सुन्नु सुख हो, संघहरूको एकता तथा तिनीहरूको परस्पर प्रीति-प्रमोदयुक्त व्यवहार गरी बस्नु– यसैलाई साँच्चिकै सुख भनिन्छ ।"

"यसो गरेर बस्न सकेमा भिक्षुहरूको अभिवृद्धि नै भइरहन्छ, परिहानी हुँदैन" भन्ने आशा गर्न सकिन्छ ।

तथागतको यस धर्म-देशनाको अन्तमा ती भिक्षुहरू सबै **अरहन्त** भावमा प्रतिष्ठित भए ।

अरू धेरै जनताहरूलाई यो धर्म-देशना सार्थक सिद्ध भयो ।

Downloaded from http://www.dhamma.digital

## १४.९ काश्यप बुद्धको सुवर्ण-चैत्यको कथा

**१४.९** (बुद्धहरूको पूजाको पुण्यको परिमाण हुँदैन)

**१४(१९५) "पूजारहे पूजयतो, बुद्धे यदि च सावके।**
**पपञ्चसमतिक्कन्ते, तिण्णसोकपरिद्दवे ॥**

**१४.(१९६) "ते तादिसे पूजयतो, निब्बुते अकुतोभये।**
**न सक्का पुञ्ञं सङ्खातुं, इमेत्तमपि केनची" ति ॥**

**(अप.थेर १.१०.१-२)**

भगवान बुद्धले चारिका गर्ने क्रममा **काश्यप दशबल बुद्ध**को सुर्वण चैत्यको धर्म-देशनाको सन्दर्भमा यी दुइ गाथा प्रकाशमा ल्याउनु भएको हो।

एक समय तथागत महाभिक्षु संघका साथ श्रावस्तीबाट वाराणसीमा जाँदै गर्नु हुँदा बाटोको बीचमा **तोदेय्य** गाउँको नजिक एउटा देवस्थानमा पुग्नु भयो। तथागत त्यस स्थानमा बस्नु भई त्यहाँबाट नजिकै खेतीको काम गरिरहेको ब्राह्मणलाई धर्मभण्डारिक आनन्द स्थविर मार्फत बोलाउन पठाउनु भयो।

त्यो ब्राह्मण आएर तथागतलाई अभिवादन नगरिकन त्यही देवस्थानलाई वन्दना गरी एक छेऊमा उभिरहयो।

तथागतले प्रश्न गर्नु भयो– "हे ब्राह्मण, तिमीले यस प्रदेशलाई के सम्झेका छौं ? यस देवस्थानलाई किन वन्दना गरेको ?"

ब्राह्मणले भन्यो– "भो गौतम, यो हाम्रो कुल परम्परा अनुसार चलिआएको चैत्य स्थान (देवस्थान) हो। त्यसकारण मैले वन्दना गरेको हूँ।"

Downloaded from http://www.dhamma.digital

तथागतले भन्नु भयो– "ब्राह्मण, तिमीले यस स्थानलाई **'वन्दना'** गरेर राम्रो काम गऱ्यौ" भन्नु हुँदै प्रसन्नता व्यक्त गर्नु भयो ।

तथागतले यसरी प्रसन्नता व्यक्त गर्नु भएको सुनेर भिक्षुहरूलाई शङ्का उत्पन्न भयो ।

तिनीहरूले विन्ति गरे– "भगवन शास्ता, तथागतले यस विषयमा के कारणले प्रसन्नता व्यक्त गर्नु भएको होला ?"

त्यस पछि तथागतले ती भिक्षुहरूको शङ्का निवारण गर्नको लागि **मज्झिमनिकाये घटिकारसुत्तन्तं** (म.नि.२.२८२ **आदयो**) को वर्णन उल्लेख गर्नु भई तथागतको ऋद्धिबलबाट **कस्सपदसबल बुद्धको योजन** प्रमाण अग्लो सुवर्ण-चैत्य निर्माण गर्नु भयो । त्यस्तै अर्को सुवर्ण चैत्य आकाशमा निर्मित गर्नु भई उपस्थित सबै जन-समूहलाई दर्शाउनु भयो ।

त्यस पछि तथागतले ब्राह्मणलाई सम्बोधन गर्नु भई भन्नु भयो– "हे ब्राह्मण, यसरी पूजा गर्न योग्य जनलाई पूजा गर्नु योग्य हुन्छ"

यसरी भन्नु भई तथागतले **महापरिनिब्बान सुत्त** (दी.नि.२.२०६) को मा उल्लेख भएको वर्णन अनुसार बुद्ध आदि चार प्रकारका (सम्यकसम्बुद्ध, प्रत्येक बुद्ध, श्रावक बुद्ध एवं चक्रवर्ती राजा) यी पुज्य पुद्गलहरूको कुरा प्रकाशमा ल्याउनु भयो । अनि सारीरिक चैत्य, उद्देश्य चैत्य तथा परिभोग चैत्य **(सरीरचेतियं, उद्दिस्सचेतियं, परिभोगचेतियन्ति)**– यी तीन प्रकारका चैत्यहरूको विशेष रूपमा वर्णन गर्नु भई यी दुइ गाथा प्रकाशमा ल्याउनु भयो–

Downloaded from http://www.dhamma.digital

**"पूजारहे पूजयतो, बुद्धे यदि च सावके।**
**पपञ्चसमतिक्कन्ते, तिण्णसोकपरिद्दवे ॥**

**"ते तादिसे पूजयतो, निब्बुते अकुतोभये।**
**न सक्का पुञ्ञं सङ्खातुं, इमेत्तमपि केनची" ति ॥**

**(अप. थेर .१.१०.१-२)**

**अर्थ–** पूजा गर्न योग्य बुद्धहरू अथवा उहाँका श्रावक शिष्यहरू जो सांसारिक प्रपञ्चबाट मुक्त भइसकेका शोक, भय रहित भइसकेकाहरूको पूजा गर्नु अथवा त्यस्तै प्रकारले मुक्त भइसकेका भय रहित व्यक्तिहरूको पूजा-सत्कार गर्दाको पुण्य यति-उति भनी कसैले भन्न सक्तैन।

**भावार्थ–** त्यहाँ भनिए अनुसार **पूजारहा** पूजा गर्न योग्य अरहन्तहरूलाई **पूज्यको** अर्थमा लिइन्छ। **पूजारहे पूजयतो**ति = अभिवादन आदि तथा चार प्रत्ययद्वारा पूजा गरिन्छ। **पूजारहे दस्सेति बुद्धे ति आदिना** = पूज्यको अर्थ सम्यकसम्बुद्ध अथवा प्रत्येकबुद्ध अथवा श्रावकबुद्धलाई भनिन्छ। **पपञ्चसमतिक्कन्ते ति** = तृष्णा, मिथ्या दृष्टि, मान प्रपञ्चबाट उहाँहरू मुक्त भइसकेका हुन्छन्। **तिण्णसोकपरिद्दवे** ति = प्रियको लागि शोक तथा परिदेव यी दुइबाट मुक्त भइसकेकालाई पूजा गर्न योग्य भनी दर्शाइएको हो।

तेती = ती तीन प्रकारका बुद्धहरू **तादिसे** ति त्यस्तो राग आदिबाट **निब्बुते** ति निवृत भइसकेका हुन्छन्। **अकुतोभये** यस्तो पुद्गलहरूलाई न सांसारिक भय, न कुनै आलम्बनको भय नै रहन्छन्। **न सक्का पुञ्ञं सङ्खातुन्ति** = पुण्यको संख्या गणना गर्न सकिँदैन। त्यो कसरी हुन्छ त ?

**इमेत्तमपि केनची**ति 'यो यत्ति हो– यो त्यति हो' भनी कुनै शब्दले भन्न सकिँदैन। **पुग्गलेना**ति **=** ब्रह्मा आदि कुनै पुद्गलबाट पनि नाप्न सकिँदैन। **मानेना ति** = तीन प्रकारका प्रमाण -**तीरणेन, धारणेन, पुरणेन** =

Downloaded from http://www.dhamma.digital

यहाँ **तीरण**को अर्थ हो - 'यो यत्ति हो' भनी अनुमानको आधारमा बताउनु । **धारण**न्ति = 'यो यति छ' भनी तराजुमा तौलेर बताउनु । **पुरणं** = किलो, धार्नी, पाउ, छताक आदि परिमाणमा बताउनु ।

यसरी कुनै व्यक्ति पुद्‌गलले बुद्धादिलाई गरिएको पूजाको पुण्यको परिणाम उपर्युक्त तीन मानविधिबाट परिगणित गर्न सकिंदैन । यी दुइ स्थानमा पूजा गर्नेहरूको 'कुन चाहिं कर्मले पुण्य प्रथम हुन्छ' यसरी पुण्यको सीमा पनि भन्न नसकिने हुन्छ ।

वर्तमान बुद्धको पूजाको पुण्यलाई कुनै पनि परिमाणले निश्चित गर्न नसकिने हुन्छ । फेरि ती पूज्यहरूको जो क्लेशपरिनिर्वाण अथवा स्कन्धपरिनिर्वाणबाट परिनिवृत भएकाहरूको पूजा गर्नेहरूको पुण्य पनि कुनै विधिबाट नाप्न सकिंदैन ।

त्यसकारण **विमानवत्थुपालि** (पृ ८०६) मा भनिएको छ –

**"तिट्ठन्ते निब्बुते चापि, समे चित्ते समं फलं ।**
**चेतोपणिधिहेतु हि, सत्ता गच्छन्ति सुग्गति" न्ति ।**

**अर्थ** : बुद्धादिहरू जीवित भइरहेको समयमा होस् अथवा निर्वाण भइसकेको समयमा होस् उहाँहरूलाई गरिएको पूजाबाट समान चित्तको समान फल हुन्छ । संसारमा रहेका प्राणीहरूका चित्त प्रसन्न भएको कारणले नै सुगति-स्वर्गलोकमा जान्छन् ।

तथागतको यस धर्म-देशनाको अन्तमा त्यो ब्राह्मण **स्रोतापन्न** अवस्थामा पुग्यो ।

त्यस योजन प्रमाण सुवर्ण चैत्य एक हप्तासम्म आकाशमा शोभायमान भई रह्यो ।

Downloaded from http://www.dhamma.digital

यस उपलक्ष्यमा त्यहाँ एक विशाल धार्मिक सभा भयो । एक सप्ताहसम्म सुवर्ण चैत्यको विभिन्न प्रकारबाट पूजा गरे, वन्दना गरे । विभिन्न मनोकामना लिएर आएकाहरूले आ-आफ्ना मनोकामना पूर्ण गरे ।

अन्तमा भगवान बुद्धको ऋद्धि शक्तिबाट ती सुवर्ण चैत्य फेरि आफ्नै स्थानमा स्थित भए । ठीक त्यसै बेला त्यस सुवर्ण चैत्यको बदलामा एउटा पाषाण चैत्य (पत्थरको) चैत्य स्थापित भयो ।

त्यस बेला त्यहाँ समागम हुन आएका चौरासी हजार प्राणीहरूलाई धर्म-संवेग प्राप्त भयो।

काश्यप बुद्धको सुवर्ण चैत्यको कथा

समाप्त ।

Dhamma.Digital

'बुद्धवर्गको वर्णन'

समाप्त ।

**'प्रथम भाणवारं'**

**समाप्त ।**

Downloaded from http://www.dhamma.digital

## १४.९ यस कथाको संक्षेपीकरण तथा निष्कर्ष

एक समय भगवान बुद्ध श्रावस्तीबाट वाराणासीमा महाभिक्षु संघका साथ जानु भएको थियो। यसरी जाँदै गर्दा बाटोको बीचमा **तोदेय्य** गाउँको नजिक तथागत एउटा देवस्थानमा पुग्नु भयो। तथागत त्यस स्थानमा बस्नु भई त्यहाँबाट नजिक खेतीको काम गरिरहेको ब्राह्मणलाई आनन्द स्थविर मार्फत बोलाउन लगाउनु भयो।

ब्राह्मण आएर तथागतलाई वन्दना नगरिकन त्यही देवस्थानलाई वन्दना गरी एक छेऊमा उभिरहेको ब्राह्मणलाई 'वन्दना गरेको' कारणको जानकारी लिनु भयो। त्यस गाउँका ब्राह्मणहरूको कूल परम्परा अनुसार चलिआएको देवस्थान भएको कारणले वन्दना गरेको कुरा ब्राह्मणले बिन्ति गर्‍यो।

तथागतले भन्नु भयो– "ब्राह्मण, तिमीले यस देवस्थानलाई वन्दना गरेर राम्रो काम गर्‍यौं" भन्नु हुँदै प्रसन्नता व्यक्त गर्नु भयो। यस विषयमा तथागतको प्रसन्नता देखेर भिक्षुहरूले जिज्ञासा राखे। यसै सन्दर्भमा तथागतले आफ्नो ऋद्धिबलद्वारा त्यस देवस्थानमा **कस्सप दसबल** बुद्धको योजन प्रमाण अग्लो सुवर्ण चैत्य निर्माण गर्नु भयो। त्यस्तै अर्को सुवर्ण चैत्य आकाशमा निर्माण गर्नु भई त्यहाँ उपस्थित जन-समूहलाई दर्शाउनु भयो।

त्यसपछि तथागतले ब्राह्मणलाई सम्बोधन गर्नु भई भन्नु भयो– "ब्राह्मण, यसरी पूजा गर्न योग्य जनलाई पूजा गर्नु योग्य हुन्छ। त्यस्तै **बुद्ध, प्रत्येक बुद्ध, श्रावक बुद्ध** र **चक्रवर्ती राजा** – यी पुज्य पुद्‌गलहरूको कुरा प्रकाशमा ल्याउनु भयो।"

त्यस पछि तथागतले **सारीरिक चैत्य, उद्देश्य चैत्य** तथा **परिभोग चैत्य**– यी तीन प्रकारका चैत्यहरूको विशेष रूपमा वर्णन गर्नु भयो।

Downloaded from http://www.dhamma.digital

तथागतको यस धर्म देशनाको अन्तमा त्यो ब्राह्मण स्रोतापन्न अवस्थामा पुग्यो ।

त्यस योजन प्रमाण सुवर्ण चैत्य एक सप्ताहसम्म आकाशमा शोभायमान भईरह्यो ।

यस उपलक्ष्यमा त्यहाँ एक विशाल धार्मिक सभा भयो । एक सप्ताहसम्म विभिन्न प्रकारबाट पूजा गरी वन्दना गरे र विभिन्न प्रकारले आ-आफ्ना मनोकामना पूर्ण गरे ।

अन्तमा भगवान बुद्धको ऋद्धिको प्रभावले ती चैत्य विलिन भएर गई त्यही क्षणमा विशाल पाषाण चैत्य स्थापित भयो ।

त्यस समयमा चौरासी हजार प्राणीहरूलाई धर्म-संवेग उत्पन्न भयो ।

Downloaded from http://www.dhamma.digital

# सहायक ग्रन्थहरू


१. धम्मपद अट्ठकथा - भाग ५ (नेपाल भाषा) - अनुवादक तथा प्रकाशक-भिक्षु अनिरुद्ध महास्थविर, आनन्दकुटी विहार, स्वयम्भू, काठमाण्डौ, २०४५

२. धम्मपद अट्ठकथा दुतीयो भागो- विपश्यना विशोधन विन्यास, धम्मगिरि, इगतपुरी (नासिक), महाराष्ट्र, भारत, १९९५

३. धम्मपद अट्ठकथा - भाग ३ - अनुवादक - स्वामी द्वारिकादास शास्त्री, प्रकाशक - डा. परमानन्द सिंह, वाराणसी -१०, सन् २०००

४. धम्मपद - अनुवादक एवं सम्पादक -डा. त्रिपिटकाचार्य भिक्षु धर्मरक्षित एम.ए.डी.लिट ।

-प्रकाशक - माष्टर खेलाडीलाल संकटा प्रसाद, संस्कृत पुस्तकालय, वाराणसी, सन् १९७७ ।

५. पालि हिन्दी कोश - डा. भदन्त आनंद कौशल्यायन, दीक्षा भूमि नागपुर-१०, सन् १९७४

६. बुद्धकालीन ग्रन्थहरू - लेखक- भिक्षु अमृतानन्द महास्थविर प्रकाशक-आनन्दकुटी विद्यापीठ, स्वयम्भू, २०२८

7. The DHAMMAPADA Verses and Stories

- Translated by DAW MYA TIN M.A

(A reprint of Burma Pitaka Association Publication 1986) with An Introduction by N.H Santani M.A Ph.D

Central Institute of Higher Tibetan Studies, SARNATH, VARANASI

2524 B.E


Downloaded from http://www.dhamma.digital

# लेखिकाको परिचय

सुश्री नानीमैयाँ मानन्धरज्यू वर्तमानकी एक ख्याती प्राप्त बौद्ध महिला हुनुहन्छ। उहाँ गृहस्थ भएर पनि त्यागीको जस्तो जीवन व्यतीत गर्नु हुन्छ। सन् १९४६, डिसेम्बर (वि.सं २००२) मा पिता श्री पञ्चनारायण मानन्धर र माता श्रीमती कृष्णमाया मानन्धरको कोखबाट काठमाडौंमा जन्मनु भएकी उहाँ माता पिताको जेष्ठ सुपुत्री हुनु हुन्छ।

सानो उमेरदेखि नै बुद्ध धर्म प्रति अटल श्रद्धा राख्नु भई बुद्ध धर्मको विभिन्न विषयमा उहाँले अध्ययन गर्नु भयो । **नेपाल बौद्ध परियत्ति शिक्षा**मा वि.सं २०२३ सालमा **'परियत्ति सद्धम्म पालक'** उपाधि हासिल गर्नु भएकी उहाँले वि.सं २०२७ सालमा **'परियत्ति सद्धम्म कोविद'** को अन्तिम वर्षसम्म अध्ययन पूरा गर्नु भएको थियो। **नव नालन्दा महाविहार** (भारत) बाट शैक्षिक वर्ष १९७७-१९७९ को अवधिमा M.A पालि कोर्सको अध्ययन पूरा गर्नु भयो। बौद्ध शिक्षाको अलावा त्रिभुवन विश्वविद्यालयबाट शैक्षिक वर्ष सन् १९७० (वि.सं २०२६) मा B.A को डिग्री हासिल गर्नु भई सकेपछि ई.सं १९७१ मा उहाँले त्रिभुवन विश्व विद्यालय कीर्तिपुरमा M.A अध्ययन गर्नु भयो।

उहाँ एक सफल लेखिका हुनुहुन्छ। हालसम्म उहाँको मौलिक लेखन र अनुवाद गरी जम्मा २५ वटा पुस्तकहरू प्रकाशित भईसकेका छन् । यस्तै गरी अरू ६ वटा पुस्तकहरू प्रकाशन प्रतीक्षामा छन् । **'धर्मचक्र पत्रिका'**को उहाँ भूतपूर्व प्रधान सम्पादिका हुनुहुन्छ। वि.सं २०२१ देखि विभिन्न पत्र-पत्रिकाहरूमा विविध विषयमा उहाँको लेख रचनाहरू नियमित रूपमा प्रकाशित हुँदै आइरहेका छन् ।

**'बौद्ध परियत्ति शिक्षा'** को क्षेत्रमा उहाँको उल्लेखनीय योगदान छ । वि.सं २०२७ साल देखि वर्तमान समयसम्म स्वयं सेविका शिक्षिकाको रूपमा अध्यापन गराउँदै आउनु भएकी उहाँले सात वर्षसम्म केन्द्राध्यक्षको रूपमा परोपकार केन्द्र सम्हाल्दै आउनु भएको थियो ।

Downloaded from http://www.dhamma.digital

सुश्री नानीमैयाँ मानन्धरले विभिन्न बौद्ध संस्थामा काम गरेर बुद्ध धर्मको उत्थानमा महत्वपूर्ण योगदान दिँदै आउनु भएको छ।

बि.सं २०३८ सालमा स्थापित **'नेपाल महिला बौद्ध संघ'** को उहाँ संस्थापक उपाध्यक्ष हुनुहुन्थ्यो। वि.सं २०५२ सालमा स्थापित "बौद्ध महिला संघ, नेपाल" मा पनि उहाँ संस्थापक उपाध्यक्ष हुनु हुन्थ्यो। उहाँ यस संघको वि.सं २०५९ साल देखि २०६५ साल सम्म अध्यक्ष हुनु भयो। हाल उहाँ **'लुम्बिनी धर्मोदय समिति'** को कार्यकारिणी सदस्य हुनु हुन्छ।

सुश्री नानीमैयाँ मानन्धर **"धर्मोदय सभा"** को पुनर्स्थापनाको कालदेखि आजीवन सदस्य हुनु हुन्छ। त्यसपछि उहाँ धर्मोदय सभाको कार्यकारिणी सदस्यमा रही निरन्तर यस सभाको सेवा गर्दै आउनु भएको थियो। उहाँले वि.सं २०६५ साल देखि २०७१ सम्म उपाध्यक्षको पदमा रहनु भयो। त्यस पछि उहाँ **"धर्मोदय सभा"** को सल्लाहकारमा नियुक्त हुनु भयो।

Dhamma.Digital

**'रेडियो नेपाल'** जस्तो व्यापक संचार माध्यमबाट प्रत्येक शुक्रवार विहान प्रसारित हुने धार्मिक कार्यक्रममा वि.सं २०५२ सालदेखि २०६५ सालसम्म उहाँले बुद्ध धर्म सम्वन्धि प्रवचन कार्यक्रम नियमित रुपमा सञ्चालन गर्नु भएको थियो।

नेपालमा बुद्ध धर्मको प्रचार प्रसारमा सुश्री नानीमैयाँ मानन्धरज्यूले पुऱ्याउँदै आउनु भएको योगदानलाई कदर गर्दै **'नेपाल बौद्ध परियत्ति शिक्षा'** बाट वि.सं २०४५ सालमा, **'बौद्ध महिला संघ, नेपाल'** बाट २०५६ सालमा, **'धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी'** बाट बि.सं २०६० सालमा र **'दोश्रो विश्व बौद्ध शिखर सम्मेलन'** बाट वि.सं २०६१ सालमा उहाँलाई **'प्रशंसा पत्र'** बाट सम्मान गरिएको थियो।

Downloaded from http://www.dhamma.digital

(३) लेखिकाको परिचय

वि.स २०६५ सालमा काठमाडौंको वडा नं १६ नयाँ बजारमा सुश्री नानीमैयाँ मानन्धरज्यूले ज्ञानकीर्ति विहार निर्माण गर्नु भयो । त्यस विहारको कौशीमा चैत्य स्थापना गर्नु भई त्यसमा भगवान बुद्धको पवित्र अस्थिधातु निधान गरिएको छ भने विहारको पूर्वी भागमा बोधिवृक्ष पनि वृक्षारोपन गरिएको छ ।

उहाँको सबैभन्दा उल्लेखनीय योगदान विपश्यना ध्यानको क्षेत्रमा छ । उहाँले बि.सं २०३१ सालमा राजगृहमा सर्वप्रथम विपश्यना ध्यानको अभ्यास थाल्नु भएको हो । विपश्यना ध्यानको महत्व बुझी हालसम्म पनि निरन्तर रूपमा यस क्षेत्रमा संलग्न हुनुहन्छ ।

हालसम्म उहाँले भारत, म्यान्मार, मलेशिया, सिंगापुर, थाइलैण्ड, श्रीलंका, तिब्बत (ल्हासा), चीन, हङ्कङ्ग, पाकिस्तान, अष्ट्रेलिया, फिलिपिन्स, जापान र अमेरिका राष्ट्रहरूमा धार्मिक यात्रा गर्नु भएको छ ।

Dhamma.Digital

सानै उमेरदेखि बुद्ध धर्म अध्ययन तथा धार्मिक, सामाजिक सेवामा रुचि राख्नु हुने उहाँले आजसम्म पनि यस क्षेत्रमा आफ्नो पूर्ण समय समर्पित गर्दै रहनु भएको छ ।

भगवान बुद्धले **"मेरो धर्मलाई सही ढंगबाट बुझ्न अध्ययन मात्र होइन, यसलाई धारण गर, आफ्नै अनुभूतिमा अनुभव गर"** भनिकन जुन उपदेश दिनु भएको छ ; त्यसको अनुकरण गर्नु भएकी सुश्री नानीमैयाँ मानन्धरज्यू वर्तमानकी एउटी आदर्शमयी बौद्ध महिला हुनुहुन्छ ।

**– रीना तुलाधर**

Downloaded from http://www.dhamma.digital

# ABOUT THE AUTHOR

Miss Nani Maiya Manandhar is a distinct personality in the Buddhist field. She lives a spiritual life despite being a laywoman. Born in December 1946 A.D., she is the eldest daughter of Mr. Pancha Narayan Manandhar and Krishna Maya Manandhar.

She has become a true follower of Buddha-Dhamma, since her childhood. Due to her never ending dedication to Buddhism, she started studying different subjects on Buddhism at a very young age. Embellished with the title **'Pariyatti Saddhamma Palaka'** in 1967, she had completed the course **'Pariyatti Saddhamma Kobida'** studied in 1971. She completed M.A course in Pali from **Nav Nalanda Mahavihara** (India) during the academic year 1977-79. Besides Buddhist studies, she had completed B.A in 1970 from Tribhuvan University, joined M.A in 1971.

She is a renowned writer in the field of Buddhism. To date, 25 books, authored and translated by her, had been published in Nepali and Nepal Bhasha. Similarly, 5 of her other books are waiting to be published. She was the former chief editor of the **'Dharamackhakra'** annual publication. Her articles have been continuously published in different periodicals since 1966. Her contribution to the activities of **Baudha Pariyatti Shiksha** is commendable. She has been teaching **Baudha Pariyatti** as a voluntary service since 1972 A.D. She also managed the **Paropakar Centre** as a central chairperson for 7 years.

Miss Nani Maiya Manandhar is a well known personality who has been contributing in numerous

Downloaded from http://www.dhamma.digital

Buddhist organization of Nepal and worked for the longetivity regarding the teachings of Buddha.

She was founding vice-president of **Nepal Women's Buddhist Association** which was established in 2038 B.S. She also worked as a founding vice-president of **Buddhist Women's Association, Nepal**. In this organization, she had been a source of inspiration and was also involved as a president from 2059 to 2065 B.S.

Miss Nani Manandhar was a life member in **Dharmodaya Sabha** from the date of its reestablishment. She worked as a vice-president in **Dharmodaya Sabha** from 2065 B.S to 2071 B.S. During her tenure at work, she was dedicated in growing the roots of Dhamma and wisdom of Buddha to the wide range of people.

In recent times she was appointed as a advisor of "Dharmodaya Sabha". She is actively involved in providing feedbacks, suggestions to flourish the teaching of Buddha in Nepal.

In due course of propagating Buddhism in Nepal, she had conducted religious Radio programmes in a broad media **Radio Nepal** since 1995 to 2008. Her lectures in different subjects on Buddhism were broadcasted every Friday morning.

Recognizing her contribution to florish Buddhism in Nepal she has been honoured with **'Appreciation Letter'** by the **'Nepal Bauddha Pariyatti Shiksha'** in 1988 ; **'Bauddha Mahila Sangha, Nepal'** in 1999; **'Dharmakirti Buddhist Study Circle'** in 2003 and **'Second World Buddhist Summit'** in 2004.

Downloaded from http://www.dhamma.digital

In B.S 2065 Miss Nani Maiya Manandhar built Gyankirti Bihar in Nayabajar ward number 16 , Kathmandu. She established the Chaitya, put Lord Buddha's Relics "Pabitra asthidhatu" and also planted "Bodhi-Tree" in this Gyankirti Bihar.

Her biggest contribution is in **Vipassana** Meditation. She had taken 10 days course of Vipassana for the first time in **Rajgiri**, India in December, 1974. Appreciating the importance of Vipassana, she has been actively involved in it ever since.

She had travelled widely to India, Myanmar, Malaysia, Singapore, Thailand, Sri Lanka, Tibet (Lhasa), China, Hongkong, Pakistan, Australia, Phillipines, Japan and USA.

Since her childhood she had a keen interest in learning Buddhism, social services and religious services. She is still actively involved in these areas with full devotion. Following the Buddha's precept the Dhamma is to be applied, not just to be studied, Miss Nanimaiya Manandhar has proved herself to be an Ideal Buddhist woman.

**— Reena Tuladhar**

Downloaded from http://www.dhamma.digital

# लेखिकाका प्रकाशित पुस्तकहरू

| पुस्तकको नाम | प्रकाशन वर्ष (वि.सं) |
|---|---|
| १. बुद्ध वचन | २०२९ |
| २. नारी प्रति बुद्धका देन | २०३१, २०६३ |
| ३. विधुर जातक (नेपाली) | २०३३,२०६३ |
| ४. मग्गङ्ग-दीपनि | २०३३, २०४२, |
| (प्रथम, दुतीय, तृतीय, चतुर्थ संस्करण) | २०५५ |
| ५. महाचीन यात्रा | २०३४ |
| ६. विपश्यना अभ्यास पद्धति | २०३४ |
| ७. बुद्धका प्रथम सन्देश | २०३६ |
| ८. बोधिपक्खिय दीपनी (प्रथम, दुतीय संस्करण | २०३८,२०५५ |
| ९. नियाम-दीपनी | २०४० |
| १०. नियाम दीपनी (बर्मीज अनुवाद) | २०४२ |
| ११. जिगु पौ | २०४२ |
| १२. धर्मः जीवन जिउने कला | २०४३ |
| १३. चतुसच्च-दीपनी | २०४५ |
| १४. त्रिरत्न वन्दना | २०४६ |
| १५. प्रवचन प्रवाह | २०४६ |
| १६. धर्म ज्योति | २०४६ |
| १७. वुद्ध वचन (पालि सहित) | २०४९ |
| १८. विपश्यना : एक जीवनपयोगी साधना | २०५६ |
| १९. धम्मपद-अट्ठकथा (भाग-१) | २०५८ |
| २०. धम्मपद-अट्ठकथा (भाग-२) | २०५९ |
| २१. धम्मपद-अट्ठकथा (भाग-३) | २०६० |
| २२. धम्मपद-अट्ठकथा (भाग-४) | २०६२ |
| २३. विधुर जातक (नेपाल भाषा) | २०६२ |
| २४. धम्मपद-अट्ठकथा (भाग-५) | २०६५ |
| २५. धम्मपद-अट्ठकथा (भाग-६) | २०७५ |

**प्रकाशन प्रतीक्षामा**

१. धम्मपद-अट्ठकथा (भाग-७)
२. निर्मल धारा धर्मको
३. उपयोगी विचार धारा
४. बुद्ध-धर्म-संघ (तथागत)
५. लेख संग्रह
६. च्वसु मुना

Downloaded from http://www.dhamma.digital

# MY PUBLISHED BOOKS

| NAME OF THE BOOKS | PUBLISHED YEAR |
|---|---|
| 1. Buddha Vacan | 1972 A.D |
| 2. Nari Prati Buddhaka Den | 1974, 2006 A.D |
| 3. Vidhura Jatak (Nepali) | 1976,2006 A.D |
| 4. Magganga Dipani (1st, 2nd, 3rd and 4th Publication) | 1976,1985,1998 A.D |
| 5. Mahachin Yatra | 1977 A.D |
| 6. Vipassana Avyasa Paddhati | 1977 A.D |
| 7. Buddha Ka Prathama Sandesh | 1979 A.D |
| 8. Bodhipakkhiya Dipani (1st and 2nd Publication) | 1980,1998 A.D |
| 9. Niyama Dipani | 1982 A.D |
| 10. Niyama Dipani (Burmese Translation) | 1985 A.D |
| 11. Jigu Pau | 1986 A.D |
| 12. Dharma: Jivan Jiune Kala | 1986 A.D |
| 13. Catusacca Dipani | 1988 A.D |
| 14. Tri-Ratna Vandana | 1988 A.D |
| 15. Pravacan Pravaha | 1988 A.D |
| 16. Dharma Jyoti | 1989 A.D |
| 17. Buddha Vacan (With Pali) | 1992 A.D |
| 18. Vipassana: Eka Jivanopayogi Sadhana | 2000 A.D |
| 19. Dhammapada- Atthakatha (Part-1) | 2001 A.D |
| 20. Dhammapada- Atthakatha (Part-2) | 2002 A.D |
| 21. Dhammapada- Atthakatha (Part-3) | 2004 A.D |
| 22. Dhammapada- Atthakatha (Part-4) | 2005 A.D |
| 23. Vidhura Jatak (Nepal Bhasa) | 2006 A.D |
| 24. Dhammapada- Atthakatha (Part-5) | 2008 A.D |
| 25. Dhammapada- Atthakatha (Part-6) | 2018 A.D |

## WAITING TO BE PUBLISHED

1. Nirmal Dhara Dharmako
2. Dhammapada- Atthakatha (Part-7)
3. Oopayagi Vichar Dhara
4. Buddha-Dharma-Sangha (Tathagata)
5. The Collection Of Articles In Nepali and Nepal Bhasha

Downloaded from http://www.dhamma.digital

# लेखिकाको संक्षिप्त परिचय



| | |
|---|---|
| नाम | : **सुश्री नानीमैयाँ मानन्धर** |
| जन्म | : सन् १९४६ डिसेम्बर, काठमाण्डौ |
| शिक्षा | : B.A |
| भू.पु अध्यक्ष | : बौद्ध महिला संघ, नेपाल |
| भू.पु उपाध्यक्ष तथा सल्लाहकार | : धर्मोदय सभा |
| कार्यकारिणी सदस्य | : लुम्बिनी धर्मोदय समिति |
| शिक्षिका | : नेपाल बौद्ध परियत्ति शिक्षा (वि.सं २०२७ सालदेखि हालसम्म) |
| भू.पु सम्पादिका | : धर्मचक्र पत्रिका |
| निर्माता एवं संस्थापिका | : ज्ञानकीर्ति विहार, नयाँबजार, काठमाण्डौ |
| पुस्तक लेखन | : नेपाली र नेपाल भाषामा मौलिक र अनुदित २५ पुस्तक प्रकाशित (६ वटा पुस्तक प्रकाशन प्रतिक्षामा) |
| अन्य कार्य | : लुम्बिनीको राष्ट्रिय गोष्ठीमा पेपर प्रस्तुत-१९७९ मा विभिन्न पत्र-पत्रिका, स्मृति-ग्रन्थहरूमा लेख रचना प्रकाशित प्रत्येक शुक्रवार रेडियो नेपालबाट पहिले धार्मिक प्रवचन प्रसारण भएको |
| सेवा | : सानै उमेरदेखि धार्मिक तथा सामाजिक सेवामा संलग्न |
| भ्रमण | : भारत, बर्मा, मलेशिया, सिंगापुर, थाइल्याण्ड, श्रीलंका, हङ्गकङ्ग, ल्हासा (तिब्बत), चीन, पाकिस्तान, अष्ट्रेलिया, फिलिपिन्स, जापान, अमेरिका |

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital